# नेपालमा महिलाको अवस्था



राष्ट्रिय महिला आयोग

# नेपालमा महिलाको अवस्था

राष्ट्रिय महिला आयोग

## नेपालमा महिलाको अवस्था

| | | |
|---|---|---|
| प्रकाशन | : | राष्ट्रिय महिला आयोग |
| सङ्कलन/संयोजन | : | चमिला भट्टराई<br>पलिता थापा<br>अस्मिता मानन्धर<br>वर्षा ढकाल |
| सम्पादन | : | रघुनाथ लामिछाने |
| डिजाइन | : | हिमाल श्रेष्ठ |
| प्रकाशन मिति | : | २०७८ फागुन २३ |
| छपाइ | : | मनकामना प्रेस |

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरु



कमलाकुमारी पराजुली
मानीय अध्यक्ष



कृष्णकुमारी पौडेल खतिवडा
माननीय सदस्य



विद्याकुमारी सिन्हा
माननीय सदस्य



जया घिमिरे
माननीय सदस्य



सावित्राकुमारी शर्मा
माननीय सदस्य



कविराज पौडेल
सचिव

# राष्ट्रिय महिला आयोग

# National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np

प.सं.

च.नं.

## मन्तव्य

मिति



नेपालमा महिला अधिकार आन्दोलनको उपलब्धिका रूपमा महिला मानव अधिकार सुनिश्चितताका लागि तत्कालीन सरकारको निर्णयअनुसार गठन आदेशबाट २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोग स्थापना भएको हो। जसको मूल उद्देश्य महिलाको हक/हित, अधिकारको संरक्षण र सम्बर्द्धन गरी विकासको मूल प्रवाहमा समाहित गर्दै समानता र सशक्तीकरणका लागि योगदान पुऱ्याउने तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने रहेको छ। यो आयोगलाई २०७२ असोजमा जारी नेपालको संविधानले संवैधानिक हैसियत प्रदान गरेको छ।

देशको जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाको हक/हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने आयोगको दायित्व हो। साथै महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार उपयोग गर्न नदिएको विषयमा छानविन तथा अनुगमन गरी पीडितलाई न्याय दिलाउन र दोषीउपर कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने समेत अधिकार आयोगलाई प्राप्त छ। सोहीअनुसार आयोगबाट महिलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका हक/अधिकारबारे सुसूचित गराउँदै ती अधिकार उपभोग र प्रचलन गराउनका लागि अनुगमन र सिफारिस गर्ने दायित्व बहन भइरहेको छ।

एक शताब्दी भन्दा लामो महिला अधिकार आन्दोलनका क्रममा महिला हक/हित र अधिकारका पक्षमा धेरै उपलब्धि हासिल भएका छन्। हिजो भन्दा आज क्रमशः समाज बदलिइरहेको छ। २०४६ को जनआन्दोलन, सशस्त्र सङ्घर्ष तथा २०६२/२०६३ को आन्दोलनबाट भएको राजनीतिक परिवर्तन र विभिन्न जाति, भाषा र समुदायमा आएको जागरण, आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणले विगतको तुलनामा महिलाको हैसियत र अवस्थामा सुधार आएको छ। जसलाई विभिन्न अध्ययन र तथ्याङ्कले पुष्टि गरेका छन्।

महिलाको सहभागिता र हैसियत अहिलेको अवस्थामा आउन २०६३ साल जेठ १६ गतेको पुनर्स्थापित संसद्को सङ्कल्प प्रस्तावको विशेष महत्त्व छ। उक्त दिन प्रतिनिधि सभा सदस्य (वर्तमान सम्माननीय राष्ट्रपति) विद्यादेवी भण्डारीज्यूबाट महिला अधिकारसँग सम्बन्धित सार्वजनिक महत्त्वको विशेष प्रस्ताव राखेर सङ्कल्प प्रस्तावका रूपमा सर्वसम्मत पारित भएको थियो। सो प्रस्तावमा नेपाली कङ्ग्रेसकी नेतृ प्रतिनिधि सभा सदस्य कमला पन्त, नेपाली कङ्ग्रेसकै एनपी साउद र जनमोर्चा नेपालका नवराज सुवेदी समर्थक रहनुभएको थियो। जसअनुसार :

१. हरेक नेपाली सन्तानले आमा वा बुबामध्ये कसैको नामबाट नागरिकता लिन पाउने अधिकार,

२. छोरासरह छोरीको पनि पैत्रिक सम्पत्तिमा समान अधिकार,

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं.

च.नं. मिति

३. समानुपातिक सहभागिताको लक्ष्यअनुरूप राज्यको सबै तह र संरचनामा एकतिहाइ महिलाको अनिवार्य सुनिश्चितता,

४. महिला-पुरुषबीचको विभेदकारी कानुन खारेज गरी महिलामाथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानुनी व्यवस्था गराउने जस्ता विषय पारित भएका थिए।

माथि उल्लिखित व्यवस्थाहरू वर्तमान संविधानमा समेत समावेश भएर महिला हक/हित र अधिकारका पक्षमा विभिन्न कानुन पनि निर्माण भएका छन्। फलस्वरूप अहिले राजनीतिक सहभागिताका हिसाबले समानुपातिक सहभागिताको लक्ष्यअनुरूप तीनै तहका सरकार (स्थानीय, प्रदेश र सङ्घीय) मा महिलाको एकतिहाइ भन्दा बढी उपस्थिति भएको छ।

सोही सङ्कल्प प्रस्तावको पृष्ठभूमिमा राज्यका न्याय, प्रशासन, शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका विभिन्न पेसागत क्षेत्रमा समेत उल्लेख्य सहभागिता वृद्धि भइरहेको छ। नेपालमा महिलाको अवस्था यहाँसम्म पुग्नु महिला हक, अधिकार र सशक्तीकरणका नजरमा कानुनी र संवैधानिकरूपमा भएको ज्यादै ठूलो र अर्थपूर्ण उपलब्धि हो।

त्यति हुँदाहुँदै पनि हाम्रो समाजमा उत्पादनका क्षेत्र, प्रणाली र जीवनशैलीमा समेत परिवर्तन भइरहेको छ। समाज परिवर्तनसँगै महिलाका जीवनमा पनि त्यसको प्रत्यक्ष असर परिरहेको छ। अहिले सार्वजनिक जीवनमा महिलाको सहभागिता वृद्धिसँगै महिला हिंसाका घटना पनि बढिरहेका छन् र हिंसाका स्वरूपहरू बदलिएका छन्। यो सबै अवस्थाको अध्ययन-विश्लेषण गरी निकासको खोजी गर्न आवश्यक छ।

यही परिप्रेक्ष्यमा राष्ट्रिय महिला आयोगबाट वर्तमानमा कुन-कुन क्षेत्रमा महिलाको अवस्था कस्तो छ ? भन्नेबारे राज्यबाट भएका व्यवस्था, त्यसको कार्यान्वयन पक्ष, पहुँच, महिलाभित्रको समावेशिता र महिला हिंसाको अवस्था प्रतिबिम्बित हुने गरी 'नेपालमा महिलाको अवस्था' विषयक यो पुस्तक तयार हुनु महिला अधिकारको क्षेत्रमा काम गर्ने सबैका लागि खुसीको कुरा हो।

राष्ट्रिय महिला आयोगबाट महिलासँग सम्बन्धित एकीकृत सूचना अभिलेखनको अवधारणासहित आरम्भ गरिएको यो पहिलो प्रयास हो। महिलाको क्षेत्रमा योजना निर्माण गर्ने, काम गर्ने सबै सङ्घ/संस्था र नीति-निर्माणकर्ताका साथै अध्ययन/अनुसन्धानकर्ताका लागिसमेत यो प्रकाशन महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ।

यस पुस्तकको अवधारणालाई पूर्णता दिन संस्थागतरूपमा सहयोग र सहकार्य गरेकामा यु.एन.एफ.पि.ए., आइपास र सञ्चारिका समूहप्रति धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि यस्तै समन्वय, सहयोग र सहकार्यको अपेक्षा राखेको छु।

पुस्तक तयारीको क्रममा विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरू, मन्त्रालय, विभाग, निकाय, संवैधानिक आयोग, सरोकारवाला सङ्घ/संस्थाहरूबाट महत्त्वपूर्ण सुझाव र सूचना प्राप्त भएका छन्। विज्ञहरूका विषयगत लेखहरू समावेश गरिएको छ।

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं.

च.नं. मिति

सुझाव, सूचना र छोटो समयावधिमा पनि महत्त्वपूर्ण लेखहरू उपलब्ध गराइ सहयोग गरिदिनुहुने सबै विज्ञ व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

राष्ट्रिय महिला आयोगको तर्फबाट यस पुस्तक तयारीका क्रममा सहयोग पुऱ्याउनुहुने माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे, माननीय सदस्य सावित्राकुमारी शर्मा, आयोगका सचिव श्री कविराज पौडेल, आयोगका निवर्तमान सचिव शैलजा रेग्मी भट्टराईलगायत सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**कमलाकुमारी पराजुली**
अध्यक्ष
राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग

National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं.
च.नं.

मिति

# मन्तव्य



महिलाका हक/अधिकार संरक्षण गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि/कानुन पालनामा सघाउने तथा अनुगमनसमेत गरी सम्बन्धित निकायहरूमा सिफारिस गर्ने, लैङ्गिक हिंसा न्यूनीकरणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जस्ता उद्देश्यले २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोग गठन भएको हो। जसअनुसार आयोगले पाएको अधिकार तथा कार्यक्षेत्रअनुरूप स्थापनाकालदेखि नै निरन्तर अघि बढिरहेको छ।

यसै क्रममा आयोगले आफ्नो बीसौं स्थापना दिवसको अवसर पारेर नेपालमा महिलाको अवस्था नामक यो पुस्तक प्रकाशनमा ल्याएको छ। जसमा नेपाली महिला यतिबेला अधिकारका दृष्टिले, सहभागिताका हिसाबले तथा चुनौतीका हिसाबले र उपलब्धिका हिसाबले कहाँ छन् भन्ने प्रष्ट्याउन खोजिएको छ। विशेषगरी महिलाका सवालमा नीति/योजना/कार्यक्रम बनाउन सहयोग पुगोस् र आममानिसलाई नेपाली महिलाले गरेका सङ्घर्ष तथा भोगिरहेका चुनौती र प्राप्त उपलब्धिबारे जानकारी हासिल होस् भन्ने नै यो प्रकाशनको मुख्य उद्देश्य हो।

यस पुस्तकमा सङ्ग्रहित सामग्री सङ्कलनका क्रममा सबै संवैधानिक तथा विषयगत आयोगहरू, सरोकारवाला मन्त्रालयका प्रतिनिधिहरू, महिला अधिकार, मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू, सरोकारवाला संस्थाका प्रतिनिधिहरू, क्षेत्रगत विषयविज्ञहरू, सञ्चारकर्मी, नगरपालिका महासङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल प्रहरी, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय तथ्याङ्क विभागलगायत क्षेत्रसँग पत्राचार, समन्वय, बैठक, पुस्तकबारे अवधारणा प्रस्तुति, अन्तर्क्रिया जस्ता क्रियाकलाप गरिएको थियो।

यसरी यो प्रकाशनलाई सकभर मजबुत बनाउने प्रयास गरिएको छ। तापनि सम्बन्धित निकायहरूमा समन्वय र पत्राचार गरिएअनुसार अपेक्षाअनुरूप सूचनाहरू समयमै नआएका कारण सबै विषय समेट्न असमर्थ भयौँ। जसका कारण सामग्री सङ्कलन, संयोजन, लेखन र सम्पादन कार्यमा कठिनाइ भयो। स्रोत/साधन, जनशक्ति र समयसीमाका कारण केही कमजोरी रहे पनि ‘केही पनि नहुनु भन्दा थोरै भए पनि हुनु राम्रो हो’ भन्ने मान्यतामा यो प्रकाशनलाई बुझिदिनु हुन अनुरोध छ। अहिले यो पुस्तक प्रकाशनमा देखिएका कमजोरीलाई आगामी दिनमा सम्बन्धित सबैको सहयोगमा सुधार गर्दै जाने विश्वास दिलाउन चाहन्छु।

पुस्तक तयारीका क्रममा धेरैजनाको अथक मेहनत परेको छ। यो पुस्तकको परिकल्पनाका साथै तयारी र प्रकाशनसम्मका लागि प्रतिबद्ध भएर सँगसँगै अभिभावकत्व गरिदिनुहुने राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। त्यसैगरी आयोगका तर्फबाट यस पुस्तकमा विभिन्नतवरले सहयोग पुऱ्याउनुहुने

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं.

च.नं. मिति

माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे र माननीय सदस्य सावित्राकुमारी शर्माप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

आयोगबाट यस कार्यको विशेष जिम्मेवारी लिएर संयोजन, समन्वय, सामग्री सङ्कलन र लेखनलगायतका कार्यमा मेहनतपूर्वक लाग्नुभएका महिला आयोगका उजुरी व्यवस्थापन तथा कानुन शाखाका उपसचिव चमिला भट्टराई, सरकारी वकिल वर्षा ढकाल, प्राविधिक सल्लाहकार पलिता थापा, सञ्चार विज्ञ अस्मिता मानन्धर र अन्तिम घडीमा अत्यन्त चुनौतीपूर्ण अवस्थामा सम्पादनको जिम्मेवारी लिएर यसलाई पूर्णता दिनुहुने पत्रकार रघुनाथ लामिछाने अनि यसको डिजाइन गर्नुहुने हिमाल श्रेष्ठलगायत आयोगका सम्पूर्ण कर्मचारी साथीहरूमा धन्यवाद व्यक्त गर्दछु। त्यसैगरी आफ्ना लेखहरू उपलब्ध गराउने विज्ञज्यूहरू, सुझाव र सूचना उपलब्ध गराउने सरोकारवाला निकायहरू तथा विभिन्नतवरले सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावप्रति कृतज्ञता जाहेर गर्दछु।

**कविराज पौडेल**
सचिव
राष्ट्रिय महिला आयोग

# विषय सूची


शुभकामनाहरू

परिच्छेद १. परिचय तथा अध्ययन विधि

१.१ परिचय ........................................ १
१.१.१ महिला सशक्तीकरण र लैङ्गिक समानता ........................................ २
१.१.२ महिला हिंसा र सामाजिक भेदभाव ........................................ ३
१.२ अध्ययनको औचित्य ........................................ ५
१.३ अध्ययनको उद्देश्य ........................................ ६
१.४ अध्ययनको पद्धति ........................................ ७
१.४.१ पुनरावलोकन समीक्षा ........................................ ७
१.४.२ विज्ञ बैठक ........................................ ७
१.४.३ विशेषज्ञ परामर्श ........................................ ८
१.४.४ विश्लेषणात्मक लेखन ........................................ ८
१.५ अध्ययनको सीमा ........................................ ८
१.६ प्रतिवेदनको ढाँचा ........................................ ८

परिच्छेद २. नेपालमा महिला अधिकार : विकासक्रम र महिलाको अवस्था

२.१ परिचय ........................................ ९
२.२ नेपालमा महिला अधिकारको संवैधानिक तथा कानुनी विकासक्रम ........................................ १०
२.२.१ नेपालका विगतका संविधानमा महिला अधिकार ........................................ १०
२.२.२ नेपालको संविधानमा महिला अधिकार ........................................ १२
२.३ विभिन्न कानुनमा महिला अधिकार ........................................ १९
२.४ पन्ध्रौं पञ्चवर्षीय योजनामा महिला समानता तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी नीति तथा कार्यक्रम ....... २०
२.५ महिला अधिकारको संरक्षण र प्रवर्द्धनमा संरचनागत व्यवस्था ........................................ २१
२.६ नेपालबाट गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं सशक्तीकरणका लागि भएका अन्य प्रयास ................ २२

## परिच्छेद ३. महिला सशक्तीकरण र लैङ्गिक समानता


३.१ सशक्तीकरण र समानताको सङ्घर्ष ........ २७
३.२ महिलाको आर्थिक पहुँच ........ ३०
३.३ विभिन्न पेसा तथा क्षेत्रमा सहभागिता ........ ३२
३.३.१ न्यायपालिकामा महिला सहभागिता ........ ३२
३.३.२ निजामती सेवामा महिला सहभागिता ........ ३३
३.३.३ सकारात्मक विभेदले निजामती सेवामा पारेको प्रभाव ........ ३६
३.३.४ सुरक्षा निकायमा महिला सहभागिता ........ ३६
३.३.५ सञ्चार क्षेत्रमा महिला ........ ४०
३.३.६ स्वास्थ्य क्षेत्रमा महिला ........ ४१
३.३.७ वकालत क्षेत्रमा महिला ........ ४३
३.३.८ शिक्षामा महिलाको अवस्था ........ ४३
३.४ महिला अधिकारको अवस्था ........ ४४
३.५ महिलाको सामाजिक अवस्था ........ ४५
३.६ महिला हिंसाको अवस्था ........ ४६
३.७ वैवाहिक अवस्था ........ ४८
३.८ पारिवारिक कानुन ........ ५०


## परिच्छेद ४. राजनीतिमा नेपाली महिला


४.१ जनसङ्ख्याका आधारमा महिला ........ ५१
४.२ राजनीतिमा महिलाको सहभागिता ........ ५२
४.२.१ महिलाको सहभागितासम्बन्धमा भएका संवैधानिक र कानुनी व्यवस्था ........ ५३
४.२.२ निर्वाचन ऐन तथा कानुन ........ ५५
४.३ राज्यगत निकायहरूमा महिलाको सहभागिता ........ ५६
४.३.१ वि.सं. २०७४ को प्रादेशिक चुनावमा महिला ........ ५८
४.३.२ वि.सं. २०७४ को प्रतिनिधि सभा र प्रदेश सभामा लिङ्गका आधारमा निर्वाचित उम्मेदवारहरू .... ५९
४.४ राजनीतिक दलको उच्च तहमा महिला सहभागिता ........ ६२
४.५ सरकारमा महिलाको सहभागिता ........ ६२
४.६ गाउँ र नगर सभामा महिला ........ ६३


## परिच्छेद ५. महिला अधिकार प्राप्ति र संरक्षणमा राष्ट्रिय महिला आयोग


५.१ पृष्ठभूमि ........ ६५
५.२ राष्ट्रिय महिला आयोग गठन तथा काम, कर्तव्य र अधिकार ........ ६६
५.२.१ आयोगको गठन प्रक्रिया ........ ६६

५.२.२ नेपालको संविधानअनुसार आयोगको काम, कर्तव्य र अधिकार ........ ६६
५.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था ........ ६७
५.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था ........ ६७
५.३ आयोगमा पदाधिकारीहरूको नियुक्ति ........ ६८
५.४ आयोगका प्रमुख कार्यक्रम ........ ६९
५.५ नेपालमा महिलामाथिको हिंसा ........ ७०
५.५.१ नेपालमा महिलामाथिको हिंसाका कारण ........ ७१
५.५.२ हिंसाको परिणाम ........ ७१
५.६ राष्ट्रिय महिला आयोगमा परेका उजुरी र प्रकृति ........ ७१
५.६.१ प्रदेशगतरूपमा प्राप्त उजुरी ........ ७२
५.६.२ आयोगमा प्राप्त उजुरीमा हिंसाका प्रकार ........ ७२
५.६.३ पीडितको उमेर समूह ........ ७३
५.६.४ पीडितको वैवाहिक स्थिति ........ ७३
५.६.५ पीडितको शैक्षिक स्तर ........ ७३
५.६.६ पीडितको जातीयता ........ ७४
५.७ महिला हिंसा सम्बोधनमा हेल्पलाइन ........ ७५
५.७.१ महिला हिंसा सम्बोधनमा हेल्पलाइनको प्रभावकारिता ........ ७५
५.७.२ हेल्पलाइनमार्फत सिफारिस गरिएका उजुरी ........ ७८
५.७.३ प्राप्त उजुरीमा हिंसाका प्रकार ........ ८०

**परिच्छेद ६ : सीमान्तकृत महिलाका पृथक सवाल**

६.१ आदिवासी महिलाका सवाल ........ ८१
६.२ मधेसी महिलाका सवाल ........ ८६
६.३ अपाङ्गता भएका महिलाका सवाल ........ ८८
६.४ एकल महिलाका सवाल ........ ९५
६.५ दलित महिलाका सवाल ........ ९७
६.६ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक ........ ९९

**परिच्छेद ७ : नेपालमा प्रजनन स्वास्थ्य अधिकारको अवस्था**

७.१ प्रजनन अधिकारको वर्तमान स्थिति ........ १००
७.२ केही समस्या तथा चुनौती ........ १०३
७.३ निष्कर्ष र सिफारिस ........ १०५

## परिच्छेद ८ : लेखहरू


८.१ न्यायमा महिलाको पहुँच र कानुनी सचेतना– लीलादेवी गडतौला ........................................ १०७

८.२ महिलावादी दृष्टिकोणमा कृषि र खाद्य अधिकार – डा. यमुना घले ...................................... ११५

८.३ महिला र सञ्चार : बेइजिङ प्रतिबद्धता, अभ्यास र चुनौतीहरू – बबिता बस्नेत ............................ १२७

८.४ हिंसापीडित महिला तथा बालबालिकाको न्यायमा पहुँच– पुण्यशीला दवाडी घिमिरे ...................... १३२

८.५ महिलाविरुद्ध हिंसा : बदलिँदो स्वरूप र कानुन अभाव– अनिता न्यौपाने ................................ १३९

८.६ नेपाली महिलाको राजनीतिक सहभागिता - डा. विष्णुराज उप्रेती ........................................ १४४

८.७ कोभिड-१९ ले महिलामा पारेको प्रभाव - डा. पद्मप्रसाद खतिवडा ..................................... १५२

८.८ महिला ज्येष्ठ नागरिकका समस्या र समाधानका उपाय - कृष्णहरि बास्कोटा .............................. १६०


## परिच्छेद ९ : महिलाका विविध सवाल


९.१ महिला लक्षित केही विशेष व्यवस्था .............................................................. १६३

९.२ कानुनले समेट्नुपर्ने केही सवाल ................................................................. १६८

९.३ न्यायिक समितिको प्रभावकारिता ................................................................ १७०

९.४ लैङ्गिक उत्तरदायी बजेट ..................................................................... १७३

**निष्कर्ष र सुझाव** ................................................................................ १७४

# परिचय तथा अध्ययन विधि


## १.१ परिचय

संविधान सभाले विक्रम संवत् २०७२ साल असोज ३ गते घोषणा गरेको नेपालको संविधानले देशको राज्य व्यवस्थालाई एकात्मक र केन्द्रीकृतबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरण गरेको छ। यसलाई नेपालको इतिहासमा अहिलेसम्मकै ठूलो शासकीय परिवर्तनको रूपमा लिइन्छ। यसैगरी समानान्तररूपमा अगाडि बढेको महिला आन्दोलनले उठाउँदै आएका धेरैजसो मुद्दालाई पनि यस संविधानले समेटेको छ।

मूलतः महिलालाई महिला भएकै कारण पितृसत्तात्मक समाज र स्वयं राज्य व्यवस्थाले गर्दै आएको शोषण, भेदभाव र नियन्त्रणात्मक संयन्त्रलाई सम्बोधन गर्दै संविधानले समतामूलक व्यवस्थाहरू आत्मसात् गरेको पाइन्छ। विशेषतः नेपालको संविधानको धारा ३८ ले महिला हकको व्यवस्था गरेको छ। यसअन्तर्गत सबै महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक व्यवस्था गरिएको छ। यसैगरी महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने व्यवस्था पनि छ। यस्तो गरेमा कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई क्षतिपूर्ति हुने जस्ता व्यवस्थासमेत गरिएको छ। यसका साथै महिला र सीमान्तकृत समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रगतिशील कानुनको परिणामस्वरूप अब महिलाहरू ३ तहका सरकारमा निर्वाचित पदहरूमा एकतिहाइ भन्दा बढी छन्।

महिला अधिकारका दृष्टिकोणले नेपालको संविधानलाई कम आकलन गर्न सक्ने अवस्था छैन। यद्यपि महिलाका मुद्दा परिवर्तनशील सामाजिक संरचना र पारिस्थितिसँगै परिष्कृत र परिमार्जित हुँदै जान्छन्। महिला अधिकारको संवर्द्धन, प्रवर्द्धन र परिपूर्तिका लागि विशेष तथा सामान्य ऐनहरू संशोधन हुँदै जानुपर्छ। कतिपय विषयमा भने मौलिक हकसम्बन्धी विभिन्न कानुन भए पनि नियमावली र कार्यविधिगत दिशानिर्देशहरूको तर्जुमामा भएको ढिलाइका कारण कानुनको पूर्ण र प्रभावकारी कार्यान्वयनमा बाधा पुगेको छ। यही कारण महिला तथा यौनिक अल्पसङ्ख्यकहरूविरुद्धका भेदभावपूर्ण कानुनहरू यथावत् छन्। महिलासम्बन्धी विभिन्न कानुनी ढाँचाले महिला र सीमान्तकृत समूहहरूको अधिकारलाई अगाडि बढाउन ठोस आधार उपलब्ध गराएका छन्। तापनि यी कानुनको प्रभावकारी कार्यान्वयनमा चुनौती भने यथावत् छन्।

यसरी संविधानले दिएको जगमा टेकेर विश्लेषण गर्दा महिलाको हालको अवस्थालाई २ पाटोमा राखेर आकलन गर्न सकिन्छ : १) महिला सशक्तीकरण र लैङ्गिक समानता। २) महिला हिंसा र सामाजिक भेदभाव।




### १.१.१ महिला सशक्तीकरण र लैङ्गिक समानता

विश्वव्यापीरूपमा महिला सशक्तीकरणको मुद्दालाई ३ सूचकमा तुलना गर्ने गरिएको छ : संसद्मा महिला सिट, प्रशासनिक र व्यावसायिक क्षेत्रमा व्यवस्थापकीय पदहरू र आय स्रोत। यसलाई आधार मानेर यस प्रतिवेदनले नेपालमा महिलाको राजनीतिक तथा सामाजिक सहभागिता, आर्थिक स्वतन्त्रता र पेसागत मान्यताको स्थिति केलाउने जमर्को गरेको छ। महिला सशक्तीकरण र लैङ्गिक समानताको मामिलामा महिलालाई समान अधिकार प्रदान गर्नका लागि नेपाल सरकारले वंशीय हक र पहिचान सम्बन्धित कानुनहरू बनाएको छ। जसअन्तर्गत नागरिकता ऐन २०६३, राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता ऐन २०७६, बालबालिका ऐन २०७५, मुलुकी देवानी संहिता २०७४ पर्छन्।

त्यसैगरी समानुपातिक समावेशी सहभागितासँग सम्बन्धित कानुन पनि छन्। जसअन्तर्गत संवैधानिक आयोगहरूसँग सम्बन्धित ऐनहरू, निर्वाचन ऐन २०७४ (प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा, स्थानीय तह), स्थानीय सरकार सञ्चालन ऐन २०७४, राजनीतिक दल सम्बन्धित कानुनहरू र ८ वटा सेवा ऐन पर्छन्। विशेष अवसर प्राप्त गर्ने अधिकारसँग सम्बन्धित कानुनहरूअन्तर्गत रोजगारी ऐन २०७५, शिक्षा ऐन २०२८ र श्रम ऐन २०७४ छन्। यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा समान हकसँग सम्बन्धित कानुनहरूअन्तर्गत मुलुकी देवानी संहिता २०७४ र भूमिसम्बन्धी ऐन २०२१ (आठौँ संशोधनसहित) छन्।

यद्यपि माथि उल्लिखित ऐनहरूले महिला अधिकारसम्बन्धी सिद्धान्त र महिलावादी दृष्टिकोणका आधारमा अगाडि आउने विविध सवाल तथा विषयलाई पर्याप्तरूपमा सम्बोधन गरेको छ वा छैन, महिला अधिकार परिपूर्तिका निमित्त सबै तहको सरकारबीच जिम्मेवारीको बाँडफाँट भएको छ वा छैन भनेर थप विश्लेषण आवश्यक छ। यस विषयलाई सरलीकरण गरेर केलाउनका निम्ति यस प्रतिवेदनले महिला सशक्तीकरण र लैङ्गिक समानताको विषयलाई विशेष ३ शीर्षकमा विभाजन गरेको छ : राजनीतिक तथा सामाजिक सहभागिता, आर्थिक स्वतन्त्रता र पेसागत मान्यता।

राजनीतिक तथा सामाजिक सहभागिताको विषयमा यस प्रतिवेदनले वि. सं. २०७५ साल भदौ ८ गते बसेको सङ्घीय संसद्, प्रतिनिधि सभाको बैठकबाट प्रस्तुत गरिएको सङ्कल्प प्रस्तावदेखि वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनमा देखिएको महिला सहभागितालाई विश्लेषण गरेको छ। यसका साथै, महिलाको राजनीतिक र नागरिक सहभागिताको कुरा गर्दा तथ्याङ्कमात्र होइन, निर्णय प्रक्रियामा महिलाको निष्पक्ष पहुँचलाई पनि जाँच्न महत्त्वपूर्ण छ भन्ने सोचलाई आत्मसात् गर्दै मतदाताका रूपमा र शीर्ष स्थानहरूमा महिला प्रतिनिधित्वलाई मूल्याङ्कन गर्नुपर्ने आयोगको अडानलाई यस प्रतिवेदनले पनि विश्लेषणात्मक शल्यक्रिया गरेको छ।

यस विषयवस्तुमा महिला सहभागिता, महिला सहभागिता सुनिश्चित गर्ने शासन व्यवस्था, महिला राजनीतिक उम्मेदवारहरूलाई उनीहरूको सिप विकास गर्न मद्दत गर्न तालिम, साथै मतदाता र नागरिक शिक्षा, लैङ्गिक समानतासम्बन्धी सचेतना अभियान, लैङ्गिक समानता र महिलाहरूको प्रवर्द्धन गर्न शैक्षिक कार्यक्रमहरूबारे आयोग र विषयविज्ञहरूको धारणा समेटिएको छ।

त्यसैगरी महिला अधिकारको परिपूर्ति तथा महिला सशक्तीकरण र आर्थिक स्वतन्त्रताबीच महत्त्वपूर्ण सम्बन्ध छ। देशको कुल श्रम शक्तिमा महिला सहभागिताको उत्थानका लागि श्रममा समान अवसर र पहुँच, देशको अर्थतन्त्रमा घरेलु श्रमको समान मूल्य र त्यसको सम्मान, महिला र पुरुषलाई समान ज्याला, सम्पत्तिको अधिकार र त्यसमा महिलाको स्वामित्व, बैङ्क ऋणमा पहुँच आदि जस्ता विविध विषयले महिलाको आर्थिक स्वतन्त्रताको अवस्था प्रस्ट्याउँछ।

राज्यले महिलाको आर्थिक स्वतन्त्रतालाई बढावा दिनका लागि सकारात्मक विभेदको नीति अख्तियार गर्दै महिलाको मासिक पारिश्रमिकमा १० प्रतिशत आय कर छूट हुने, कुनै व्यापारिक वा औद्योगिक प्रतिष्ठानले ३३ प्रतिशत महिलालाई रोजगारी दिएमा सो निकायले आय करमा २० प्रतिशत छूट पाउने, महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दस्तुरमा ३५ प्रतिशत छूट हुने, महिलाको नाममा ट्रेडमार्क दर्ता गर्दा २० प्रतिशत दस्तुर छूट हुने, महिला स्वयंले नै व्यवसाय गर्न महिला उद्यमशीलता विकास कोषबाट ऋण लिँदा ६ प्रतिशतमात्र ब्याज तिरे पुग्ने, महिलाको नाममा जग्गाको रजिस्ट्रेसन पास गर्दा तोकिएको हिमाली क्षेत्रमा ५० प्रतिशत र अन्य क्षेत्रमा २५ प्रतिशत रजिस्ट्रेसन दस्तुरमा छूट हुने, वैदेशिक तालिममा माहिलाले तालिम शुल्क शोध भर्ना पाउने, नवीकरणीय ऊर्जामा एकल महिलालाई अनुदान दिने आदि व्यवस्था गरेको छ।

हालसालै अख्तियार गरिएको पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकदेखि करिब डेढ दशकदेखि कार्यान्वयन हुँदै आएको लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारितालाई पनि यस प्रतिवेदनले सम्बोधन गरेको छ।

### १.१.२ महिला हिंसा र सामाजिक भेदभाव

महिला भएकै कारण शारीरिक, यौन जन्य, मानसिक र सामाजिक क्षति वा पीडा सहनुपर्ने र आधारभूत अधिकारबाट वञ्चित हुनु नै महिलाविरुद्धको हिंसा हो। महिलाविरुद्ध हिंसाका धेरै रूप छन्। परिवारका सदस्यहरू वा अरू नै कोहीबाट शारीरिक वा यौन दुर्व्यवहार, अख्तियारका व्यक्तिहरू (जस्तै- शिक्षक, प्रहरी अधिकारी वा रोजगारदाता) बाट यौन उत्पीडन र दुर्व्यवहार, श्रम वा यौनका लागि बेचबिखन, बाल विवाह, दाइजोसम्बन्धी हिंसा जस्ता सामाजिक कुरीति आदि। द्वन्द्वको समयमा महिलामाथि हुने यौन दुर्व्यवहार पनि महिलाविरुद्ध हिंसाको अर्को रूप हो।

यस प्रतिवेदनले पनि महिला हिंसाको विभिन्न स्वरूप, जस्तै- यौन हिंसा, सामाजिक हिंसा, घरेलु हिंसा, मानसिक हिंसा र सामाजिक कुरीतिका महिलामा पर्ने नकारात्मक प्रभाव र परिणामहरूबारे छलफल गरेको छ। महिलामाथि हुने कुनै पनि

किसिमको हिंसाले महिलालाई व्यक्तिगत विकासमा पर्ने हानिका साथसाथै समाजमा पूर्णरूपमा सहभागी हुनबाट पनि रोक्छ। यसले गर्दा समुदाय र समग्ररूपमा देशलाई नै असर गर्छ।

कञ्चनपुरस्थित भीमदत्त नगरपालिकाकी १३ वर्षिया बालिका निर्मला पन्तको वि.सं. २०७५ साल साउन १० गते बलात्कार र हत्यापछि देशभर व्यापक विरोध प्रदर्शन भयो। त्यसपछिका दिनमा नेपालमा यौन हिंसाको मुद्दाले जनता र नीति निर्माताहरूको गम्भीर ध्यानाकर्षण भएको छ। यस मुद्दाले सिर्जना गरेको बढ्दो चेतनाका बाबजुद, दलित, तराई, मधेसी र मुस्लिमलगायत जात, जाति वा धर्मको आधारमा सीमान्तकृत समुदायबाट यौन हिंसाबाट पीडितहरूले सामना गर्ने भेदभावका विषयलाई अझै पनि पर्याप्त ध्यान दिन सकिरहेको छैन।

महिला हिंसा र सामाजिक भेदभाव अन्त्य गर्नका लागि सरकारले विभिन्न कानुन प्रयोजनमा ल्याएको छ। जसमा मुख्यगरी मानव बेचबिखनविरुद्धको ऐन २०६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७४, बोक्सीको आरोप (कसुर र सजाय) सम्बन्धी ऐन २०७२, वैयक्तिक गोपनीयतासम्बन्धी ऐन २०७५, अपराधपीडित संरक्षण ऐन २०७५, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ र मुलुकी फौजदारी संहिता ऐन २०७४ छन्।

राज्यका संरचनाहरूमा महिलाको प्रतिनिधित्व सुदृढ बन्दै गएको भए पनि महिलाविरुद्धका हिंसामा कमी नआएको र विभेदका घटना निरन्तर देखा परिरहेका छन्। प्रहरीको तथ्याङ्कले विगत ५ आर्थिक वर्षमा नेपालमा ८,००० भन्दा बढी बलात्कार र ३,१०० भन्दा बढी बलात्कारको प्रयासका घटना भएको देखाउँछ। सो अवधिमा झन्डै ६० हजार घरेलु हिंसाका घटना दर्ता भएका थिए। नेपाल प्रहरीको तथ्याङ्कमा अघिल्लो आर्थिक वर्षमा बलात्कारको २,१०० भन्दा बढी घटना र घरेलु हिंसाका ११,७३८ वटा घटना दर्ता भएका देखिन्छ।

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको विषयलाई सबैले स्वीकारेकै अवस्था छ।

लैङ्गिक समानतालाई विकास र समृद्धिको सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धि स्थापना हुन नसक्ने तथ्य विश्वले आत्मसात् गरिसकेको छ। नेपाल सरकारले लैङ्गिक हिंसा सम्बोधनका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रम तय गरेको छ। महिलाविरुद्ध हुने भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाइएको छ। यद्यपि यस्ता हिंसामा कमी भने आउन सकेको छैन।

समग्रमा राज्यले महिला सशक्तीकरण र लैङ्गिक समानताको पक्षमा र महिला हिंसा र सामाजिक भेदभावविरुद्ध कानुन र ऐनमा प्रावधान राखेको छ तर कार्यान्वयन र व्यवहारमा त्यसको रूपान्तरणलाई यस प्रतिवेदनले जाँच गरी उपयुक्त सुझाव पनि प्रस्तुत गरेको छ।

## १.२ अध्ययनको औचित्य

महिला अधिकार र लैङ्गिक समानता कुनै पनि राष्ट्रको दिगो विकाससँग जोडिएको हुन्छ। देशमा महिलाको अवस्थाले त्यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विकास, विचार र मूल्यहरूलाई पनि इङ्गित गर्छ। यस प्रतिवेदनले विभिन्न विषयवस्तुमार्फत माथि उल्लिखित मुद्दाहरूमा राष्ट्रको दृष्टिकोण, सामाजिक धारणा र कानुनी व्यवस्थाहरू तथा त्यसको कार्यान्वयनको अवस्था प्रस्तुत गर्ने जमर्को गरेको छ।

महिलाका विषयमा थुप्रै तथ्याङ्क, विवरण उपलब्ध छन् र तिनको विश्लेषण पनि भएका छन् तर त्यसलाई एकीकृत भने गरिएको छैन। राष्ट्रिय महिला आयोगले यस वर्षदेखि महिलाको अवस्थाबारे हरेक वर्ष प्रकाशित हुने गरी नेपालमा विभिन्न क्षेत्रमा महिलाको अवस्था र स्थितिको झलक प्रदान गर्न, नेपालमा महिला अधिकार कार्यान्वयनको अवस्था प्रष्ट पार्न, महिलाको राजनीतिक, सामाजिक र आर्थिक स्थिति उजागर गर्न, हरेक वर्ष महिलामाथि हुने हिंसा र न्यायको स्थिति प्रष्ट पार्न, हरेक क्षेत्रमा भएको महिलाको राष्ट्रिय योगदान उजागर गर्न, महिलासम्बन्धी विषयका चुनौती उजागर गर्न र सम्बन्धित निकायहरूलाई सुझाव प्रदान गर्न यो प्रतिवेदन तयार पारिएको हो।

राष्ट्रिय महिला आयोगको वार्षिकोत्सव फागुन २३ अर्थात महिला अधिकारको महिनाका रूपमा मनाइने अङ्ग्रेजी महिना मार्चको ७ तारिखको अवसर पारेर अङ्ग्रेजी वर्षलाई आधार मानी २०२१ को जनवरीदेखि डिसेम्बरसम्मको सूचना र तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने लक्ष्य राखेको हो। तथापि पूर्णरूपमा माथि उल्लिखित समयसीमाभित्रका तथ्याङ्क सङ्कलनमा नआए पनि देशको वर्तमान अवस्थाको विश्लेषण सङ्कलित तथ्याङ्कमा आधारित भई यस प्रतिवेदनले प्रस्टरूपमा गरेको छ।

मानव अधिकार प्रणालीभित्र महिलाको विशेष हैसियत र संरक्षण छ। नेपालको संविधानले लैङ्गिक भेदभावलाई निर्विवादरूपमा निषेध गरेको छ। सम्पत्तिको स्वामित्व र हिंसाबाट स्वतन्त्रतादेखि शिक्षामा समान पहुँच र सरकारमा सहभागितासम्मका महिला अधिकारका विषयमा पनि अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूले यिनै सिद्धान्त पछ्याउँछन्। र, पक्ष राज्यहरूलाई सबै क्षेत्रमा महिला अधिकारको संरक्षण र प्राप्ति सुनिश्चित गर्न झकझकाउँछन्।

नेपालले मानव अधिकारसम्बन्धी धेरै अन्तर्राष्ट्रिय दस्तावेजमा हस्ताक्षर गरेको छ। राज्यका कतिपय दायित्व पूरा गर्नुपर्ने विभिन्न बडापत्र र सन्धिहरूमा हस्ताक्षर र अनुमोदन गरेर धेरैपटक समान, निष्पक्ष र समावेशी लोकतान्त्रिक राज्यप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ।

समावेशी लैङ्गिक समानता हासिल गर्न राज्यको आन्तरिक र अन्तर्राष्ट्रिय दायित्वहरूको अनुसन्धान गर्दै यो प्रतिवेदन महिला सशक्तीकरणका लागि आवश्यक मुद्दाहरूमा नै केन्द्रित छ। साथै अन्तरविषय र अन्तरविच्छेदन लेन्सहरूमार्फत महिलाको अधिकार प्राप्त गर्न कस्ता वस्तुगत विषयले बाधा पुऱ्याएको छ भनेरसमेत परीक्षण गरेको छ।

राजनीतिक र कानुनी दृष्टिकोणबाट जति नै सामाजिक-सांस्कृतिक परिदृश्यबाट पनि महिला अधिकारको परीक्षण गर्नु जरुरी छ। यसले फराकिलो चुनौती खडा गरेको छ किनभने यसको अर्थ हामीले ऐतिहासिक भेदभावदेखि लिएर कोभिड-१९ महामारी जस्ता हालैका जोखिमसम्मका विषयलाई ध्यानमा राख्नुपर्छ।

त्यसैगरी दाइजोका कारण हुने घरेलु हिंसा, बाल विवाह, बोक्सीको आरोप, आदिवासी र दलित महिलाको अधिकार, लैङ्गिक तथा यौन अल्पसङ्ख्यकको सरोकार, महिनावारी वर्जित जस्ता विभिन्न अन्तर्विच्छेदक समस्यालाई पनि सम्बोधन गर्न आवश्यक छ। विश्वव्यापी चासोका मुद्दाहरूमा पनि यसको अभिव्यक्ति र कार्यान्वयनका लागि अद्वितीय र विशिष्ट समाधानहरू आवश्यक पर्छ।

यस प्रतिवेदनलाई अझै प्रभावकारी बनाउनका लागि महिला अधिकार र महिलाको स्थितिसम्बन्धी सबै क्षेत्रलाई खण्डीकृतरूपमा एकसाथ ल्याउने कोसिस भएको छ। यस प्रतिवेदनले मुख्यरूपमा सम्भव भएसम्म बेइजिङ कार्ययोजनामा उल्लिखित १२ वटा सरोकारका क्षेत्रलाई प्राथमिकतामा समेट्न खोजेको छ। जुन महिला र गरिबी, महिला हिंसा, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिला र वातावरण, महिला र सशस्त्र द्वन्द्व, महिला र अर्थतन्त्र, महिला र मिडिया, महिलाको विकासका लागि संस्थागत संरचना, निर्णायक प्रक्रियामा महिला, महिलाको मानव अधिकार, महिला र बालिकाहरूका लागि समानता र अवसरहरू सुनिश्चित गर्न तत्काल कार्य आवश्यक पर्ने प्रमुख क्षेत्रहरूका रूपमा विश्वव्यापीरूपमै स्वीकार गरिएका विषय हुन्।

यी १२ क्षेत्रलाई प्राथमिक सन्दर्भविन्दुका रूपमा राखेर प्रतिवेदनले सिड र सिड समितिले सरकारलाई दिएको सिफारिसलाई पनि ध्यानमा राखेको छ। साथै दिगो विकास लक्ष्यका दिशानिर्देशहरू पनि अन्तर्विच्छेदक विषयवस्तुका रूपमा समेटेको छ। कोभिड-१९ को महामारीका परिणामहरू विश्वभरका राजनीतिक र सामाजिक संरचनाका सबै क्षेत्रमा फैलिएको छ र नेपाल पनि त्यसबाट अछूतो छैन। महिलाको अवस्था र अधिकारका बारेमा विभिन्न विषयवस्तु र मुद्दाहरू पार गर्दै जाँदा यसको प्रभाव र नतिजाहरू पनि अध्ययनको दायरामा समेटिएको छ।

महिलाअन्तर्गतको उपसमूहमा पारलैङ्गिक महिलालाई पनि समावेश गरेर शिशु जन्मँदा इङ्गित गरिएको लैङ्गिक पहिचानलाई मात्र नभएर व्यक्तिको स्वःअनुभूतिको लैङ्गिकतालाई पनि मान्यता दिनुपर्ने लैङ्गिक र यौनिक अल्पसङ्ख्यकहरूको विचारलाई पनि यस प्रतिवेदनले समावेश गरेको छ। यसका साथसाथै लैङ्गिक र यौनिक अल्पसङ्ख्यकहरूको स्थितिलाई पनि अध्ययनभित्र राखिएको छ।

त्यसैगरी साइबर अपराध र महिलाहरूमा यसको असर, महिला अधिकार मामिलामा प्रभाव, आदिवासी र सीमान्तकृत समुदायका महिलाहरू, अपाङ्गता भएका महिला, महिलाकेन्द्रित पाठ्यक्रम विकास, महिलाका भूगोलकेन्द्रित समस्या, पालेर्मो प्रोटोकल र यसको प्रभाव, संशोधित कानुन, तिनको प्रभाव र कार्यान्वयनको मूल्याङ्कन, लैङ्गिक अनुकूल भाषा प्रयोग इत्यादि पनि मूल विषयअन्तर्गत नै अन्य अन्तर्विच्छेदक मुद्दाहरूका रूपमा समावेश गरिएका छन्।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य निम्नबमोजिम छ :


- महिला सशक्तीकरण र समानतासम्बन्धी वर्तमान नीतिहरू र कानुनी उपचारहरूको समीक्षा गर्ने आधार रेखा निर्माण गर्ने।
- महिलाकेन्द्रित नीति, योजना, कार्यक्रम तर्जुमा गर्न सहयोगी भूमिका निर्वाह गर्ने।
- सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा महिलाले सामना गर्नुपर्ने अवरोध र अवसरहरू पहिचान गर्ने।
- महिलाका लागि कार्ययोजना र वकालतका विपय सिफारिस गर्ने।

## १.४ अध्ययनको पद्धति

राष्ट्रिय महिला आयोगले विभिन्न क्षेत्र र विषयमा नेपालमा महिलाको अवस्थाबारे विस्तृत प्रतिवेदन तयारीका लागि सम्भव भएसम्म सम्पूर्ण प्रस्तुति तथ्याङ्क र तथ्यमा आधारित रहने ढाँचालाई पछ्याउँदै तथ्याङ्क र सूचना सङ्कलन गरेको छ।

नेपाल सरकारका विभिन्न निकाय, जस्तै- विभिन्न मन्त्रालय, स्थानीय सरकार, सुरक्षा निकायहरू, केन्द्रीय तथ्याङ्क विभाग, पत्रपत्रिका तथा विकास साझेदार संस्थाहरूबाट खण्डीकृत तथ्य, तथ्याङ्क र सूचना सङ्कलन गरी त्यसअनुरूपको विश्लेषण गरेको छ। राष्ट्रिय महिला आयोगबाट सञ्चालित विभिन्न कार्यक्रम तथा अनुगमनबाट प्राप्त सूचना र कार्यक्रमका प्रतिवेदनहरूबाट प्राप्त सिफारिस पनि यसमा समावेश छ।

यस प्रक्रियालाई अझै मान्यता दिनका लागि र प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क र गुणात्मक अध्ययन दुवैलाई अझ सुदृढ बनाउनका लागि पुनरावलोकन समीक्षा (डेस्क रिभ्यु), विभिन्न मन्त्रालयका विषयविज्ञ, संवैधानिक आयोगका आयुक्तहरू, सरोकारवालाहरू, महिला अधिकारसम्बन्धी नीतिगत पैरवी गर्ने विभिन्न सङ्घ/संस्था र सञ्जालहरूसँग परामर्श र छलफल विधि अपनाइएको छ। जुन निम्नबमोजिम छ :




### १.४.१ पुनरावलोकन समीक्षा (डेस्क रिभ्यु)

यस प्रतिवेदनमा नेपाल सरकारले जारी गरेका विद्यमान कानुनहरूको समीक्षा गरिएको छ। त्यसैगरी यी कानुन कार्यान्वयनको अवस्थाबारे बुझ्नका लागि महिला अधिकारका लागि वकालत गरिरहेका विभिन्न सरकारी निकाय र सामाजिक सङ्घ/संस्थाको अनुसन्धानात्मक प्रतिवेदनहरू पनि पुनरावलोकन समीक्षा गरिएको छ। महिला अधिकारका विषयमा समाजमा आइरहेका नयाँ प्रवृत्ति वा समस्याबारे बुझ्न विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूको पनि समीक्षा गरिएको छ।

### १.४.२ विज्ञ बैठक

महिलाको अवस्थाबारे गहन राय लिन र प्रतिवेदनमा उल्लिखित विषयवस्तुबारे व्यापक छलफल गर्नका लागि सबै मानव अधिकार र विषयगत अयोगहरू, नेपाल सरकारका सम्बन्धित निकायहरू, विज्ञ, विषयविज्ञ, मानव अधिकार सम्बन्धित सामाजिक सङ्घ/संस्था र विकास साझेदार संस्थाहरूसँग ४ चरणमा बैठक र छलफल गरी सुझाव सङ्कलन गरी समन्वय र सहकार्य गरिएको छ।

### १.४.३ विशेषज्ञ परामर्श

महिला सशक्तीकरण र महिला हिंसा दुवै पाटोमा कार्यरत तथा अध्ययनशील विशेषज्ञहरूसँग आवश्यकताअनुसार सम्पर्क गरी सुझाव लिइएको छ।

### १.४.४ विश्लेषणात्मक लेखन

महिलाको अवस्थाबारे सबै विषयलाई तथ्याङ्क र तथ्यहरूले मात्र विश्लेषण गर्न नसक्ने हुँदा चयन गरिएका विषयवस्तुमा त्यस विषयका विज्ञको विश्लेषणात्मक धारणा समावेश गरिएको छ।

## १.५ अध्ययनको सीमा

यस प्रतिवेदनमा विभिन्न सरकारी निकाय र विकास साझेदार संस्थाहरूबाट उपलब्ध तथ्य, तथ्याङ्क र सूचनालाई आधार मानेर विषयगत विश्लेषण गरिएको छ। सम्भव भएसम्म खण्डीकृत तथ्याङ्कलाई जोड दिन खोज्दाखोज्दै पनि कतिपय क्षेत्रमा त्यसको अनुपलब्धताका कारण सोचिए जति प्रतिवेदनमा उतार्न सकिएको छैन।

## १.६ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई ९ वटा परिच्छेदमा विभाजन गरिएको छ। परिच्छेद १ अध्ययनको परिचय र अध्ययन विधिसँग सम्बन्धित छ। परिच्छेद २ मा नेपालमा महिला अधिकारको स्थितिबारे विस्तारमा विश्लेषण गरिएको छ। परिच्छेद ३ मा महिला सशक्तीकरण र लैङ्गिक समानताबारे छलफल गरिएको छ भने परिच्छेद ४ मा महिला हिंसा र सामाजिक भेदभावका विषय प्रस्तुत गरिएको छ। त्यसैगरी परिच्छेद ४ मा राजनीतिमा महिलाको सहभागिताबारे चर्चा गरिएको छ।

त्यसैगरी परिच्छेद ५ मा महिला अधिकार प्राप्ति र संरक्षणमा राष्ट्रिय महिला आयोगको भूमिकाबारे विश्लेषण छ। परिच्छेद ६ मा सीमान्तकृत महिलाका पृथक सवालबारे विश्लेषण गरिएको छ। परिच्छेद ७ मा नेपालमा प्रजनन स्वास्थ्य अधिकारबारे विश्लेषण गरिएको छ भने परिच्छेद ८ मा विज्ञहरूको लेख समावेश गरिएको छ। यसबाहेक परिच्छेद ९ मा महिलाका विविध सवाल उल्लेख गरिएको छ। अन्तिममा निष्कर्ष र सुझाव समेटिएको छ।

——— नेपालमा महिला अधिकार ———

# विकासक्रम र महिलाको अवस्था

## २.१. परिचय

विश्वका कतिपय देशका तुलनामा नेपालमा महिलाको स्थान उल्लेखनीय थियो। परिवारमा आमाको स्थानलाई सर्वोपरि मान्ने जस्ता प्रचलन थिए। तर समयान्तरमा परिवार, समाज र राज्य शक्तिको सञ्चालन, नेतृत्व र कार्यबोझ बाँडफाँटमा महिलाको भूमिकालाई पारिवारिक दायित्वभित्र सङ्कुचित पारिँदै लगियो। जब राज्य सञ्चालनका लागि कानुनहरू बन्दै गए तिनमा महिलाको शक्ति, प्रभाव र उनीहरूको सम्बोधनलाई सङ्कुचित पार्दै लगियो। त्यसैले कानुनीरूपमा भने नेपालमा महिला अधिकारको विकासक्रमको इतिहास खासै लामो छैन।

नेपालमा विगतमा रहेको सती, देउकी, झुमा, बोक्सी जस्ता प्रथाप्रतिको अन्धविश्वासका कारण त्यतिबेलाको समाजमा महिलाको अवस्था कस्तो थियो भन्ने सजिलैसँग अनुमान गर्न सकिन्छ। यद्यपि बेलाबेलामा त्यस्ता व्यवस्थाविरुद्ध आवाज नउठेका भने होइनन्। महारानी राजराजेश्वरीबाट आफ्ना राजाको मृत्युमा सती जान अस्वीकार गरिएको घटना, सामाजिक आन्दोलनको अगुवाइ गर्ने योगमायालाई तत्कालीन शासकले आत्महत्या गर्न बाध्य पारेका घटना र छिटफुटरूपमा भएका अन्य आन्दोलनलाई परिवर्तनका लागि गरिएका तत्कालीन विद्रोहका रूपमा हेर्न सकिन्छ। तर त्यो समयमा ती विद्रोहविरुद्ध गरिएका कठोर दमनको अमानवीय र क्रूर पक्ष पनि त्रासदीपूर्ण रहेको पाइन्छ।[१] यद्यपि २००४ सालमा पद्मकन्या विद्यालय र कलेज स्थापना, २००६ सालमा नेपाल महिला सङ्घ स्थापना, २००८ सालमा अखिल नेपाल महिला सङ्घ स्थापना जस्ता कार्यले भने तत्कालीन महिला आन्दोलनलाई सकारात्मक मोड दिएका पाइन्छ।[२]

नेपालमा महिला अधिकारको विकासक्रम हेर्दा विश्वमा महिलाको अधिकार र मुक्तिका लागि भएका सङ्घर्षहरूले पनि प्रभाव पारेको देखिन्छ। विश्वमा विभिन्न समयमा विकास भएका फरक महिला अधिकारसम्बन्धी दृष्टिकोणहरूका आधारमा पनि नेपालमा महिला अधिकारको सन्दर्भलाई फरक फरक दृष्टिकोणबाट हेर्ने प्रयास भएको पाइन्छ। विश्व इतिहासमा सन् १९७० को दशकमा महिलालाई आर्थिक, सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्न 'विकासमा महिला' रणनीति अवलम्बन गरिएको देखिन्छ भने सन् १९८० को दशकमा 'महिलालाई विकासमुखी बनाउने' रणनीति अवलम्बन गरिएको र सन् १९९० को दशकमा आएर महिला र विकास रणनीतिको स्थानमा 'लैङ्गिकता र विकास' रणनीति अवलम्बन गरिएको पाइन्छ। नेपालमा पनि महिला अधिकारलाई आत्मसात गर्ने क्रममा यसले प्रभाव पारेको देखिन्छ र

१. अब यस्तो कहिल्यै नहोस्, इतिहास शिरोमणि श्री बाबुराम आचार्य।
२. नेपालमा महिलाको राजनीतिक सहभागिता, सशक्तीकरण एवं समावेशीकरण, ग्लक्षँ तथा पुनर्जागरण समाज नेपाल, २०६५।

त्यस समयमा निर्माण गरिएका कानुन तथा राज्यका नीतिहरूमा यस प्रकारको प्रभाव र दृष्टिकोण देख्न सकिन्छ। यसरी समयान्तरमा महिला अधिकार र मुक्तिको मुख्य चासो महिलाबाट महिला र पुरुषबीचको सम्बन्धमा सरेको पाइन्छ। फलस्वरूपः राज्यले पनि कल्याणकारी राज्यको अवधारणाबाट अधिकारवादी दृष्टिकोणलाई आत्मसात गर्दै गएको छ।

## २.२ नेपालमा महिला अधिकारको संवैधानिक तथा कानुनी विकासक्रम

### २.२.१ नेपालका विगतका संविधानमा महिला अधिकार

महिला मुक्ति र अधिकार सम्बन्धमा राणा शासनमा भएका छिटफुट घटनाबाहेक महिला अधिकारका विषय राज्यका कुनै पनि दस्तावेजमा उल्लेख भएको पाइँदैन। तर राणा शासनकै समयमा जारी गरिएको नेपाल सरकारको वैधानिक कानुन, २००४ मा भने सबैलाई मतदानको समान अधिकार र निर्वाचनमा भाग लिने राजनीतिक अधिकार दिँदै महिलालाई पनि अरू नागरिकसरह हुने कुराको प्रत्याभूति गरेर महिलाको राजनीतिक प्रवेशको ढोकालाई सजिलै खुला गरेको पाइन्छ।[३] यो वैधानिक कानुनले सबैलाई कानुनमा पूर्ण समानताको सुनिश्चितता गरेर संवैधानिक स्वतन्त्रता दिने प्रयास गरेको देखिन्छ। तर यस कानुनले महिलाको हक अधिकारका सवालमा अन्य कुनै विशेष व्यवस्था गरेको पाइँदैन। त्यसैगरी नेपाल अन्तरिम शासन विधान, २००७ ले समानताको प्रत्याभूति[४] गर्नुका साथै स्त्री जातिका लागि विशेष व्यवस्था गर्न सकिने[५], स्त्री पुरुष दुवैलाई समान कामका लागि समान तलब[६], मानिसको बेचबिखन र जबर्जस्ती श्रमलाई निषेध[७] जस्ता व्यवस्था गरेको पाइन्छ।

नेपाल अधिराज्यको संविधान, २०१५ ले कानुनको प्रयोग[८] र सरकारी सेवा प्रवेशमा लिङ्गलगायत कुनै पनि आधारमा भेदभाव नगरिने[९] व्यवस्था गरेको पाइन्छ। नेपालको संविधान, २०१९ ले कानुनको समान संरक्षण र अवसरमा समानताको प्रत्याभूति गरेको देखिन्छ।[१०] नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो। त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०४७ ले आधारभूत मानव अधिकार र कानुनको शासन[११], कानुनको अगाडि समानता[१२], कानुनको समान संरक्षण[१३], महिलालाई विशेष व्यवस्था[१४], पारिश्रमिकमा समानता[१५] जस्ता व्यवस्था गरेको पाइन्छ।

---

३. नेपाल सरकार वैधानिक कानुन, २००४ धारा ४।
४. नेपाल अन्तरिम शासन विधान, २००७ धारा ५।
५. नेपाल अन्तरिम शासन विधान, २००७ धारा ५(घ)।
६. नेपाल अन्तरिम शासन विधान, २००७ धारा ३।
७. नेपाल अन्तरिम शासन विधान, २००७ धारा १९।
८. नेपाल अधिराज्यको संविधान, २०१५ धारा ४।
९. नेपाल अधिराज्यको संविधान, २०१५ धारा ४।
१०. नेपालको संविधान, २०१९, धारा १०।
११. नेपाल अधिराज्यको संविधान, २०४७।
१२. नेपाल अधिराज्यको संविधान, २०४७ धारा ११।
१३. नेपाल अधिराज्यको संविधान, २०४७।
१४. नेपाल अधिराज्यको संविधान, २०४७।
१५. नेपाल अधिराज्यको संविधान, २०४७।

विगतको लामो जनसङ्घर्ष र बृहत् जनआन्दोलनको पृष्ठभूमिमा बनेको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ मा भने महिला अधिकारको विषय राज्यको प्राथमिकतामा परेको देखिन्छ। यो अन्तरिम संविधानको प्रस्तावनामा नै लैङ्गिक समस्याहरूलाई समेत समाधान गर्न राज्य पुनर्संरचनाको विषयलाई संविधानको आधारभूत लक्ष्यका रूपमा स्वीकार गरेको पाइन्छ। त्यस्तै व्यक्तिले बाबु वा आमाको नाममा नागरिकता प्राप्त गर्न सक्ने[१६], समानताको हकको पूर्ण प्रत्याभूति, महिलाका लागि विशेष व्यवस्था[१७], महिलासमेतलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने[१८] जस्ता अधिकार उक्त संविधानले व्यवस्था गरेको थियो।

अन्तरिम संविधानमा महिलाको हक[१९], महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने सामाजिक न्यायको हक[२०], लैङ्गिक भेदभाव अन्त्य गरी महिलाको समस्या समाधान गर्ने र महिलासमेतलाई मुलुकको राज्य संरचनाका सबै अङ्गमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउने राज्यको दायित्व[२१] हुने व्यवस्था गरेको थियो। निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार उठाउनुपर्ने व्यवस्था गर्दै कम्तीमा ३३% महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरिएको थियो।[२२] राष्ट्रिय मानव अधिकार आयोगमा अध्यक्ष र सदस्य नियुक्त गर्दा महिलासहित विविधता कायम गर्नुपर्ने[२३], निर्वाचनका लागि मान्यता पाउन निर्वाचन आयोगमा दर्ता हुनका लागि दलका विभिन्न स्तरका कार्यकारिणी समितिमा महिलासमेतको समावेशी प्रतिनिधित्व हुनुपर्ने[२४] र नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न महिलासमेतको समानता र समावेशी सिद्धान्तका आधारमा प्रवेश गराउने[२५], महिलासमेतको हक हितको संरक्षण र प्रवर्द्धनका लागि आयोगहरू गठन गर्न सकिने जस्ता व्यवस्था गरेको पाइन्छ।

त्यसैगरी सम्पत्तिमा समान अधिकारको सुनिश्चितता, अवसरको समानता र सशक्तीकरणका लागि विशेष व्यवस्था, महिलाको मानवीय मर्यादाको सम्मान, महिलाको समानुपातिक र समावेशी सहभागिताका आधारहरू तयार, महिलाको स्वतन्त्र पहिचानको मान्यता, राष्ट्रिय महिला आयोगको कानुनी संरचना, मानव बेचबिखन तथा ओसारपसारलाई गम्भीर फौजदारी कसुर ठहर गर्दै कडा सजाय र पीडितको संरक्षण तथा पुनर्स्थापनासहितको कानुन निर्माण जस्ता विषयलाई विद्यमान कानुनी संरचनामा समावेश गरिनुलाई महिला अधिकारका क्षेत्रमा भएको उल्लेखनीय सुधारका रूपमा लिन सकिन्छ।

---

१६. नेपालको अन्तरिम संविधान २०६३ धारा ८।
१७. नेपालको अन्तरिम संविधान, २०६३ धारा १३।
१८. नेपालको अन्तरिम संविधान, २०६३ धारा १८(२)।
१९. नेपालको अन्तरिम संविधान, २०६३ धारा २०।
२०. नेपालको अन्तरिम संविधान, २०६३ धारा २१।
२१. नेपालको अन्तरिम संविधान, २०६३ धारा ३३ (घ) र (घ१)।
२२. नेपालको अन्तरिम संविधान, २०६३ धारा ६३(४),(५)।
२३. नेपालको अन्तरिम संविधान, २०६३ धारा १३१(२)।
२४. नेपालको अन्तरिम संविधान, २०६३ धारा १४२(३)।
२५. नेपालको अन्तरिम संविधान, २०६३ धारा १४४(४क)।

### २.२.२ नेपालको संविधानमा महिला अधिकार

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ। वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकता पाउने, सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानुन प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्था गरिएका छन् ।

यसैगरी संविधानले महिलाको हकलाई एउटा महत्त्वपूर्ण मौलिक हकअन्तर्गत व्यवस्था गरी प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधान छन् ।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हकअन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि सबै जनआन्दोलन, सशस्त्र सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने उल्लेख छ। सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान छ। सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ।

**नेपालको संविधानका विभिन्न भाग तथा धारामा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्था**

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | | | लैङ्गिक विभेद अन्त्य गर्ने । समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने । |
| २. नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | १ | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन । |
| | ११. नेपालको नागरिक ठहर्ने | २ | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| | | ३ | यो संविधान प्रारम्भ हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| | | ५ | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ।<br>तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ। |
| | | ६ | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ। |
| | | ७ | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।<br><br>तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ। |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता | | यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ। |
| भाग-३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। |
| | १७. स्वतन्त्रताको हक | (१) | कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन। |
| | | (२) | सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन। |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
| --- | --- | --- | --- |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।<br>सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिलालगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ। |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ। |
| | २१. अपराधपीडितको हक | (१) | अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ। |
| | | (२) | अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ। |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| | २९. शोषणविरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ। |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। |
| | | (४) | कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन। |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ। |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुनेछ। |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ। |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ। |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
| --- | --- | --- | --- |
| | | (३) | महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ। |
| | ४२. सामाजिक न्यायको हक | (१) | सामाजिकरूपले पछाडि परेका महिलासमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति : | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,<br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनर्स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा/सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>(४) बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्ने,<br>(६) मुक्त कमैया, कमलरी, हरूवा/चरुवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने, |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
| --- | --- | --- | --- |
| | | | (१०) मधेसी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br>(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिकरूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने, |
| भाग-६ राष्ट्रपति र उपराष्ट्रपति | ७०. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने। | | यस संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ। |
| भाग-८ सङ्घीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | ८४.१ (ख), २ र ८ | (२) समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिलासमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ।<br>(८) सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्नेछ। |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एकजना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नुपर्नेछ। |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने गरी गर्नुपर्नेछ। |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिलासमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ। |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्नेछ। |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश<br>उपसभामुखमध्ये एकजना महिला हुने गरी गर्नुपर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्नेछ। |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्षसम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चारजना महिला सदस्यसमेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन्। |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुखसम्बन्धी व्यवस्था | ४ | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँचजना महिला सदस्यसमेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुनेछन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | ३ | जिल्ला सभाले कम्तीमा तीनजना महिला र कम्तीमा एकजना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौजना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | ३ | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| | २२३. नगर सभाको गठन | ३ | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| भाग-२७ अन्य अयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | १ | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन्। |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
| --- | --- | --- | --- |
| | | ६(क) | कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको महिला, |
| | २५३. राष्ट्रिय महिला अयोगको काम, कर्तव्य र अधिकार | १ | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेस गर्ने ।<br>ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने ।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्याङ्कन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने ।<br>ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>च) महिला हिंसा वा समाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने । |
| भाग - २८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७. नेपाली सेनासम्वन्धी व्यवस्था | ३ | नेपाली सेनामा महिलासहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुनबमोजिम सुनिश्चित गरिनेछ । |

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| भाग - २९ राजनीतिक दलसम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ। |
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | ६ | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ। |
| | २८३. समावेशी सिद्धान्तबमोजिम नियुक्ति गर्नुपर्ने | १ | संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ। |
| | २८५. सरकारी सेवाको गठन | १ | सङ्घीय निजामती सेवालगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ। |

## २.३ विभिन्न कानुनमा महिला अधिकार

महिला अधिकारको संवैधानिक विकासक्रम सँगसँगै अन्य विभिन्न ऐन तथा कानुनले पनि महिला अधिकार विकासका लागि विशेष र महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। विशेष गरेर २०२० सालमा मुलुकी ऐन लागु भएपछि यसले बाल विवाह, बहुविवाह र अनमेल विवाहमा रोक[२६] लगाएर तत्कालीन समाजमा रहेको महिलामाथिको हिंसा र विभेदलाई सम्बोधन गरेको पाइन्छ। त्यसैगरी २०३४ सालमा भएको कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को संशोधनले महिला र पुरुषबीच समान कामका लागि समान ज्यालाको व्यवस्थाले ज्यालामा हुने विभेद अन्त्य गरेको छ।[२७] नेपालमा विशेष गरी वि.सं. २०४७ मा भएको राजनीतिक परिवर्तनपछि भेदभावपूर्ण कानुनमा सुधार गर्ने क्रमले गति लिइएको पाइन्छ।

यसैगरी वि.सं. २०५९ सालमा पैतृक सम्पत्तिमा महिलाको समान अधिकार, प्रजनन स्वास्थ्यको अधिकार, यौन शोषणविरुद्धको अधिकार र विवाह तथा सम्बन्ध विच्छेदमा समान अधिकार कायम गर्ने गरी मुलुकी ऐनमा भएको एघारौँ संशोधन[२८], पुनर्स्थापित प्रतिनिधि सभाद्वारा राज्यको सबै संरचनामा कम्तीमा ३३% महिलाको सहभागिता सुनिश्चित गर्नेसम्बन्धी पारित प्रस्ताव[२९], नेपाली सेनाको सङ्गठन समावेशी र राष्ट्रिय स्वरूपको हुने सुनिश्चितासहितको सैनिक ऐन, २०६३[३०] को निर्माण जस्ता व्यवस्थाले महिलाको मानव अधिकार विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ।

२६. मुलुकी ऐन, २०२० बिहावारीको महल।
२७. कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६।
२८. लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३।
२९. पुनर्स्थापित प्रतिनिधि सभाको प्रस्ताव २०६३।२।१६ मा पारित भएको।
३०. सैनिक ऐन, २०६३ दफा ७।

त्यसैगरी महिलाको हक अधिकार प्रवर्द्धनका लागि नेपालमा विभिन्न कानुन तर्जुमा गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसुरदारलाई कडा सजायको व्यवस्था गरेको छ। महिलाविरुद्ध हुने हिंसा, जस्तै- जबर्जस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई राज्यविरुद्ध हुने गम्भीर फौजदारी अपराधका रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ ले करणीसम्बन्धी कसुरमा नयाँ व्यवस्था गरेको छ जसअनुसार १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर भए पनि करणी गरेमा जबर्जस्ती करणी मानिने व्यवस्था छ।

उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा, गर्भ संरक्षण र गर्भ पतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षासम्बन्धी विभिन्न व्यवस्था गरिएका छन्। निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशका लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम् उमेर ४० वर्ष तोकिएको छ। साथै, बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पुरुष भन्दा १ वर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिला अधिकार र महिलाविरुद्धको हिंसासम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६०, महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजना यस सन्दर्भमा उल्लेखनीय छन्।

## २.४ पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) मा महिला समानता तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी नीति तथा कार्यक्रम

महिला हक अधिकारका सम्बन्धमा छैटौं योजनादेखि नै विशेष व्यवस्था गर्दै आएकोमा पछिल्ला योजनाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई केन्द्रित गरी विभिन्न नीति, कार्यक्रम अघि बढाइएका छन्। पन्ध्रौं योजनामा लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने कुरालाई दीर्घकालीन सोचका रूपमा प्रस्ताव गरी महिलाको समान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने विषयलाई लक्ष्यका रूपमा लिएको छ। सो लक्ष्य हासिल गर्न क्रमशः पछिल्ला योजनाहरूमा उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवन यापन गर्न पाउने वातावरण सुनिश्चित गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषण अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्ने जस्ता उद्देश्य लिएको पाइन्छ।

यी लक्ष्य तथा उद्देश्य प्राप्त गर्न महिलाको हक अधिकार संरक्षणका लागि लैङ्गिक हिंसा निवारणलगायत आवश्यक नयाँ कानुनहरू निर्माण गर्ने, विभेदकारी कानुनहरू परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करणविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैका लागि पहुँचयोग्य बनाउने रणनीति अघि सारेको देखिन्छ।

महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ। असहाय, अशक्त र जोखिममा परेका नागरिकको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारीभित्र ल्याउँदै पहुँचसहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट विकास र समृद्धि हासिल गर्ने, कुनै पनि कारणले बीचैमा पढाइ छाड्नुपर्ने अवस्था अन्त्य गर्ने जस्ता नीति अवलम्बन गरिएका छन्। साथै, योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भ पतनलगायतका सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गर्ने, विद्यमान कानुन तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने र राज्यका सबै संरचनालाई अपाङ्गमैत्री बनाउनेलगायतका रणनीति समेटिएका छन्।

## २.५ महिला अधिकारको संरक्षण र प्रवर्द्धनमा संरचनागत व्यवस्था

महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिकलगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै छन्। राज्यका सबै क्षेत्रमा महिलाको पहुँच र उपस्थिति न्यून छ। महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछूत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्त्व, सम्पत्ति अधिकारका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणले पनि महिलामाथि सामाजिक तथा सांस्कृतिक विभेदको विद्यमानता कायम छ। विद्यमान लैङ्गिक असमानताका कारण महिलाको स्रोत/साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ।

महिला हक अधिकार कार्यान्वयनका निम्ति संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमको संरचनागत व्यवस्था भएको छ :

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाका लागि सेवा केन्द्र

- हिंसापीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरू
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरो
- स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानुनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एसोसिएसनबाट निःशुल्क कानुनी सहायता

## २.६ नेपालबाट गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका अन्य प्रयास

महिलालाई सशक्तीकरण गर्दै विकासको मूलप्रवाहमा समाहित गर्ने प्रयासस्वरूप विगतदेखि नै महिला विकासका विभिन्न अवधारणा अवलम्बन र प्रयोग हुँदै आएको छ। मानव अधिकारका प्रावधानहरू महिला र पुरुष सबैलाई समानरूपमा लागु हुने विषय हो। तथापि महिलाको विशेष अवस्थाका कारण महिला मानव अधिकारको विषय अलग्गै उठाइने गरिन्छ।

महिला अधिकार संरक्षणको विश्व इतिहास हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरूविरुद्ध हुँदै आएका भेदभावलाई कानुनको माध्यमबाट सम्बोधन गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ। विश्वमा भएका यी प्रयासलाई नेपालले पनि आफ्ना राज्यका नीति र कानुनमा यथासम्भव समावेश गर्दै आएको पाइन्छ। विशेषगरी नेपालमा २०४७ पछिको राजनीतिक परिवर्तनपश्चात मानव अधिकार संरक्षणको क्षेत्रमा बाहिरी विश्वसँग सम्बन्ध बढाउन थालेको पाइन्छ भने त्यस अवधिमा नै विभिन्न महिला अधिकार तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्र बन्ने र ती सन्धिका दायित्वहरूलाई राष्ट्रिय कानुनहरूमार्फत कार्यान्वयनमा लैजान थालेको हो। नेपालले ती महासन्धिमा हस्ताक्षर गरेपश्चात नै तिनका प्रावधान र व्यवस्थालाई स्थानीय तहमा कार्यान्वयन गर्नका लागि कैयौँ कानुन बनाउने र संशोधन गर्ने प्रयास गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW–1979) ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ। यस तथ्यलाई आत्मसात् गरी सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन बेइजिङ घोषणापत्रले महिलाको मानव अधिकार पुरुषसरह हुनेगरी मान्यता प्रदान गरेको छ। त्यसैगरी नेपालले मानव अधिकारका विविध पक्ष समेट्ने गरी तयार गरिएका विभिन्न महासन्धिलगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र सङ्घको सदस्यका रूपमा सहभागिता जनाइ प्रतिबद्धतासमेत जाहेर गरेको छ।

नेपालले मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरिसकेको छ। यी दस्तावेजमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने सुनिश्चितता गरिएको छ। यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानुनसमेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ। संयुक्त राष्ट्र सङ्घको तत्वावधानमा भएका मानव अधिकारसम्बन्धी २४ वटा महासन्धि, घोषणापत्र र अनुबन्धमा नेपालले हस्ताक्षर गरिसकेको छ। नेपाल पक्षराष्ट्र बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्न तालिकामा उल्लेख छ :

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागु भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | दासत्व महासन्धि १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर १९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४. | जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५. | जिउ मास्ने, बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाइ १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाइ १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागु भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| ११. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाइ १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| १२. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ | १८ डिसेम्बर १९७९ | ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १४. | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ | १ मार्च १९८९ | अनुमोदन |
| १५. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाइ १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६. | बाल अधिकारसम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागु भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १९. | बालबालिकाको बेचविखन, बाल बेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २०. | दक्षिण एसियामा बालकल्याण प्रवर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्नेसम्बन्धी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१. | बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जिउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २४ | संयुक्त राष्ट्र सङ्घअन्तर्गतको बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम,दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल) | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | अनुमोदन |

**नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि**

| सि.नं. | विवरण | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक बिदा लागु गर्नेसम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ |
| २. | सङ्गठन गर्ने र सामूहिक सौदावाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ |
| ३. | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ |
| ४. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ५. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ |
| ६. | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७. | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८) | ४ अक्टोम्बर १९९६ |
| ८. | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ |
| ९. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९) | २४ अगस्ट २००७ |

# महिला सशक्तीकरण र लैङि्गक समानता

## ३.१ सशक्तीकरण र समानताको सङ्घर्ष

नेपालमा महिलाको सामाजिक हैसियत र पुरुषसँगको सापेक्षिक समानता नेपालका विभिन्न जातीय समूह, क्षेत्र र जातिहरूमा फरक-फरक छन् । यद्यपि सामान्यतया नेपाली समाज पितृसत्तात्मक परम्पराहरूतिर नै वढी ढल्किएका कारण महिलालाई सामाजिक र सांस्कृतिकरूपमै समान अवसरहरूबाट वञ्चित गरिएको छ। यसका कारण महिलाले आफ्नो स्वतन्त्रता, सशक्तीकरण र समानताका लागि समाज र राज्य व्यवस्थासँग धेरै सङ्घर्ष गर्नुपरेको इतिहास छ। महिलाले उनीहरूको लिङ्गकै कारण गरिबी, सामाजिक बहिष्कार र सीमान्तीकरणको अनुभव गरेका छन् । जातीय अल्पसङ्ख्यक र सीमान्तकृत वर्गका महिलाका लागि यी समस्या अझ धेरै जटिल छन् ।

नेपालमा विगत २ दशकमा विभिन्न सामाजिक-राजनीतिक परिवर्तन भएको छ। निरङ्कुश राणा शासनदेखि एक दशक लामो 'जनयुद्ध', एकात्मकदेखि राजतन्त्रात्मक अनि सङ्घीय शासनसम्म र अन्ततः वर्तमान गणतन्त्रात्मक राजनीतिक प्रणालीसम्म आइपुग्दा नेपाली महिलाले आफूलाई सामाजिक-राजनीतिक परिवर्तनका प्रमुख अभिकर्ताका रूपमा स्थापित गरेका छन् ।

राजनीतिक अस्थिरताको यो अवधिमा समानता र राजनीतिक सहभागिताका लागि महिलाको सङ्घर्ष एक शताब्दी भन्दा लामो समयदेखि चलेको छ। तर हरेक राजनीतिक परिर्वतनमा महिलाको भूमिका होस् वा सहभागिता र समानताका लागि महिला सङ्घर्ष र आन्दोलन, कुनै पनि विषयमा नेपाली महिलाको सामाजिक, आर्थिक र राजनीतिक स्वतन्त्रतामा संलग्नताको उचित अभिलेखीकरण गरिएको छैन ।[३१]

ऐतिहासिकरूपमा महिला सङ्घर्ष र आन्दोलनको कुरा गर्नुपर्दा नेपालको सिम्ले, भोजपुर र पूर्वी पहाडमा जन्मेकी योगमाया न्यौपाने (वि.सं. १९२४ - वि.सं. १९९८) बाट महिला अधिकारका लागि शासक वर्गसँग प्रत्यक्ष संलग्नता र टकराव सुरु भयो । न्यौपानेले महिलाको सामाजिक र राजनीतिक सहभागिता र सम्मानको माग गर्दै भेदभावपूर्ण प्रचलनहरूविरुद्ध व्यवस्थित आन्दोलन गरेकी थिइन् जसको नेतृत्व आफैँ लिएकी थिइन् । योगमायाले प्रधानमन्त्री वीरशमशेर, चन्द्रशमशेर र जुद्धशमशेरलाई भिक्षा र धर्मराज्य (वर्तमान अर्थमा सुशासन) माग गर्दै निवेदन दिएकी थिइन् । प्रधानमन्त्री जुद्धशमशेरले आफ्ना माग पूरा गर्ने आश्वासन दिए पनि उनी मानिनन् । त्यसकारण, योगमाया र उनका २०४ जना अनुयायीले मृत्युको भार शासकको विवेकमा राख्न यज्ञ कुण्डमा सामूहिकरूपमै ज्यान अर्पण गर्ने योजना बनाए ।

३१. उप्रेती, विष्णु र.; उप्रेती, दृष्टि; र घले, यमुना (२०२०), राजनीतिमा नेपाली महिला : सफलता र चुनौतीहरू, अन्तर्राष्ट्रिय महिला अध्ययनको जर्नल, २१(२), ७६-९३१

तर यज्ञमा लाग्नुअघि नै योगमाया र उनका अनुयायीलाई पक्राउ गरी धनकुटा र भोजपुरका कारागारमा हालियो। योगमाया आफ्नो राजनीतिक विश्वासका कारण कारागार सजाय भोग्ने देशकै पहिलो महिला बनिन्। उनी ३ महिनापछि रिहा भइन्। त्यसपछि पनि शासकहरूले कुनै सुधार नगरेपछि, योगमाया र उनका ६७ जना अनुयायीले वि. सं. १९९८ साल असार ३१ मा अरुण नदीमा हाम्फालेर जल समाधि लिए। त्यसैले योगमायालाई माहिला आन्दोलनको अग्रजका रूपमा लिइन्छ।

कतिपय समाजशास्त्रीका अनुसार लिङ्गका आधारमा हुने असमानता त्यतिबेलादेखि बढ्दै गयो जब समाज शक्ति सञ्चयको विचारधाराबाट सञ्चालित हुन थाले। राज्यशक्तिमा कब्जा जमाउन र क्षेत्रीय विस्तारका लागि युद्धहरू महत्त्वपूर्ण हुन थाले। यसरी युद्धका लागि पुरुषहरूलाई अगाडि सारियो भने महिलाको जिम्मामा घरेलु कामहरू अर्थात कृषि, परिवार व्यवस्थापन र बच्चाहरूको हेरचाह पर्न गयो। यही कार्य विभाजनको प्रकृतिकै कारण अन्ततः महिलाको भूमिका घरभित्रै सीमित रहन गयो। त्यसमाथि महिलाले पूरा गर्ने दायित्वलाई उपयोग र उत्पादनका हिसाबले कम आकलन गर्न थालियो र बिस्तारै महिलाले आफ्ना पुरुष समकक्षीहरू भन्दा कम अधिकारहरू उपभोग गर्नुपर्ने वातावरण बन्यो। आधुनिक नेपाली समाजलाई हेर्दा यो लैङ्गिक विभाजन प्रष्ट देखिन्छ र यसले राजनीति, आर्थिक स्वाधीनता, सम्पत्तिको अधिकार, स्वास्थ्यलगायतका धेरै पक्ष समेटेको छ।

सशक्तीकरण आवश्यकता वा प्राथमिकताका विषयको परिपूर्ति र त्यससँग सम्बन्धित अधिकारको अनुभूतिमात्र होइन। यो सामाजिक र सांस्कृतिक मूल्य/मान्यताविरुद्ध गई त्यसको सामना गर्न सक्ने क्षमताको बिकास पनि हो।

योगमायाले सुरुवात गरेको नेपालको महिला अधिकार र लैङ्गिक समानताको आन्दोलन उनीपछिका दिनहरूमा थुप्रै साहसी महिलाले अगाडि बढाए। जुन यद्यपि कायमै छ। महिला सशक्तीकरण र लैङ्गिक समानताको निरन्तर र क्रमिक विकासले नै महिलालाई महिला भएकै कारण पितृसत्तात्मक समाज र स्वयं राज्य व्यवस्थाले गर्दै आएको शोषण, भेदभाव र नियन्त्रणात्मक संयत्रलाई नेपालको संविधानले सम्बोधन गर्दै समतामूलक र महिलामैत्री व्यवस्थाहरू प्रतिपादन गरेको छ।

वि. सं. २०७५ भदौ ८ गते बसेको सङ्घीय संसद्, प्रतिनिधि सभाको बैठकबाट प्रस्तुत गरिएको सङ्कल्प प्रस्ताव पनि महिला अधिकारका लागि एक महत्त्वपूर्ण र उल्लेखनीय पक्ष रह्यो। प्रतिनिधि सभामा विभिन्न दलका २१ सांसदले दर्ता गरेका सो प्रस्तावका प्रस्तावक सांसद विन्दा पाण्डे थिइन्। सङ्कल्प प्रस्ताव पारित हुनुलाई सिङ्गो संसद्ले ती विषयको स्वामित्व ग्रहण गर्दै सरकारलाई त्यसबारे निर्देशन दिएको अर्थमा लिइन्छ। सो सङ्कल्प प्रस्तावनामा महिलामाथि देशव्यापीरूपमा भएका सबै प्रकारका हिंसा, शोषण, विभेदविरुद्ध हामी जनप्रतिनिधि पुनः एकपटक एकताबद्ध भई अभियानमा लाग्ने सङ्कल्प गर्दौं, संविधान र कानुनले प्रबद्ध गरेका हक/अधिकारका विषयमा र महिलामाथि हुने सबै प्रकारका हिंसा, शोषण विभेदका विरुद्ध सरकारले व्यापक जनचेतना अभियान देशव्यापीरूपमा सञ्चालन गर्न सरकारलाई निर्देशन गर्दछ भनिएको छ।

त्यसका साथै त्रुटिपूर्ण समाजिक मूल्य/मान्यता, प्रथा, परम्परा, अन्धविश्वास, तथा शोषणविरुद्ध जनचेतना अभियान चलाउने पनि त्यसमा उल्लेख छ। त्रुटिपूर्ण सामाजिक मान्यताविरुद्ध तथा समानता र समाजिक न्यायको पक्षमा विद्यालय तहका पाठ्यक्रममा पाठ्यसामग्री समावेश गर्न सरकारलाई निर्देशन दिने जस्ता विषय पनि त्यसमा समेटिएका छन्।

उक्त सङ्कल्प प्रस्ताव कार्यान्वयनका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वि. सं. २०७५ पुस ६ गतेको निर्णयले मन्त्रीको संयोजकत्वमा निर्देशक समिति र सचिवको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति रहने व्यवस्था गरेको थियो।

राजनीतिमा महिलाको सक्रिय सहभागिता र निर्णायक प्रक्रियामा उनीहरूको पहुँचले ल्याउने नीतिगत परिवर्तनको साँचो उदाहरणका रूपमा पनि यस सङ्कल्प प्रस्तावलाई लिन सकिन्छ। त्यसैले पनि २०७४ सालमा सम्पन्न स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचन देशका लागि र मूलतः राजनीतिमा महिला सहभागिताका लागि ऐतिहासिक कोसे ढुङ्गा सावित भएको छ। जसले लैङ्गिक र सामाजिक समावेशीकरणका लागि संवैधानिक दायित्व पूरा गर्न र धेरै वर्षदेखि देशलाई घेरेको राजनीतिक गतिरोध अन्त्य गर्न पनि महिलाको अद्वितीय भूमिका रहन्छ भन्ने प्रमाणित गरेको छ। यसरी कीर्तिमानी सङ्ख्यामा महिला प्रतिनिधिहरू पदमा निर्वाचित हुनु भनेको महिला प्रतिनिधिका लागि अवसर र चुनौती दुवै हो। विशेषगरी सीमान्तकृत समुदायबाट निर्वाचित महिलाको सङ्ख्याले देशको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको स्थितिलाई उकास्ने काम गरेको छ। तर नेतृत्व र निर्णय लिने भूमिकाहरूमा महिलाको ठोस सहभागिताको बाटो भने धेरै चुनौतीले घेरिएको छ।

त्यसैगरी महिलाको सशक्तीकरण र सामाजिक समावेशीकरणलाई सुदृढ गर्नका लागि पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) ले पनि पहल गरेको छ। जसमा राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धति (जसलाई लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन पनि भनिन्छ) लाई संस्थागत गर्ने रणनीति लिइएको छ। चालु आर्थिक वर्षको वजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गरिने नीतिगत उद्घोष गरिएको छ। अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा मातहत लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी प्रदेश र स्थानीय तहका निम्ति निर्देशिका पनि तयार गरेको छ। लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिले बजेट तयारीका समयमा विकसित गरिएका नीति र खर्च प्रस्तावबाट लाभग्राहीमा परेको प्रभाव मूल्याङ्कन गर्ने आधार प्रदान गर्छ। महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गर्नु नै लैङ्गिक उत्तरदायी बजेट प्रणालीको मुख्य उद्देश्य हो।

लैङ्गिक बजेट प्रणालीको सुरुवात भएपछि राष्ट्रिय बजेटलाई प्रत्यक्षरूपमा महिलालाई फाइदा हुने, अप्रत्यक्षरूपमा महिलालाई फाइदा पुग्ने बजेट र तटस्थ बजेट जस्ता ३ वटा शीर्षकमा वर्गीकरण गरिएको छ। तर काठमाडौँ उपत्यकाभित्रका ५ स्थानीय सरकारमा लैङ्गिक बजेट कार्यान्वयनको प्रभावकारिता विश्लेषण गर्दा बजेट प्रणालीमा 'विरमेन्ट' अर्थात महिलाका लागि आएको बजेटलाई अन्य कुनै प्रयोजनमा प्रयोग गरिने प्रचलन रहेको देखिएको छ। यसले महिलाको प्रत्यक्ष लाभका लागि छुट्याइएको बजेट पनि निर्देशिकामा उल्लेख भएबमोजिम लैङ्गिक सरोकार र आवश्यकताहरू पहिचान नगरी तदर्थरूपमा विनियोजन गरिएको जनाउँछ।

यसरी सरकारबाटै विनियोजन निर्देशित प्रणालीमा नै प्रभावकारी कार्यान्वयन हुन नसकेको उदाहरणले महिलाको आर्थिक स्वाधीनता कति स्वतन्त्र र सबल छ भन्ने देखाउँछ। सशक्तीकरणका लागि महिलाको राजनीतिक सहभागिताको पक्षका साथै आर्थिक स्वतन्त्रता पनि उत्तिकै जरुरी छ भन्नेमा द्विविधा छैन। तर महिलाको आर्थिक अवस्था, श्रमशक्तिमा सहभागिता र आर्थिकरूपमा आत्मनिर्भर महिलाको तथ्याङ्कले महिलाले भोग्नुपरेको पीडालाई थप प्रष्ट्याएको छ।

राज्य व्यवस्थाबाट अख्तियार गरिएका सकारात्मक विभेद र महिलामैत्री कानुन तथा प्रणालीहरूका बाबजुद महिलाको सर्वोपरि हित र उत्थानका लागि कार्ययोजना निर्माण र तीसम्बन्धी पैरवी र वकालत गर्ने ठाउँ अझै प्रशस्त देखिन्छ।

## ३.२ आर्थिक पहुँच

वि. सं. २०७४ मा भएको स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनको सफल समापनपछि नेपालले सङ्घीय राज्य स्थापनामात्र गरेको छैन, वर्षौं पुरानो बहिष्करण प्रक्रिया अन्त्य गर्दै सरकारमा लैङ्गिक र सामाजिक समावेशीकरणतर्फ पनि कदम चालेको छ। त्यसकै परिणामस्वरूप सरकारले लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धति पनि अपनाउन थाल्यो। यो कदमले सरकारले महिला सशक्तीकरण र आर्थिक विकास एकअर्कासँग जोडिएका छन् भन्ने विचारधारा आत्मसात गरेको देखिन्छ। विकासले नै महिला सशक्तीकरण ल्याउँछ भने महिला सशक्तीकरणले निर्णय प्रक्रियामा परिवर्तन ल्याउनेछ। र, यसको प्रत्यक्ष प्रभाव विकासमा पर्न जान्छ भन्ने मान्यता छ।

नेपालमा आर्थिकरूपमा सक्रिय महिलाको सङ्ख्या ठूलो छ जसको आर्थिक स्रोतमा पहुँच छैन। पारिश्रमिकविनाको सेवामूलक घरायसी जिम्मेवारीमा ३ चौथाइ महिला संलग्न छन्। पुरुषको तुलनामा महिला ठूलो अनुपातमा कृषि कार्य, घरायसी व्यवस्थापन जस्ता कार्यमा संलग्न छन्। औपचारिक रोजगारी वा जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावले देशको आर्थिक वृद्धिमा महिलाको सहभागितालाई सीमित बनाएको छ। साथै यसमा उनीहरूको योगदानले पनि उचित स्थान पाएको छैन। लैङ्गिक मापदण्डहरूका कारण महिलाले निर्वाह गर्ने उत्तरदायित्वलाई पुरुषसरह सम्मान नदिनु आजको वास्तविकता हो।



**जमिनमा महिलाको स्वामित्व**

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | एकल स्वामित्वमा रहेको महिलाको सङ्ख्या | ३८८६६४४ |
| २ | संयुक्त स्वामित्वमा रहेको महिलाको सङ्ख्या | ६८६८६६ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग*

आय आर्जनमा पहुँच र त्यसको स्वतःस्फूर्त निर्णय लिने अधिकारले महिलाको आर्थिक स्वतन्त्रताको स्थिति झल्काउँछ। राज्यको अर्थतन्त्रमा आयआर्जनका गतिविधिमा महिला सधैं संलग्न भए तापनि उत्पादन, ऋण, बजारीकरण र प्रविधिका सम्बन्धमा निर्णय प्रक्रियाबाट महिला बहिष्कार हुँदै आइरहेकाछन्। जुन वास्तविकता सबैले स्वीकारेकै विषय हो। विशेषतः नेपालमा महिलाको आर्थिक अवस्था उत्थान गर्न बाधा सिर्जना गर्ने २ प्रमुख कारण छन्- महिलाको श्रमशक्ति तथा अर्थ व्यवस्थामा पहुँच र समान अवसरको अभाव अनि महिलाको कामको सम्मान।

नेपाली महिलाको आर्थिक क्षेत्रमा पहुँच निकै कम छ। एक त उनीहरू प्रायः प्रत्यक्षरूपमा आय आर्जन हुने काममा सहभागी हुने अवर नै पाउँदेनन् अर्कोतर्फ आफैँले गरेको कमाइ खर्च गर्ने स्वतन्त्रतासमेत हुँदैन। नेपालको सन्दर्भमा सबैजसो महिला कृषिमै संलग्न छन्। जसबाट अनाज उत्पादन भए पनि प्रत्यक्ष देखिने गरी रकम आम्दानी हुँदैन। केही बचत अनाज बिक्री भए पनि त्यो महिलाको नियन्त्रणमा रहन पाउँदैन। त्यसैले उनीहरू आर्थिकरूपले निकै पिछडिएको अवस्थामा छन्।

### बैङ्किङ क्षेत्रमा महिला सहभागिता (२०७८ असारसम्म)



| विवरण | पुरुष | महिला | जम्मा | महिलाको खाता |
|---|---|---|---|---|
| बैङ्क | ४६,२६८ | २९,१८५ | ७५४५३ | |
| क वर्ग | २७,२६९ | १७,३३६ | ४४,६०५ | ९५८७२५९ |
| ख वर्ग | ४,८६४ | ३,२१२ | ८,०७६ | १६७७१५० |
| ग वर्ग | १,०४७ | ८०५ | १,८५२ | १५४४५१ |
| घ वर्ग | १३,०८८ | ७,८३२ | २०,९२० | - |

*स्रोत : नेपाल राष्ट्र बैङ्क*

त्यसैले नेपालको सन्दर्भमा कमाउने भनेको सरकारी वा गैरसरकारी क्षेत्रको जागिरमै लागेर हो। निजामती सेवामा महिला सहभागिताको प्रतिशत २६ को हाराहारीमा हुनुले ठूलो सङ्ख्याका महिला प्रत्यक्ष आम्दानीको अवसरबाट वञ्चित भएका देखिन्छ। अर्कोतर्फ बैङ्किङ क्षेत्रमा पनि पुरुषको तुलनामा महिलाले निकै कममात्र अवसर पाएका तथ्याङ्कले देखाउँछ। राष्ट्रिय मानव विकास प्रतिवेदन २०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३% छ। त्यस्तै काम गर्ने उमेर समूहका महिलामध्ये २२.९% मात्र रोजगार छन्।

अर्कोतर्फ केन्द्रीय तथ्याङ्क विभागको सन् २०१७/१८ को श्रमशक्ति सर्वेक्षणअनुसार नेपालमा काम गर्ने उमेर समूहका (१५ वर्षमाथि) झण्डै २ करोड ७ लाख जनसङ्ख्या छ। जसमा ५५.६ प्रतिशत महिला छन्। काम गर्ने उमेर समूहका करिब ७१ लाख जनसङ्ख्या रोजगारी तथा श्रम बजारमा सहभागी छन्। जसमा महिला ४६.२ प्रतिशत छन्। यसबाट देखिन्छ कि श्रम बजारमा सहभागी नभएका धेरै महिला रोजगारबाट वञ्चित छन्। अनौपचारिक क्षेत्रमा संलग्न कामदार महिलाको त एकिन तथ्याङ्क पाउनसमेत गाह्रो छ। त्यसैले पनि धेरै नेपाली महिला प्रत्यक्ष आजआर्जन हुने अवसरबाट वञ्चित छन्।

### काम गर्न विदेश जान स्वीकृति लिनेहरु (२०२०-७-१६ देखि २१-७-१५)



| गएका देश | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ११६ वटा | ६४९०३ | ७१७८ | ७२०८१ | नयाँ स्वीकृति |
| " | १५५२४२ | ११४५६ | १६६६९८ | पुरानो स्वीकृति नवीकरणसमेत |

### काम गर्न विदेश जान स्वीकृति लिनेहरु (२०७८ माघमा मात्र)

| गएका देश | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ८४ वटा | २९५६५ | २७९२ | ३२३५७ | नयाँ स्वीकृति |
| " | ५०५३० | ३९४० | ५४४७० | पुरानो स्वीकृति नवीकरणसमेत |

*स्रोत : वैदेशिक रोजगार विभाग*

यस्तो अवस्थामा रोजगारीका लागि विदेशिने महिलाको सङ्ख्या पनि बढ्दो छ। स्वदेशमा काम नपाएपछि उनीहरू आर्थिक स्रोतमा पहुँच पुऱ्याउनकै लागि विदेशिने गरेका छन्। जुन पछिल्ला वर्षहरू क्रमशः बढ्दो छ।

आर्थिक पाटोमा महिला सहभागिताको कुरा गर्दा जमिन र घरमाथिको स्वामित्वको विषय प्रमुख हुन आउँछ। नेपालमा सबै भन्दा ठूलो सम्पत्ति नै घर र जमिन हो। तर यी दुवै अचल सम्पत्तिमा प्रायः पुरुषको स्वामित्व रहँदै आएको छ। त्यसैले जुन घरमा बसिन्छ त्यही घरमा महिलाको स्वामित्व नहुनु र रातदिन खनजोत गर्ने अर्थात पसिना चुहाउने भूमिमाथि उनैको कानुनी हक नहुनु अर्को दुर्भाग्यका रूपमा लिन सकिन्छ। यही कारण पनि नेपाली महिला आर्थिकरूपले निकै पछि परेका छन्। तर पनि खुसीको कुराचाहिँ यो छ कि पछिल्लो समय जमिन र घरमा स्वामित्व हुने महिलाको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएको तथ्याङ्कहरूले पुष्टि गर्छन्।

संविधानले नै पैतृक सम्पत्तिको हकमा लैङ्गिक भेदभाव गर्न नपाइने, महिलाको पनि समान वंशीय हक लाग्ने अनि सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक रहने व्यवस्था गरेको छ। यही कारण पनि महिलालाई सम्पत्तिको मालिक बनाउन विभिन्न कदम चालिएका छन्। तीमध्येको एउटा हो- भूमि सुधार मन्त्रालयद्वारा जारी संयुक्त जग्गा धनी दर्ता प्रमाण पुर्जा जारी गर्नेसम्बन्धी प्रक्रिया २०७४। जसअन्तर्गत महिलाको लिखतमा ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुर २५ देखि ४० प्रतिशत तथा एकल महिलाको हकमा ३५ प्रतिशत छूटको व्यवस्था छ।

यसरी नै पछिल्लो समय श्रीमान्‌को नाममा भएको जमिन श्रीमतीसमेतको नाममा बनाउने अर्थात संयुक्त जग्गा धनी पुर्जा बनाउने क्रम पनि बढेको छ। भूमि अधिकारका लागि कार्यरत अभियन्ताहरूको निरन्तर दबाबका कारण सरकारले श्रीमान् श्रीमतीमध्ये कुनै एकको (नेपालमा प्रायः श्रीमान्‌कै हुने गर्छ) नाममा भएको जमिनको संयुक्त पुर्जा बनाउन चाहेमा मात्र १०० रुपियाँ दस्तुर लिएर गरिदिने गरेको छ। यसले एकातर्फ महिलाको पनि सम्पत्तिमा पहुँच वृद्धि भएको छ भने अर्कोतर्फ आत्मसम्मान र आत्मविश्वाससमेत बढेको विभिन्न अध्ययनले निष्कर्ष निकालेका छन्।


## ३.३ विभिन्न पेसा तथा क्षेत्रमा सहभागिता

राज्यले महिलाको आर्थिक स्वतन्त्रतालाई बढावा दिनका लागि सकारात्मक विभेदको नीति अख्तियार गरेको छ। त्यसयता औपचारिक र अनौपचारक क्षेत्रमा महिलाको सङ्ख्यामा वृद्धि भएको तथ्याङ्कले देखाउँछ। सुधारका पाटोहरू अझ पनि प्रशस्त छन्। तापनि महिलाको बढ्दो उपस्थितिलाई उत्साहजनक नै मान्नुपर्छ। यसरी हेर्दा विभिन्न क्षेत्रमा महिलाको सहभागिता निम्नबमोजिम छ :

### ३.३.१ न्यायपालिकामा महिला सहभागिता

सन् १९६० मा शान्तिदेवी क्षत्री नेपालको सर्वोच्च अदालतबाट प्रमाणपत्र प्राप्त गर्ने पहिलो महिला बनिन्। सन् १९६४ सम्म उनी नेपालकी एक्ली महिला अधिवक्ता थिइन्। त्यसपछिका ५० वर्षमा पनि न्यायालय र समग्र कानुनी पेसामा पुरुषकै हालिमुहाली कायम छ। नेपाल बार एसोसिएसनका अनुसार नेपालमा १८,१६० जना वकिल छन्। तीमध्ये २,२०० (१२ प्रतिशत) मात्र महिला छन्। त्यसमध्ये पनि १७४ जना महिला मात्र अधिवक्ता छन्। त्यसैगरी सरकारी वकिल र न्यायाधीशका रूपमा काम गर्ने महिला पनि पुरुषको तुलनामा धेरै कम देखिन्छ।

अहिलेसम्म सर्वोच्च अदालतमा २९ जना प्रधानन्यायाधीश नियुक्त भएका छन्। तीमध्ये सुशीला कार्की प्रथम र एकमात्र महिला प्रधानन्यायाधीश (कार्यकाल- २०७३ असार २७ गतेदेखि २०७४ जेठ २४ गतेसम्म) बनेकी छिन्।



**न्यायालयमा महिला**

| अदालत | जम्मा न्यायाधीश | महिला |
|---|---|---|
| सर्वोच्च | २० | ३ |
| उच्च | १६० | २१ |
| जिल्ला | २८७ | ११ |

*स्रोत : न्याय परिषद्*

यद्यपि, न्यायपालिकाले न्यायिक सुधारका प्रयासहरूलाई योजनाबद्धरूपमा अगाडि बढाउने स्पष्ट दृष्टिकोण भने अघि सारेको छ। जसअन्तर्गत नेपालको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना २०६१ सालदेखि लागु हुँदै आएको छ। यही कारण पछिल्ला वर्षहरूमा न्यायपालिकाका विभिन्न तहमा महिला सहभागिता क्रमशः वृद्धि भएको देखिन्छ।

पहिलेको तुलानामा महिलाको सङ्ख्या वृद्धि भएको देखिए पनि खण्डीकृत तथ्याङ्कले सीमान्तकृत समूहका महिलाको पहुँच भने न्यून रहेको स्पष्ट देखाउँछ। यो प्रवृत्ति उच्च अदालत र जिल्ला अदालतमा पनि व्याप्त छ।


## ३.३.२ निजामती सेवामा महिला सहभागिता

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात निजामती सेवामा महिलाको सहभागिता उल्लेख्यरूपमा वृद्धि भएको छ। राष्ट्रिय किताबखानाको वि. सं. २०७८ पौष महिनाको तथ्याङ्कअनुसार निजामती सेवामा कुल ८७,५५५ कर्मचारीमध्ये पुरुष कर्मचारी ६३,९२१ छन् भने महिला कर्मचारी २३,६३४ (२७%) छन्।

**निजामती सेवामा कर्मचारीको तथ्याङ्क**



**पुरुष कर्मचारी**
६३,९२१ (७३%)



**महिला कर्मचारी**
२३,६३४ (२७%)


## निजामती सेवामा कार्यरत कर्मचारीको तहगत विवरण सङ्ख्या

| सि.नं. | श्रेणी र तह | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| १. | **श्रेणी** | **३५९२१** | **६९४३** | **४२८६४** | **८३.८** | **१६.२** | **४८.९६** |
| | राजपत्राङ्कित | ९६१५ | १८१५ | ११४३० | ८४.१२ | १५.८८ | १३.०५ |
| | विशिष्ट श्रेणी | ६२ | ७ | ६९ | ८९.८६ | १०.१४ | ०.०८ |
| | रा.प. प्रथम श्रेणी | ५५१ | ४६ | ४९७ | ९२.२९ | ७.७१ | ०.६८ |
| | रा.प. द्वितीय श्रेणी | २५९२ | २९१ | २८८३ | ८९.९१ | १०.०९ | ३.२९ |
| | रा.प. तृतीय श्रेणी | ६४०९ | १४७१ | ७८८० | ८१.३३ | १८.६७ | ९ |
| | विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | ० | १ | १०० | ० | ० |
| | राजपत्र अनङ्कित | १६७३८ | ४०७८ | २०८१६ | ८०.४१ | १९.५९ | २३.७७ |
| | रा.प.अन. प्रथम श्रेणी | ९९४४ | २३६८ | १२३१२ | ८०.७७ | १९.२३ | १४.०६ |
| | रा.प.अन. द्वितीय श्रेणी | ५७७५ | १६२६ | ७४०१ | ७८.०३ | २१.९७ | ८.४५ |
| | रा.प.अन. तृतीय श्रेणी | २४४ | १३ | २५७ | ९४.९४ | ५.०६ | ०.२९ |
| | रा.प.अन. चतुर्थ श्रेणी | ६१ | २ | ६३ | ९६.८३ | ३.१७ | ०.०७ |
| | रा.प.अन. पाँचौं श्रेणी | ७१४ | ६९ | ७८३ | ९१.१९ | ८.८१ | ०.८९ |
| | श्रेणीविहीन | ९५६८ | १०५० | १०६१८ | ९०.११ | ९.८९ | १२.१३ |
| २. | **तह** | **२७९९९** | **१६६९०** | **४४६८९** | **६२.६५** | **३७.३५** | **५१.०४** |
| | स्वास्थ्य | ६१४३ | ५३५८ | ११५०१ | ५३.४१ | ४६.५९ | १३.१४ |
| | अधिकृत एघारौं | ८८ | २७ | ११५ | ७६.५२ | २३.४८ | ०.१३ |
| | अधिकृत बाह्रौं | २ | ० | २ | १०० | ० | ० |
| | अधिकृत दशौं | २०१ | ५७ | २५८ | ७७.९१ | २२.०९ | ०.२९ |
| | अधिकृत आठौं | ४७० | १७२ | ६४२ | ७३.२१ | २६.७९ | ०.७३ |
| | अधिकृत नवौं | १४९ | ४५ | १९४ | ७६.८ | २३.२ | ०.२२ |
| | अधिकृत सातौं | २९४ | १७० | ४६४ | ६३.३६ | ३६.६४ | ०.५३ |
| | अधिकृत छैटौं | २०३४ | ९६३ | २९९७ | ६७.८७ | ३२.१३ | ३.४२ |
| | वरिष्ठ पाँचौं | ६ | ८ | १४ | ४२.८६ | ५७.१४ | ०.०२ |

| सि.नं. | श्रेणी र तह | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| | सहायक पाँचौं | १११२ | १८४४ | २९५६ | ३७.६२ | ६२.३८ | ३.३८ |
| | सहायक दोस्रो | ० | १ | १ | ० | १०० | ० |
| | सहायक तेस्रो | २८ | ४२ | ७० | ४० | ६० | ०.०८ |
| | सहायक चौथो | १७५९ | २०२९ | ३७८८ | ४६.४४ | ५३.५६ | ४.३३ |
| | न्याय | ३२५ | २६ | ३५१ | ९२.५९ | ७.४१ | ०.४ |
| | न्यायधीश, सर्वोच्च अदालत | ६ | १ | ७ | ८५.७१ | १४.२९ | ०.०१ |
| | न्यायधीश, पुनरावेदन अदालत | २२ | २ | २४ | ९१.६७ | ८.३३ | ०.०३ |
| | अदालत | २ | ० | २ | १०० | ० | ० |
| | जिल्ला न्यायधीश | २३१ | ६ | २३७ | ९७.४७ | २.५३ | ०.२७ |
| | अतिरिक्त जिल्ला न्यायधीश | २ | ० | २ | १०० | ० | ० |
| | न्यायधीश उच्च अदालत | ६२ | १७ | ७९ | ७८.४८ | २१.५२ | ०.०९ |
| | **प्रदेश तथा स्थानीय तह** | **२१५३१** | **११३०६** | **३२८३७** | **६५.५७** | **३४.४३** | **३७.५** |
| | चौथो तह | ५१३८ | ५१८० | १०३१८ | ४९.८ | ५०.२ | ११.७८ |
| | पाँचौं तह | ७६२१ | ४३६२ | ११९८३ | ६३.६ | ३६.४ | १३.६९ |
| | छैटौं तह | ५६.०९ | १२८४ | ६८९३ | ८१.३७ | १८.६३ | ७.८७ |
| | सातौं तह | १४१३ | ३०७ | १७२० | ८२.१५ | १७.८५ | १.९६ |
| | आठौं तह | ११८० | १४१ | १३२१ | ८९.३३ | १०.६७ | १.५१ |
| | नवौं तह | ३१३ | २२ | ३३५ | ९३.४३ | ६.५७ | ०.३८ |
| | दशौं तह | २५४ | १० | २६४ | ९६.२१ | ३.७९ | ०.३ |
| | एघारौं तह | ३ | ० | ३ | १०० | ० | ० |
| ३. | **संवैधानिक श्रेणी** | **१** | **१** | **२** | **५०** | **५०** | **०** |
| | मुख्य न्यायधीश, उच्च अदालत | १ | १ | २ | ५० | ५० | ० |
| | **कुल संख्या** | **६३९२१** | **२३६३४** | **८७५५५** | **७३.०१** | **२६.९९** | **१००** |

*स्रोत : नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना, ललितपुर, २०७८/०९/१२*

महिला सहभागिताको विषयमा तथ्याङ्क र वस्तुस्थितिलाई अझ गहनरूपमा केलाएर हेर्ने हो भने खण्डीकृत तथ्याङ्कले सीमान्तकृत समूहका महिलाको मात्र नभई समग्र माहिलाको कुन तहमा कस्तो सहभागिता छ भन्ने पनि एकीन गर्छ। प्रशासनिक र व्यावसायिक क्षेत्रमा व्यवस्थापकीय पदहरू महिलाको सहभागिता विश्वव्यापीरूपमा मान्ने महिला सशक्तीकरणको ३ सूचकमध्ये १ हो। त्यसैले राष्ट्र सेवामा महिला प्रतिनिधिको कस्तो अवस्था छ भनेर अवलोकन गर्न पनि तथ्याङ्कलाई आधार मान्न जरुरी छ।



**निजामती सेवाको उच्च तहमा महिला**

| निकाय | पद | जम्मा | महिला |
|---|---|---|---|
| मन्त्रालय | सचिव | ७२ | ७ |
| जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ७७ | ४ |

## ३.३.३ सकारात्मक विभेदले निजामती सेवामा पारेको प्रभाव

हाल निजामती सेवामा महिलाको सहभागिता २६ प्रतिशतको हाराहारीमा छ। राष्ट्रिय किताबखानाको २०७७ फागुनको तथ्याङ्कअनुसार निजामती सेवामा कार्यरत कुल ८९ हजार ७०५ कर्मचारीमध्ये पुरुष ६६ हजार ३१ र महिला कर्मचारी २३ हजार ६७४ छन्। निजामती सेवामा नीति, निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने सचिव र सहसचिव पदमा महिलाको सहभागिता क्रमशः ६.२५ प्रतिशत र ८.२५ प्रतिशत छ।


निजामती सेवासहित सबै सरकारी सेवामा महिला र अन्य पिछडिएका, सीमान्तकृत वर्ग तथा क्षेत्रको सहभागिता बढाउने उद्देश्यले नेपाल सरकारले २०६४ सालदेखि सकारात्मक विभेदको नीति कार्यान्वयनमा ल्याएको हो। लोकसेवा आयोगको ६१औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०६४/६५ देखि २०७६/७७ सम्म अर्थात समावेशी व्यवस्था लागु भएको १३ वर्षमा ३१ हजार ८०१ जना निजामती सेवामा प्रवेश गर्दा ७ हजार ३३१ महिलाको प्रवेश भएको छ। सकारात्मक विभेदको नीति कार्यान्वयन अवधिमा महिलाको प्रवेश दर २३ प्रतिशत पुगेको छ।

राष्ट्रिय किताबखानाको वि. सं. २०७८ पौषको तथ्याङ्कअनुसार निजामती सेवामा कुल ८७,५५५ कर्मचारीमध्ये पुरुष कर्मचारी ६३,९२१ छन् भने महिला कर्मचारी २३,६३४ (२७%) छन्।

## ३.३.४ सुरक्षा निकायमा महिला सहभागिता

नेपालमा सुरक्षा निकाय भन्नाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना बुझिन्छ। ऐतिहासिकरूपमा नेपाली महिलाले परापूर्व कालदेखि द्वन्द्व र युद्धमा सक्रिय भूमिका खेलेका भए तापनि माहिलाको योगदानलाई उचित सम्मान भने दिइएको छैन। महिला योद्धाहरूको पहिलो अभिलेखीकरण वि. सं. १८७१ मा सुरु भएको नालापानीको युद्धताका गरिएको देखिन्छ। हालको सुरक्षा निकायको संरचनामा भने वि. सं. २००८ असार १ गते चैत्यमाया डङ्गोल नेपाल प्रहरीको पहिलो महिला हवल्दारका रूपमा नियुक्त भएको देखिन्छ। उनले ३१ वर्षको कार्यकालपश्चात सहायक निरीक्षकका रूपमा अवकाश लिएकी थिइन्।

नेपाल प्रहरीमा पहिलो महिला नियुक्त भएको १५ वर्षपछि मात्र ट्राफिक व्यवस्थापनका लागि महिलाको भर्ती भएको हो। महिला प्रहरी कम्पनीकै सुरुवात भने अर्को १८ वर्षपछि वि. सं. २०४३ मा मात्र भएको हो। हालको समयमा समावेशिता, सारभूत समानता, अविभेदको सिद्धान्त र सकारात्मक विभेदको सिद्धान्तका आधारमा सुरक्षा निकायहरूमा महिलाको सहभागितालाई विशेष जोड दिइएको देखिन्छ। पुरुषको तुलानामा महिलाको सङ्ख्या अझ पनि कम भए छ तथापि सुरक्षा निकायमा महिलाको क्रमशः बढ्दो उपस्थितिले महिलाविरुद्ध हुने हिंसाको अनुसन्धान, छानबिन र रोकथाममा माहिलाका लागि पहुँचयोग्य वातावरण बनेको छ।



## नेपाल प्रहरी सेवामा विभिन्न तहमा रहेका महिला र प्रतिशत

| क्र.स. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | प्रहरी अतिरिक्त महानिरीक्षक | १ |
| २ | प्रहरी नायब महानिरीक्षक | ० |
| ३ | प्रहरी वरिष्ठ उपरीक्षक | ८ |
| ४ | प्रहरी उपरीक्षक | ८ |
| ५ | प्रहरी नायव उपरीक्षक | २८ |
| ६ | प्रहरी निरीक्षक | ११९ |
| ७ | प्रहरी नायव निरीक्षक | ३०४ |
| ८ | प्रहरी सहायक निरीक्षक | ५०६ |
| ९ | प्रहरी हवल्दार | १०७६ |
| १० | प्रहरी जवान | ५८११ |
| ११ | प्रहरी कार्यालय सहयोगी | ४७७ |
| | **जम्मा** | **८३३८** |

**कुल कार्यरत (७५६३६) महिलाको प्रतिशत ११.०२**

## सङ्घ र प्रदेश तहमा महिला प्रहरीको खण्डीकृत तथ्याङ्क तथा प्रतिशत

| क्र. स. | कार्यालय | प्रहरी अतिरिक्त महानिरीक्षक | प्रहरी वरिष्ठ उपरीक्षक | प्रहरी उपरीक्षक | प्रहरी नायब उपरीक्षक | प्रहरी निरीक्षक | प्रहरी नायब निरीक्षक | प्रहरी सहायक निरीक्षक | प्रहरी हवल्दार | प्रहरी जवान | प्रहरी कार्यालय सहयोगी | जम्मा | कुल कार्यरत (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रहरी प्रधान कार्यालय, नक्साल | १ | ६ | ८ | २४ | ८३ | २१९ | १५१ | २२१ | ६२६ | १६१ | १५०० | १.९८ |
| २ | काठमाडौं उपत्यका प्रहरी कार्यालय, काठमाडौं | | १ | | २ | १९ | ३६ | १५० | २१६ | ९८५ | १०२ | १५११ | १.९९ |
| ३ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | | १ | | | ५ | १७ | ३७ | १४० | १०३२ | ८१ | १३१३ | १.७३ |
| ४ | २ नं. प्रदेश प्रहरी कार्यालय, जनकपुर | | | | | | ४ | २५ | ५१ | २९५ | २० | ३९५ | ०.५२ |
| ५ | वाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौँडा | | | | | ७ | ९ | २६ | १२६ | ६३२ | २९ | ८२९ | १.०९ |
| ६ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | | | | २ | २ | ९ | ३२ | ६७ | ५७५ | १८ | ७०५ | ०.९३ |
| ७ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, तुल्सिपुर (दाङ) | | | | | २ | ५ | ५८ | १६१ | ८१८ | ३४ | १०७८ | १.४२ |
| ८ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | | | | | | ४ | १९ | ३८ | ३७८ | १४ | ४५३ | ०.५९ |
| ९ | सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, दीपायल | | | | | १ | १ | ८ | ५६ | ४७० | १८ | ५५४ | ०.७३ |
| | **जम्मा** | १ | ८ | ८ | २८ | ११९ | ३०४ | ५०६ | १०७६ | ५८११ | ४७७ | ८३३८ | ११.०२ |

*स्रोत : प्रहरी प्रधान कार्यालय*

## सशस्त्र प्रहरी बल, नेपालमा महिला

सशस्त्र प्रहरी बल नेपालमा विभिन्न तहमा ३१२५ जना महिला छन् । जुन सम्पूर्ण सङ्ख्याको ८.८५ प्रतिशत हुन्छ ।

### सशस्त्र प्रहरी बल नेपालमा कार्यरत कर्मचारीको खण्डीकृत सङ्ख्या र प्रतिशत



| क्र.स. | दर्जा | कार्यरत सङ्ख्या | महिला सङ्ख्या | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी उपरीक्षक | ९० | ३ | ३.३३ |
| २ | सशस्त्र प्रहरी नायव उपरीक्षक | ३३९ | १६ | ४.७२ |
| ३ | सशस्त्र प्रहरी निरीक्षक | १००२ | ४५ | ४.४९ |
| ४ | सशस्त्र प्रहरी नायव निरीक्षक | १३१८ | ८० | ६.०७ |
| ५ | सशस्त्र प्रहरी सहायक निरीक्षक | १४३३ | ३१ | २.१६ |
| ६ | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | २६३३ | २३ | ०.८७ |
| ७ | सशस्त्र प्रहरी हवल्दार | ३४७४ | १४० | ४.०द् |
| ८ | सशस्त्र प्रहरी सहायक हवल्दार | ६२१९ | ३५७ | ५.७४ |
| ९ | सशस्त्र प्रहरी जवान | १६८७१ | २१९६ | १३.०२ |
| १० | सशस्त्र प्रहरी परिचर | १८५० | २३४ | १२.६५ |

### नेपाली सेनामा कार्यरत महिला अधिकृतहरु सङ्ख्यात्मक तथ्याङ्क



| सि. नं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | प्राविधिक/विविध सेवातर्फका महिला अधिकृत | २१९ |
| २ | साधारण सेवातर्फका महिला अधिकृत | २१५ |
| ३ | कुल अधिकृतहरूको सङ्ख्यामा जम्मा महिला अधिकृत प्रतिशत | १० |

### खण्डीकृत तथ्याङ्क

| सि. नं. | विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | राजपत्राङ्कित प्रथम श्रेणी (सहायक रथि र महासेनानी | १९ | ४.३ | |
| २ | राजपत्राङ्कित द्वितीय श्रेणी प्रमुख सेनानी र सेनानी | १८७ | ४३.२ | |
| ३ | राजपत्राङ्कित तृतिय श्रेणी सहसेनानी र उपसेनानी | २२८ | ५२.५ | |

## नेपाली सेनामा कार्यरत महिला कर्मचारीको खण्डीकृत तथ्याङ्क तथा प्रतिशत

### साधारणतर्फ

| प्रमुख सुवेदार | सुवेदार | जमदार | हुद्धा | अमल्दार | प्युठ | सिपाही | सैन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ४५ | ११८ | २७८ | ५५४ | ३७४८ | १ | ४७५० | ६.६५ |

### कर्मचारीतर्फ

| जमदार कर्मचारी | हुद्धा कर्मचारी | अमल्दार कर्मचारी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १०९ | ७३ | ६१ | २४३ | १५.२२ |

### लेखातर्फ

| लेखा सुवेदार | लेखा जमदार | जम्मा | प्रतिशत |
|---|---|---|---|
| २ | २५ | २७ | ७.०१ |

### प्राविधिकतर्फ

| प्राविधिक सुवेदार | प्राविधिक जमदार | प्राविधिक हुद्धा | प्राविधिक अमल्दार | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १८८ | ४६ | १०० | ६८ | ४०२ | १०.७७ |

### फलोअर्सतर्फ

| बन्दोबस्ती कार्य हुद्धा | बन्दोबस्ती कार्य सिपाही | वेटर | सुचीकार | कुचीकार | चर्मकर्मी | लोहकार | धोवी | केश कर्तक | माली | सयस | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | १५५ | ६ | २७ | ८९ | ४ | १ | ९ | ५ | १ | २ | ३०४ | ५.८९ |

## ३.३.५. मिडियामा महिला

वि. सं. २०४४ मा प्रकाशनमा आएको मासिक पत्रिका 'अस्मिता' ले २०४६ सालमा महिला पत्रकारको सर्वेक्षण गरेको थियो। पत्रिकाको १९ औँ संस्करणमा तथ्याङ्क प्रस्तुत गर्दै प्रतिवेदनले नेपालमा कुल पत्रकारको सङ्ख्यामा १२.३२ प्रतिशत महिला रहेको देखाएको थियो। सर्वेक्षण नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र र राष्ट्रिय समाचार समितिका पत्रकारबीच गरिएको थियो।

विगत ३० वर्षमा महिला पत्रकारको सङ्ख्या वृद्धि हुनेतर्फ सकारात्मक सङ्केत देखिए पनि समान सहभागिता, सञ्चारमाध्यममा निर्णय लिने भूमिकामा उनीहरूको संलग्नता, समाचार कक्षको दिगोपन, उनीहरूलाई उपलब्ध गराइने सुविधा आदिमा उल्लेख्य प्रगति देखिएको छैन। अझै पनि सम्पादकीय र व्यवस्थापकीय पदहरूमा पुरुषहरूकै बाहुल्यता छ।



**सञ्चारमाध्यमको नेतृत्वमा महिला**

| माध्यम | सङ्ख्या | पद | महिला |
|---|---|---|---|
| राष्ट्रिय दैनिक पत्रिका | २७ | सम्पादक | २ |
| मासिक/त्रैमासिक पत्रिका | २१२ | सम्पादक | २२ |
| अनलाइन | ३०० | सम्पादक | ४५ |

*स्रोत : भ्वाइसेस विमेन मिडिया*

पुरुष पत्रकारको तुलनामा महिला पत्रकारको प्रतिनिधित्व कम भए पनि नेपालमा महिला पत्रकारको सहभागिता भने बढेको छ। अनलाइन माध्यमहरूको बढ्दो सङ्ख्या पनि महिला पत्रकारका लागि अवसरका रूपमा देखिएको छ।

मुलुकभर खुलेका सञ्चारमाध्यम र अझ खासगरी यसमध्ये पनि अनलाइन र स्थानीय रेडियोहरूमा कार्यरत सञ्चारकर्मी धेरै छन्। तर नेपालमा पत्रकारिता गर्न प्रेस पास लिनैपर्ने अर्थात कुनै तालिम/डिग्री हासिल गर्नैपर्ने अनिवार्यता छैन। त्यसैले पत्रकारको ठ्याक्कै सङ्ख्या थाहा पाउन कठिन छ। पत्रकारिताका लागि प्रेस पास उपलब्ध गराउने आधिकारिक निकाय सूचना तथा प्रसारण विभागका अनुसार ६७२ जना महिलाले प्रेस पास लिएका छन्। त्यसैगरी पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको सदस्यता लिने पत्रकारको सङ्ख्या १३ हजार ५० छ जसमा महिला पत्रकार २ हजार ३ सय ५४ जना छन्।

### ३.३.६ स्वास्थ्य क्षेत्रमा महिला

अरू विभिन्न क्षेत्र जस्तै स्वास्थ्य क्षेत्रमा पनि महिलाको उपस्थिति पुरुषको तुलनामा निकै कम छ। नर्सिङ पेसा प्रायः महिलाले नै अपनाउने भएकाले यसमा भने महिलाको सङ्ख्या बढी देखिँदा मात्र स्वास्थ्य क्षेत्रमा महिला सहभागिता बढी देखिएको पाइन्छ।



**नेपालमा दर्ता भएका चिकित्सकको सङ्ख्या (२०७८ पुस ३० सम्म)**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| एमबिबिएस | १७,३८१ | ८,६७१ | २६,०५२ |
| बिडिएस | १,५४६ | २,५३५ | ४,०८१ |
| **जम्मा** | १८,९२७ | ११,२०६ | ३०,१३३ |

## विशेषज्ञ डक्टर

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| एमडी | ५,९६० | २,२४३ | ८,२०३ |
| एमडिएस | ३५५ | ३०४ | ६५९ |
| **जम्मा** | ६,३१५ | २,५४७ | ८,८६२ |

***स्रोत : नेपाल मेडिकल काउन्सिल***

एकातिर प्रजनन स्वास्थ्य, कामको बोझ, सानैमा बिहे भइ गर्भ धारण गर्नुपर्ने र बच्चा जन्माउनुपर्ने, घाँस/दाउराका लागि जङ्गल जानुपर्ने, भान्सामा नियमित बस्दा धुवाँ/खरानीले सताउने जस्ता विविध कारणले रोगले आक्रमण गर्ने सम्भावना महिलामा बढी रहन्छ। अर्कोतर्फ महिलाको उपचारका लागि महिला नै सजिलो र सुविधाजनक हुने यथार्थता पनि छ। तर पनि विडम्बना नै भन्नुपर्छ, महिला स्वास्थ्यकर्मी (विशेषगरी डक्टर र विशेषज्ञ) को भने कमी छ। यही कारण पनि कतिपय अवस्थामा महिलाले लजाएर वा डर मानेर नजँचाइ बस्ने, रोग पाल्ने आदि गर्दा ज्यानैसमेत जाने अवस्था देखिएका छन्।

## नेपालमा दर्ता भएका नर्सको सङ्ख्या

(२०२१, नोभेम्बर २८ सम्म)



विशेषज्ञ : ५९८

नर्स : ६७,५०९

मिडवाइफ : २५

एएनएम : ३५,७२७

विदेशी नर्स : ८४५

***स्रोत : नेपाल नर्सिङ काउन्सिल***

## स्वास्थ्यमा महिला

| सूचक | अवस्था |
|---|---|
| **स्वास्थ्यका विभिन्न क्षेत्रमा कार्यरत महिलाको खण्डीकृत सङ्ख्या** | ४८.२७ |
| **मातृ मृत्यु दर** | २३९ प्रति लाख जीवित जन्म |
| **खोपमा महिलाको पहुँच**<br>● टिडी दोस्रो र दास्रो प्लस मात्रा खोप लगाएका महिला | ५९ प्रतिशत |
| **पोषणमा महिलाको पहुँच**<br>● गर्भावस्थामा १८० चक्की आइरन प्राप्त गर्ने गर्भवती महिलाको प्रतिशत | ४४ प्रतिशत |

| सूचक | अवस्था |
|---|---|
| **परिवार नियोजन सेवामा महिलाको पहुँच** | |
| • परिवार नियोजन प्रयोगकर्ता दर प्रतिशत (दम्पती) | ३८ |
| • परिवार नियोजनका साधन प्रयोगकर्ता दर (परम्परागत र आधुनिकसमेत) प्रतिशत (दम्पती) | ५३ |
| • परिवार नियोजनका साधन प्रयोगकर्ता दर (आधुनिक मात्र) प्रतिशत (दम्पती) | ४३ |
| **महिला लक्षित कार्यक्रमहरू** | |
| • सुरक्षित मातृत्व कार्यक्रम | |
| • स्वास्थ्य स्वयंसेविका कार्यक्रम | |
| • सामाजिक सेवा कार्यक्रम (महिला लक्षित समूहअन्तर्गत) | |
| **एकद्वार सङ्कट व्यवस्थापन केन्द्र** | ८८ वटा अस्पतालमा |

### ३.३.७ वकालत क्षेत्रमा महिला सहभागिता

कानुन व्यवसाय गर्नका लागि अनुमति दिने संस्था नेपाल कानुन व्यवसायी परिषद्को २०७८ साल कात्तिक १६ गतेसम्मको तथ्याङ्कअनुसार कानुन व्यवसायीको प्रमाणपत्र लिएका कानुन व्यवसायीमध्ये वरिष्ठ अधिवक्ता ४४८ जना छन् । यसमध्ये महिला २८ जनामात्र छन् । त्यो भनेको ६.२५ प्रतिशत हो । त्यस्तै १८ हजार ९५१ अधिवक्तामध्ये महिला २ हजार ९६४ जना छन् । यो १५.६४ प्रतिशत हो ।

त्यसअघिको परिषद्को तथ्याङ्क हेर्दा २०६० सालमा महिला कानुन व्यवसायीको सङ्ख्या ६८२ थियो । त्यो सङ्ख्या वि.सं. २०७० मा आउँदा १ हजार ४१६ पुगेको देखिन्छ। हाल महिलाको सङ्ख्या बढेर २ हजार ९६४ पुगेको छ। यसरी हेर्दा कानुन व्यवसायीमा महिलाको आकर्षण बढ्दै गएको देखिन्छ।

### ३.३.८ शिक्षामा महिलाको अवस्था

आफूलाई आत्मनिर्भर, आत्मविश्वास दिलाउन र समग्र देश विकास गर्नका लागि शिक्षाको आवश्यकता पर्छ। भनिन्छ- एक महिला शिक्षित भए सबै परिवार नै शिक्षित हुन्छन् । केही दशकयता समग्ररूपमा साक्षरताको दर उल्लेख्यरूपमा वृद्धि भएको छ। तापनि महिला साक्षरता दर भने अत्यन्तै न्यून छ। नेपालमा अब छोरीलाई पनि पढाउनुपर्छ भन्ने अभिभावकको चेतनाको स्तर बढ्दै गएको देखिन्छ। परिणामस्वरूप महिला साक्षरता दरमा वृद्धि भने हुँदै गएको छ। केन्द्रीय तथ्याङ्क विभागको सन् २०२१ को तथ्याङ्क (Nepal in Figure 2021) मा उल्लेख भएअनुसार नेपालमा महिला साक्षरता ५७.४% छ।

नेपालका विद्यालयहरूमा अन्य निकायमा जस्तै तल्ला तहमा शिक्षिका बढी छन् भने माथिल्ला तहहरूमा कम कम हुँदै गएका देखिन्छ। त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका शिक्षक मिसाएर हेर्दा ३ लाख २० हजार ५ सय ७६ मध्ये महिलाको प्रतिशत ३९.५ मात्र देखिन्छ।



**प्रतिशतमा शिक्षिका**

| तह | शिक्षिकाको प्रतिशत |
| --- | --- |
| आधारभूत | ४६.६ |
| माध्यमिक | २०.७ |

*स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७७*

यसैगरी शैक्षिक वर्ष २०७७ मा सामुदायिक र संस्थागत विद्यालयमा ३ लाख २० हजार ५ सय ७६ शिक्षक कार्यरत थिए। जसमध्ये पुरुष ६०.५ प्रतिशत थिए भने महिला ३९.५ प्रतिशत। शिक्षा तथा मानव विकास स्रोत केन्द्र २०७७ को यो तथ्याङ्कले शिक्षण क्षेत्रमा महिलाको उपस्थिति पुरुषको तुलनामा कम भए पनि निराशै पार्नेखालको चाहिँ नभएको पुष्टि गर्छ।

केही तथ्याङ्क भने शैक्षिक हिसाबले निकै उत्साहजनक पनि देखिएका छन्। जस्तो शैक्षिक वर्ष २०७७ मा कक्षा १२ को परीक्षामा ३ लाख १० हजार ३ सय १६ विद्यार्थी सहभागी भएका थिए। तीमध्ये छात्रा १ लाख ६१ हजार ९ सय १६ जना थिए अर्थात छात्र भन्दा १३ हजार ५ सय १६ जना बढी। परीक्षा नियन्त्रण कार्यालय कक्षा (११/१२)को यो तथ्याङ्कले छात्राको शैक्षिक प्रगति बढ्दो क्रममा देखाउन मद्दत गर्छ।

शहरी क्षेत्रमा छोरा र छोरीको क्षिक्षामा खासै भिन्नता नदेखिए तापनि गाँउघरतिर अहिले पनि छोरीको शिक्षालाई अनावश्यक बोझ ठान्ने प्रवृत्ति कायमै छ। महिलाका लागि शिक्षा उनीहरूको जीविकोपार्जन, गरिबी निवारण तथा महिलाको दीर्घकालीन विकासको एक अनिवार्य विषय हो भन्ने वास्तविकता अभिभावकले महसुस गरिसकेका छन्। शिक्षाले महिलाको जीवनमा ल्याएको परिवर्तनको कारण नै महिलाहरू दासताको पर्खालबाट बाहिर आएर सामाजिक जीवनमा सक्रियता देखाउन थालेका छन्। यसले महिलाको सामाजिक तथा राजनीतिक जीवनको सहभागिता वृद्धि गरेको छ। समाजमा महिलाको स्वतन्त्रतालाई बल पुऱ्याएको छ।

## ३.४ महिला अधिकारको अवस्था

नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उपलब्धि हासिल गरिएका छन्। तापनि अझैसम्म महिला सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिकलगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै छन्। राज्यका सबै क्षेत्रमा महिलाको पहुँच र उपस्थिति न्यून छ। महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछूत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्त्व, सम्पत्ति अधिकारका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणले पनि महिलामाथि सामाजिक तथा सांस्कृतिक विभेदको शृङ्खला कायमै छ। आज पनि देशमा विद्यमान लैङ्गिक भिन्नताका कारण महिलाको स्तर पुरूषको दाँजोमा पछाडि परेको छ। यद्यपि समयक्रममा भएका हरेक परिवर्तनसँगै महिलाका हक अधिकार सुनिश्चितताका आवाज उठ्ने गरेका छन्। संविधानमा नै महिलाका अधिकार संरक्षण र कानुनी उपचारको व्यवस्थासमेत गरिएको छ।

त्यसैगरी नेपालले मानव अधिकारका विविध पक्ष समेट्ने गरी तयार गरिएका विभिन्न महासन्धिलगायत महिला अधिकार विषयमा केन्द्रित सम्झौता र सम्मिलनहरूमा संयुक्त राष्ट्र सङ्घको सदस्यका रूपमा प्रतिबद्धता जाहेर गरेको छ। यी दस्ताबेजमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरुषलाई समानताका आधारमा व्यवहार गर्ने कुरा सुनिश्चित गरिएको छ। यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानुनहरूसमेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ।

### महिलासँग सम्बन्धित प्रगति तथा महत्त्वपूर्ण उपलब्धिहरू

| क्र.सं. | विवरण | प्रतिशत | |
|---|---|---|---|
| १ | साक्षरता दर (२०७८ को जनगणनाअनुसार) | ५७.४ | |
| २ | औसत आयु (२०७८ को जनगणनाअनुसार ) | ६७ वर्ष | |
| ३ | मातृ मृत्यु दर (प्रति एक लाख जीवित जन्ममा) | २३९ जना | पन्ध्रौं योजनाको आधारपत्र |
| ४ | श्रम शक्तिमा पुरुषको तुलनामा महिलाको अनुपात | ०.६१ | |
| ५ | महिलाको श्रमशक्तिको सहभागिताको दर | २६.३ | |
| ६ | सङ्घीय संसद्मा महिलाको प्रतिनिधित्व | ३३.५ | |
| ७ | प्रदेश संसद्मा महिलाको प्रतिनिधित्व | ३४.४ | |
| ८ | स्थानीय तहमा महिलाको सहभागिता | ४०.८ | |
| ९ | निजी क्षेत्रमा नीति निर्माण तहमा महिलाको सहभागिता | २९.६१ | |
| १० | सार्वजनिक सेवा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व | १३.६ | |
| ११ | सहकारी क्षेत्रमा महिलाको सहभागिता | ५१ | |
| १२ | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसङ्ख्यामा) | ३३.९३ | |
| १३ | रोजगारीमा रहेका महिलाको सङ्ख्या | ७०.३० | |
| १४ | शहरी क्षेत्रमा | ०.६०२ | युएनडिपी |
| १५ | ग्रामीण क्षेत्रमा | ०.९३३ | युएनडिपी |
| १६ | मानव विकास सूचकाङ्क (२०२०) | ०.६२ | |
| १७ | लैङ्गिक विकास सूचकाङ्क (२०२०) | ०.४७६ | |

## ३.५ महिलाको सामाजिक अवस्था

नेपालमा वैदिक कालदेखि नै महिलालाई दुर्गा, सरस्वती, लक्ष्मीका रूपमा पुजिँदै आएको पाईन्छ। 'जहाँ नारीको सम्मान गरिन्छ त्यहाँ ईश्वरको बास हुन्छ' भन्ने भनाइ पनि हाम्रो समाजमा चलेको छ। तर महिलामाथि हुने विभेद, शोषण र

सामाजिक कुप्रथाले महिलाको विकास हुन सकिरहेको छैन। महिलामाथि हुने शोषण अन्त्य गर्न, समानतामूलक समाज निर्माण गर्न, समाजमा रहेका कुरीति र जड अन्त्य गर्न, चेतनशील समाज निर्माण गर्न, सामाजिक असमानता अन्त्य गरी समयसापेक्ष सामाजिक रूपान्तरण गर्न आवश्यक छ।

अधिकांश विकासशील देशमा महिलाको भूमिकालाई कमजोर बनाइएजस्तै नेपालमा पनि महिलाको सामाजिक अवस्था कमजोर देखिन्छ। नेपालको सन्दर्भमा महिलाको सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक हैसियत कमजोर छ। कतिपय अवस्थामा यसलाई सुदृढ बनाउन राज्यका संयन्त्र तथा व्यवस्थाहरूले नै मलजल पुऱ्याएका पनि छन्। परम्परागतरूपमा लैङ्गिक भेदभाव, चाँडो विवाह, छोराको महत्त्व जस्ता मान्यताका कारणले महिलाको विकास हुन सकेको छैन।

लैङ्गिक भिन्नताका कारण लैङ्गिक असमानता, साधन र स्रोतका कारण अवसर आदिमा कमीका कारण महिलाको स्तर निकै पछाडि छ। नेपालमा महिलाप्रति विगतमा गरिँदै आएका विभेदपूर्ण कार्य, जस्तो- महिलालाई सन्तान जन्माउने साधनका रूपमा मात्रै लिने, अचल सम्पत्ति, जायजेथा आदि पुरुषको नाममा दर्ता हुने, महिनावारी हुँदा अलग्गै वा छाउपडीमा बस्नुपर्ने, महिलाले बालबच्चा, बूढाबूढीको स्याहारसुसार गर्नुपर्ने, छोरा र छोरीबीच शिक्षामा विभेद गर्ने, महिलालाई निम्नस्तरको काममा लगाउने, दाइजो प्रथा जस्ता विभेद आदिका कारण महिलाको सामाजिक अवस्था दयनीय छ। नेपालमा सामाजिक तथा पारिवारिक कामको विभाजन यसरी गरिएको छ कि पुरुषलाई स्वच्छन्द र स्वतन्त्र भएर बाँच्ने र महिलालाई भने पराधीन र पराश्रित भएर कुण्ठित जीवन व्यतीत गर्न बाध्य बनाइएको छ।

नेपालमा महिलाहरू शताब्दियौँदेखि सामाजिक हिंसा र भेदभावको सिकार हुँदै आएका छन्। देशमा विद्यमान सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरूले समेत त्यस्तो वातावरण सिर्जना गर्न मद्दत पुऱ्याएका छन्। नेपाली समाजमा महिलाहरू विकासका उपभोक्ता वा लक्ष्यमात्र हुन् भन्ने सोचाइ अहिले पनि विद्यमान छ। शिक्षा र स्वास्थ्यमा पहुँचको कमी, घर व्यवहार धान्नका लागि गर्नुपर्ने कठोर परिश्रम र आर्थिक कठिनाइ, फोहोर, जोखिमयुक्त प्रतिकूल कार्य वातावरण, अनिच्छित र पटक-पटकको गर्भ धारण र सामाजिक अन्याय, रुढीवादी विश्वास र घरेलु हिंसाले महिलालाई सामाजिकरूपमा पछाडि पारेको छ।

## ३.६ महिला हिंसाको अवस्था

एक्काइसौँ शताब्दीको यो युगमा पनि नेपाली समाजमा महिलाविरुद्धको हिंसा जारी नै छ। नीति निर्माण तथा राजनीतिमा महिलाको कम प्रभावका कारण ती समस्याको प्रभावकारी सम्बोधन हुन सकेको छैन। सामाजिक अन्धविश्वास, विकृतिजन्य मूल्य र मान्यताहरू एवं कुरीति र पुरातनवादी सोचले महिलामाथिका हिंसाले निरन्तरता पाइरहेको छ। यसको परिणामस्वरूप महिलाले बोक्सीको आरोपमा यातना भोग्नुपरेको छ, उनीहरूले समाजिक अपमान एवं लाञ्छना र घृणा खेप्नुपरेको छ।

बोक्सीको आरोपमा खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक विषालु वा जैविक पदार्थ प्रयोग गरेर वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने, घर/परिवारबाट निकाला गर्ने, आरोपित व्यक्तिलाई चारपाटा मुडेर नग्न पारी घुमाउने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने जस्ता निष्कृष्ट कार्यसमेत सहन विवश भएका उदाहरण धेरै छन्। स्थानीय तहमा स्वास्थ्य सेवाको अभावमा परम्परागत अन्धविश्वासमा भर पर्नुपर्दाका परिणाम अझै भयानक छन्।

अझै पनि दाइजो र तिलकको निहुँमा दिनहुँ कैयौँ नारीले ज्यान गुमाउनु परिरहेको छ। योजनाबद्ध ढङ्गबाट आगो लगाइएको, यातना र हिंसा सहन नसकेर आत्महत्या गर्न विवश बनाइएको, लोग्ने र परिवारका अन्य सदस्यबाट कुटपिट सहनुपरेको, मारेर झुण्ड्याइएको जस्ता अमानवीय कार्यहरूले नेपाली समाजमा महिलाको स्थान पहिचान सहज गर्न सकिन्छ। अहिले पनि समाजमा विद्यमान झुमा, देउकी, कुमारी प्रथा आदि महिला शोषणका बलिया उदाहारणका रूपमा छन्।

अझ तराईवासी महिलाहरू हिंसाको सबै भन्दा बढी मारमा पर्छन्। अनेकौँखालका अन्धविश्वास, गरिबी, अशिक्षा र पछौटेपनले गर्दा मधेसी महिलाबीच अझै घुम्टो ओढ्ने परम्परा, महिलाहरूको कठोर जीवनशैली र पारिवारिक नियन्त्रण कायमै छन्। यहाँ अझै पनि छोरीलाई देवी मान्ने तर बुहारीहरूलाई भने सामन्ती सोच र दासी मानसिकताले हेर्ने गरिन्छ। समाजमा रहेका परम्परावादी सोच, चिन्तन तथा दृष्टिकोणले समेत महिला अगाडि बढ्न सकिरहेका छैनन्। पितृसत्तात्मक सोचभित्र महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकिरहेको छैन। श्रीमान्ले श्रीमतीलाई पिट्ने, शोषण गर्ने वा श्रीमतीमाथि हुने घरेलु हिंसाका थुप्रै घटना भए पनि त्यस्ता घटना बाहिर आउन सकिरहेका छैनन्।

### लैङ्गिक हिंसाका घटना (आर्थिक वर्ष २०७७/७८ साउनदेखि असारसम्म)

| घटनाको प्रकार | दर्ता भएका मुद्दा सङ्ख्या |
|---|---|
| जबर्जस्ती करणी | २५३२ |
| जबर्जस्ती करणी उद्योग | ७३५ |
| बाल यौन दुरुपयोग/दुर्व्यवहार | २८१ |
| अप्राकृतिक मैथुन | ३६ |
| बहुविवाह | ८५२ |
| बाल विवाह | ८४ |
| घरेलु हिंसा | १४२३२ |
| बोक्सीको आरोप | ६१ |
| मानव बेचबिखन | १३४ |
| अवैध गर्भ पतन | २७ |
| जातीय छुवाछूत | ३९ |

*स्रोत : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, नेपाल प्रहरी*

### नेपालमा मानव बेचबिखनसम्बन्धी केही तथ्याङ्क

- राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६ अनुसार गत वर्ष नेपालमा करिब ३५ हजारसम्म ब्यक्तिहरू मानव बेचबिखनको सिकार भएका अनुमान छ। यसरी बेचबिखनको सिकार भएका समूहमा करिब १५ हजार महिला तथा ५ हजार बालबालिका र करिब १५ हजारसम्म पुरुष बेचबिखनको सिकार भएका अनुमान छ।
- नेपाल प्रहरीका अनुसार नेपालमा बार्षिक २ सयदेखि ३ सयको सङ्ख्यामा मानव बेचबिखनको उजुरी पर्ने गरेको छ। आ.व. २०७४/७५ मा ३०५ तथा आ.व. २०७५/७६ को चैत मसान्तसम्म १७४ यस्ता उजुरी परेका थिए।
- मानव बेचबिखनविरुद्ध क्रियाशील नागरिक सङ्गठनहरूले उपलब्ध गराएका तथ्याङ्कअनुसार आ.ब. २०७५/७६ मा सीमा निरीक्षण तथा अनुगमनका क्रममा मात्र शङ्का लागि १० हजार भन्दा बढी व्यक्तिलाई सीमा नाकाबाट फिर्ता गरिएको छ।
- भारतीय सीमा सुरक्षा बलको ५ बर्ष (२०१३ देखि २०१८ फेब्रुअरी) को तथ्याङ्क विश्लेषणलाई आधार मानी टाइम्स अफ इन्डियाले प्रकाशन गरेको समाचारमा नेपाल र भारतमा महिला र बालबालिकाको बेचबिखन ५ गुणाले वृद्धि भएको बताइएको छ।
- UNODC को मानव बेचबिखनसम्बन्धी विश्व प्रतिवेदन २०१८ अनुसार बेखबिखनमा पर्नेमा ५९% महिला, २३% बालिका, २१% पुरुष र ७% बालक छन्।
- ग्लोबल स्लेभरी इन्डेक्स (२०१८) ले नेपालका करिब १ लाख ७७ हजार मानिस बाध्यकारी श्रममा रहेका र करिब ४४ प्रतिशत आधुनिक दासताको सिकारको जोखिममा रहेका बताएको छ।
- यौन शोषणसम्बन्धी ५औँ विश्व प्रतिवेदन (२०१९) ले विश्व यौन बजारको ठूलो हिस्सा आप्रवासी शरणार्थी वा बेचबिखनमा परेका मानिसबाट सञ्चालित देखाएको छ। उक्त प्रतिवेदनअनुसार विश्व बजारमा पहिचान भएका मानव बेचबिखनका प्रभावितमध्ये ६७ प्रतिशतलाई यौन शोषण गरिएको थियो।

## ३.७ वैवाहिक अवस्था

नेपालमा छोरीहरूको सानै उमेरमा विवाह गरिदिने चलन छ। कतिपय ग्रामीण भेगमा कम उमेरमा छोरीको विवाह गरिदिने चलन अहिले पनि व्याप्त छ। विशेषगरी तराईका जिल्लाहरूमा कलिलै उमेरमा छोरीको विवाह गरिन्छ। अझैसम्म पनि नेपालमा बाल विवाह, दाइजो, तिलक प्रथा सामाजिक कलङ्कका रूपमा कायमै छन्। जनगणनाअनुसार १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको सबै भन्दा ठूलो हिस्साको पहिलो विवाह १५ देखि १९ वर्षको उमेरमा भएको पाइन्छ। यो उमेरभित्र ४८.९ प्रतिशत विवाहित व्यक्तिहरूको पहिलो विवाह भएको पाइएको छ। १४ वर्षमुनिको उमेरमा पहिलो विवाह हुनेहरू ११.५ प्रतिशत छन्। ५० वर्षको उमेर पार गरिसकेपछि पहिलो विवाह हुनेहरू ५,०८६ जना देखिन्छ।[३२]

३२. राष्ट्रिय जनगणना, २०६८।

नेपालमा विवाहित हुने अवस्था दिन/प्रतिदिन घट्दोरूपमा रहेको तथ्याङ्कहरू देखाउँछन् । सन् १९९१ को जनगणनामा विवाहित प्रतिशत क्रमशः पुरुषको ६१ प्रतिशत र महिलाको ६६ प्रतिशत रहेकामा सन् २०११ मा आइपुग्दा विवाहित पुरुषको प्रतिशत घटेर ५८ र महिलाको ६४ मा झरेको देखिन्छ। एकल जनसङ्ख्यामा पुरुष भन्दा महिला बढी छन्। सन् २०११ को तथ्याङ्कअनुसार एकल महिलाको प्रतिशत झण्डै ५ रहेको देखिएको छ भने पुरुषहरू लगभग २ प्रतिशतमात्र छन्। पारपाचुके तथा छुट्टिनेहरूमा पनि पुरुष (०.२ प्रतिशत) भन्दा महिला (०.४ प्रतिशत) नै बढी छन्।

पछिल्लो जनगणनाले १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसङ्ख्याको ३५.६ प्रतिशत व्यक्तिहरू अविवाहित रहेको देखाएको छ। १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका कुल पुरूषको ४०.६ प्रतिशत र महिलाको ३१.१ प्रतिशत अविवाहित छ। त्यस्तै १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिमध्ये ५७.५ प्रतिशतको एकपटक विवाह भएको देखिएको छ। एकपटक विवाह भएका पुरुष र महिला उनीहरूको कुल जनसङ्ख्याको क्रमशः ५२.७ र ६१.८ प्रतिशत छन्। एकल महिलाकोसङ्ख्या १० वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल महिलाको ४.६१ प्रतिशत (४,९८,६०६) पाइएको छ।[३३]

### वैवाहिक स्थिति

| वैवाहिक स्थिति | १९९१ | २००१ | २०११ |
|---|---|---|---|
| **अविवाहित** | | | |
| पुरुष | ५३.७ | ३९.२ | ४०.६ |
| महिला | २५.७ | ३०.३ | ३१.१ |
| **विवाहित** | | | |
| पुरुष | ६०.६ | ५८.५ | ५७.६ |
| महिला | ६५.७ | ६५.५ | ६३.९ |
| **एकल** | | | |
| पुरुष | ३.० | १.३ | १.६ |
| महिला | ७.२ | ३.७ | ४.६ |
| **सम्बन्ध बिच्छेद** | | | |
| पुरुष | ०.२ | ०.२ | ०.२ |
| महिला | ०.७ | ०.३ | ०.४ |

*स्रोत : जनगणना १९९१, २००१ र २०६८ का राष्ट्रिय प्रतिवेदनहरू*

३३. राष्ट्रिय जनगणना, २०६८।

## ३.८ पारिवारिक कानुन

सामाजिक, सांस्कृतिक तथा पारिवारिक दृष्टिमा नेपालमा महिलाको स्थान पुरुषको भन्दा पछाडि राखिएको छ। जसका कारण पारिवारिक कानुनको हिसाबले पैतृक सम्पत्तिमाथिको अधिकार, अभिभावकीय अधिकार, सम्बन्ध बिच्छेदको अधिकार तथा धर्मपुत्र/पुत्री ग्रहण गर्नेसम्बन्धी अधिकारमा पनि महिलालाई दिइने स्थानसम्बन्धी विभेदपूर्ण व्यवस्थाहरूले गर्दा महिलाहरूको अवस्था कमजोर रहँदै आएको छ।

हाल विवाहको उमेर अभिभावकको सहमतिमा २० वर्ष पुऱ्याइएको छ[३४] भने वैवाहिक बलात्कारको आधारमा सम्बन्ध बिच्छेद गर्न पाउने आधार महिलालाई दिइएको छ।[३५] महिलालाई घरमूलीका रूपमा नस्वीकारिने, आफ्ना सन्तानको अभिभावकका रूपमा जिम्मेवारी नदिइने, सामाजिक/सांस्कृतिकरूपमा कतिपय अवस्थामा सहभागी हुन नपाउने तथा कमजोर भूमिकामात्र प्रदान गर्ने र महिलामाथि हुने घरेलु हिंसा, भेदभाव र बहिष्करणलाई सामान्यरूपमा लिने चलन अहिले पनि छ। सोझो अर्थमा भन्दा पारिवारिक कानुनमा पितृसत्तात्मक सोच अहिले पनि हावी छ।

३४. मुलुकी ऐन, २०२० विहावारीको महल।
३५. मुलुकी ऐन, २०२० विहावारीको महल।

# राजनीतिमा महिला

## ४.१ जनसङ्ख्याका आधारमा महिला

राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख, ९२ हजार ४८० पुगेको छ। उक्त तथ्याङ्कअनुसार नेपालमा महिलाको सङ्ख्या १,४९,०१,१६९ छ जुन कुल जनसङ्ख्याको ५१.०४ प्रतिशत हो ।[३६] यसले देशमा पुरुष भन्दा महिला करिव ६ लाख ९ हजार बढी भएको देखाउँछ। दश वर्षअघि २०६८ सालको जनगणनामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५ र ५१.५ प्रतिशत थियो। हालको प्रारम्भिक नतिजाअनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको सङ्ख्या ९५.९१ छ ।[३७] यस्तो अनुपात २०६८ सालको जनगणनामा लैङ्गिक अनुपात ९४.१६ थियो।[३८] १० वर्षको अवधिमा लैङ्गिक अनुपात तराईमा १ प्रतिशतले घटेको देखिन्छ भने पहाड र हिमालमा ३ र ४ प्रतिशतले बढेको देखिन्छ।

जनसङ्ख्यामा महिलाको तथ्याङ्क बढी देखिए तापनि व्यावहारिक पक्ष हेर्ने हो भने राज्यका सबै पक्षहरू, जस्तो- आर्थिक, सामाजिक, राजनीतिक एवं प्रशासनिक, क्षेत्रमा भने महिलाको अवस्था तुलनात्मकरूपमा पुरुष भन्दा कमजोर छ।

**नेपालको जनसङ्ख्या**





*स्रोत : राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग*

---

३६. राष्ट्रिय जनगणना २०७८।
३७. राष्ट्रिय जनगणना २०७८।
३८. राष्ट्रिय जनगणना २०५८।

### परिवारमा अनुपस्थित जनसङ्ख्या (विदेशमा रहेका)

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजाअनुसार जम्मा २१,६९,४७८ व्यक्तिहरू नेपालको परिवारबाट अनुपस्थित भई अक्सर विदेशमा बसोबास गरेका देखिन्छ। जसमध्ये ४,०६,१६३ महिला छन्। यो २०६८ को तुलनामा ७१.०९ प्रतिशतले बढी हो।




*स्रोत : राष्ट्रिय जनगणना, केन्द्रीय तथ्याङ्क विभाग*

## ४.२ राजनीतिमा महिला सहभागिता

ऐतिहासिकरूपमा नै हेर्दा प्रतिकूल परिस्थितिहरूका बाबजुद नेपाली महिलाले आफूलाई सामाजिक-राजनीतिक परिवर्तनको प्रमुख अभिनेताका रूपमा स्थापित गरेका छन्। राणा शासनको समयदेखि प्रजातन्त्र र समानताका लागि नेपाली महिलाले आफ्नो सङ्घर्ष सुरु गरे र शान्तिपूर्ण राजनीतिक आन्दोलनदेखि सशस्त्र विद्रोहसम्म पनि संलग्न भए। हालको समयमा संसदीय प्रतिस्पर्धामा संलग्न भएर आफ्नो सङ्घर्ष अगाडि बढाएका छन्। फलस्वरूप वि. सं. २०७२ सालको नेपालको संविधानले संसद् र अन्य सबै सरकारी पदमा ३३ प्रतिशत सिट सुनिश्चित गरेको। राष्ट्रपति, उपराष्ट्रपति जस्ता सर्वोच्च पदमा पुरुष-महिलाको वैकल्पिक सिट र संसद्को उपप्रमुख (माथिल्लो र तल्लो सदन दुवैमा), मेयर र उपमेयर जहाँ एकमध्ये दुई महिला हुनुपर्छ भन्ने व्यवस्था गरेको छ। त्यसयता महिलाको राजनीतिक तथा सामाजिक सहभागिता प्रगतिशील दिशातर्फ उन्मुख छ।

साथै, राज्यका सबै संरचनामा समावेशी प्रावधानहरू सुनिश्चित गरिएको छ। फलस्वरूप २०७४ को राष्ट्रिय तथा स्थानीय निर्वाचनबाट मुलुकभर ४१.८ प्रतिशत राजनीतिक पद महिलाले ओगटेका छन्। राजनीतिमा महिलाको उच्च र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने मुख्य कारकमध्ये एक अनुकूल चुनावी प्रावधानहरू पनि थिए। राजनीतिक र चुनावी प्रक्रियामा महिलाले सामना गर्ने थुप्रै चुनौती थिए र अहिले पनि यथावत नै छन्। यद्यपि त्यसका बाबजुद पनि वि. सं. २०७४ सालको चुनावमा महिला राजनीतिक पदहरूमा उच्च सहभागिता हासिल गर्न सफल भएका थिए।

नेपालमा महिलाको राजनीतिक सहभागितामा वृद्धि हुन थालेको समय त्यति लामो छैन। खासगरी २०४७ सालपछिको खुला राजनीतिक परिवेश र राज्यले अवलम्बन गरेको समानताको नीति, महिलाका लागि सकरात्मक विभेदको नीति, सारभूत समानतामा जोड, विशेष संरक्षण तथा महिलाको सामाजिक अवस्थामा आएको परिवर्तन, महिला शिक्षामा भएको वृद्धि र नेपाल सरकारले गरेका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनबाट छोटो समयमा नै नीति

निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागितामा उल्लेख्य सुधार भएको हो । तर अझै पनि पुरुषको दाँजोमा महिलाको सहभागिता कमै रहेको विभिन्न तथ्याङ्कले पुष्टि गर्छन् ।

नेपाली महिला आन्दोलनको इतिहास र उपलब्धिहरूलाई विश्व महिला आन्दोलनसँग तुलना गर्दा नेपाली महिलालाई मताधिकारको अधिकारबाहेक सामाजिक तथा आर्थिक अधिकार प्राप्त गर्न निकै लामो समय लागेको छ। वि.सं. २००४ सालको संविधानमा महिला हक, अधिकारको विषय उल्लेख नभए तापनि नेपाली महिलााले कुनै ठूलो सङ्घर्ष नगरिकनै मताधिकारको अधिकार प्राप्त गरेका थिए।[३९] तर नेपाल भन्दा धेरै पछि राजनीतिक मताधिकार प्राप्त गर्ने देशका महिलाको विकासक्रमले धेरै फड्को मारिसक्दा पनि नेपाली महिलाले भने सामाजिक तथा आर्थिक अधिकार पूर्णरूपमा प्राप्त गर्न सकेका छैनन् । सीमितरूपमा संविधान र कानुनहरूमा भएका त्यस्ता अधिकारको कार्यान्वयन पनि प्रभावकारीरूपमा हुन सकेको छैन ।

महिलालाई घरभित्र मात्र सीमित राख्न खोज्ने र महिलाको कुनै पनि प्रकारको नेतृत्व वा अगुवाइप्रति अरुचिकर ब्यवहार गर्ने नेपाली समाजको मनोवृत्तिका कारण पनि नेपालमा महिलालाई राजनीतिकरूपमा अगाडि बढ्न कठिनाइ छ। विगतमा राज्यले पनि धेरै लामो समयसम्म महिलाको राजनीतिक प्रवेशको विषयलाई प्राथमिकता दिन सकेन । जसका कारण उनीहरूको भूमिका बाहिरी समाजमा कम हुँदै जानु स्वाभाविक हो ।

राजनीतिमा महिला सहभागिता न्यून भएकै कारण नीति निर्माण गर्ने ठाँउमा महिलाहरू उल्लेख्य सङ्ख्यामा पुग्न सकेका छैनन् । यद्यपि अहिले लोकतन्त्र प्राप्तिसँगै भने महिलाहरू पनि राजनीतिमा उल्लेखनीयरूपमा सहभागी हुन थालेका छन् । राजनीतिक दलहरूमा महिलाहरू सङ्गठित हुन थालेका छन । राजनीतिक दलका स्थानीय समितिहरूदेखि केन्द्रीय समितिसम्म महिलाको प्रतिनिधित्वमा वृद्धि भएको छ । तर पदाधिकारी तह अर्थात माथिल्लो निकायमा भने उपस्थिति एकदमै कम छ ।

### ४.२.१ महिलाको सहभागिता सम्बन्धमा भएका संवैधानिक र कानुनी व्यवस्था

नेपालमा महिला सहभागिता अभिवृद्धिका पछाडि संविधान र कानुनले सुनिश्चित गरेका व्यवयस्थाहरू नै मुख्य कारक रहेका छन् । परिणामस्वरूप महिलाको सङ्ख्याँत्मक सहभागितामात्र सुनिश्चित हुन सकेको छ भने उनीहरूको अर्थपूर्ण सहभागिताका लागि अझै धेरै प्रयासहरू गर्न बाँकी नै छ । हामीले अवलम्बन गरेको निर्वाचन प्रणाली मिश्रित किसिमको निर्वाचन प्रणाली हो । यसमा पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली पर्छन् । सबै क्षेत्र, तह, वर्गका महिलाको सहभागिताका लागि संविधान र यसअन्तर्गत बनेका विविध ऐन तथा नियमहरूमा विभिन्न ब्यवस्था गरिएको छ ।

**महिला सहभागिताका लागि नेपालको संविधानमा भएका मुख्य ब्यवस्था**

१. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने : संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने ।[४०]

---

३९. नेपालको अन्तरिम शासन विधान, २००४ धारा ४
४०. नेपालको संविधान, धारा ७०

२. सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने १ सय १० सदस्य। समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने।[४१]

३. प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र १ जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जना गरी निर्वाचित ५६ जना [४२] र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा १ जना महिलासहित ३ जना।[४३]

४. प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये १ जना महिला हुने।[४४] राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये १ जना महिला हुने।[४५]

५. समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने।[४६]

६. प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये १ जना महिला हुने गरी गर्नुपर्ने र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने।[४७]

७. गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका २ जना सदस्यसमेत गाउँ कार्यपालिकाको सदस्य हुने।[४८]

८. नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका ३ जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने।[४९]

९. जिल्ला सभाले १ जना प्रमुख, १ जना उपप्रमुख, कम्तीमा ३ जना महिला र कम्तीमा १ जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने।[५०]

---

४१. नेपालको संविधान, धारा ८४, १
४२. नेपालको संविधान, धारा ८६ क
४३. नेपालको संविधान, धारा ८६ ख
४४. नेपालको संविधान, धारा ९१, २
४५. नेपालको संविधान, धारा ९१, २
४६. नेपालको संविधान, धारा १७६, ६
४७. नेपालको संविधान, धारा १८२, २
४८. नेपालको संविधान, धारा २१५, ४
४९. नेपालको संविधान, धारा २१६, ४
५०. नेपालको संविधान, धारा २२०, ३

१०. गाउँ सभामा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिका सदस्य रहने ।[५१]

११. गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा २ जना महिलाको प्रतिनिधित्व हुने ।[५२]

१२. नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडाध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित ४ सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने ।[५३]

१३. नगर सभामा प्रत्येक वडाबाट कम्तीमा २ महिलाको प्रतिनिधित्व हुने ।[५४]

### ४.२.२ निर्वाचन ऐन तथा कानुन

**राजनीतिक दलसम्बन्धी ऐन, २०७३** : दलको सङ्गठनात्मक संरचनामा विधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुनेगरी आफ्ना सदस्यहरूमध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्ने ।[५५] दलको सबै तहको समितिमा कम्तीमा एकतिहाइ महिला सदस्य हुने व्यवस्था गर्नुपर्नेछ ।[५६]

**प्रतिनिधि सभा निर्वाचनसम्बन्धी ऐन, २०७४** : प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने ।[५७] समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्धारण गरिएको कुल सदस्य सङ्ख्याको १० प्रतिशत भन्दा कम सिट प्राप्त गर्ने दलले कम्तीमा एकतिहाइ महिला निर्वाचित हुने गरी यथासम्भव अन्य समावेशी आधारसमेत मिलाइ निर्वाचित हुने उम्मेदवारको सूची पठाउनुपर्ने ।[५८] पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा धरौटी रकम ५० प्रतिशत छूट हुनेछ ।[५९]

**स्थानीय तह निर्वाचन ऐन २०७३** : निर्वाचन प्रणालीमा गाउँपालिका वा नगरपालिकाको वडा समितिका १ जना दलित महिलासहित २ वडा सदस्य र २ वडा सदस्यको निर्वाचनमा सबै भन्दा बढी मत ल्याउने २-२ जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने ।[६०] गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यका लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफूमध्येबाट गाउँ कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने ५ जना निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा गोप्य मतदानद्वारा निर्वाचन गरिने ।[६१] जिल्ला समन्वय समितिका लागि सम्बन्धित जिल्ला

---

५१. नेपालको संविधान, धारा २२२ (२)
५२. नेपालको संविधान, धारा २२२ (३)
५३. नेपालको संविधान, धारा २२३(२)
५४. नेपालको संविधान, धारा २२३(३)
५५. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ दफा १५(३)
५६. राजनीतिक दलसम्बन्धी ऐन, २०७३ दफा १५ उपदफा (४)
५७. प्रतिनिधि सभा निर्वाचनसम्बन्धी ऐन, २०७४, दफा २८ उपदफा (३,५,६ र ७))
५८. प्रतिनिधि सभा निर्वाचनसम्बन्धी ऐन, २०७४, दफा ६० उपदफा (४,६ र ८)
५९. प्रतिनिधि सभा निर्वाचनसम्बन्धी ऐन, २०७४, दफा ७० उपदफा (२)
६०. स्थानीय तह निर्वाचन ऐन २०७३: दफा ६ उपदफा २
६१. स्थानीय तह निर्वाचन ऐन २०७३: दफा ६ उपदफा ३

सभाका सदस्यले सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरूमध्येबाट १ जना प्रमुख, १ जना उपप्रमुख, कम्तीमा ३ महिला र कम्तीमा १ दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई निर्वाचित गर्ने ।[६२] उम्मेदवार मनोनयन गर्दा दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्ने व्यवस्था मिलाउनुपर्ने ।[६३] उम्मेदवार मनोनयन गर्दा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा ५० प्रतिशत धरौटी छूट हुने ।[६४]

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४: प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत उम्मेदवार महिला रहने गरी नाम समावेश गर्नुपर्नेछ। दलले उम्मेदवारको बन्दसूची तयार गर्दा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याका आधारमा यथासम्भव दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदायसमेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम तयार गर्नुपर्नेछ। दलले उम्मेदवारको बन्दसूची तयार गर्दा अपाङ्गता भएको व्यक्तिलाई समेत समावेश गर्नुपर्नेछ।[६५]

दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्यासमेत एकिन गरी सम्बन्धित दललाई जानकारी गराउनुपर्नेछ। दलले निर्वाचित हुने उम्मेदवारको सूची पेस गर्दा जनसङ्ख्या र सो दलले प्राप्त गरेको सिट सङ्ख्याका आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुनेगरी यथासम्भव बन्दसूचीमा नाम समावेश भएको क्रमअनुसार सूची पेस गर्नुपर्नेछ।[६६]

## ४.३ राज्यगत निकायहरूमा महिलाको सहभागिता

नेपालको अन्तरिम संविधान २०६३ ले सुनिश्चित गरेको समावेशिता र कम्तीमा ३३ प्रतिशत हुनुपर्ने महिला सहभागिताको अवधारणाका कारण पछिल्लो समयमा नेपालको नीति र निर्णय तहमा महिलाको प्रतिनिधित्व सङ्ख्यात्मकरूपमा बढेको छ। राजनीतिक क्षेत्रमा सुनिश्चित भएको महिलाको सहभागिता अन्य क्षेत्रको सहभागिताको तुलनामा उल्लेखनीय देखिन्छ। वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि अर्थात् २०४८ सालमा भएको निर्वाचनमा जम्मा २६५ सिटमा १० जना महिला संसद्को प्रतिनिधि भएको देखिन्छ जसमा प्रतिनिधि सभामा ७ जना र राष्ट्रिय सभामा ३ जना महिला थिए।

त्यस्तै २०५१ को आमनिर्वाचनमा १२ जना महिला चुनिन सफल भए जसमा प्रतिनिधि सभामा ७ र राष्ट्रिय सभामा ५ जना थिए। यसरी नै २०५६ सालको आमनिर्वाचनबाट जम्मा २१ महिला संसद्मा गएका देखिन्छ। त्यसमा प्रतिनिधि

६२. स्थानीय तह निर्वाचन ऐन २०७३: दफा ६ उपदफा ५
६३. स्थानीय तह निर्वाचन ऐन २०७३ दफा १७ उपदफा ४)
६४. स्थानीय तह निर्वाचन ऐन २०७३ : दफा ६२ उपदफा (२)
६५. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ : दफा २८ उपदफा (३, ५र ६)
६६. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, दफा २८ उपदफा (४ र ६)

सभामा १२ र राष्ट्रिय सभामा ९ जना थिए। जनआन्दोलन २०६२/६३ पछि बनेको संविधान सभा महिला प्रतिनिधित्वको दृष्टिकोणले दक्षिण एसियालगायत विश्वका धेरै देशबीच अग्रणी राष्ट्रका रूपमा रहेको थियो।

नेपालको संविधानको भाग ८ मा सङ्घीय व्यवस्थापिकाको व्यवस्था छ। यसअन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा छ। प्रतिनिधि सभामा २७५ सदस्य र राष्ट्रिय सभामा ५९ जना सदस्य गरी सङ्घीय संसद्मा कुल ३३४ जना सदस्य रहने व्यवस्था छ। हाल प्रतिनिधिसभामा महिला सहभागिता ३३ प्रतिशत र राष्ट्रिय सभामा करिव ३७ प्रतिशत छ। यस्तै प्रदेश सभामा ३३ प्रतिशत र स्थानीय तहमा सबै भन्दा बढी ४१ प्रतिशत महिलाको सहभागिता देखिन्छ।

### निर्वाचित पदहरूमा महिला

| विवरण | महिला |
|---|---|
| सङ्घीय संसद् (राष्ट्रिय सभा र प्रतिनिधि सभा दुवै) | ११२ (४१ प्रतिशत) |
| प्रतिनिधि सभा | ९० |
| प्रदेश सभा | १८९ |
| स्थानीय तह | १४३०८<br>(७ नगर प्रमुख, ११ गाउँपालिका प्रमुख, २७६ उपप्रमुख) |

प्रतिनिधि सभा सङ्घीय कानुन निर्माण गर्ने महत्त्वपूर्ण ठाउँ हो। यसमा महिलाको सहभागिताले महिलामैत्री कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। हाल मिश्रित निर्वाचन प्रणालीअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट आएका महिला सदस्यको सङ्ख्या कुल १६५ सिटमध्ये जम्मा ६ मात्र छ भने समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत कुल ११० सिटमध्ये महिलाको सङ्ख्या ८४। जसअनुसार प्रतिनिधि सभामा महिलाको सहभागिता ९० जना (करिब ३४ प्रतिशत) छ।

प्रतिनिधि सभा र राष्ट्रिय सभामा १६ वटा समिति छन्। तीमध्ये ९ वटा समितिको नेतृत्वमा महिला सांसद र ७ वटामा पुरुष सांसद छन्। यसरी हेर्दा संसदीय समितिको नेतृत्व तहमा करिब ५६ प्रतिशत महिला सहभागिता छ। यसैगरी सङ्घीय संसद्का १२ वटा विषयगत उपसमितिमा ९२ जना महिला छन्।

स्थानीय तहको नीति निर्माण गर्ने प्रमुख वा अध्यक्षमा महिलाहरूको सहभागिता २.४ प्रतिशत छ भने उपप्रमुख वा उपाध्यक्ष पदमा ९३ प्रतिशत महिला छन्। त्यसैगरी वडाध्यक्षमा १ प्रतिशत भन्दा कम महिला निर्वाचित भएका छन्। साथै मनोनयन प्रणालीबाट केही मात्रामा भए पनि महिलाको सहभागिता वृद्धिमा सहयोग पुगेको छ। २०७४ सालमा भएको निर्वाचनमार्फत नेपालको इतिहासमा पहिलोपटक विभिन्न जातजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय तथा सीमान्तकृत समूहबाट ठूलो सङ्ख्यामा प्रतिनिधि निर्वाचित भएका छन्।

**निर्वाचित महिला**

| पद | निर्वाचित प्रतिशत |
| --- | --- |
| मेयर/अध्यक्ष | २ प्रतिशत |
| प्रतिनिधि सभा सदस्य | ३ प्रतिशत |
| प्रदेश सभा सांसद | ५ प्रतिशत |

नेपालको राजनीतिमा महिला सहभागिता एकदमै कम रहेको स्पष्ट छ। अझै पनि कतिपय राजनीतिक दलका केन्द्रीय समितिमा महिलाको ३३ प्रतिशत सहभागिता छैन। मधेसकेन्द्रित दलहरूमा महिला प्रतिनिधित्व अत्यन्त कम रहेको पाइएको छ।

### ४.३.१ वि.सं. २०७४ को प्रादेशिक चुनावमा महिला

२०७४ को प्रादेशिक निर्वाचनका क्रममा लगभग सबै प्रमुख राजनीतिक दलहरूमा महिला उम्मेदवारहरूको सहभागिता देखियो। यसलाई लैङ्गिक समावेशीको सन्दर्भमा एक ऐतिहासिक क्षणका रूपमा जोड दिइयो। २०७२ सालमा संविधान जारी भएपछि सङ्घीय गणतन्त्र प्रणालीमा भएको यो पहिलो प्रदेश र स्थानीय निर्वाचन थियो। यसमा निर्वाचन आयोगले तोकेको ४०.४ प्रतिशत कोटा महिलाले हासिल गरेका छन्। जसमा मेयर र उपमेयरका उच्च पदहरूमध्ये दलहरूले कुनै एक पदमा कम्तीमा एक जना महिला उम्मेदवार समावेश गर्नुपर्ने थियो। तर उम्मेदवारी र पुरुष जनप्रतिनिधि महिला भन्दा बढी छन्।

७ वटै प्रदेशमा २० वटा नगरपालिका र गाउँपालिकामा गरिएको एक अध्ययनका[६७] आधारमा निर्वाचित महिला प्रतिनिधिहरूमध्ये अधिकांशले आधारभूत तहको शिक्षा हासिल गरेका छन्। जसमध्ये धेरैले माध्यमिक तहसम्म औपचारिक शिक्षा हासिल गरेका छन् भने थोरै प्रतिशतले मात्र उच्च शिक्षा हासिल गरेका छन्। सर्वेक्षण गरिएका महिला प्रतिनिधिमध्ये १२% निरक्षर थिए। २२% आधारभूत पढ्न र लेख्न सक्ने थिए। यसले वर्तमान निर्वाचित महिला प्रतिनिधिहरू पुरुषको तुलनामा धेरै हदसम्म अशिक्षित छन् भन्ने सामान्य धारणा र विश्वासलाई खण्डन गर्छ। सर्वेक्षणमा निर्वाचित महिला प्रतिनिधिहरूमध्ये ८९% चुनाव जित्नुअघि सामाजिक समूह, विकास परियोजनाहरू, सामुदायिक गतिविधिहरू र दलीय राजनीतिलगायतका अन्य गतिविधिमा संलग्न भएका तर ४% मात्रैसँग प्रत्यक्ष राजनीतिक अनुभव रहेको देखियो। उल्लेखनीयरूपमा ८८% महिला प्रतिनिधिले कृषि, व्यापार, सामाजिक कार्य/राजनीति र श्रम जस्ता विभिन्न आर्थिक गतिविधिमा संलग्न भएको बताएका छन् भने १२% ले मात्रै निर्वाचनअघि आफू विशुद्ध गृहिणी भएको बताए।

६७. नेपालका स्थानीयरूपमा निर्वाचित महिला प्रतिनिधिहरूको आवश्यकता र क्षमताको अन्वेषणात्मक अध्ययन (२०७४-७५)

### विभिन्न प्रदेशमा निर्वाचित महिला

| राजनीतिक दल | नेपाली कङ्ग्रेस | | एकीकृत मार्क्सवादी-लेनिनवादी | | माओवादी केन्द्र | | सङ्घीय समाजवादी | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय निर्वाचनमा निर्वाचित प्रतिनिधि | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| प्रदेश १ | ७९४ | १२०४ | ८१० | ११३३ | ३६७ | ८६८ | १०५ | १३९ | १७० | २५७ |
| प्रदेश २ | ६८९ | १०४२ | ५३८ | ७११ | ४६३ | ६६५ | ४४५ | ६१० | ५८५ | ८५७ |
| प्रदेश ३ | ६७३ | १०९३ | १२७८ | १७४९ | ३४९ | ५२२ | ५८ | १०४ | ० | ० |
| प्रदेश ४ | ७११ | १०५३ | ७०२ | ९५० | १४३ | २०८ | ० | ० | ६१ | १०४ |
| प्रदेश ५ | ६५१ | ९४८ | ८१० | ११३३ | ३६७ | ८६८ | १०५ | १३९ | १७० | २५७ |
| प्रदेश ६ | ४०१ | ६४३ | ५५४ | ८६२ | ४९६ | ६६९ | ० | ० | ४४ | ७६ |
| प्रदेश ७ | ६२४ | ९४३ | ६९२ | ९४३ | २२१ | ३१३ | ० | ० | ४१ | ६४ |

*स्रोत : निर्वाचन आयोग*


### ४.३.२ वि. सं. २०७४ को प्रतिनिधि सभा र प्रदेश सभामा लिङ्गका आधारमा निर्वाचित उम्मेदवारहरू

राष्ट्रपति (१), प्रतिनिधि सभामा १७, प्रदेश सभामा ६ र राष्ट्रिय सभामा २१ जना महिला प्रतिनिधि कायम भए पनि पुरुष र महिला निर्वाचित जनप्रतिनिधिको अनुपात (९१.१६% : ८.१३%) मा गहिरो अन्तर देखिन्छ। यसले नेपाली राजनीतिमा अझै पनि शक्ति संरचना र पदानुक्रम हावी रहेको देखिन्छ र महिलाको राजनीतिक सहभागिताको स्थितिमा अझै सुधार ल्याउन जरुरी देखिन्छ।

| | प्रदेश सभामा निर्वाचित प्रतिनिधि | प्रतिनिधि सभामा निर्वाचित प्रतिनिधि | राष्ट्रिय सभामा निर्वाचित प्रतिनिधि | राष्ट्रपति | उपराष्ट्रपति | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| पुरुष | ३१३ | १५९ | ३५ | - | १ | ५०८ | ९१.८६ |
| महिला | १७ | ६ | २१ | १ | - | ४५ | ८.१३ |
| **कुल जम्मा** | ३३० | १६५ | ५६ | १ | १ | ५५३ | १०० |

*स्रोत : निर्वाचन आयोग*

## प्रदेश सभामा महिला सदस्यहरूको खण्डीकृत विवरण





*स्रोत : भोइसेस अफ वुमन मिडिया*

दिगो विकासका लागि २०३० एजेन्डामा तय गरिएको 'कसैलाई पनि पछि नछोड्ने' प्रतिबद्धतामा प्रगति सुनिश्चित गर्न नयाँ दृष्टिकोण जरुरी छ। जुन मानिसको गणनामा आधारित हुन्छ। यसरी गणना गर्दा पछाडि परेका र पारिएकाहरूको बहिष्करणमा योगदान गर्ने कारकहरूलाई ध्यानमा राख्न तथ्याङ्क सङ्कलन र प्रस्तुतीकरण खण्डीकृत प्रक्रियामा अगाडि बढ्न जरुरी छ।





त्यसैले महिलाका तथ्याङ्कको कुरा गर्दा पनि समग्रमा नेपाली महिलामात्र नभएर त्यसभित्र पनि विभिन्न तरिकाले सीमान्तकृत भएका समूहहरूलाई सम्बोधन गरेर उनीहरूको पनि उपस्थिति वा अनुपस्थिति जनाउनेखालको तथ्याङ्क आवश्यक छ। खण्डीकृत तथ्याङ्क समावेशी समाज निर्माणका लागि अनिवार्य भए तापनि यसको उपलब्धता भने सीमित छ। तथापि उपलब्ध भएसम्मको तथ्याङ्कले पनि महिलाभित्रका पनि सीमान्तकृत वर्गको झलक दिएको छ।

प्रदेश सभामा महिला सदस्यको खण्डीकृत विवरणको आधारभूत अवलोकनबाट पनि आदिवासी, जनजाति, मधेसी, दलित, मुस्लिम, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको न्यून सहभागिता प्रष्टिन्छ। त्यसैगरी सङ्घीय संसद्‌को उपसमितिहरूका महिला प्रतिनिधिहरूमा पनि खस/आर्यकै बाहुल्यता देखिन्छ :



## प्रतिनिधि सभा

१२ विषयगत उप-समितिहरु




*स्रोत : भोइसेस अफ वुमन मिडिया*

अन्य सीमान्तकृत समूहतर्फबाट सन्तोषजनक सहभागिता देखिए पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिको भने न्यून सहभागिता नै देखिन्छ। नीति निर्माण तहमा महिला पहुँचले महिलामैत्री नीति तथा कानुन बन्छ भन्ने विश्वास जसरी लिइएको छ, अन्य सीमान्तकृत समूहको सहभागिता पनि यसै कारणले महत्त्वपूर्ण र जरुरी छ।

## ४.४ राजनीतिक दलको उच्च तहमा महिला सहभागिता

विभिन्न दलले भाषणका क्रममा महिलालाई उचित स्थान दिने बताउँदै आएका छन्। तर उनीहरूको व्यवहार भने त्यस्तो पाइन्न। हरेक निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्नुपर्ने व्यवस्थालाई समेत दलका नेतृत्वले चुनौती दिएका देखिन्छ। त्यसैले सकभर महिलालाई सहभागी नै नगराउने, गराए पनि तल्ला तहहरूमा गराउने र कथंकदाचित गराइहाले पनि अधिकारविहीन बनाउने जस्ता व्यवहार नेताहरूले प्रदर्शन गर्दै आएका छन्।

| दल | समिति | जम्मा सङ्ख्या | महिला | महिला प्रतिशत |
|---|---|---|---|---|
| जनता समाजवादी | केन्द्रीय कार्यकारिणी | ३४ | ५ | १४.७० |
| नेकपा एकीकृत समाजवादी | पदाधिकारी | २२ | ३ | १३.६३ |
| नेकपा माओवादी | केन्द्रीय समिति | २९९ | गठन हुन बाँकी | - |
| राप्रपा | केन्द्रीय समिति | १४९ | ५६ | ३७.५८ |
| नेपाली कङ्ग्रेस | केन्द्रीय समिति | १३४ | ४१ | ३०.५९ |
| नेकपा एमाले | केन्द्रीय कमिटी | ३०१ | १०२ | ३३.८८ |

*स्रोत : सम्बन्धित दलका वेबसाइट र प्रचार सामग्री*

## ४.५ सरकारमा महिलाको सहभागिता

नेपालको संविधानअनुसार सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधान मन्त्रीसहित बढीमा २५ जना मन्त्री रहने गरी मन्त्रिपरिषद् गठन गर्न सकिने व्यवस्था छ। प्रदेश सरकारको मन्त्रिपरिषद्मा भने महिलाको सहभागिता केन्द्रीय सरकारको तुलनामा कम देखिन्छ।

### मन्त्रिपरिषद्मा महिला

मन्त्रिपरिषद्मा केही मात्रामा महिलाको प्रतिनिधित्व भए तापनि राज्यका केही प्रमुख पद, जस्तो- प्रधान मन्त्री, महान्यायाधिवक्ता, प्रमुख निर्वाचन आयुक्त, प्रधान सेनापति, प्रहरी प्रमुख जस्ता पदहरूमा अझैसम्म पनि महिलाको पहुँच पुग्न सकेको छैन। २०४६ सालको जनआन्दोलनपश्चात् बहुदलीय शासन पद्धति र २०६२/६३ को जनआन्दोलनपश्चात् स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुग्दा जम्मा ३९ जना प्रधान मन्त्री भइसकेका देखिन्छ जसमा एकजना पनि महिला प्रधान मन्त्री बन्न सकेका छैनन्। तथापि उपप्रधान मन्त्री, उपसभामुख, संविधान सभाको उपाध्यक्ष,

रक्षा मन्त्रीलगायत अन्य मन्त्री, सर्वोच्च अदालतको न्यायाधीश, राष्ट्रिय मानव अधिकार आयोगको सदस्य तथा संवैधानिक निकायमा आयुक्तको पदमा महिला नियुक्त भएका पाइन्छ।

**पछिल्ला विभिन्न सरकारमा महिला सहभागिता**

| प्रधान मन्त्री | मन्त्री सङ्ख्या | महिलाको सङ्ख्या | महिलाको प्रतिशत |
|---|---|---|---|
| पुष्पकमल दाहाल | २४ | ४ | १६.६६ |
| माधवकुमार नेपाल | ४३ | ५ | ११.६२ |
| झलनाथ खनाल | ३५ | ७ | २० |
| बाबुराम भट्टराई | ४९ | १२ | २४.४८ |
| खिलराज रेग्मी | ११ | १ | ९.०९ |
| सुशील कोइराला | २४ | ३ | १२.५ |
| केपी ओली | ३० | ३ | १० |
| पुष्पकमल दाहाल | ४३ | ४ | ९.३० |
| शेरबहादुर देउवा | ४४ | ९ | २०.४५ |
| केपी ओली | २५ | २ | ८ |
| शेरबहादुर देउवा | २३ | ६ | २६.०८ |

*स्रोत : विभिन्न सञ्चारमाध्यम*


## ४.६ गाउँ र नगर सभामा महिला

संविधानले देशभर ७५३ वटा स्थानीय तह रहने व्यवस्था गरेको छ। यी स्थानीय तहका निर्वाचित कुल सदस्य सङ्ख्या ३५ हजार ४१ रहेकामा महिलाको सङ्ख्या १४३५३ छ। यो आँकडा हेर्दा स्थानीय तहमा महिलाको प्रतिनिधित्व ४०.९६ प्रतिशत देखिन्छ। स्थानीय तहमा निर्वाचित पदाधिकारीको यो सङ्ख्या मुलुकको इतिहासमै राजनीतिक तहमा अहिलेसम्मकै उच्च सहभागिता हो।

यसले आगामी दिनहरूमा स्थानीय तहमा महिलाको सहभागिता वृद्धि गर्नुका साथै महिलाको सशक्तीकरण गरी उच्च तहको राजनीतिक संरचनामा पनि महिलाको सहभागिता बढाउन मद्दत पुऱ्याउँछ। स्थानीय तहको पालिकाको सदस्यमा १ जना महिला सदस्य र १ जना दलित महिला सदस्य अनिवार्य हुनुपर्ने कानुनी व्यवस्थाका कारण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूमा महिलाको सङ्ख्या सन्तोषजनक रूपमा बढेको छ।

राजनीतिक दलका विभिन्न कार्यसमिति र त्यसको निर्णायक तहमा महिलाको सहभागिता यथेष्ठ मात्रामा हुन सकेको देखिँदैन। त्यसैगरी संवैधानिक निकाय तथा कूटनीतिक क्षेत्रमा महिलाको सहभागितामा उल्लेख्य मात्रामा वृद्धि हुन सकिरहेको छैन।

## विभिन्न संसद्मा महिला सहभागिता




*स्रोत : संवैधानिक सवालहरूमा रचनात्मक छलफल, प्रकाशक– संवैधानिक कानुन व्यवसायी तथा सञ्चारमाध्यमहरू*

# महिला अधिकार प्राप्ति र संरक्षणमा राष्ट्रिय महिला आयोग

## ५.१ पृष्ठभूमि

राष्ट्रिय महिला आयोगको गठन २०५८ साल फागुन २३ गते (७ मार्च २००२) भएको थियो। आयोगको कामलाई व्यवस्थित तुल्याउन राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा थिए। संविधान सभाबाट २०७२ असोजमा नेपालको संविधान जारी भएपश्चात राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गऱ्यो। संविधानको भाग २७, धारा २५२, २५३ र २५४ मा आयोगको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापनासम्बन्धी व्यवस्था समेटिएका छन्। संवैधानिक मान्यता प्राप्त भएसँगै आयोगको कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्व वृद्धि हुन गएको छ। आयोगको कामकारबाहीलाई व्यवस्थित गर्न हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भई कार्यान्वयनमा छन्।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकका रूपमा स्थापित गरी त्यसअन्तर्गत विभिन्न हक/अधिकार व्यवस्था गरिएको छ। संविधान तथा प्रचलित कानुनमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धित हक/अधिकारको प्रभावकारी कार्यान्वयन गर्न/गराउनका लागि आयोगले नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्दै आएको छ।

आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ। आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानुनी परामर्श उपलब्ध गराउनेलगायतका कार्यलाई निरन्तरता दिँदै आएको छ।

महिलाको हक, हितको संरक्षण र संवर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारीरूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ। संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ।

## ५.२. राष्ट्रिय महिला आयोग गठन तथा काम, कर्तव्य र अधिकार

### ५.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था उल्लेख गरिएको छ जसमा अध्यक्ष र ४ जना सदस्य रहने संवैधानिक व्यवस्था छ। कम्तीमा १० वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, ४५ वर्ष उमेर पूरा भएका महिला, आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने कुरा संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

### ५.२.२. नेपालको संविधानअनुसार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छ :

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

- (क) महिलाको हक/हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेश गर्ने,
- (ख) महिलाको हक/हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकारसमक्ष सुझाव दिने,
- (ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- (घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,
- (ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- (च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ।

### ५.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने उल्लेख छ :

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानुनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए/नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) संविधान तथा कानुनप्रदत्त महिलाका अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयनबारे अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) महिलाविरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाबारे अध्ययन/अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूबारे नेपाल सरकारलाई सुझाव दिने,

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणका लागि पुँजी, स्रोत/साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ङ) महिलाको हक/हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) महिलाविरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सिर्जना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) महिलाविरुद्धको हिंसा वा विभेदको कारण सामाजिकरूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्थाका लागि सिफारिस गर्ने,

(ज) आयोगले गरेका सिफारिस कार्यान्वयनको अवस्था अनुगमन गर्ने वा गराउने,

(झ) सदस्य तथा आयोगका कर्मचारीका लागि आचारसंहिता बनाइ लागु गर्ने,

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

### ५.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐनबमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहायबमोजिमका काम गर्न सक्ने उल्लेख छ :

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ख) महिलाविरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकारलगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन/अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) समाजमा विद्यमान महिलाविरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकारलगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारका लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्ने,

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन,

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनर्स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्ने,

(च) सुरक्षित आश्रयस्थल, पुनर्स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसापीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सिप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) महिला हिंसा, विभेद, कुरीतिविरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) महिलाको हक/हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाका क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने,

(झ) हिंसापीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनर्स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिने,

(ञ) सरकारी तथा गैरसरकारी निकायबाट महिला तथा बालबालिकाका लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिकमैत्री भए/नभएको अनुगमन गर्ने र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्ने,

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन/अनुसन्धान गरी/गराइ नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्ने,

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनका लागि नेपाल सरकारलगायत विभिन्न निकायमा सिफारिस गर्ने,

## ५.३. आयोगमा पदाधिकारीहरूको नियुक्ति

नेपालको संविधानको भाग-२७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्रका कार्यहरू प्रभावकारीरूपमा सम्पादन गर्नका लागि पदाधिकारीहरू नियुक्त भई पद बहाली भएको अवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहायबमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नुभएको छ :

१. श्री कमलाकुमारी पराजुली - अध्यक्ष

२. श्री कृष्णकुमारी पौडेल खतिवडा - सदस्य

३. श्री विद्याकुमारी सिन्हा - सदस्य

आयोगको रिक्त २ सदस्य पदमा सम्माननीय राष्ट्रपतिबाट २०७८ असार १० गते देहायबमोजिमका सदस्यहरूको नियुक्ति भएको छ :

४. श्री जया घिमिरे - सदस्य

५. श्री सावित्राकुमारी शर्मा - सदस्य

## ५.४ आयोगका प्रमुख कार्यक्रम

| क्र.सं. | उद्देश्य | | नियमित कार्यक्रमहरू |
|---|---|---|---|
| १. | **जनचेतना अभिवृद्धि** | १. महिला हक/हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।<br>२. महिलाविरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सिर्जना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | • सार्वजनिक सुनुवाइ<br>• विद्यालय तहमा महिला अधिकार प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम<br>• प्रथा, परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल<br>• विभिन्न सरोकारवाला निकायसँग महिला हिंसासम्बन्धी छलफल अन्तरक्रिया |
| २. | **अनुगमन तथा अध्ययन/ अनुसन्धान** | • महिलाको हक/हितसँग सम्बन्धित प्रचलित कानुन पालना भए/नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने।<br>• नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि/सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए/नभएको अनुगमन गरी सुझाव दिने।<br>• सरकारी, गैरसरकारी वा निजी क्षेत्रको अनुगमन गरी सुझाव दिने।<br>• महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न लागु गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने। | • आयोगको वार्षिक कार्यक्रममा यससम्बन्धी विषयहरू समावेश गरी नियमिततवरमा कार्यान्वयन गर्दै आइरहेको।<br>• आयोगका पदाधिकारी तथा कर्मचारीबाट हिंसाका घटनाका साथै अन्य सेवाप्रदायक सङ्घ/संस्थाको समेत अनुगमन गरी सुझाव दिने। |

| क्र.सं. | उद्देश्य | | नियमित कार्यक्रमहरू |
|---|---|---|---|
| | | • महिलाको समुचित विकास तथा लैङ्गिक समानता कायम गर्न महिलाका लागि सञ्चालित कार्यक्रम, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना, संविधानप्रदत्त हक/अधिकारको प्रचलनलगायतका विषयमा अध्ययन/अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने। | |
| ३. | **उजुरी व्यवस्थापन** | हिंसापीडित महिला तथा बालिकालाई निःशुल्क कानुनी परामर्श तथा सहयोग। | महिला हिंसासम्बन्धी उजुरी लिइ सोको व्यवस्थापन तथा आवश्यकताअनुसार अन्य निकायमा सिफारिस गर्ने गरिएको। |

## ५.५ नेपालमा महिलामाथिको हिंसा

आधुनिक विज्ञान र प्रविधिको यो युगमा पनि परम्परावादी सोच, चिन्तन तथा दृष्टिकोणका कारण नेपाली समाजमा महिलाविरुद्धको हिंसा जारी नै छ। अझै पनि पितृसत्तात्मक सोचभित्र महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकिरहेको छैन। कानुनले कतिपय यस्ता हिंसालाई अपराधपूर्ण र गैरकानुनी कार्यका रूपमा परिभाषित गरे पनि निर्णायक र कार्यान्वयन तहमा ती समस्याको प्रभावकारी सम्बोधन हुन सकेको छैन। राज्यका सबै निकाय र तहमा संरचनात्मकरूपमा रहेको सामाजिक अन्धविश्वास, विकृतिजन्य मूल्य र मान्यताहरू एवं कुरीति र पुरातनवादी सोचले महिलामाथिका हिंसाले निरन्तरता पाइरहेको छ। यसको परिणामस्वरूप महिलाहरू घर, परिवार, समाजमा नै दोस्रो तहको नागरिकका रूपमा बाँच्न बाध्य छन्। जसका कारण उनीहरूले सामाजिक अपमान एवं लाञ्छना र घृणा खेप्नुपरेको छ।

त्यतिमात्र होइन, दाइजो र तिलकको निहुमा दिनहुँ कैयौँ नारीले ज्यान गुमाउनुका साथै बोक्सीको आरोपमा यातना खेप्नुपरेको छ। अहिले पनि नेपाली समाजमा बोक्सी, छाउपडी, झुमा, देउकी, कुमारी, बैकल्या जस्ता कैयौँ कुरीति र प्रथा विद्यमान छन्। यस्ता कुरीति र प्रथा महिलामाथिको हिंसा र शोषणका बलिया उदाहरण हुन्। अहिले पनि महिला यातना र हिंसा सहन नसकेर आत्महत्या गर्न विवश छन्। अझ विशेषगरी क्षेत्रगतरूपमा रहेका अनेकौँखालका अन्धविश्वास, गरिबी, अशिक्षा र पछौटेपनले गर्दा महिलाको कठोर जीवनशैली र पारिवारिक नियन्त्रण कायमै छन् जसले महिला हिंसलाई अरू मलजल गरेको छ।

विश्वमा नै महिलामाथिको हिंसा कुनै न कुनैरूपमा विद्यमान छन् र यस्तो हिंसालाई दिगो मानव विकासको प्रमुख बाधक र लैङ्गिक समानता हासिल गर्ने बाटोको गम्भीर अवरोधका रूपमा स्वीकार गरिएको छ।

### ५.५.१ नेपालमा महिलामाथिको हिंसाका कारण

नेपालमा महिलामाथिका हिंसाका कैयौँ कारण विद्यमान छन्। पितृसत्तात्मक सोच, कुरीति र कुप्रथाहरू, अन्धविश्वास, लैङ्गिक असमानता र भेदभाव, वैवाहिक अवस्था, गरिबी, अशिक्षा, सम्पत्तिमाथि पुरुषको नियन्त्रण, पारिवारिक विखण्डन आदि यस्ता हिंसा जोखिमका केही साझा कारण हुन्। जुन कुरा विभिन्न स्तरमा भएका अध्ययन र हिंसा नियन्त्रण हेर्ने राज्यका विभिन्न निकायहरूमा आएका घटनाले पुष्टि गरेका छन्। पछिल्लो समयमा वैदेशिक रोजगार, श्रीमान् घर छाडेर काम गर्न बाहिर जानु, कम उमेरमा विवाह हुनु र महिलाहरू नागरिकताबाट विमुख हुने कारणहरूले पनि यस्ता जोखिमका कारण बढिरहेका छन्। अन्धविश्वास, कुरीति र कुप्रथाहरू, पितृसत्तात्मक सोच र मान्यता, शिक्षा र चेतनाको कमी, नीति निर्माण तथा कार्यान्वयन तहमा महिलाको न्यून सहभागिता, कानुनको अपर्याप्तता र फितलो कार्यान्वयन, राजनीतिक द्वन्द्व र अस्थिरता, हिंसा सहने र हिंसालाई बाहिर ल्याइयो भने बेइज्जत हुन्छ भन्ने सोच आदि कारणहरूले नेपालमा महिला हिंसालाई निरन्तरता दिँदै आइरहेका छन्।

नेपालमा राज्य वा गैरराज्यबाट गरिने लैङ्गिक भेदभावका अतिरिक्त परम्परागत मूल्य/मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। अहिले घरेलु हिंसा, बोक्सीको आरोपमा र दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाको सङ्ख्या उल्लेख्य देखिन्छ।

तराईमा दाइजो प्रथाका कारण महिलामाथि अत्यधिक हिंसा हुने गर्छ। घटना सार्वजनिक गर्दा महिलाले थप मानसिक तथा शारीरिक पीडा खप्नुपर्ने अवस्था सिर्जना हुने हुँदा दाइजोका कारण हुने हिंसाका घटना कमै बाहिर आउने गर्छन्। दाइजोका कारण परिवारबाट हिंसाको सिकार बन्नुपर्दा महिलाले ज्यानै गुमाएका घटना पनि भएका छन्। घर निकाला गरिनु, जिउँदै जलाउने प्रयत्न गरिनु र घर/परिवारबाट शारीरिक तथा मानसिक यातनाको सिकार बन्नु हिंसापीडित महिलाको नियति बन्ने गरेको छ। २०७८ सालको कात्तिकमा मात्र महोत्तरी जिल्लामा ३ जना महिलामाथि बोक्सीको आरोपमा क्रूर यातना दिइयो। १ जना महिलालाई त बोक्सीको आरोपमा आफ्नै देवरले हत्यासमेत गरे।

### ५.५.२ हिंसाको परिणाम

महिलामाथिको हिंसाका कारण स्वयं महिलामात्र नभएर यसले सिंगो समाज र राष्ट्रलाई नै प्रभावित पारेको हुन्छ। यस्ता असमान लैङ्गिक सोच, मनोवृत्ति, कुरीति र कुसंस्कारका रूपमा रहेका सामाजिक मूल्य/मान्यता र विश्वासले महिलालाई हिंसाको जोखिममा मात्र पारेको नभई यसले उनीहरूको सोचाइ, व्यवहार, सिकाइ, शिक्षा, पेसा र निर्णय क्षमता आदिलाई समेत प्रभाव पारेको देखिएको छ। यसले समाजमा लैङ्गिक असमानता बढाउन र महिलालाई शक्तिहीन अवस्थामा पुऱ्याउन प्रत्यक्ष योगदान गरेको छ। यसले पीडितलाई नै आफैँ हिंसाको कारण भएको जस्तो बनाइदिने र उनीहरूलाई सम्बन्धित निकायबाट कुनै पनि मद्दत र न्यायिक उपचारबाट विमुख बनाइदिने पनि गरेको छ।

## ५.६ राष्ट्रिय महिला आयोगमा परेका उजुरी र प्रकृति

२०७८ साउन १ गतेदेखि २०७८ माघ मसान्तसम्ममा विभिन्न प्रकृतिका ८३१ उजुरी राष्ट्रिय महिला आयोगमा दर्ता भएको छन्। जसमा ७४० उजुरी घरेलु हिंसाका छन् भने ९० वटा उजुरी महिला हिंसासँग सम्बन्धित छन्।

| घरेलु हिंसाका प्रकार | पीडित सङ्ख्या |
|---|---|
| शारीरिक हिंसा | ४३४ |
| मानसिक हिंसा | ७७३ |
| आर्थिक हिंसा | ५५५ |
| यौनजन्य हिंसा | ५६ |

आयोगमा दर्ता भएका उजुरीहरूको विश्लेषण गर्दा मानसिक हिंसाका घटना सबै भन्दा बढी मात्रामा आउने गरेका छन् ।

### ५.६.१ प्रदेशगतरूपमा प्राप्त उजुरी


| | प्रदेश नं. १ | मधेस प्रदेश | वाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर पश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| घरेलु हिंसा | २४ | २८ | ६५१ | २२ | ९ | ३ | २ |
| महिला हिंसा | १ | १२ | ६५ | २ | ५ | ० | १ |
| **जम्मा** | **२५** | **४०** | **७१६** | **२४** | **१४** | **३** | **३** |

राष्ट्रिय महिला आयोगमा दर्ता हुने उजुरीमध्ये सबै भन्दा बढी उजुरी वाग्मती प्रदेशबाट प्राप्त भएको छ। हेल्पलाइनको प्रचारप्रसार वाग्मती प्रदेशमा बढी भएकाले पनि उजुरीको सङ्ख्या यहाँ बढी भएको हुन सक्छ ।

### ५.६.२ आयोगमा प्राप्त उजुरीमा हिंसाका प्रकार


| हिंसाको प्रकार | सङ्ख्या |
|---|---|
| आर्थिक यातना | ४६१ |
| मानसिक यातना | ७४१ |
| शारीरिक हिंसा | ४१२ |
| चारीत्रिक हत्या | १३३ |
| यौनजन्य दुर्व्यवहार | ३६ |
| बहुविवाह | १९ |
| साइबर क्राइम | ७ |
| सम्बन्ध विच्छेद | २३ |
| दाइजोसँग सम्बन्धीत हिंसा | १० |
| कानुनी कागजातसम्बन्धी समस्या : जन्म दर्ता | २९ |
| कानुनी कागजातसम्बन्धी समस्या : नागरिकता | १९ |
| कानुनी कागजातसम्बन्धी समस्या : विवाह दर्तासम्बन्धी हिंसा | ५१ |
| कानुनी कागजातसम्बन्धी समस्या : सम्पतिको स्वामित्व | ३२ |
| बलात्कार | ११ |

### ५.६.३ पीडितको उमेर समूह




दर्ता भएको उजुरीमध्ये सबै भन्दा बढी उजुरी २६ देखि ४० उमेर समूहको छ भने सबै भन्दा कम उजुरी ६० वर्ष भन्दा माथिको उमेर समूहको छ।

### ५.६.४ पीडितको वैवाहिक स्थिति




सबैभन्दा बढी उजुरी विवाहित महिलाको आउने गरेको छ भने कम मात्रामा विधवा, सम्बन्ध विच्छेद भइसकेका र एकल महिलाको पनि आउने गरेको छ।


### ५.६.५ पीडितको शैक्षिक स्तर

आयोगमा दर्ता हुने उजुरीको विश्लेषण गर्दा सामान्य लेखपढ गर्नेदेखि लिएर स्नातकोतर गरेका व्यक्तिहरूले समेत उजुरी गरेका छन्।




## ५.६.६ पीडितको जातीयता

आयोगमा दर्ता भएको उजुरीको विश्लेषण गर्दा सबै भन्दा बढी उजुरी बाह्मण र क्षत्रीको छ भने सबै भन्दा कम उजुरी दलित समुदायको छ।



## ५.७ महिला हिंसा सम्बोधनमा हेल्पलाइन

राष्ट्रिय महिला आयोगले घरेलु हिंसा, महिलामाथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकालाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले '**खबर गरौँ ११४५**' हेल्पलाइन सेवा सञ्चालन गरेको हो। हेल्पलाइनमा फोन, एसएमएस, स्वयं उपस्थित भएर, इमेल (info@nwc.gov.np) वा वेबसाइट (www.nw.cgov.np) बाट पनि सम्पर्क गर्न सकिन्छ।

हेल्पलाइनको माध्यमबाट महिला हिंसाविरुद्ध कार्य गरिरहेका विभिन्न सेवाप्रदायकको समन्वय र सहकार्यमा पीडितलाई कानुनी सहयोग, मनोसामाजिक मनोविमर्श, संरक्षण, स्वास्थ्य उपचार, बालिकाहरूका लागि विशेष सेवा, सामाजिकीकरण, पुनर्स्थापनालगायतका सेवा र सुविधाहरू उपलब्ध हुँदै आएका छन्।

हेल्पलाइनको उद्देश्य समाजमा हुने घरेलु हिंसा, महिला हिंसा, लैङ्गिक हिंसा एवम् विभेदपूर्ण कार्यबाट पीडित र प्रभावित महिला तथा बालिकालाई हेल्पलाइन सेवाको माध्यमद्वारा तत्काल सहयोग पुऱ्याउने रहेको छ। यसका अन्य उद्देश्य निम्नानुसार छन् :


- घरेलु हिंसा तथा लैङ्गिक हिंसाबाट पीडित र प्रभावित महिला, बालिकाको उद्धार, राहत, संरक्षण, अल्पकालीन आवास, कानुनी सहयोग, मध्यस्थता, मेलमिलाप, स्वास्थ्य सेवा र मनोविमर्श सेवा प्रदान गर्ने।
- लैङ्गिक हिंसाविरुद्धका जटिल घटनाहरूको सत्य तत्थ्य अनुगमन गरी कारबाहीका निम्ति सिफारिस गर्ने र समस्या समाधानको पहल गर्ने,
- सरोकारवाला निकाय तथा संस्थाहरूको सहकार्यमा हिंसाबाट पीडित र प्रभावित महिला तथा बालिकाको सामाजिक तथा पारिवारिक पुनर्मिलन गर्ने,
- महिला तथा बालिकालाई नियोजितरूपमा हिंसापूर्ण व्यवहार गर्ने तथा गराउने व्यक्ति वा समूहका विरुद्ध कानुनी कारबाहीको पहल गर्ने,
- घरेलु तथा लैङ्गिक हिंसाविरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने,
- घरेलु तथा लैङ्गिक हिंसाविरुद्ध नीतिगत पैरवी गर्ने,

हेल्पलाइनमा पीडित स्वयंले, पीडितका आफन्त वा साथीले, हिंसाका घटना भएको देख्ने वा सुन्ने व्यक्तिले, हिंसाका घटना हुन सक्छ भनेर थाहा पाउने व्यक्तिले, लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथामसम्बन्धी काम गर्ने सङ्घ/संस्था तथा अन्य व्यक्तिले पनि उजुरी गर्न सक्छन्।

### ५.७.१ महिला हिंसा सम्बोधनमा हेल्पलाइनको प्रभावकारिता


घरेलु तथा लैङ्गिक हिंसाको समस्या वा प्रभावमा परेका महिला तथा बालिकाका लागि हेल्पलाइन उजुरी गर्ने सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ। समस्यामा परेका महिला तथा बालिकाले हेल्पलाइनमा आफ्ना कुरा निर्धक्कसाथ राख्ने गरेका छन् र आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्ने गरेका छन्। हेल्पलाइनमा सम्पर्क गर्नेले घरेलु तथा लैङ्गिक हिंसा एवं हेल्पलाइन सेवाबारे जानकारी लिने र सोको जानकारी अरूलाई पनि गराउँदै आएका छन्।

मङ्सिर २०७४ देखि माघ मसान्तसम्ममा हेल्पलाइनमा ६०१७ मुद्दा दर्ता भएका छन् जसमध्ये पीडितहरूले १५,९८१ मुद्दासम्बन्धी सेवा प्राप्त गरेका छन्। हेल्पलाइनमार्फत १६२५७ जनालाई सूचना प्रदान गरिएको छ भने ७२१ जनालाई विभिन्न निकायमा सिफारिस गरिएको छ। ६०७६ जनालाई प्रहरीसँग जोडिएको छ।





**हेल्पलाइन मार्फत प्रदान गरिएका सेवाहरू**

हेल्पलाइनमार्फत १५९८१ सेवा प्रदान गरिएको छ जसमध्ये कानुनी परामर्श तथा सहयोग, मनोसामाजिक मनोविमर्श, मनोचिकत्सीय सेवाहरू, आश्रयस्थलसम्बन्धी सेवाहरू, रोजगारी, मेलमिलाप, बालबालिकासम्बन्धी सेवा छन्।


Total Services
15981
3956
Psychosocial Counselling (Family, Individual, Couple or Group)
1873
1065
662
356
6420
Legal Counselling
1117
4781
392
130
252
Legal Case Work
191
7
54
140
Formal Education
100
40
263
Case Meeting
65
198
Employment
36
Paralegal Services
107
1145
Court Representation
101
1017
27
633
Shelter Services
494
139
222
Family Reintegration
178
44
485
Medical
420
70
381
Vocational Training
361
20
Rescue
79
76
Mental Health (Extensive Psychiatric Support)
38
38
1158
Mediation services
82
1058
18
589
Field Visit
439
144
6


### ५.७.२ हेल्पलाइनमार्फत सिफारिस गरिएका उजुरी

हेल्पलाइनमार्फत प्राप्त उजुरीमध्ये १३९८ उजुरीहरूमा कानुनी परामर्श तथा सहयोग प्रदान गरिएको छ। २१४ जनालाई आश्रयस्थलसम्बन्धी प्रदान गरिएको छ, ७७३ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ भने २३८ जना बालबालिकालाई विभिन्न सेवा प्रदान गरिएको छ।




#### हेल्पलाइनमा दर्ता भएको उजुरी

हेल्पलाइनमा प्राप्त उजुरीमध्ये ४० प्रतिशत उजुरी मानसिक हिंसासम्बन्धी छन्। ३० प्रतिशत उजुरी आर्थिक हिंसासम्बन्धी, २४ प्रतिशत उजुरी शारीरिक हिंसासँग र ६ प्रतिशत उजुरी यौनजन्य हिंसासँग सम्बन्धित छन्।



खबर गरौँ ११४५ हेल्पलाइन सेवाले बन्दाबन्दीको समयमा समेत हिंसापीडितहरूलाई निरन्तर सहयोग पुऱ्याएको थियो। कोभिड-१९ का कारण फैलिएको महामारीबाट बच्न नेपाल सरकारले लागु गरेको बन्दाबन्दीको अवधिमा समेत महिला तथा बालबालिकामाथि हिंसा हुन सक्ने कुरालाई मध्यनजर गर्दै आयोगले खबर गरौँ हेल्पलाइन सेवा ११४५ लाई चौबीसै घण्टा सञ्चालन गरी प्रभावितहरूका लागि विभिन्न निकायसँगको समन्वयमा सबै सेवालाई निरन्तरता दिएको थियो।

बन्दाबन्दीको समयमा आयोगले मनोसामाजिक परामर्श आवश्यक भएका हिंसा प्रभावितहरूलाई खबर गरौँ ११४५ हेल्पलाइन सेवामार्फत सेवा प्रदान गर्नुका साथै साझेदार संस्था टि.पि.ओ. नेपालको टोल फ्रि नं. १६६००१०२००५ मार्फत बिहान ८.०० देखि साँझ ६.०० बजेसम्म मनोसामाजिक परामर्श र मनोचिकित्सकीय सेवाहरू प्रदान गर्दै आएको छ। त्यसैगरी आयोगका कर्मचारी, कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC) र टि.पि.ओ. नेपालमार्फत कानुनी परामर्श प्रदान गर्दै आएको छ। प्रभावितहरूलाई तत्काल उद्धार गरी आश्रयस्थलको सेवा दिन आवश्यक भएको अवस्थामा साथी संस्थासँगको साझेदारीमा अल्पकालीन आश्रयसेवा दिँदै आएको छ भने आवश्यकतानुसार अन्य संस्थासँग पनि समन्वय गर्दै आएको छ। बन्दावन्दीको अवधिमा आएका नयाँ पीडितहरूलाई आश्रयस्थलमा राख्नुअघि कोभिड-१९ को परीक्षण गरी नकारात्मक नतिजापश्चात मात्र आश्रयस्थलमा राख्ने व्यवस्था गरिएको छ। यसैगरी हिंसाबाट प्रभावित बालबालिकाहरूका लागि साझेदार संस्था सिविनमार्फत विशेषगरी मनोसामाजिक परामर्श, आश्रयस्थलको सेवाका साथै अन्य आवश्यक सेवाहरू प्रदान गर्दै आएको छ।

कोभिड-१९ महामारीका कारण भएको ४ महिनाको बन्दाबन्दी (चैत ११, २०७६ देखि असार १०, २०७७) को अवधिमा खबर गरौँ ११४५ हेल्पलाइन सेवामा जम्मा १५४५ वटा लैङ्गिक हिंसासम्बन्धी विभिन्न किसिमका जानकारीका लागि फोनकल प्राप्त भएका थिए। यस क्रममा ३८७ वटा उजुरी दर्ता भएका थिए। यसैगरी बन्दाबन्दीको समयमा १५६६ वटा पुनः ताकेता (Follow-up) फोनकल प्राप्त भएका थिए। फोनकल गर्ने २३२ जनालाई विभिन्न सङ्घ/संस्थाहरूसँग समन्वय गरी आवश्यक सेवामा पहुँच पुऱ्याईएको थियो। यस समयमा जानकारीका लागि आएका फोनकलको सङ्ख्या पहिलेको तुलनामा उल्लेखनीयरूपमा वृद्धि भएको थियो। यस बन्दाबन्दीको समयमा पहिले नै उजुरी दर्ता गरेका पीडितहरू पनि हेल्पलाइनको सम्पर्कमा आएका कारणले पनि फलोअप फोनकलको सङ्ख्यामा वृद्धि भएको थियो।

यस समयमा आयोग तथा अन्य साझेदार संस्थाहरूमार्फत विभिन्न सेवा प्रदान गरिएको थियो जसमा ७७८ मनोसामाजिक मनोविमर्शको सत्र ३६१ कानुनी परामर्शको सत्र प्रदान गरिएको थियो। यसका अतिरिक्त हिंसापीडित महिलाहरूलाई आवास सेवा, मनोसामाजिक परामर्श, उद्धार, आकस्मिक राहतलगायतका सेवाहरू पनि प्रदान गरिएको थियो।

यस अवधिमा दर्ता भएको उजुरीमा ४४ प्रतिशत पीडितहरू मानसिक हिंसा, २६ प्रतिशत पीडितहरू शारीरिक हिंसा, २३ प्रतिशत पीडितहरू आर्थिक हिंसा र ६ प्रतिशत पीडितहरूले यौनजन्य हिंसा भोग्नुपरेको हेल्पलाइनको तथ्याङ्कबाट देख्न सकिन्छ। यस अवधिमा खबर गरौँ ११४५ हेल्पलाइन सेवामा प्राप्त भएको फोनकलमा आधारित हुँदा १२३७ घरेलु हिंसा र ३०६ वटा महिला हिंसासँग सम्बन्धित घटना थिए। बन्दाबन्दीको अवधिमा हेल्पलाइनमा प्राप्त फोनकलहरूमध्ये घरेलु हिंसासँग सम्बन्धित फोनकल यस अवधिको चौथो महिनामा बढी आएको थियो भने महिला हिंसासम्बन्धी फोनकल तेस्रो महिनामा बढी आएको थियो। हेल्पलाइनमा आएका फोनकलहरूलाई थप विश्लेषण गरी हेर्दा वाग्मती प्रदेशबाट घरेलु हिंसा र महिला हिंसाका फोनकल बढी मात्रामा प्राप्त भएको थियो। यसका साथै प्रदेश २ बाट सबै भन्दा बढी महिला हिंसा सम्बन्धित फोनकल प्राप्त भएको थियो। अन्य प्रदेशको तुलनामा कर्णाली र गण्डकी प्रदेशबाट कम मात्रामा फोनकल प्राप्त भएको थियो। यसैगरी अन्य प्रदेशको तुलनामा वाग्मती प्रदेशबाट बढी मात्रामा उजुरी दर्ता भएको थियो।

यस हेल्पलाइनमा दर्ता भएका हिंसाको घटनामा ११०५ जनालाई मानसिक यातना, ८१९ जनालाई शारीरिक यातना र ३५८ जनालाई आर्थिक यातना भएको देखिन्छ। अभिलेखीकरण भएको घटनाअनुसार वाग्मती प्रदेशमा मानसिक यातना, शारीरिक यातना, आर्थिक यातना, कानुनी कागजात (नागरिकता, विवाह दर्ता, जन्म दर्ता, सम्पत्तिमाथिको स्वामित्वको दस्तावेज) सम्बन्धीका समस्या, चरित्र हत्या जस्ता हिंसाहरू अन्य प्रदेशको तुलनामा बढी भएको देखिन्छ।


बन्दाबन्दीको समयमा यस आयोगमा उजुरी दिने पीडितहरूमध्ये सबै भन्दा बढी ४५ प्रतिशत २६-४० वर्ष उमेर समूहका थिए। यसैगरी हेल्पलाइनमा सम्पर्क गर्ने सेवाग्राहीमध्ये २८ प्रतिशत साधारण लेखपढ गर्न सक्ने, १९ प्रतिशत उच्च शिक्षा हासिल गरेका १७ प्रतिशत एस.एल.सी. सम्मको अध्ययन गरेका व्यक्ति थिए। यसलाई थप विश्लेषण गरेर हेर्दा ४५ प्रतिशत पीडितहरू ब्राह्मण/क्षत्री समुदायका छन्। प्राप्त उजुरीलाई विश्लेषण गर्दा ७१ प्रतिशत पीडकहरू आफ्ना घरभित्र र नजिकका व्यक्तिहरू देखिएको छ।

### ५.७.३ प्राप्त उजुरीमा हिंसाका प्रकार

आयोगले महिलामाथि हुने हिंसालाई ४ प्रकारमा वर्गीकरण गरी दर्ता गर्ने गरेको छ। ४ महिनाको बन्दाबन्दीको अवधिमा चित्र नं. ५ उल्लेख भएअनुसार सबै भन्दा बढी मानसिक हिंसाको घटना दर्ता भएको देख्न सकिन्छ। मानसिक हिंसासम्बन्धी थप विश्लेषण गर्दा दोस्रो महिनामा सब भन्दा बढी ४८ प्रतिशत मानसिक हिंसा भएको देखिन्छ। यसैगरी शारीरिक र आर्थिक यातना भोग्नुपरेका व्यक्तिहरूले मानसिक यातना पनि भोग्ने गरेको तथ्याङ्कबाट प्रष्ट हुन्छ।

महिलाहरूले विभिन्न प्रकारका लाञ्छनाको सिकार हुनुपरेको छ जसको कारण मानसिक स्वास्थ्यमा असर परेको देखिन्छ। यसै कारणले गर्दा आयोगले बन्दाबन्दीको समयमा पनि फोनमार्फत सेवाग्राहीहरूलाई मनोसामाजिक मनोविमर्श सेवा प्रदान गरेको थियो। आयोगले टि.पि.ओ. नेपालसँग समन्वय गरी पीडितहरूलाई मनोसामाजिक मनोविमर्श तथा मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न किसिमका सेवा प्रदान गरेको थियो। बन्दाबन्दीको समयमा महिलामाथि हुन सक्ने विभिन्न किसिमका हिंसा र यसबाट कसरी बच्ने भन्नेसम्बन्धी विभिन्न जानकारीमूलक सन्देश रेडियोमार्फत प्रवाह गरेको थियो।

यस बन्दाबन्दीको ४ महिनाको समय (चैतदेखि असारसम्म) मा प्राप्त उजुरीमा ६ प्रतिशत यौनजन्य हिंसाको उजुरी परेको छ। २७ प्रतिशत पीडितहरूले फोनकलमार्फत शारीरिक हिंसा, २३ प्रतिशत पीडितहरूले आर्थिक हिंसासम्बन्धी उजुरी गरेका थिए। धेरै पीडितले खाना र अत्यावश्यक वस्तु पनि घर/परिवारबाट प्राप्त नभएको जानकारी गराएका थिए। बन्दाबन्दीको यस अवधिमा सबै भन्दा बढी ३० प्रतिशत फोनकल तेस्रो महिनामा प्राप्त भएका थिए।



# सीमान्तकृत महिलाका पृथक सवाल

## ६.१ आदिवासी महिलाका सवाल

**यशोकान्ति भट्टचन/प्रतिमा गुरुङ**

राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घले नेपालमा आदिवासी महिलाको अधिकारको अवस्था सम्बन्धमा नेपालको संविधान लागु भएदेखि अर्थात ३ असोज २०७२ देखि १५ पुस २०७६ सम्मको अवस्था समेटेर नेपालमा आदिवासी महिलाको अवस्थाबारे अध्ययन गरेको थियो। त्यसैमा आधारित रहेर यो जानकारीमूलक सामग्री तयार पारिएको छ।

सिडको नोभम्बर १४, २०१८ मा नेपाल राज्य पक्षलाई दिएको निष्कर्ष सुझावहरूमध्ये आदिवासी महिला सम्बन्धित १५ वटा सुझावको कार्यान्वयन अवस्था पनि यसमा समेटिएको छ। यस सम्बन्धमा सबै आदिवासी महिलाले बुँदा ४१ 'क' मा उल्लेख भएको सुझावअनुसार राज्यले आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र (UNDRIP) अनुरूप गर्नुपर्ने काम नगरेको सबैले जनाएका छन्। अर्थात आदिवासी महिलाको अधिकार, विशेषगरी उनीहरूको आत्मनिर्णयको अधिकार स्पष्टरूपमा पहिचान गर्न संविधान संशोधन गर्नेलगायतको कुनै पनि सुझाव नेपाल सरकारले कार्यान्वयन नगरेको सबै आदिवासी महिलाका सङ्घ/संस्थाले उल्लेख गरेका छन्।

त्यसैगरी संयुक्त राष्ट्र सङ्घको जातीय भेदभाव उन्मूलन गर्ने समिति (सर्ड) ले नेपालको १७औंदेखि २३औं आवधिक प्रतिवेदनका सम्बन्धमा २९ मे २०१८ मा दिएको बुँदा २३ 'ग' बारे पनि यसमा उल्लेख छ। जसअनुसार आदिवासीको परम्परागत भूमि तथा प्राकृतिक स्रोतमा भएको अधिकारसम्बन्धी विवाद समाधान गर्न आइएलओ महासन्धि नं. १६९ लाई ध्यानमा राखी कानुन संशोधन गर्नुपर्थ्यो। त्यसैगरी नेपालमा आदिवासी महिलाको अवस्थासमेतका पर्याप्त सहमतिको समाधान फेला पार्न तथा बुँदा २३ 'घ' मा आदिवासीको परम्परागत भूमि तथा स्रोतको प्रयोग र विकासमा असर पार्ने कुनै पनि परियोजना स्वीकृति गर्नुपूर्व आदिवासीको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्राप्त गर्नु भनिएको थियो। यीलगायतका अन्य निष्कर्ष सुझावहरू कार्यान्वयन सम्बन्धमा पनि सबै आदिवासी महिलाले कार्यान्वयन नगरेको उल्लेख गरेका छन्। साथै राज्यले आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र (UNDRIP) तथा अन्तराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ लाई अर्थपूर्णरूपमा कार्यान्वयन नगरेको उल्लेख गरेका छन्।

२ डिसेम्बर २०२१ मा प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) सार्वजनिक गरिएको छ। जसमा आदिवासी जनजातिसँग सम्बन्धित मौजुदा कानुनको

पुनरावलोकन वा सुधार गर्ने र आवश्यकताअनुसार नयाँ कानुन तर्जुमा गर्ने तथा नेपाल पक्ष भएका आदिवासी जनजातिको अधिकार संरक्षण गर्नेसम्बन्धी महासन्धिको कार्यान्वयन ती वर्षमा गर्ने भनी उल्लेख छ।[६८]

त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिले नेपालको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा निष्कर्ष सुझावको कार्यान्वयनको अवस्थाका सम्बन्धमा पनि सबै आदिवासी महिलाले उक्त सुझावहरू नेपाल सरकारले कार्यान्वयन नगरेको भनेका छन्। निडवानका अनुसार 'आदिवासी अपाङ्गताको अवस्था, गरिबी, न्यून जीवन निर्वाह, यथोचित पुनर्स्थापनाको अभाव जस्ता जोखिममा पुऱ्याउन विभिन्न पक्षले भूमिका निर्वाह गरेको हुन्छ। जसमा अशिक्षा, बेरोजगारी, द्वन्द्व, जलवायु परिवर्तन, हिंसा, कुपोषण, प्राकृतिक प्रकोप तथा महामारी आदिले उनीहरूमाथि हिंसा र विभेद बढाएको छ।[६९]

अन्यको तुलनामा आदिवासी जनजातिमा अपाङ्गताको सङ्ख्या बढी हुनुका साथै उनीहरूको समस्या, कठिनाइ र सवालबारे ध्यान दिन, सार्वजनिक बहस र जानकारीसमेत हुँदैन।[७०] नेपालमा करिब ७ लाखजना आदिवासी अपाङ्गता भएका महिला र बालिका छन्।[७१] जसमध्ये सबै भन्दा बढी ऐतिहासिक कालदेखि विभिन्न किसिमको बहिष्करण र सीमान्तकरणमा परेका समुदायका हुन्। प्रतिमा गुरुङका अनुसार अपाङ्गता भएका आदिवासी र महिलाका लागि न्याय भन्ने शब्दको कुनै अर्थ नै छैन। किनभने हामी हरेक क्षेत्रमा छाडिएका र आवाजविहीन भएका छौँ। विभेद र असमानता अझै व्याप्त छ।[७२]

नेपालमा आदिवासी महिलाको अवस्था पुस्तकमा उल्लेख विवरणअनुसार भूमि, भूभाग तथा स्रोतहरूमा आदिवासी महिलाको स्वामित्व, नियन्त्रण, पहुँच तथा उपयोग स्थिति सम्बन्धमा ख्याल गरिएको छैन। त्यसले खासगरी राष्ट्रिय गौरवको आयोजना, सडक निर्माण, बाँध, जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइनलगायतका विकास निर्माण कार्यका क्रममा आदिवासी महिलालाई असर पुऱ्याएको छ। त्यसैगरी राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण केन्द्र, सिकार आरक्षण केन्द्र, संरक्षण क्षेत्र, सामुदायिक वन, मध्यवर्ती क्षेत्र आदिले प्रथाजन्य ज्ञान, प्रविधि, अभ्यास तथा पेसा व्यवसाय, संस्कृति, धर्म आदिमा मात्र नभई आदिवासी महिलाविरुद्ध हिंसालगायतका धेरै क्षेत्रमा नकारात्मक असर पारेको पनि उल्लेख छ।

त्यसैगरी नीति निर्णायक तहहरूमा आदिवासी महिलाको प्रतिनिधित्व नगन्य मात्रामा भएको तीतो यथार्थ पनि उक्त प्रतिवेदनमा छ। एविन (AIWN) ले प्रकाशित गरेको अनहर्ड एन्ड अनसिन पुस्तकमा घरदेखि सार्वजनिक क्षेत्रको नीति

६८. https://www.opmcm.gov.np/download/%e0%a4%ae%e0%a4%be%e0%a4%a8%e0%a4%b5-%e0%a4%85%e0%a4%a7%e0%a4%bf%e0%a4%95%e0%a4%be%e0%a4%b0-%e0%a4%b8%e0%a4%ae%e0%a5%8d%e0%a4%ac%e0%a4%a8%e0%a5%8d%e0%a4%a7%e0%a5%80-%e0%a4%aa%e0%a4%be%e0%a4%81/?wpdm-dl=6688&refresh=61cec5f8407141640941048

६९. Disability Rights Holistic Monitoring Report 2013 National Federation of the Disabled-Nepal

७०. The Expert Meeting organized by ILO and OHCHR held in 2016, Geneva See http://www.ohchr.org/EN/Issues / Disability/SR Disabilities/Pages/IPDisabilities.aspx

७१. 14 NIDWAN, 2020, et al, Statement on the Impact of the Global COVID-19 Pandemic on Persons with Disabilities from Minority, Indigenous and other Marginalised Communities, 2020. https://minorityrights.org/2020/04/27/statement-covid-19-pandemic-on-persons-with-disabilities-from-minority-indigenous-communities/

७२. NIDWAN's Webinar on World Indigenous Peoples Day 2021, The Covid19 Impact on Indigenous Peoples with Disabilities and their inclusion and meaningful participation at all levels, 2August 2021.

निर्णयमा आदिवासी महिलाको प्रतिनिधित्व शीर्षकमा पनि यसबारे छ। त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मई २०७४ मा प्रकाशित गरेको नेपालको समावेशी नीति र निजामती सेवामा आदिवासी जनजातिको पहुँचमा उल्लिखित तथ्याङ्कले पनि यसबारे बोलेको छ। उदाहरणका लागि- नेपालको समावेशी नीति र निजामती सेवामा आदिवासी जनजातिको पहुँच विषयक पुस्तकमा उल्लेख निम्न व्याख्या र तालिकाले प्रष्ट पार्छ :

- 'निजामती सेवाका ८२,७७८ जना कर्मचारीमध्ये १३,२९६ अर्थात १६.०७ प्रतिशत आदिवासी जनजाति कर्मचारी छन्। १३,२९६ आदिवासी जनजाति कर्मचारीमध्ये महिला ३,६१९ जना अर्थात ४.३८ प्रतिशतमात्र छन्।
- उक्त १३,२९६ जना आदिवासी जनजाति कर्मचारीमध्ये ६,०३७ अर्थात ७.२९ प्रतिशत नेवार छन्। जसमा महिलाको सङ्ख्या १५४८ छ।
- न्याय सेवाबाहेकका निजामती सेवामा ८२,४८५ जना कर्मचारी छन्। जसमध्ये १३,२७२ अर्थात १६.०९ प्रतिशत आदिवासी जनजाति कर्मचारी छन्। यीमध्ये महिला कर्मचारी भने २,२२५ जना अर्थात ४.३९ प्रतिशतमात्र छन्।'

निडवानका अनुसार नीति निर्धारण तहमा अपाङ्गता भएका महिलाको सहभागिता ठ्याम्मै छैन।

अनहर्ड एन्ड अनसिन पुस्तकमा उल्लेख भएका निम्न तालिकाले भने आदिवासी महिलाको प्रतिनिधित्व अत्यन्त न्यून देखाउँछ।

### तालिका १. केही राजनीतिक दलमा आदिवासी तथा आदिवासी महिलाको प्रतिनिधित्व

| क्र.सं. | राजनीतिक दलको नाम | सदस्यहरूको कुल सङ्ख्या | आदिवासी सदस्यको कुल सङ्ख्या | महिला सदस्यको कुल सङ्ख्या | कुल आदिवासी महिलाको सदस्यको कुल सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १४६ | ३५ | २० | ६ | ४ |
| २ | सङ्घीय समाजवादी पार्टी | २३२ | १०१ | २७ | १० | ४ |
| ३ | नेकपा एमाले | २०२ | ४८ | ३३ | ११ | ५ |
| ४ | नेपाली कङ्ग्रेस | ८० | १२ | १५ | ३ | ४ |
| | **जम्मा** | ४४५ | १०२ | ६९ | २० | |

*स्रोत : तालिका ११, पृष्ठ ५६। AWIN 2021. UNHEARD AND UNSEEN: Indigenous Women's Path to Empowerment. BANGLADESH, INDIA AND NEPAL. Volume 1. Baguio City Asian Indigenous Women's Network (AIWN).*

### तालिका २. केही मन्त्रालयमा आदिवासी तथा आदिवासी महिलाको प्रतिनिधित्व

| क्र.सं. | मन्त्रालय | सदस्यहरूको कुल सङ्ख्या | आदिवासी सदस्यको कुल सङ्ख्या | महिला सदस्यको कुल सङ्ख्या | कुल आदिवासी महिलाको सदस्यको कुल सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | शिक्षा | ४३ | ५ | ७ | २ |
| २ | श्रम | २१ | ४ | २ | ० |
| ३ | वन तथा भूमि | २३ | २ | ० | ० |
| ४ | कानुन | २६ | २ | ५ | २ |
| ५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | ३४ | ५ | १८ | ४ |
| | **जम्मा** | **१४७** | **१८** | **३२** | **८** |

*स्रोत : तालिका ११, पृष्ठ ५६ । **AWIN 2021. UNHEARD AND UNSEEN: Indigenous Women's Path to Empowerment. BANGLADESH, INDIA AND NEPAL. Volume 1. Baguio City Asian Indigenous Women's Network (AIWN).***

आदिवासी जनजाति महिला, आदिवासी जनजाति अपाङ्गता भएका महिला र आदिवासी एलजिबिटिआइक्युहरू महिला अधिकार, अपाङ्गता अधिकार, एलजिबिटिआइक्युको अधिकार तथा आदिवासीको सामूहिक अधिकारहरू राज्य संयन्त्र[७३] भित्र अदृश्य रहन्छन् जसले गर्दा जीवनका सबै क्षेत्रमा आवाजविहीन अवस्थामा छन् ।

आदिवासी महिलाले ऐतिहासिक भेदभावको सामना गर्दै आएका छन् । राज्य संरचनाको सबै तहमा संरचनात्मक भेदभावले गर्दा धेरै अपाङ्गता भएका आदिवासी महिला, एलजिबिटिआइक्युलागयतका सबै आदिवासी महिला पीडित छन् ।

नेपाल आदिवासी जनजाति महासङ्घ (NEFIN) का अनुसार ६५% आदिवासी जनजातिको पुर्ख्यौली भूमि राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रको नाममा बलपूर्वक कब्जा गरिएको छ। उनीहरूलाई विस्थापित गरी अन्यत्र शरण लिन बाध्य पारिएको छ। लगभग ८०% आदिवासी जनजाति महिला र आदिवासी जनजाति अपाङ्गता भएका महिलाको आफ्नै जमिन छैन। फलस्वरूप तिनीहरूमध्ये १.१% बाँच्नका लागि वन उत्पादनहरूमा निर्भर छन्। खाद्यान्न असुरक्षा सामना गर्न बाध्य पारिएका छन् ।

अध्ययनले ७५% आदिवासी जनजाति महिला/आदिवासी जनजाति अपाङ्गता भएका महिला र ६९% आदिवासी जनजाति अपाङ्गता भएका पुरुषहरूले भोकमरीको सामना गर्न खाना घटाउने वा सांस्कृतिकरूपमा महत्त्वपूर्ण खानामा सम्झौता गर्ने जस्ता रणनीति अङ्गाल्नुपरेको छ। जस्तै- अरू अन्न मिसाउने वा खानामा पानी थप्ने। आदिवासी बालबालिकाहरूले

७३. Gurung, Pratima. 2021. COVID 19 in Nepal: The Impact on Indigenous Peoples and Persons with Disabilities, 2021, Disability and the Global South, Vol.8, No. 1, 1910-1922, available at https://asksource.info/resources/covid-19-nepal-impact-indigenous-peoples-and-persons-disabilities

विद्यालय र काम दुवै व्यवस्थापन गर्नुपर्ने हुँदा ४१% आदिवासी बालबालिका विद्यालयमा पहुँच प्राप्त गर्न थप चुनौतीहरू सामना गर्छन् ।[७४]

५३% आदिवासी जनजाति अपाङ्गता भएका महिला र बालिकाहरू बेरोजगार छन् जसका कारणमा उनीहरूको विशेष आवश्यकतासँग नमिल्दो काम, अपाङ्गतामैत्री पूर्वाधार र वातावरणको अभाव, रोजगारदाताहरूको उनीहरूप्रति मनोवृत्ति, धारणा र भेदभाव, अपाङ्गताको गम्भीरता र उमेर, सूचनामा पहुँचको अभाव, राजनीतिक सम्बन्धको अभाव, व्यक्तिगत सहयोगीकों अभाव, सिपको कमी आदि छन् ।

त्यसैगरी रोजगारी भएका ८२% ले कार्यस्थलहरूमा र काम गर्ने प्रक्रियामा विभिन्न प्रकारका भेदभाव अनुभव गरेका छन् । ४७% आदिवासी जनजाति अपाङ्गता भएका महिलाका परिवारहरू मुख्यतया परम्परागत कृषिमा निर्भर छन् । ४७% आदिवासी अपाङ्गता भएका महिला र बालबालिकाका परिवारहरू औपचारिक तथा अनौपचारिक रोजगारमा संलग्न छन् र औसत मासिक आम्दानी ७९०० रुपियाँ छ । ३९% आदिवासी अपाङ्गता भएका महिला र बालबालिकाका परिवारहरू अझै पनि आदिवासी ज्ञान र सिप अभ्यास प्रयोग गर्दै परम्परागत व्यवसायहरूमा संलग्न छन् ।[७५]

आदिवासी, अपाङ्गता भएका महिला र बालबालिकाहरूको न्यायमा पहुँचको कमीका लागि भाषाको अवरोध, जटिल न्यायिक प्रक्रिया, कागजी प्रक्रिया, संस्थाहरूमा पहुँचको अभाव, समयसीमा र सरकारी अधिकारीहरूको लापरबाहीहरू प्रमुख कारणका रूपमा छन् । आदिवासी महिलाहरूको बलात्कार, दुर्व्यवहार र हत्याका थोरैमात्र मुद्दामा कारबाही भएको छ तर उनीहरूले न्याय पाएका छैनन् । आदिवासी अपाङ्गता भएका महिला र बालबालिकाका मुद्दाको रिपोर्ट नै नभएको अवस्था छ । पीडितहरूको जबर्जस्ती विवाह तथा अन्य सम्झौता गराइदिने र अक्सर खतरा, यातनाका जोखिममा पर्ने भएकाले मुद्दाहरूको रिपोर्ट नगर्ने प्रवृत्ति बढेको छ ।[७६]

आदिवासी महिला र अपाङ्गता भएका आदिवासी महिलाहरूको मातृ स्वास्थ्यको स्थिति अरू भन्दा अत्यन्त कमजोर छ । उनीहरू कम उमेरमै गर्भ धारण गर्ने र बच्चा जन्माउने हुँदा सानै उमेरमा मृत्यु हुने घटना धेरै छ । आदिवासी अपाङ्गता भएका महिलाको यौन र प्रजनन स्वास्थ्यमाथिको अधिकार धेरैरूपमा (यौन हिंसा, जबर्जस्ती गर्भ निरोधन, यौन र प्रजनन सम्बन्धित नकारात्मक सोच) उल्लङ्घन हुने गरेको छ ।[७७] यसबाहेक आदिवासी अपाङ्गता भएका महिला तथा बालिकाहरूमा यौन स्वास्थ्यबारे चेतना छैन र विशेषगरी पूर्वसूचित सहमतिविना चिकित्सक र परिवारका सदस्यहरूद्वारा अनैच्छिक नसबन्दीको जोखिममा छन् ।[७८]

---

७४. LAHURNIP, 2014.A study on the socio-economic status of Indigenous Peoples in Nepal, LAHURNIP, Kathmandu.

७५. NIDWAN 2020.Situation of Indigenous Women with Disabilities and their experiences towards employment. National Indigenous Disabled Women Association Nepal

७६. NIDWAN 2021. A study on the Impact of Violence against Indigenous Young Women and Indigenous Women with Disabilities in Nepal, Report, NIDWAN and MADRE

७७. United Nations General Assembly, Access to justice in the promotion and protection of the rights of indigenous peoples: restorative justice, indigenous juridical systems and access to justice for indigenous women, children and youth, and persons with disabilities, 61, U.N. Doc. A/HRC/27/65 (2014).

७८. CEDAW Shadow Report Preparation in province 4 and 6 with indigenous women with disabilities discussion in 2018

९४.२९% आदिवासी अपाङ्गता भएका महिला र बालबालिकाले अपाङ्गता नभएका भन्दा बढी हिंसा भोग्ने सोच्छन्। ८६.६७% ले कोभिड महामारीको समयमा हिंसाको सम्भावना बढी महसुस गरेका छन्। ८१.४६% ले भने कि आदिवासी अपाङ्गता भएका महिला र बालबालिकाले अन्य व्यक्तिहरूको भन्दा भिन्न किसिमका हिंसा भोग्ने गरेका छन्। ६१.९% ले हिंसाका मुद्दाहरू दर्ता गर्न र न्याय पाउन कठिन भएको बताए। ७.६२% ले मात्र हिंसाका मुद्दा दर्ता गर्न सकिने बताए।[७९]

९१.१३% मा महामारीका कारण आर्थिक र सामाजिक प्रभाव परेको छ। ८४% ले अकस्मात लकडाउनका कारण विभिन्न कठिनाइ भोगेका छन्। ७८.०५% ले मानसिक तनाव, चिन्ता र डर बढेको अनुभव गरे। ६०.७४% आदिवासी अपाङ्गता भएका व्यक्ति आफैं र ७२.८% परिवारहरूले महामारीका कारण जीविकोपार्जन र रोजगार गुमाएका छन्।[८०]

## ६.२ मधेसी महिलाका सवाल

मधेसी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्द्धन तथा मधेसी समुदायको सशक्तीकरण गर्नका लागि नेपालको संविधानको धारा २६२ बमोजिम मधेसी आयोग गठन भई कार्यरत छ। जसले समग्र मधेसले भोगिरहेको विभेदविरुद्ध नीतिगत तहमा समाधान खोज्ने प्रयास गरिरहेको छ। मधेसी आयोगले मधेसी महिला अधिकारका सवाललाई निम्नबमोजिम सूचीकृत गरेको छ :

- बालबालिकालाई पढाउन समस्या रहेको।
- महिला स्कुल तथा कलेजको व्यवस्था नभएको।
- बेरोजगारीको समयस्या भएको।
- मधेसी महिलाको आर्थिक, सामाजिक अवस्था कमजोर रहेको।
- राज्यको अङ्गमा मधेसी महिलाको पहुँच नभएको।
- समुदायमा भेदभावको भावना रहेको।
- मधेसी महिलाको स्वास्थ्य सेवामा पहुँच नभएको तथा स्वास्थ्य सधैं कमजोर हुने।
- महिलामैत्री सार्वजनिक सेवा कार्यालय नभएको।
- अन्धविश्वास, कुरीति, प्रथा, परम्परा कायम रहेको।
- बालविवाह र बहुविवाह।
- महिला हिंसा।
- हत्या र आत्महत्या।
- अझै शिक्षामा महिलाको पहुँच नभएको।
- मधेसका महिलालाई जनचेतना अभाव छ।

७९. NIDWAN 2021. A study on the Impact of Violence against Indigenous Young Women and Indigenous Women with Disabilities in Nepal, Report, NIDWAN and MADRE

८०. NIDWAN 2021. Interim Impact Assessment of Covid-19 to Underrepresented (Indigenous, Dalit and Madhesi) Peoples with Disabilities in Nepal, Report, NIDWAN

### मधेसी आयोगले समस्या समाधान गर्न गरेका कार्य

- **अभिमुखीकरण कार्यक्रम** : आयोगले महिला सशक्तीकरणका लागि सरकारी सेवामा सहज पहुँचका लागि लोक सेवा तयारी कक्षा तथा विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ।
- **अन्धविश्वास** : धामी, झाँक्री जस्ता कुरीतिविरुद्ध चेतना फैलाउन कार्यक्रम सञ्चालन गरेको।
- **अन्तरक्रिया** : तराई मधेसमा रहेको विशेषगरी महिलाहरूको समस्या समाधान गर्न स्थानीय निकाय, नागरिक समाज, सरोकारवालाहरूसँग अन्तरक्रिय गरी पृष्ठपोषण लिँदै आएको छ।
- आयोगलाई प्राप्त भएका सुझावहरूबारे नेपाल सरकारलाई सिफारिस गरिएको छ।

खासमा नेपालका २२ वटा जिल्ला तराई क्षेत्रमा पर्ने मानिन्छ। तर यतिबेला तराईका जिल्लामात्र समेटेर बनेको मधेस प्रदेशचाहिँ खाँटी मधेसी क्षेत्र हो भन्नेमा विवाद छैन। जुन प्रदेशमा बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी गरी ८ जिल्ला पर्छन्।

त्यसैले मधेसी महिलाको अवस्था बुझ्न यो प्रदेशको सूचना तथा गतिविधिले मद्दत पुऱ्याउँछ। मधेस प्रदेश सरकारले सामाजिक रूपान्तरणको माध्यमद्वारा आर्थिक समृद्धिको नीति लिएको छ। जसअन्तर्गत गरिब, विपन्न तथा असहायलाई दिँदै आएको कानुनी सहायतालाई प्रभावकारी बनाउने, सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसाविरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रम अपनाउने नीति लिइएको छ।

मुलुककै सबै भन्दा बढी दलित समुदाय बस्ने सप्तरी र सिरहा यही प्रदेशमा पर्छ। अधिकांश दलित समुदाय भूमिहीन भएकाले उनीहरू चरम गरिबीबीच बाँध्न विवश छन्। त्यसैले सरकारले यस्ता गरिबका घर बनाइदिन जनता आवास कार्यक्रम थालनी गरेको छ। जुन कार्यक्रममार्फत गत १ वर्षको अवधिमा १५७३ घर बनेका छन्।

६१२६२८८ जनसङ्ख्या रहेको यो प्रदेश स्वास्थ्यका क्षेत्रमा पनि दयनीय देखिन्छ। कोभिड महामारीका कारण मात्र गत १ वर्षमा १०४० जनाको मृत्यु भयो। यसबाट पनि यहाँका जनताको स्वास्थ्य स्थिति कति सोचनीय छ भन्ने देखिन्छ। साक्षरता प्रतिशत ४९.७२ मात्र हुनुले शिक्षाको स्तर पनि सहजै आकलन गर्न सकिन्छ। यस्तो अवस्थामा झनै मधेसी महिलाको अवस्था त कति दुःखदायी होला, अनुमान सहजै लगाउन सकिन्छ।

मधेसमा चेतना, शिक्षा र विकासका पूर्वाधार पनि निकै कम छन्। त्यसैले महिलाहरू सबै क्षेत्रमा पछि पारिएका छन्। उनीहरूले संविधानप्रदत्त अधिकारसमेत पाउन सकेका छैनन्। न त आफ्नो पनि अधिकार हुन्छ भन्ने नै बुझ्न सकेका छन्। मानव अधिकार संस्था इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक २०२२ अनुसार सन् २०२१ मा महिला अधिकार उल्लङ्घनका घटनामा २२८ जना महिला पीडित भए। त्यसैगरी बोक्सीको आरोपमा धेरै महिलामाथि दुर्व्यवहार हुने गरेको छ भने बलात्कार तथा घरेलु हिंसा पनि उत्तिकै हुने गरेको छ।

संविधानको धारा ३५ (४) मा समावेशी र समानुपातिक सहभागिताको विषय उल्लेख छ। तर पनि मधेसी महिलाका लागि यो व्यवस्था लागु हुन सकेको छैन। तर पनि मधेस प्रदेश सरकारले महिला सशक्तीकरणका लागि केही व्यवस्था गरेको छ। जस्तो- प्रदेश लोकसेवामा र प्रहरीमा ५०/५० प्रतिशत महिला हुनुपर्ने। त्यसैगरी मधेस प्रदेश सरकारले 'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रम थालनी गरेको छ। ५ वर्षमुनिका बालिकाका लागि बिमाको व्यवस्था गरेको छ। त्यसैगरी विद्यालय जान उत्प्रेरित गर्ने उद्देश्यले बालिकाहरूलाई साइकल पनि वितरण गरेको छ।

## ६.३ अपाङ्गता भएका महिलाका सवाल

सदियौँदेखि महिला, पुरुष र तेस्रो लिङ्गी, समलिङ्गीबीच विभेदका अभ्यास संरचनागत हिसावमै भइरहेका छन्। अपाङ्गता भएका महिला र बालिका आफ्नै घरभित्रदेखि सामाज र राज्यका हरेक तहमा बहुविभेदको सिकार हुने गरेका छ। नेपाल अपाङ्ग महिला सङ्घमा उजुरी परेका र सहजीकरण गरिएका घटना हेर्दा संन् २०१८ देखि २०२१ सम्म झण्डै ५० वटा विभिन्नखालका घटना भएका छन्। जसमध्ये धेरै बलात्कारका घटना छन् भने त्यसपछि अंश नदिइएको, बहुविवाह, घर निकाला, स्याहार/माया नपाएको, उपचार नपाएको आदि छन्।

अपाङ्गता भएका महिलालाई परिवारबाटै पढ्न अवसर नदिने, कुनै पनि कार्यमा सहभागिता नगराउने, एक्लो जीवन बिताउनुपर्ने, विवाह गरी घरजम गर्न र यौन तथा प्रजनन स्वास्थ्यको अधिकार प्रयोग गर्न समस्या छ। अपाङ्गता भएका पुरुषको साक्षरता ७५.१ प्रतिशत छ भने महिला साक्षरता ५७.४ प्रतिशतमात्र छ। यसैगरी निजामती सेवामा अपाङ्गता भएका पुरुष ८३ प्रतिशत छन् भने महिलाको प्रतिशत मात्र १७ छ। अपाङ्गता भएकै भए पनि पुरुषको तुलनामा यस्ता महिला बाहिर गएर शिक्षा, रोजगार हासिल गर्नबाट वञ्चित हुँदै आएका छन्। यसबाट पनि अपाङ्गता भएका महिलाको अवस्था कस्तो छ भन्ने थाहा पाउन सकिन्छ।

नेपाल अपाङ्ग महिला सङ्घले गरेको अध्ययनअनुसार करिव ६० प्रतिशत अपाङ्गता भएका महिला घरेलु हिंसामा परेका छन्। ३६ प्रतिशत अपाङ्गता भएका महिलाको त आधारभूत आवश्यकता नै पूरा भएको छैन। ४५ प्रतिशत शिक्षा र तालिमबाट वञ्चित छन्। १० प्रतिशतले स्वास्थ्य उपचार नै पाएका छैनन्। ९ प्रतिशत शारीरिक एवं यौनजन्य हिंसाबाट पीडित छन्। यसरी हुने हिंसालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

- **उपेक्षा**

अपाङ्गता भएका महिला न्यूनतम आधारभूत आवश्यकताबाट पनि वञ्चित छन्। गाँस, बास, कपासको अभावमा दयनीय जीवन गुजारिरहेका छन्। उनीहरूले राम्रो स्वास्थ्य उपचार पाएका छैनन् भने शिक्षा, एवं रोजगारबाट समेत वञ्चित छन्। परिवार एवं समाजले उनीहरूलाई अनुत्पादक नागरिक ठानी नकारात्मक व्यवहार गर्छन्।

**एउटा अध्ययन भन्छ :**

| विवरण | बताउने प्रतिशत |
|---|---|
| घरेलु हिंसामा परेको बताउने अपाङ्गता भएका महिला | ६० |
| आधारभूत आवश्यकता नै पूरा नभएको बताउने अपाङ्गता भएका महिला | ३६ |
| तालिम र शिक्षा नपाएको बताउने अपाङ्गता भएका महिला | ४५ |
| स्वास्थ्य उपचार नपाएको बताउने अपाङ्गता भएका महिला | १० |
| शारीरिक एवं यौनजन्य हिंसाबाट पीडित बताउने अपाङ्गता भएका महिला | ९ |

*स्रोत : नेपाल अपाङ्ग महिला सङ्घ*

## • शारीरिक हिंसा

अपाङ्ग महिलामाथि हुने शारीरिक हिंसा पनि त्यत्तिकै डरलाग्दो छ। उनीहरूलाई घरभित्रकै काममा सीमित गराउने, एक्लै हिँडडुल गर्न नदिने गरी शारीरिक रूपमा पनि कमजोर बनाएको पाइन्छ।

तथ्याङ्कअनुसार ३५ प्रतिशत अपाङ्गता भएका महिलाले शारीरिक हिंसा बेहोरेका छन् जसमध्ये २० प्रतिशत महिलालाई घरमै थुनेर राखिएको जानकारी छ। अभिभावकले छोरीलाई घरभित्रै डोरीले बाँधेर राखेका घटना बेलाबेला सार्वजनिक भइसकेका पनि छन्।

## • मनोवैज्ञानिक हिंसा

८० प्रतिशत अपाङ्गता भएका महिलाले मनोवैज्ञानिक समस्या सामना गरिरहेका छन्। विशेषतः अधिकारबाट वञ्चित हुनु र परिवार तथा समाजको गलत धारणाले मनोविज्ञानमा असर पार्छ। यसले गर्दा उनीहरूको वृत्ति विकासमा समेत असर पुगेको छ।

## • यौनजन्य हिंसा

५५ प्रतिशत अपाङ्गता भएका महिलालाई सामाजिक, आर्थिक, शारीरिक र भावनात्मकरूपमा अरूको सहारा लिनुपर्ने बाध्यता छ। यही कमजोरीको फाइदा उठाइ उनीहरूमाथि दुर्व्यवहार गरेको पाइन्छ। यातायातका साधनदेखि लिएर विद्यालय, घर, छिमेक हिंसाका स्थल बनेका छन्। सुरक्षाको अभावमा उनीहरूको मनोबल गिरेको छ।

## • हिंसाका कारण शिक्षा एवं चेतनाको कमी

अभिभावकले अपाङ्ग छोरा/छोरीको शिक्षामा चासो नदिएका कारण निःशुल्क शिक्षाको व्यवस्था हुँदाहुँदै पनि अपाङ्गता भएका महिलाले शिक्षाको अवसर पाएका छैनन्। भौतिक पहुँच अभावमा कतिले शिक्षा हासिल गर्ने अवसर गुमाउनुपरेको छ। अर्कोतर्फ आफ्नो हक, अधिकार लिनलाई अपाङ्ग महिला स्वयंमा कानुनी व्यवस्थाबारे ज्ञान छैन। यसरी, शिक्षा एवं चेतनाका कारण उनीहरू बढी हिंसामा परेका छन्।

## • सामाजिक सुरक्षाको अभाव

अपाङ्गता भएका महिलाका निम्ति सामाजिक सुरक्षा छैन। कानुनमा समेत भेदभावपूर्ण व्यवस्था छ। उनीहरूप्रति कानुन उदासीन देखिन्छ। जसका कारण हिंसा बढिरहेको छ।

## • शारीरिक कमजोरी (अशक्तता)

अभिभावकले अपाङ्गता भएका छोरीको पालनपोषणमा ध्यान दिएको पाइँदैन। हिँडडुलसमेत गर्न दिइँदैन। एकातिर अपाङ्गता र अर्कोतर्फ उचित स्याहारसुसार अभावमा शारीरिकरूपमा उनीहरू कमजोर हुनु र घटनाको प्रतिकार गर्न नसक्नु पनि हिंसाका कारण हुन।

### • नकारात्मक सामाजिक धारणा

सामाजिक स्थिति केलाउँदा अधिकांश अपाङ्ग महिलाको विवाह हुन सकेको छैन। सन् २००० मा नेपाल नेत्रहीन सङ्घले एसियन ब्लाइन्ड युनियनको सहयोगमा दृष्टिविहीन महिलाको अवस्थासम्बन्धी अध्ययन गरेको थियो। जसअनुसार ६४ प्रतिशत दृष्टिविहीन महिला अविवाहित छन्। उनीहरूलाई सामाजिक क्रियाकलापमा भाग लिने अवसर छैन। यसरी सामाजिक स्वीकृति नपाउनुले उनीहरूको मनोभावनासमेत खस्किएको छ।

### कानुनमा समेटिएका प्रावधान

**अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४**

**भेदभावविरुद्धको अधिकार**

अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा भेदभाव वा निजलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि 'अपाङ्गताको आधारमा भेदभाव' भन्नाले अन्य व्यक्तिसरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा अवरोध सिर्जना गर्ने वा अपाङ्गताका आधारमा भिन्न गराउने, बहिष्करण गर्ने वा रोक लगाउने कार्य सम्झनुपर्छ र सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारको विभेदलाई समेत जनाउँछ।

कसैले पनि अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्दा, बैङ्क तथा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिँदा वा अन्य वित्तीय कारोबार गर्दा, कुनै रोजगारीका लागि छनोट गर्दा वा शुल्क लिइ वा नलिइ सार्वजनिकरूपमा उपलब्ध गराइएका कुनै पनि सेवा/सुविधा प्रदान गर्दा अपाङ्गताका आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन।

अपाङ्गता भएका व्यक्तिलाई निजको परिवारका कुनै सदस्य वा संरक्षकले अपाङ्गता भएकै आधारमा पालनपोषण, खानपान, हेरचाह, सम्पत्ति बाँडफाँट वा अन्य कार्यमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।

कुनै दस्तुर बुझाइ वा नबुझाइ सर्वसाधारण व्यक्तिले प्रयोग वा प्रवेश गर्न पाउने गरी खुला गरिएको कुनै भवन वा स्थानको प्रयोग वा प्रवेशमा अपाङ्गता भएको आधारमा कुनै व्यक्तिलाई निषेध गर्न वा थप सर्त वा दायित्व राख्न पाइने छैन।

**अपाङ्गता भएका महिला तथा बालबालिका थप अधिकार**

दफा १९, अपाङ्गता भएका महिलाको अधिकार : नेपाल सरकारले अपाङ्गता भएका महिलाको अधिकार संरक्षण गर्न तथा उनीहरूको ज्ञान, सिप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्न तोकिएबमोजिम आवश्यक व्यवस्था गर्नुपर्नेछ।

नेपाल सरकारले अपाङ्गता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ्य तथा प्रजनन अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ।

**दफा २०, अपाङ्गता भएका बालबालिकाको अधिकार**

अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान, प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रियरूपले सहभागी हुने तथा सम्मानजनकतवरले जीवन व्यतीत गर्ने अधिकार हुनेछ।

अपाङ्गता भएका बालबालिकालाई समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासका लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासरह समान आधारमा निजलाई प्रभाव पर्ने विषयमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार हुनेछ र उनीहरूका धारणालाई उमेर र परिपक्वताका आधारमा उचित सम्मान दिइनेछ।

अपाङ्गता भएका बालबालिकालाई निजको सर्वोत्तम हितका लागि अदालतबाट आदेश भएको अवस्थामा बाहेक अपाङ्गता भएका कारणबाट निजको घर/परिवारबाट अलग गरिने छैन।

नेपाल सरकारले बौद्धिक अपाङ्गता, मानसिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात वा श्रवण दृष्टिविहीन अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ आवश्यकतालाई सम्बोधन गर्न पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइलगायतका विषयमा उपयुक्त व्यवस्था गर्नेछ।

अपाङ्गता भएका बालबालिकालाई तोकिएबमोजिमको विशेष संरक्षणको अधिकार हुनेछ।

**सामाजिक सुरक्षा**

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवन यापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्करूपमा देहायबमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ :

क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिका लागि आवासको व्यवस्था गर्न,

ग) जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवन यापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीका लागि भत्ता उपलब्ध गराउन,

छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न,

**मानसिक वा मनोसामाजिक (साइको–सोसियल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा/सुविधा**

(१) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई निज, निजको परिवारको कुनै सदस्य वा संरक्षकले छनोट गरेको सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा राखी उपचार गराउने व्यवस्था मिलाउनेछ।

२) नेपाल सरकारले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधि र परामर्श सेवा निःशुल्क उपलब्ध गराउनेछ।

३) नेपाल सरकारले घर/परिवारबाट उपेक्षित भएका मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई उपचार गरी पुनर्स्थापना गर्ने वा पारिवारिक पुनर्मिलन गराउने व्यवस्था मिलाउनेछ।

**कारागारमा राख्न नहुने**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानसिक वा मनोसामाजिक अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार वा संरक्षणको नाममा कारागारमा राखिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फौजदारी कसुरमा वा सजाय पाएका अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारागारमा राख्न बाधा पर्ने छैन।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (UNCRPD) सन् २००६ को धारा ५ मा लिङ्गका आधारमा भेदभाव नगरिने गरी समान हक प्रदान गरिएको छ :

**सबै समान हुने र कसैलाई पनि भेदभाव नगरिने** : यो महासन्धि अनुमोदन गर्ने देशहरूले सबै अपाङ्गता भएका व्यक्ति कानुनको नजरमा समान हुने र कानुनले तोकेका अधिकार र सुविधाहरूको पनि समानरूपमा उपयोग गर्न पाउने सुनिश्चित गर्छन्। अपाङ्गता भएका व्यक्तिलाई हेला, भेदभाव गर्न पाइँदैन भन्ने पनि सुनिश्चित गर्छन्।

युएन सिआरपिडीको धारा ६ मा अपाङ्गता भएका महिलाको अधिकारसम्बन्धी व्यवस्था छ।

- अपाङ्गता भएका महिला र केटी (बालिका/किशोरी) हरूले विभिन्न किसिमका विभेद सहेर बस्न परिरहेको कुरा स्वीकार गर्ने र उनीहरूले अन्य मानिससरह सबै मानव अधिकार र स्वतन्त्रताहरू उपयोग गर्न पाउने कुरा सुनिश्चित गर्ने। यो अधिकार सुनिश्चित गर्न जे/जे उपयुक्त कामहरू गर्नुपर्ने हो, त्यो सबै गर्ने।
- देशहरूले अपाङ्गता भएका महिला र केटीहरूलाई उनीहरूका अधिकारहरू पूरा उपयोग गर्न सक्ने बनाउन उनीहरूको क्षमता विकास गर्ने र उनीहरूलाई क्षमतावान बनाउन सबै काम गर्ने।
- नेपालले सन् १९७९ मा जारी 'महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि' ऋभ्म्ब्ध पारित गरिसकेको छ।

**कोभिड-१९ को सन्दर्भ**

नेपाल अपाङ्ग महिला सङ्घले सन् २०२० डिसेम्बरमा देशभरका १६० जना अपाङ्गता भएका महिलासँग र्‍यापिड एसिस्मेन्ट गरेको थियो। जसको निष्कर्ष यस्तो छ :

कोभिड-१९ का कारण सिर्जित पहिलो लकडाउनले पारेको प्रभावदेखि हाल तेस्रो लहरसम्म आइपुग्दा अपाङ्गता भएका महिलाको अवस्था अत्यन्त जीर्ण बनेको छ। अपाङ्गता नभएका अन्य व्यक्तिको तुलनामा उनीहरू पोस्ट कोभिडको अवस्थामा केही सामान्य जीवन जिउन सक्षम भइसक्दा पनि अपाङ्गता भएका महिलाको अवस्था र रोजगारी भने दयनीय नै छ। साथै उनीहरूको आर्थिक उपार्जन गर्ने कुनै अवसर खुलेका छैनन्। जसलाई प्रतिशतमा हेर्दा यस्तो देखिन्छ :

- लकडाउनको समयमा स्वास्थ्य समस्या ३७.७८ प्रतिशत
- नयाँ स्वास्थ्य समस्या सिर्जना भएको ३६.६७ प्रतिशत
- नियमित स्वास्थ्य जाँच गराउन नपाएको २५.५६ प्रतिशत

- स्वास्थ्य सेवा लिन समस्या ४५ प्रतिशत
- बन्दाबन्दीको समयमा आफू हिंसामा परेको ५६.१८ प्रतिशत। छिमेकीबाट ४२.२२ प्रतिशत, परिवारबाट २८.८९ प्रतिशतले हिंसा भोगेको बताए।
- मानसिक यातना भोग्नुपरेको २८.०९ प्रतिशत
- एक्लाइएको १४.६१ प्रतिशत
- मौखिक गालीगलौज १०.११ प्रतिशत
- शारीरिक हिंसा ३.३७ प्रतिशत
- यातायातको समस्या ७२.५ प्रतिशत
- आम्दानी र रोजगारी गुमाएका ५५ प्रतिशत
- पैसा नै नभएर समस्या भएको बताउने ४१.९ प्रतिशत
- दैनिक खाद्यवस्तुहरू खरिद गर्न निकै कठिन भएको ५१.९ प्रतिशत
- कोभिड-१९ र लकडाउनको सूचनाबारे थाहा/जानकारी पाउने ९२.५ प्रतिशत
- जानकारी प्राप्त गर्न नसकेको ६.२५ प्रतिशत (जानकारी प्राप्त गर्नबाट वञ्चित हुनेहरूमा विशेषगरी बहिरा, सुस्त श्रवण र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू)
- राहत प्राप्त गरेको २० प्रतिशत (बहुअपाङ्गता भएका, बौद्धिक अपाङ्गता भएका, न्यून दृष्टियुक्त व्यक्ति र सुस्त श्रवण भएका व्यक्तिले राहत प्राप्त गर्न नसकेका)
- राहतमा केवल खाद्यान्न मात्र प्राप्त गरेको ७२.९७ प्रतिशत
- राहतमा अत्यावश्यक अन्य सामग्रीहरू पनि समेटिएको १८.७५ प्रतिशत
- राहत वितरणमा अपाङ्गता भएका महिलाको सहभागिता नरहेको ३५.४८ प्रतिशत (नाममात्रको लागि महिलाहरू समावेश गरिएको, राहत वितरण अपाङ्गता तथा लैङ्गिकमैत्री नभएको)
- बढी जोखिम समूह र सुरक्षाको खाँचो : १० मध्ये ९ उत्तरदाताले अपाङ्गता भएका महिला तथा बालिकाहरू हुने साथै उनीहरूको शारीरिक अवस्था र सीमितताले गर्दा अरूको सहयोग निरन्तर चाहिने भएकाले उनीहरूका लागि विशेष हेरचाह र सहयोगी सेवा उपलब्ध हुनुपर्ने बताएका

**पोस्ट कोभिड अवस्था**

- पोस्ट कोभिडमा पनि समस्या जटिल रहेको ९०.११ प्रतिशत
- अहिले पनि राहतको आवश्यकता रहेको ५८.१३ प्रतिशत
- आर्थिक अभाव ३४.४ प्रतिशत

- खाद्यान्न अभाव ३२.५ प्रतिशत
- स्वास्थ्य र सरसफाइका सामग्री अभाव ३०.६३ प्रतिशत
- अतिरिक्त सहयोग आवश्यक १६.९ प्रतिशत

### सुझाव

- राष्ट्रिय महिला आयोगमा पदाधिकारी नियुक्त गरिँदा अपाङ्गता भएका महिलालाई अनिवार्य कोटा आरक्षण गरिनुपर्ने। साथै सबै प्रक्रियामा विज्ञका रूपमा आयोगले प्रयोग गर्ने नीति लिनुपर्ने।
- राष्ट्रिय महिला आयोगमा अपाङ्गता भएका महिलाको सवाल हेर्ने सम्पर्क विन्दु तोकिनुपर्ने साथै अपाङ्गता भएका बहिरा महिलालाई सञ्चार गर्न साङ्केतिक भाषा दोभासे नियुक्त गरी सम्पर्क डेस्क स्थापना गरिनुपने।
- अपाङ्गता भएका महिलाविरुद्ध हिँसा न्यूनीकरण गर्न सचेतनामूलक सामग्री पहुँचयुक्त ढाँचामा निर्माण गरी प्रसारण गरिनुपर्ने।
- अपाङ्गता भएका हिंसा प्रभावित महिलालाई उजुरी गर्नेसंयन्त्र पहुँचयुक्त बनाइनुपर्ने।
- हिँसा प्रभावितको तथ्याङ्क ल्याउने ढाँचा अपाङ्गतामैत्री बनाइ प्रतिवेदन सार्वजनिक गरिनुपर्ने।
- अपाङ्गता भएका महिला र बालिकाको अवस्थालाई सहज बनाउनका लागि नेपाल सरकारले बेलैमा विशेष राहतका प्याकेजहरू ल्याएर त्यसलाई सम्बन्धित व्यक्तिहरूसम्म पुग्नेगरी कार्यान्वयन गर्नुपर्छ।
- अझै पनि सूचना र जानकारीहरू पूर्णरूपमा पहुँचयुक्त हुन नसकेकाले सबै किसिमका सूचना र सञ्चार प्रणालीहरू पहुँचयुक्त बनाउनका लागि उचित निर्देशन दिनु तथा यस सम्बन्धमा बनेका नीतिहरू कार्यान्वयन गर्नुपर्छ।
- सङ्कट र महामारीको समयमा अन्य महिला जस्तै अपाङ्गता भएका महिला र बालिका पनि हिंसाको जोखिममा रहने भएकाले त्यसप्रति नेपाल सरकार निकै संवेदनशील भएर लाग्नुपर्छ।
- अपाङ्गता भएका महिला र बालबालिकाका आआफ्नै स्वास्थ्य समस्या र जटिलता हुने भएकाले विशेष आवश्यकता सम्बोधन र सहयोगी सेवाहरू उपलब्ध गराउनका लागि विशेष रणनीति बनाएर लागु गर्नुपर्छ।
- महामारी तथा सङ्कटको समयमा राहत वितरण गर्दा अपाङ्गता र लैङ्गिक पक्षलाई विशेष ध्यान दिएर अपाङ्गता भएका महिला तथा बालिकाहरूका लागि अत्यावश्यक हुने सामग्रीहरू पनि राहत प्याकेजमा समेटेर राहत वितरण कार्य अगाडि बढाउनुपर्छ।
- त्यसका साथै नेपाल अपाङ्ग महिला सङ्घलगायत अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरूले माथि उल्लिखित पक्षहरूलाई विशेष ख्याल गर्दै अपाङ्गता भएका महिला र बालिकाहरूको मुद्दा सम्बोधन गराउन निरन्तररूपमा पैरवी, समन्वय र सहकार्य गर्नुपर्छ। त्यसबाहेक अपाङ्गता भएका महिला तथा बलिका र उनीहरूका परिवारको क्षमता अभिवृद्धि गर्ने, आवश्यक सामग्री तथा सेवा प्राप्तिका लागि समन्वय गरिदिने, मनोसामाजिक सेवा प्रदान गर्ने जस्ता काम पनि महिला सङ्घलगायत सबै संस्थाले निरन्तररूपमा गर्नुपर्छ। साथै कोरोना महामारी जस्तो सङ्कटको अवस्थामा यस्ता कुरामा थप संवेदनशील र जिम्मेवार बन्नुपर्छ।

### निष्कर्ष

अपाङ्गता भएका महिला र बालिकाहरू अपाङ्गता तथा महिला भएकै कारण दोहोरो बहिष्करण र विभेदमा परेका छन्। एकातिर उनीहरू घर/परिवार र समाजबाट पीडित छन् भने अर्कोतिर सङ्कटको समयमा पनि राज्यबाट अभिभावकत्वको महसुस गर्न पाएका छैनन्। अपाङ्गता तथा महिला भएकै कारण दैनिक जीविकोपार्जन गर्न तथा राज्य तथा गैरसरकारी तहबाट प्रदान गरिएका राहत साथसाथै सूचना र जानकारीमा सहज पहुँच प्राप्त गर्न नसक्दा सङ्कटको समयमा उनीहरूको स्थिति झन् नाजुक बन्न पुगेको छ। तसर्थ, राज्यलगायत सबै सरोकारवाला व्यक्ति तथा निकायले उनीहरूको जीवनस्तर उकास्नका लागि बेलैमा आआफ्नो क्षेत्रबाट समुचित कदमहरू चाल्नु अपरिहार्य भइसकेको छ।

अपाङ्गता भएका व्यक्तिबीचको लैङ्गिक हिंसाको प्रभाव न्यूनीकरण गर्न सम्बद्ध सबै पक्षले एकीकृत प्रयास गर्नुपर्छ। जसका लागि राष्ट्रिय महिला आयोगले अन्य मन्त्रालय, निकाय र सरकारका तीनै तहमा नेतृत्व लिइ नीति परिवर्तन र संशोधनका लागि भूमिका खेल्नु जरुरी छ। राज्यले यस्ता घटनाप्रति 'फास्ट ट्र्याक' विधि अपनाएर पीडितलाई सेवा दिनुपर्छ।

राज्य एवं सङ्घ/संस्थाले पुनर्स्थापना र परामर्शसम्बन्धी काम गर्नुपर्छ। अपाङ्गता भएका महिलाको क्षमता अभिवृद्धिमा सरोकारवाला पक्षको ध्यान जानुपर्छ र सूचनामा उनीहरूको पहुँच बढाउनुपर्छ। बहिरा भएका व्यक्तिहरूका लागि दोभाषेलगायत साङ्केतिक भाषा र ब्रेललिपिको व्यवस्था गर्नुपर्छ। त्यसैगरी अपाङ्गता भएका महिलाहरूप्रति हेरिने सामाजिक दृष्टिकोण सकारात्मक बनाउन सकेमा निश्चय नै हिंसाले प्रश्रय पाउने छैन। र, अपाङ्गता भएका महिलाले सम्मानित र स्वाभिमानी जीवन बिताउन पाउँछन्।

## ६.४ एकल महिलाका सवाल

विश्व गतिशील अवस्थामा रहेका बेला पनि नेपालको अवस्था भने उही १९औँ शताब्दीको रुढीवादी परम्परा, कुरीति र कुसंस्कारमा जकेडिएको छ। हाम्रो समाजमा आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा कमजोर भएका दुःखी, गरिब, पिछडिएका वर्गको सङ्ख्या उल्लेखनीयरूपमा बढ्दो छ।

पितृसत्तात्मक सोचले जकडिएको नेपाली समाजमा महिला अझै पनि लैङ्गिक विभेद सहन बाध्य छन्। उनीहरूलाई अझै पनि समाजको दोस्रो दर्जाका रूपमा लिइने गरिन्छ। महिला त्यसमा पनि एकल (विधवा) महिलाको अवस्था त अझ कहालीलाग्दो छ। यसले गर्दा सम्पूर्ण महिलाको विकासमा अवरोध पुऱ्याएको छ।

सामान्यतया हाम्रो समाजमा विधवा भन्नाले श्रीमान्को मृत्यु भएको महिलालाई जनाउँछ। विधवा महिलालाई समाजले विभिन्न किसिमका आरोप/प्रत्यारोप लगाउने गरेको पाइन्छ। एकल (विधवा) महिलालाई समाजले एक अभिश्रापका रूपमा लिने गरेको पाइन्छ। उनीहरूलाई अझै पनि अशुभ र श्रीमान्को मृत्युको कारकका रूपमा लिने गरिन्छ। विभिन्न धार्मिक तथा रुढीवादी परम्पराले गर्दा एकल महिलाको शारीरिक र बौद्धिक विकासमा नकारात्मक असर पर्नुका साथै उनीहरूको पीडालाई अझ बढाएको पाइन्छ।

### को हुन् एकल महिला ?

(क) पतिको निधन भएका महिला

(ख) विवाह नगरी ३५ वर्ष उमेर पूरा गरी बसेका महिला

(ग) सम्बन्ध विच्छेद भएका महिला

(घ) सम्वन्ध विच्छेद नगरी भिन्न बसेका महिला

(ङ) श्रीमान् बेपत्ता तथा हराइ एक्लै बसेका महिला

## एकल (विधवा) महिलाका समस्या तथा चुनौती

- वैवाहिकताका आधारमा विभेदपूर्ण समाज
- एकल महिलालाई परिवारले पारिवारिक सदस्यका रूपमा महत्त्व तथा स्थान नदिनु
- एकल महिलामा शिक्षाको अभाव
- एकल महिलाहरू आफ्ना हक/अधिकार सम्वन्धमा अनविज्ञ
- एकल महिलामा आर्थिक भार उच्च
- एकल महिलालाई धार्मिक तथा सांस्कृतिक कार्यमा सहजरूपमा स्वीकार्य नगरिनु
- न्यायमाथि एकल महिलाको पहुँच नहुनु
- भौगोलिक असमानताका कारण एकल महिलाबीच फरक फरक विभेद
- समन्वय अभाव

## एकल महिलासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

नेपालको दशौँ एघारौँ पञ्चवर्षीय तथा अन्तरिम योजनामा एकल महिलाको सवाल समावेश भएको छ। राष्ट्रिय जनगणना २०६८ मा एकल महिलाको तथ्याङ्क लिने व्यवस्था भएको छ। विपन्न तथा गरिबीको रेखामुनि रहेका एकल महिलाका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा एकल महिला सुरक्षा सेवा कोष स्थापना भएको छ। सो कोषबाट एकल महिलाका लागि सहयोग उपलब्ध गराइन्छ।

विक्रम संवत् २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा ४,९८,६०६ एकल (विधवा) महिला छन्। सशस्त्र द्वन्द्वका कारण ९,००० महिला एकल भएका थिए। त्यसबाहेक प्राकृतिक प्रकोप, महाभूकम्प र कोरोना महामारीले पनि एकल महिलाको सङ्ख्या बढाएको छ।

### तथ्याङ्कमा एकल महिला

| विवरण | सङ्ख्या |
|---|---|
| विधवा महिला | ४,९८,६०६ |
| सशस्त्र द्वन्द्वका कारण विधवा भएका | ९००० (करिब) |
| स्थानीय तहका विभिन्न पदमा निर्वाचित | १४६ |

### एकल महिलाको अधिकार प्राप्तिमा उपलब्धि

एकल महिला अधिकारका लागि काम गर्ने विभिन्न निकाय तथा महिला अधिकारकर्मीहरूको लगातारको आन्दोलन तथा खबरदारीका कारण यस क्षेत्रमा हासिल केही उपलब्धि यसप्रकार छन् :

- एकल महिलालाई समाजमा पुनर्स्थापना तथा एकीकृत गराउँदै सङ्गठित गर्ने काम भएको छ।
- एकल महिलालाई मनोपरामर्श तथा कानुनी सेवा प्रदान गरिएको छ।
- १८ वटा जिल्लामा सरकारका तथा व्यक्तिगत जग्गा प्राप्त गरी एकल महिलाका लागि छहारी (Safe Space) निर्माण गरिएको छ भने कतै निर्माणाधीन अवस्थामा छ।
- एकल महिला समूहमा तालिम प्राप्त सहयोगी साथीद्वारा क्षमता अभिवृद्धिका कार्यक्रम हुँदै आएका छन्।
- समूहमा आबद्ध एकल महिलाको जीवनस्तर उकास्नका लागि बचत तथा ऋण सहकारी संस्था सञ्चालनमा छन्।
- विभिन्नखाले सिप र तालिम प्रदान गरिएको छ।
- एकल महिलाका बालबालिका र युवा एकल महिलाको शिक्षालाई निरन्तरताका लागि छात्रवृत्ति प्रदान गरिँदै आएको छ।
- एकल महिलालाई कानुनीरूपमा साक्षर गराइ तालिम प्राप्त कानुनी मध्यस्थकर्ताको माध्यमद्वारा कानुनी परामर्श तथा सेवा प्रदान गरिँदै आएको छ।
- न्यायिक तथा अर्धन्यायिक निकायसमक्ष एकल महिलाको मुद्दा/मामिलाको सन्दर्भमा एकल महिला समूहले प्रतिनिधित्व गरी वकालत गर्दै आएको छ।

एकल महिलाका हकमा विभेदपूर्ण रहेका मुलुकी ऐनका कानुनसमेत परिवर्तन भएका छन्। जुन निम्न प्रकारका छन् :

- एकल महिलाले पुनर्विवाह गरेपश्चात मृत्यु भएको पूर्वश्रीमान्को सम्पत्ति फिर्ता गर्नु नपर्ने।
- एकल महिलाले मृत्यु भएको श्रीमान्को सम्पत्ति प्राप्त गर्न ३५ वर्षको उमेरसम्म कुर्नु नपर्ने।
- एकल महिलाले राहदानी बनाउनका लागि घरको पुरुष सदस्यको स्वीकृति लिनु नपर्ने।
- एकल महिलाले आफ्नो भागको सम्पत्ति बेचविखन गर्न वा कसैलाई दिन चाहेमा १६ वर्ष उमेर पूरा गरेका छोरा/छोरीको स्वीकृति लिन नपर्ने।
- एकल महिलाले सम्पत्तिमा हकदावी गर्नका लागि सत्मा बस्नुपर्ने जस्ता प्रावधानसमेत खारेज भएको छ।

## ६.५ दलित महिलाको सवाल

नेपालको जनगणना २०६८ अनुसार कुल जनसङ्ख्याको १३.८ प्रतिशत दलितको सङ्ख्या छ। कुल जनसङ्ख्याको ८.१२ प्रतिशत पहाडी दलित र ४.४१ प्रतिशत मधेसी दलितको सङ्ख्या छ। कुल दलितको सङ्ख्यामध्ये १४ लाख ५४ हजार ९७ पुरुष र १६ लाख ११ हजार ९८१ महिला छन्। कुल महिलाको जनसङ्ख्यामा दलित महिला १५ प्रतिशत छन्।

मधेसी दलितको साक्षरता ३४.५ प्रतिशत रहेको छ भने पहाडी दलितको साक्षरता ६१.९ प्रतिशत छ (सिडिएसए सन् २०१४)। दलित महिलाको साक्षरता दर ४५.५ प्रतिशत छ। मुसहर र डोम महिलाको साक्षरता दर क्रमशः १७.४ र १७.९ प्रतिशत छ। राष्ट्रिय योजना आयोगका अनुसार नेपालमा गरिबीको सङ्ख्या १७ प्रतिशत छ। कुल जनसङ्ख्याको १३.८ प्रतिशत दलित समुदायमध्ये ३३ प्रतिशत गरिबीको रेखामुनि छन्। नेपालमा अधिकांश दलित भूमिहीन छन्। पहाडी दलितमध्ये ३६.७ प्रतिशत र मधेसी दलितमध्ये ४१.४ प्रतिशतसँग आफ्नो जमिन छैन।

दलित महिला आर्थिक, सामाजिक, राजनीतिक सांस्कृतिक, शैक्षिकलगायतका अधिकारबाट अहिले पनि वञ्चित छन्। दलित महिलाहरू जातीय, क्षेत्रीय र लैङ्गिकलगायतका हिंसाको दोहोरो/तेहेरो शोषणमा छन्। विभेद र उत्पीडनको सबै भन्दा पिँधमा छन्। नेपालको दलित आन्दोलन र सिङ्गो महिला आन्दोलनले पनि दलित महिलाको सवाललाई प्राथमिकता दिन सकेका छैन। महिला आरक्षणमा दलित महिलालाई समेटिएको पाइँदैन।

### जातीय भेदभाव तथा छुवाछूतका घटना (२०७७ कात्तिक-२०७८ असोज)

| क्र. सं. | घटनाको प्रकृति | पीडित | | | जम्मा | प्रदेश | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बाल-बालिका | | प्रदेश नं. १ | मधेश प्रदेश | वाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूर पश्चिम प्रदेश | जम्मा |
| १ | जातीय भेदभाव तथा छुवाछूतपछि हत्या | १ | ३ | | ४ | १ | १ | १ | | १ | | | ४ |
| २ | बलात्कारपछि हत्या | २ | | १ | ३ | | १ | | | १ | १ | | ३ |
| ३ | आत्महत्या दुरुत्साहन | ४ | १ | | ५ | २ | १ | १ | | १ | | | ५ |
| ४ | जातीय भेदभाव तथा छुवाछूत | १२ | ७ | | १९ | २ | ७ | २ | ४ | १ | १ | २ | १९ |
| ५ | कुटपिट | ६ | ९ | | १५ | २ | ५ | | १ | ३ | १ | ३ | १५ |
| ६ | जबर्जस्ती करणी | १० | | १ | ११ | ३ | ७ | | १ | | | | ११ |
| ७ | अन्तरजातीय विवाह | ५ | २ | | ७ | ५ | | | १ | १ | | | ७ |
| ८ | गालीगलौज | १ | २ | | ३ | | | १ | | | १ | १ | ३ |
| | **जम्मा** | ४१ | २४ | २ | ६७ | १५ | २२ | ५ | ७ | ८ | ४ | ६ | ६७ |

*स्रोत : दलित महिला सङ्घ (फेडो)*

२०७७ कात्तिकदेखि २०७८ असोजसम्ममा दलित समुदायमाथि जातीय भेदभाव तथा छुवाछूतका विभिन्न ६७ घटना दर्ता भएका छन् जसमा ६१.११ प्रतिशत घटना दलित महिलामाथि भएका छन् भने ३५.८२ प्रतिशत घटना पुरुषमाथि भएको छ।

जातीय भेदभाव तथा छुवाछूत र लैङ्गिक हिंसासम्बन्धी अध्ययनहरूले दलित महिलाको अवस्थालाई प्राथमिकतामा राखेको पाइँदैन। दलित महिला उत्पीडन, विभेद र हिंसाको सम्बोधन हुन सकिरहेको छैन। दलित महिलामाथिको हिंसालाई प्रमुख विषय बनाएर अध्ययन र बहस हुन नसक्दा न्यायमा पहुँच हुन सकिरहेको छैन।

बलात्कार, हत्या, हिंसा र जातीय भेदभाव तथा छुवाछूतका घटनामा दलित महिला बढी पर्ने गरेका छन् तर उनीहरूलाई पहिलो प्राथमिकतामा राखेर समाजमा स्थापित गर्ने काम हुन सकिरहेको छैन। दलित महिला लक्षित नीति योजना र कार्यक्रम बनाउन, न्यायमा पहुँच स्थापित गर्न, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका अधिकार स्थापित गर्न र हिंसाविरुद्ध राज्यलाई जवाफदेही बनाउन थप अध्ययन आवश्यक छ।

## ६.६ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायभित्र पनि महिलाका विविध समस्या छन्। संविधानले पूर्णरूपमा स्वीकार गरे तापनि कार्यान्वयन पक्ष बलियो छैन। मुख्य समस्याहरूमा लैङ्गिक पहिचानसहितको जन्म दर्ता, नागरिकता तथा राहदानी र प्रमाणपत्रको समस्या देखिएको छ।

**सम्बोधन गर्नुपर्ने क्षेत्र :**

- कानुनी लैङ्गिक पहिचान
- संविधानको उचित कार्यान्वयन
- वैवाहिक समानता
- रोजगारीमा समान अवसर
- स्वीकार्य र समावेशीकरण
- निजी तथा सरकारी क्षेत्रमा शिक्षा, स्वास्थ्य सेवाहरूमा समान पहुँच

# नेपालमा प्रजनन स्वास्थ्य अधिकारको अवस्था

## ७.१ प्रजनन अधिकारको वर्तमान स्थिति

प्रजनन स्वास्थ्य अधिकार महिलाको मानव अधिकार हो। यसलाई नेपालले झण्डै २५ वर्षदेखि महिलाको मानव अधिकारका रूपमा व्याख्या गर्दै आइरहेको छ। नेपालले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको सवालमा महिला र किशोरीको प्रजनन स्वास्थ्य अधिकारलाई महत्त्व दिइ उनीहरूको अधिकार कार्यान्वयनका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ।

नेपालसमेत १८६ राष्ट्रले सन् १९९५ मा पारित गरेको जनसङ्ख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन कार्ययोजना (ICPD-PoA) मा प्रजनन स्वास्थ्यको विस्तृत परिभाषा गरिएको छ। जसअनुसार प्रजनन स्वास्थ्य भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक कमजोरी तथा रोगहरूको सङ्क्रमण हुने स्थितिलाई मात्र नजनाएर शारीरिक, मानसिक तथा सामाजिकरूपमा पूर्ण स्वास्थ्यको स्थितिलाई समेत जनाउँछ। प्रजनन स्वास्थ्य अधिकारभित्र दम्पती र व्यक्तिले आफ्ना सन्तानहरूको सङ्ख्या, जन्मान्तरको सम्बन्धमा स्वतन्त्र र जिम्मेवारीपूर्वक निर्णय गर्ने अधिकार राख्छन् भनिएको छ।

नेपालले दिगो विकास लक्ष्य नं. ३७ र ५.६ मा उल्लेख भएको यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा विश्वव्यापी पहुँच हासिल गर्न आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ। त्यसका साथै बेइजिङ घोषणापत्र र कार्ययोजनाले प्रत्याभूत गरेको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई महत्त्वका साथ ग्रहण गरेको छ। नेपालको संविधानको धारा ३८(२) मा प्रत्येक महिलालाई मातृत्व तथा प्रजनन स्वास्थ्य हक हुनेछ भन्ने व्यवस्था गरी प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ।

नेपालको संविधानमा व्यवस्था भएको प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी मौलिक हक कार्यान्वयनका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, जनस्वास्थ्य सेवा ऐन २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ जारी भइ लागु भएको छ।

ऐतिहासिकरूपमा नेपालमा मातृ मृत्यु दर दक्षिण एसियामै उच्च थियो। १,००००० जीवित जन्ममा ५३९ मातृ मृत्यु थियो। त्यसका विभिन्न कारणमध्ये असुरक्षित गर्भ पतन पनि एक प्रमुख कारण थियो। २०५८ सालसम्म गर्भ पतनलाई अपराधीकरण गरिएकामा २०५९ सालमा भएको मुलुकी ऐन ११औँ संशोधनले पहिलोपटक गर्भ पतनलाई कानुनी मान्यतासहित प्रजनन स्वास्थ्य अधिकारलाई मान्यता प्रदान गरेको थियो। जसले मातृ मृत्यु दर कम गर्न सघाउ पुऱ्याएको थियो। हाल आएर मातृ मृत्यु दर २३९ मा झरेको छ।

प्रजनन स्वास्थ्य अधिकारलाई व्यवस्थित गर्न, अधिकार सम्पन्न गर्न तथा नेपालको संविधानको मौलिक हक कार्यान्वयन गर्नका लागि बनेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ ले विशेषगरी सुरक्षित मातृत्व तथा नवजात शिशु, परिवार नियोजन, सुरक्षित गर्भ पतन र प्रजनन रुग्णताको सेवा र अधिकारबारे व्यवस्था गरेको छ। विशेषगरी प्रजनन स्वास्थ्य सेवाको गुणस्तरीय, पहुँचयोग्य, सुरक्षित र सर्वसुलभ बनाउने सम्बन्धमा रहेर यो ऐन लागु भएको हुँदा यो ऐनले समग्रमा प्रजनन स्वास्थ्य अधिकार र सेवाको सन्दर्भमा मानव अधिकारका रूपमा व्यवख्या गरेको छ। प्रजनन स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाका रूपमा जनस्वास्थ्य सेवा ऐन २०७५ मा व्यवस्था गर्नुका साथै प्रजनन स्वास्थ्य सेवा सबै सरकारी स्वास्थ्य संस्था वा सरकारबाट अनुदान प्राप्त सामुदायिक स्वास्थ्य संस्थाहरूमा प्याकेजका रूपमा व्यवस्था गरिएको छ।[८१]

सुरक्षित मातृत्वको सवालमा सुनौला हजार दिनमार्फत आमा तथा नवजात शिशुको स्याहार र पौष्टिक आहार प्रदान गर्नुपर्ने व्यवस्था, स्तनपान कार्यक्रम, परिवार नियोजन कार्यक्रम, सबै सरकारी स्वास्थ्य चौकीहरूमा १० हप्तासम्मको सुरक्षित गर्भ पतन सेवा निःशुल्क उपलब्ध, प्रजनन रुग्णताको अवस्थामा स्वास्थ्य संस्थामा भर्ना गरी उपचार गर्नुपर्ने भएमा १ महिनाको तलबी बिदा दिनेलगायतको व्यवस्था नेपाल सरकारबाट भएका कारण पनि नेपालले प्रजनन स्वास्थ्य अधिकार र सेवाको सन्दर्भमा उल्लेखनीय कार्य गरेको देखिन्छ।

महिला तथा बालबालिकाको मृत्यु दर कम गर्न तथा रोकथाम गर्न राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रम नेपाल सरकारबाट लागु तथा प्रवर्द्धन गर्ने कार्य गरिरहेको छ। सामुदायिक स्तरमा विभिन्न कार्यक्रमअन्तर्गत रहेर प्रजनन स्वास्थ्य सेवा प्रवर्द्धनसम्बन्धी विभिन्न गतिविधि हुँदै आइरहेको छ। जसअन्तर्गत निःशुल्क प्रसूति सेवा तथा नवजात शिशु स्याहार सेवा, प्रसूति स्याहार भत्ता, प्रेषण (रिफर) गर्नुपर्ने भएमा निःशुल्क एम्बुलेन्स सेवा, स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन भत्ता, न्यानो झोला कार्यक्रम, स्वास्थ्य स्वयंसेविकालाई तालिम तथा अतिरिक्त भत्ता जस्ता व्यवस्था गरेको पाइन्छ। राष्ट्रपति उत्थान कार्यक्रमअन्तर्गतको दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम[८२] मार्फत दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क हवाई उद्धार हुँदै आइरहेको छ।[८३]

Universal Health Coverage हासिल गर्नका लागि नेपाल सरकारले प्रत्येक वर्ष स्वास्थ्य सेवा खर्चमा उल्लेखनीय बजेट विनियोजन गर्नुका साथै प्रत्येक वर्ष त्यस्तो बजेट वृद्धिसमेत गर्दै आइरहेको छ।[८४] उक्त बजेटले गुणस्तर सेवा वृद्धि, स्वास्थ्य सेवामा महिलाको पहुँच, उच्चस्तरको स्वास्थ्य सेवालगायत क्षेत्रमा रहेर योजना बनाइ स्वास्थ्य सेवा सुधारमा जोड दिएको छ।

नेपाल सरकारले किशोर./किशोरी, कम आय भएका गर्भवती महिला र स्तनपान गराउने आमाहरूलाई लक्षित गरी नेपाल सरकारले बहुक्षेत्र पोषण योजना कार्यान्वयनमा ल्याएको थियो।[८५]

---

८१. सुरक्षित गर्भ पतन सेवा कार्यक्रम कार्यविधि निर्देशिका, २०१७

८२. https://mowcsc.gov.np/pages/141/53182423 (दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७, निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम

८३. https://www.himalkhabar.com/news/121057

८४. २०१८/१९ मा स्वास्थ्य सेवा खर्चमा २ अर्व ४६ करोड ४० लाख भन्दा बढी बजेट छुट्याएको देखिन्छ।

८५. बहुक्षेत्र पोषण योजना २०१३-२०१७ (Multi sector Nutritional Plan 2013-2017)

स्वास्थ्य क्षेत्रमा समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण र स्वास्थ्यमा लैङ्गिक मुद्दाहरूलाई मूलप्रवाहीकरणमा ल्याउन स्वास्थ्य मन्त्रालयले (Operational Guidelines) लागु गरी GESI एकाइलाई संस्थागत गर्ने गरेको छ। मन्त्रालयले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्चालन गर्दै आइरहेको छ।[८६] जसअन्तर्गत रहेर स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन सहयोग भएको छ। त्यसका साथै स्थानीय महिला स्वयंसेवकहरूको समूहसमेत स्थापना गरी समुदायमा विशेषगरी सुत्केरी/प्रसूति महिला तथा बालबालिकाको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन विशेष योगदान गरेको छ।

मुलुकी अपराध संहिता २०७४[८७] मा छाउपडी र महिनावारीको नाममा हुने भेदभावलाई अपराधको सूचीमा राखेको छ। महिनावारीको समयमा हुने अस्वच्छ कारणले प्रजनन स्वास्थ्यमा हुने समस्या न्यूनीकरण गर्न र छाउपडी समस्या निराकरणका लागि नेपाल सरकारले विभिन्न निर्देशिका लागु गर्नुका साथै जनचेतना अभिवृद्धिका लागि विभिन्न कार्यसमेत गर्दै आइरहेको छ। सोका लागि महिनावारी स्वास्थ्य व्यवस्थापन (Menstrual Health Management) सम्बन्धी केही जिल्लामा तालिम तथा जानकारीमूलक कार्यक्रम गर्दै आइरहेको छ। महिनावारीको समयमा गर्नुपर्ने हेरचाह तथा सरसफाइलाई ध्यानमा राखेर स्कुलका पाठ्यक्रमहरूमा जनसङ्ख्या र प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तुहरू समावेश गर्नुका साथै स्कुलहरूमा किशोरीहरूलाई छुट्टै शौचालय र स्यानेटरी प्याड व्यवस्था गर्ने कार्य गरेको देखिन्छ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने कुरा सुनिश्चित गर्नुका साथै स्वास्थ्य सेवा सहज र सुलभ तरिकाले प्राप्त गर्न पाउने अधिकारको व्यवस्था गरेको छ।[८८] जनस्वास्थ्य सेवा ऐन, २०७५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित गर्न नपाउने व्यवस्था सुनिश्चित गर्नु[८९] का साथै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।[९०]

२०७५ असोज २ गते पारित भई लागु भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले प्रजनन स्वास्थ्य सेवा सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउने[९१] सन्दर्भमा सुरक्षित मातृत्व तथा नवजात शिशु नियोजन, सुरक्षित गर्भ पतन र प्रजनन रुग्णताका सेवा प्राप्ति र अधिकारको व्यवस्था गरेको छ। साथै प्रजनन स्वास्थ्य सेवा अपाङ्गतामैत्री, किशोरीमैत्री हुनुपर्ने, सेवामा भेदभाव गर्न नपाइने, गोपनीयता कायम राख्नुपर्ने, अनुदान रकम विनियोजन गर्नुपर्ने विषय पनि समेटेको छ। त्यसैगरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको अध्यक्षतामा समन्वय समिति गठन गर्ने, सेवा शुल्क निर्धारण, सुत्केरी भत्ताको व्यवस्था, असल नियतले दिएको सेवामा कानुनी कारवाही चलाउन नपाउने जस्ता व्यवस्था तथा अधिकार पनि समावेश छ। जसले गर्दा प्रत्येक व्यक्तिले प्रजनन स्वास्थ्य सेवा उपभोग गर्न कानुनीरूपमा अधिकार पाएको देखिन्छ।

८६. Opertional Guidelines for Gender Equility and Social Inclusion Mainstreaming in the Health Sector 2013.
८७. प्रतिनिधि सभाबाट पारित भई २०७५ भदौ १ गतेवाट लागु भएको।
८८. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(१)।
८९. ऐ. ऐनको दफा ३(३)
९०. ऐ. ऐनको दफा ३(४)
९१. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को प्रस्तावना

## ७.२ केही समस्या तथा चुनौती

प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको, मौलिक हक कार्यान्वयनका सवालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ का साथै नियमावलीहरू र कार्यविधि/नीति/निर्देशिकाहरू कार्यान्वयन भई प्रजनन स्वास्थ्य सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित र गुणस्तरीय बनाउन उल्लेखनीय व्यवस्था भए तापनि अझै पनि केही समस्या तथा चुनौती कायमै देखिन्छन्।

- प्रजनन स्वास्थ्य अधिकार तथा सेवाको सन्दर्भमा विभिन्न कानुनी व्यवस्था भए तापनि अझै पनि धेरै नेपालीलाई सोबारेमा जानकारी नभइरहेको हुँदा कार्यान्वयनमा समस्या तथा चुनौती छ।
- विगतका वर्षदेखि मातृ मृत्यु दर कम गर्न विभिन्न प्रयास भए तापनि अझै पनि १००,००० जीवित जन्ममा २३९ जना मातृ मृत्यु दर कायमै छ।
- आफ्नो शरीरमाथि आफैं निर्णय गर्न पाउने, प्रजनन स्वास्थ्य सेवा विशेषगरी यौनका सम्बन्धमा निर्धक्कसँग छलफल गर्न सक्ने वातावरण अझै नभइरहेको परिप्रेक्ष्यमा असुरक्षित तरिका प्रयोगले किशोर/किशोरीमा समस्या थपिँदै गएको देखिन्छ।
- ४७.७% विवाहित किशोरी (जसको उमेर १५ देखि १९ वर्ष छ) मा परिवार नियोजनसम्बन्धी आवश्यकता अपूर्ण भएको देखिन्छ। त्यसैगरी १५% विवाहित यस्ता किशोरीले मात्र आधुनिक गर्भ निरोधका साधन प्रयोग गरेका देखिन्छ। जसले गर्दा अनिच्छित गर्भ धारणको दर १९% रहन गएको छ। यसले गर्भ निरोधका साधनको उपलब्धता र प्रयोगको अभाव देखाउँछ। साथै गर्भ निरोधका साधनमा पहुँच नपुग्नु, यस्ता साधन धेरै भए पनि अझै पनि ग्रामीण भेगमा उपलब्धताको कमी तथा यही कारण महिला तथा किशोरले छनोट गरी सेवा लिन नपाउने अवस्था छ। सँगै प्रजनन रुग्णतासम्बन्धी विभिन्न रोगका लागि अहिले पनि स्थानीय तहसम्म सेवा उपलब्ध नहुनुले गर्दा महिला तथा किशोरीले विभिन्न रोग पालेर बस्नुपर्ने अवस्था विद्यमान छ।
- महिनावारीको समयमा महिला तथा किशोरीहरूलाई चाहिने अत्यावश्यक वस्तु स्यानिटरी प्याडमा नेपाल सरकारले विभिन्न कर लगाउँदै आएको छ। यही कारण प्याड महँगो हुन जाँदा गरिब महिला तथा किशोरीले किन्न नसकी पुरानो फाटेको कपडा, फोहोर टालोहरू प्रयोग गर्न बाध्य भइरहेका देखिन्छ।[९२] नेपालमा १५% ले मात्रै महिनावारीको समयमा स्यानिटरी प्याड प्रयोग गरेका देखिन्छ भने ग्रामीण क्षेत्रमा ४ जनामध्ये ३ जनाले पुरानो फाटेको फोहोर कपडा प्रयोग गरेका देखिन्छ।[९३] जसका कारण उनीहरूको स्वास्थ्यमा गम्भीर असर तथा जोखिम रहेको देखिन्छ। यसलाई नेपाल सरकारले ध्यान नदिई स्यानिटरी प्याडलाई विलासिताको वस्तु जस्तै गरी विभिन्न कर लिने काम गरेको छ।
- सुरक्षित गर्भ पतन सेवालाई अझै पनि समाजमा हेयभाव र लाञ्छनाका रूपमा हेरिने प्रवृत्ति कायमै छ। साथै गर्भ पतन सेवा प्रदान गर्ने अस्पतालहरूमा आवश्यक सूचनाको व्यवस्था छैन। यही कारण अझै पनि ५०% भन्दा बढी महिला

९२. Population Service International Nepal, 2017 scoping review and preliminary mapping: Menstrual Health and Hygiene Management in Nepal, Published on June 2017, page. 38, https://maverickcollective.org/wp-content/uploads/2017/06/Scoping-Review-and-Preliminary-Mapping-of-Menstrual-Health-in-Nepal.pdf.

९३. ऐ. ऐ.

तथा किशोरीले असुरक्षित गर्भ पतन गरिरहेका देखिन्छ।[९४] त्यसका साथै अझै पनि ५०% भन्दा बढी महिला तथा किशोरीलाई सुरक्षित गर्भ पतन सेवा प्राप्त गर्न पाउने सूचीकृत स्वास्थ्य संस्थाबारे जानकारी नभएको देखिन्छ। यस्तो अवस्थामा नेपाल सरकारबाट जनचेतनामूलक कार्यक्रमहरू गरेको देखिँदैन जसले दिन/प्रतिदिन असुरक्षित गर्भ पतनतिर आकर्षित हुने क्रम बढेको देखिन्छ।

- गर्भ पतनको अधिकारलाई अपराधीकरणका रूपमा व्याख्या हुने गरी अझै पनि मुलुकी अपराध संहिता, २०७५ मा समेटिएको छ भने मुद्दाहरूको अध्ययन गर्दा महिला तथा किशोरीहरूलाई मात्र मुद्दा दायर गरी पीडित महिला तथा किशोरीलाई अझै पीडित बनाइरहेको देखिन्छ।[९५] त्यसका साथै नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको सुरक्षित गर्भ पतनसम्बन्धी औषधिबारे धेरै महिला तथा किशोरीमात्र नभएर औषधि व्यवसायीलाई समेत थाहा नभएको अवस्था छ। त्यसैले असुरक्षित औषधिहरू बेचबिखन भइरहेको छ। महिला तथा किशोरीले जथाभावी औषधि किन्नुका साथै सेवन गरिरहेका देखिन्छ। जसले गर्दा उनीहरू विभिन्न शारीरिक समस्याको सिकार भइरहेका छन्। तर यस्तो गम्भीर विषयमा नेपाल सरकारले कुनै किसिमको जानकारीमूलक गतिविधि तथा जनचेतनामूलक कार्यक्रम आवश्यक ठानेको पाइँदैन।
- अझै पनि नेपालमा ३७% को १८ वर्ष नपुग्दै र १०% को १५ वर्ष उमेर नपुग्दै विवाह हुने गरेको देखिन्छ। यसले गर्दा कम उमेरमा विवाह हुने, गर्भ निरोधका साधनको उपलब्धता पूर्णरूपमा नपाउने, सुरक्षित गर्भ पतनबारे पनि जानकारी कम हुनुका कारण मातृ मृत्यु दरलाई टेवा पुऱ्याइरहेको देखिन्छ। यी विषयवस्तुलाई समेट्ने गरी सरकारी निकायहरूबाट त्यस्ता समस्या न्यूनीकरण गर्ने कार्यक्रम तथा व्यवस्थाहरू भने गरेको देखिँदैन।
- राष्ट्रिय स्वास्थ्य योजना तथा कार्यक्रमहरूमा अझै पनि लैङ्गिक संवेदनशील र उत्तरदायित्व देखिँदैन। त्यसका साथै स्थानीय तहमा पनि यस्तो सेवालाई प्रभावकारीरूपमा सञ्चालन गर्न आवश्यक ठानिएको देखिँदैन। अति सीमान्तकृत समुदाय, LGBTIQ लगायतका सवालमा सम्बोधन हुने काम गरेको देखिँदैन।
- प्रजनन स्वास्थ्य सेवा भेदभावरहित, अपाङ्गमैत्री र किशोरीमैत्री हुनुपर्ने कानुनी व्यवस्था छ। तर पनि अपाङ्गमैत्री र किशोरीमैत्रीसम्बन्धी कार्यविधि तथा विस्तृत व्याख्यासहितको व्यवस्था भने छैन। यही कमीले गर्दा अझै पनि अपाङ्गता भएका तथा किशोरीहरू आफूलाई आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा लिनबाट वञ्चित हुनुपरिरहेको छ।
- प्रजनन स्वास्थ्य सेवाका बीच पनि भेदभाव गरिएको देखिन्छ। राष्ट्रपति उत्थान कार्यक्रमअन्तर्गतको दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ को निःशुल्क हवाई उद्धार सेवा कार्यक्रममा यस्तो भेदभाव देखिन्छ। हवाई उद्धारको नाममा गर्भवती तथा सुत्केरी वा आकस्मिक प्रसूतिको अवस्थामा रिफर गर्नुपर्ने भई तत्कार हवाई उद्धार गर्नुपर्ने अवस्थामा हवाई उद्धार सेवा दिने व्यवस्था छ। तापनि सुरक्षित गर्भ पतनका कारण आकस्मिक अवस्था आइपरी हवाई उद्धार गर्नुपर्ने भएमा उक्त कार्यविधिअन्तर्गत उद्धार गर्न नपाइने व्यवस्था छ। जुन पुरै भेदभावपूर्ण व्यवस्था हो। त्यसका साथै स्थानीय तहले प्रदान गर्ने निःशुल्क एम्बुलेन्स सेवामा समेत गर्भ पतनको व्यवस्थालाई समेटिएको देखिँदैन।

९४. National Demographic and Health Survey 2016, Chapter 7, page no. 115 to 121.

९५. https://fwld.org/publications/नेपालमा-गर्भ पतनको-निरअपराधीकरण : -महिला-अधिकार-प्रवर्द्धनमा-थप-आयाम

- अझै पनि पेसागत पृथक्कीकरण र लैङ्गिक अन्तर श्रम बजारमा देखिन्छ। चाहे त्यो स्वास्थ्य क्षेत्रमा होस् वा मनोरञ्जन क्षेत्रमा, चाहे शारीरिक श्रमको क्षेत्रमा होस्, पुरुषलाई भन्दा महिलालाई एउटै काममा फरक फरक पारिश्रमिक तोकी काम गराएको देखिन्छ। महिला कर्मचारीबाट बेतलबी अथवा कम पारिश्रमिकमा काम गराउने प्रचलन अझै विद्यमान छ। जसले गर्दा सेवाको गुणस्तरीयतामा कमी आउने तथा सेवा पाउने व्यक्तिले सेवा गुणस्तरीयरूपमा पाउन नसक्ने देखिन्छ। विशेषगरी स्वास्थ्य क्षेत्रमा त्योखालको समस्या छ।

- हानिकारक परम्परा र प्रथाले गर्दा सबै भन्दा बढी किशोरी तथा महिलालाई नै हानि गरिरहेको छ। त्यस्ता हानिकारक प्रथा तथा परम्परालाई न्यूनीकरण गर्नका लागि त्यसअनुसारको अध्ययन गर्ने तथा अध्ययनबाट आएको निष्कर्षअनुसारको कार्यक्रम तथा जनसहभागिता र जनचेतनामूलक कार्यक्रमका व्यवस्था गरेको देखिँदैन। जति पनि गरिएको छ, त्यो बालुवामा पानी खन्याएको जस्तो भएको छ। त्यसका साथै एकद्वार सङ्कट व्यवस्थापन प्रणालीलाई उचित तरिकाले कार्यान्वयन गरेको देखिँदैन जसले गर्दा छाउपडी, बाल विवाह न्यूनीकरण हुन सकिरहेको छैन।

- विश्व जलवायु परिवर्तनको चपेटामा परिरहेको परिप्रेक्ष्यमा नेपाल पनि अछूतो रहने कुरै भएन। कहिले ठूलो भूकम्प, कहिले बाढी/पहिरो, कहिले खडेरी, कहिले विश्वव्यापी रोगको अवस्थाले गर्दा पनि महिला तथा किशोरीहरूको प्रजनन स्वास्थ्य सेवामा गम्भीर असर पर्न गइरहेको देखिन्छ।[९६] तथापि नेपाल सरकारबाट त्योखालको अध्ययन र अनुसन्धान गर्ने काम भएको देखिँदैन। साथै सम्बोधन हुने काम भएको देखिँदैन। केही व्यवस्था[९७] भए तापनि ती व्यवस्थालाई व्यापकरूपमा प्रचार प्रसार गर्ने साथै कार्यान्वयनको पाटोमा उदासीनता देखिन्छ।

## ७.३ निष्कर्ष र सिफारिस

- महिलाको प्रजनन स्वास्थ्य सेवा र अधिकारको सुनिश्चितता, गुणस्तरीयता, पहुँचयोग्य, सुरक्षित बनाउनका लागि भएको कानुनी व्यवस्था कार्यान्वयन गरिनुपर्छ। यसका लागि सम्बन्धित निकायहरूबाट आवश्यकताअनुसारको अभिमुखीकरण, जनचेतनामूलक कार्यक्रम तथा जनशक्ति परिचालन गरी व्यापकरूपमा प्रचारप्रसार गर्नुपर्छ। बनाउन बाँकी कानुन बनाइ लागु गर्न आवश्यक व्यवस्था गर्नुपर्छ। नागरिक समाजबाट निरन्तर वकालत र उपलब्ध सेवाहरूबारे जनचेतना जगाउने कार्य गर्नुका साथै सम्बन्धित निकायमा दबाबमूलक कार्यक्रम गरिराख्नुपर्छ।

- प्रजनन स्वास्थ्यसम्बन्धी परिवर्तनकारी कानुनी व्यवस्थाहरू छन्। तापनि कार्यान्वयन स्तर कमजोर छ। आममानिसलाई यसबारे जानकारीसमेत कम छ। यस्तो परिप्रेक्ष्यमा सम्बन्धित निकायका साथै नागरिक समाजबाट जनचेतनामूलक र जानकारीमूलक कार्यक्रमहरू गर्नुपर्छ।

- नेपालको संविधान र अन्य कानुन, अन्तर्राष्ट्रिय दस्तावेजहरूमा भएका प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी व्यवस्थाको पूर्णरूपमा उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नका लागि सम्बन्धित निकायले आवश्यकताअनुसारको व्यवस्था

---

९६. https;//www.kathkhabar.com/news.detail/7006/कोरोना महामारी : अनिच्छुक गर्भ धारण बढ्यो र सुरक्षित गर्भ पतन घट्यो।

९७. कोरोना भाइरस रोग (कोभिड–१९) विश्व महामारीको समयमा प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाका लागि अन्तरिम निर्देशिका २०७७।

गर्नुपर्छ। यो उसको दायित्व पनि हो। सेवा भेदभावरहित बनाउनका लागि प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच पुग्ने नीतिहरू केन्द्रदेखि स्थानीय सरकारसम्मले परिमार्जित गरी गर्भ पतनको सवालमा पनि निःशुल्क उद्धार सेवा दिनुपर्छ।

- स्यानिटरी प्याडलाई विलासिलताको साधनका रूपमा व्याख्या नगरी अति आवश्यक वस्तुका रूपमा व्याख्या गर्नुपर्छ। अनि यसमा लगाइँदै आएको कर हटाउने कानुनी व्यवस्था बनाउनुपर्छ। र, स्यानिटरी प्याडलाई प्रजनन स्वास्थ्य सेवाको अङ्गका रूपमा व्याख्या गर्नुपर्छ।
- प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार र सेवालाई एउटा परिच्छेदका रूपमा विद्यालयको पाठ्यक्रममा समावेश गरी जनचेतना वृद्धि गर्दै लैजानुपर्छ।
- सुरक्षित गर्भ पतन सेवा र अधिकार सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै गर्भ पतनलाई अपराधीकरण गर्ने सम्पूर्ण कानुनी व्यवस्थाहरू खारेज गरी सुरक्षित गर्भ पतन सेवालाई आधारभूत स्वास्थ्य सेवाको प्याकेजमा समावेश गर्नुपर्छ।
- जलवायु परिवर्तन र विभिन्न सङ्कटकालीन अवस्थालाई मध्यनजर गरेर आवश्यक व्यवस्थाहरू सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मै समावेश गर्नुपर्छ।
- हानिकारक प्रथा, परम्परा तथा प्रचलनलाई न्यूनीकरण गर्न आवश्यक अनुसन्धान गरी आएको निष्कर्षअनुसारको व्यवस्था गर्नुपर्छ। त्यस्तो हानिकारक प्रथा, परम्परा तथा प्रचलनबाट पीडित महिला तथा किशोरीलाई उचित उपचार, परामर्शलगायतका व्यवस्था गर्नुपर्छ।
- अति सीमान्तकृत समुदायका प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरू समेट्ने गरी कानुन संशोधन गर्नुपर्छ।
- प्रजनन स्वास्थ्य सेवा सम्बन्धमा ऐनले गरेको व्यवस्थाअनुसार भेदभावरहित अपाङ्गता तथा किशोरीमैत्री नीतिहरू तत्काल बनाइ कार्यान्वयनसमेत गर्नुपर्छ।

*(यो विवरण प्रजनन स्वास्थ्य अधिकार कार्यसमूहबाट उपलब्ध भएको हो)*

# लेखहरू

## ८.१ न्यायमा महिलाको पहुँच र कानुनी सचेतना

लीलादेवी गडतौला
सचिव, नेपाल कानुन आयोग

न्यायमा पहुँच कानुनी शासनको महत्वपूर्ण पक्ष हो। महिलाको अधिकार हनन हुँदा त्यसको उपचार खोज्ने क्षमतालाई न्यायमा महिलाको पहुँच भनिन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनमार्फत महिलाका अधिकारको प्रत्याभूति तथा कार्यान्वयन गर्न महिलालाई कानुनी उपचारको व्यवस्था गर्ने अवधारणा नै महिलाको न्यायमा पहुँच हो। सक्षम अदालतबाट न्याय प्राप्त गर्ने क्षमता सबैमा समान हुँदैन र कानुनमा अधिकारको व्यवस्था गर्नुमात्र न्यायमा पहुँचका लागि पर्याप्त हुन सक्ने कुरा होइन। कानुनमा महिलाका हक हितका लागि व्यवस्था हुँदाहुँदै पनि जटिल कानुनी प्रक्रिया तथा महिलामैत्री नरहेका अदालती प्रक्रिया, सामाजिक स्वरूप, कानुनी सचेतना आदिले गर्दा महिलाले कानुनमा व्यवस्था भएबमोजिम न्याय प्राप्त गर्न सक्ने अवस्था नहुँदा महिलाको न्यायमा पहुँचसम्बन्धी अवधारणाको विकास भएको हो। कानुनमा व्यवस्था भएको उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो।[९८]

न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारितालगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो। अर्को अर्थमा न्यायमा पहुँच भन्नाले नागरिकलाई आफ्ना कानुनीरूपमा उब्जेका समस्या समाधान गर्नका लागि उपयुक्त प्रणाली रोज्न सक्ने आत्मविश्वास प्रदान गर्नु तथा उनीहरूका दावी छिटो, छरितो र निष्पक्षरूपमा सक्षम अदालतबाट निरुपण हुने कुराको सुनिश्चितता गर्नु हो।[९९] संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रमले न्यायमा पहुँचका लागि कानुनी संरक्षण (Legal Protection), कानुन र न्यायिक प्रक्रियाको जानकारी (Legal Awareness), कानुनी परामर्श र प्रतिनिधित्व (Legal Aid and Counsel), न्याय निरुपण (Adjudication), कानुनको कार्यान्वयन (Enforcement), न्यायिक उत्तरदायित्व (Judicial Accountability) गरी ६ वटा मापक तोकेको छ।[१००]

नेपाल जस्तो मुलुकमा न्यायमा पहुँच सुनिश्चितताका लागि कानुनमा व्यवस्था गरेरमात्र सम्भव नहुने हुँदा सरकारी तथा गैरसरकारी क्षेत्रबाट महिलालाई कानुन र न्यायिक प्रक्रियाको जानकारी गराउनुले महिलाको न्यायमा पहुँचका लागि

९८. https://supremecourt.gov.np/a2jc/ (Last visited on 2 February, 2022).

९९. CHIRSTINE PARKER, JUST LAWYERS: REGULATION AND ACCESS TO JUSTICE (Oxford University Press,1999) "Access to justice is giving people a confidence to choose an appropriate mechanism to settle their disputes and ensuring that their claims are dealt quickly, simply and fairly by the competent judicial authorities."

१००. महिलाको न्यायमा पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन, २०७२, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, मनमैजु

महत्वपूर्ण भूमिका खेल्छ । सक्षम र निष्पक्ष न्यायपालिका, सर्वसुलभ अदालत, उचित न्याय प्रशासन, दक्ष र इमान्दार कानुन व्यवसाय, न्यायिक प्रक्रियासम्बन्धी सरल र प्रभावकारी कार्यविधि, प्रभावकारी कानुनी प्रक्रिया धान्न सक्ने दस्तुर आदि न्यायमा पहुँचको निर्धारण गर्ने आधार हुन् ।[१०१]

वि.सं. २०७८ मा भएको नेपालको राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजाअनुसार कुल जनसङ्ख्याको ५१.०४% महिला छन् भने ४८.९६% पुरुष छन् ।[१०२] आधा भन्दा बढी जनसङ्ख्या भएको महिलाको न्यायमा पहुँचको अवस्थालाई सुधार गर्न कानुनी सचेतनाको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । कानुनी सचेतना भनेको कानुनबारे सामान्य जानकारी हुनु हो । कुशल र अर्थपूर्ण कानुनी शिक्षा तथा सचेतना कार्यक्रम न्यायमा पहुँचका लागि एक आधारभूत सर्त एवम् निष्पक्ष तथा प्रभावकारी न्याय प्रणालीको आधारस्तम्भ हो ।[१०३]

कानुनको शासन विलासिता नभई अधिकार संरक्षणका लागि अत्यन्त महत्वपूर्ण कुरा हो । कानुनका ठूला ठूला ठेलीमा न्यायका उपचारात्मक व्यवस्था राखेर न्यायको पहुँच अनुभूति हुन सक्दैन । त्यस्ता ऐन, नियममा उल्लिखित उपचारात्मक व्यवस्थाविना भेदभाव र कसरी प्राप्त गर्ने भन्ने कुराको जानकारी सर्वसाधारणलाई नभएमा कानुन बनाउनुको उद्देश्य पूर्ति हुन सक्दैन । उदाहरणका लागि नेपालमा महिला हिंसा विरुद्ध कानुन बनेको भए तापनि सबै महिलाले हिंसा विरुद्ध न्यायमा पहुँच प्राप्त गर्न सकेको अवस्था छैन । अशिक्षित, आर्थिकरूपले विपन्न, पछाडिएका समुदाय तथा अन्य व्यक्तिमा निर्भर महिलाहरू कानुनका ठूला ठेलीमा लेखिएका र राज्यले कानुनमार्फत प्रदान गरेका अधिकारहरूबारे अनभिज्ञ हुने हुँदा त्यस्ता महिलामा न्यायको पहुँच बढाउन कानुनी सचेतनाको महत्त्वपूर्ण भूमिका रहन्छ । कानुनी सचेतनाका माध्यमबाट जटिल र सर्वसाधारणले बुझ्न नसकेका कानुनबारे सर्वसाधारणलाई सरलरूपमा बुझाउन सकिन्छ ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ५ मा रहेको "कानुनको अज्ञानता क्षम्य नहुने (Ignorance of law is no excuse)" भन्ने कानुनको सिद्धान्तले कुनै पनि व्यक्ति कानुनको अनभिज्ञताबाट हुन गएको अपराधको सजायबाट उन्मुक्ति प्राप्त गर्न सक्दैनन् भन्ने हो । यो सर्वव्यापी सिद्धान्त भएकाले समेत कानुनबारे जानकारीको पहुँच हुन नसक्ने अशिक्षित, आर्थिकरूपले विपन्न, पिछडिएका महिलाका लागि वास्तविक न्याय प्रदान गर्न कानुनी दस्तावेजमा मात्र सीमित भएका न्यायका पहुँचसम्बन्धी कुरालाई कार्यान्वयनमा ल्याउन कठिन हुन सक्छ । राज्यको जिम्मेवारी भनेको कानुनी दस्तावेज सबैको पहुँचमा हुन्छ भन्ने अनुमान गर्नेमात्र नभई आफ्नो मुलुकका कानुनलाई सबैको पहुँचमा पुऱ्याउने जिम्मेवारीसमेत रहन्छ ।

नेपालमा २५% महिला अझै पनि निरक्षर छन्[१०४] भने शिक्षामा पहुँच नभएका महिला अझै पनि आफ्नो अधिकारबारे अनभिज्ञ छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा "सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा

१०१. न्यायको पहुँचमा देखिएका कानुनी तथा प्रक्रियागत अवरोधक तत्त्वहरू पहिचान गर्नेसम्बन्धी सर्वोच्च अदालतमा प्रस्तुत अध्ययन प्रतिवेदन, २०७७

१०२. https://censusnepal.cbs.gov.np/Home/Details?tpid=5&dcid=3479c092-7749-4ba6-9369-45486cd67f30&tfsid=17 (last visited on 13 February, 2022).

१०३. Yubaraj Sangroula, Nepal Law Journal 2007, Holistic Approach to Delivery of Legal Aid Services: Beginning from Community Responsive Legal Education and Professionalism, p. 219.

१०४. महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन, २०७८, महिला पुनर्स्थापना केन्द्र (ओरेक),२०७८, https://www.worecnepal.org/uploads/publication/document/733140377Anbeshi%202078.pdf (last visited on 12 February, 2022.

अधिकारमा समान हुन्छन्" भनी उल्लेख गरिएको छ। नेपाल प्रत्यक्ष वा अप्रत्यक्षरूपमा महिलाको न्यायमा पहुँच हुनुपर्ने प्रावधान रहेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा घोषणापत्रको पक्ष राष्ट्र रहेको छ। नेपाल सन् १९९१ अप्रिल २२ मा "महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि" को पक्ष राष्ट्र बनेको छ। जसको धारा १ मा "महिला र पुरुषबीच मानव अधिकारको उपभोगमा समानता रहने र महिला पुरुषबीच कुनै पनि किसिमको भेदभाव गर्न नहुने" उल्लेख गरिएको छ। धारा ३ मा "पुरुषसरह मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगको प्रत्याभूति दिने गरी कानुनी व्यवस्था गर्नुपर्ने" उल्लेख छ। उक्त महासन्धिलगायत महिलाका अन्य हक अधिकार सुनिश्चित गर्ने महासन्धिहरूको समेत नेपाल पक्ष राष्ट्र रहेको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले समेत प्रत्येक व्यक्तिको न्यायमा पहुँचलाई सुनिश्चितता प्रदान गरेको छ। यसका साथै नेपालको संविधान तथा कानुनले समेत महिलाको न्यायमा पहुँचसम्बन्धी विभिन्न सकारात्मक व्यवस्था गरेको पाइन्छ।

न्यायमा महिलाको पहुँचका लागि राज्यका ३ वटै अङ्ग व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाले उत्तिकै भूमिका खेलेका हुन्छन्। संविधान तथा व्यवस्थापिकाले बनाएका कानुनको कार्यान्वयनका लागि कार्यपालिकाअन्तर्गतका विभिन्न निकाय तथा न्यायपालिकाको समेत विशेष भूमिका हुन्छ।

नेपालको संविधानको भाग ३ मा मौलिक हकअन्तर्गत महिलालाई न्यायको अनुभूति गराउने गरी विभिन्न व्यवस्था गरिएका छन्। संविधानको धारा १८ ले "सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन"[१०५] भन्ने व्यवस्था गरेको छ। धारा २० मा न्यायसम्बन्धी हक, धारा २४ मा छवाछूत तथा भेदभावविरुद्धको हक, धारा २५ मा सम्पत्तिको हक, धारा २९ मा शोषणविरुद्धको हक, धारा ३१ मा शिक्षासम्बन्धी हक, धारा ३३ मा रोजगारीको हक, धारा ३४ मा श्रमको हक, धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक, धारा ३६ मा खाद्यसम्बन्धी हक, धारा ३७ मा आवासको हक, धारा ३८ मा महिलाको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ४६ मा संवैधानिक उपचारको हकलगायत विभिन्न हकको प्रत्याभूति गरिएको छ। नेपालको संविधानमा महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, कुनै पनि हिंसाजन्य कार्य वा शोषण नगरिने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेलगायत विभिन्न प्रगतिशील सारवान व्यवस्थाहरू मौलिक हकमा राखिनु न्यायमा महिलाको पहुँचका दृष्टिकोणले महत्वपूर्ण देखिन्छ।

त्यस्तै राज्यका नीतिहरूमा समेत महिलाका हक अधिकारका निम्ति सकारात्मक व्यवस्था राखिएको छ। असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योगदानका आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा/सुविधा उपभोगको सुनिश्चितता गर्ने, बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्नेलगायतका न्यायमा महिलाको पहुँचलाई सुनिश्चित गर्ने उद्देश्यका साथ राज्यका नीतिहरूमा समेत प्रगतिशील दृष्टिकोणबाट व्यवस्था गरेको देखिन्छ।

१०५. नेपालको संविधान धारा १८ को उपधारा (१)

त्यसैगरी राज्यका उच्च पदमा महिलाको सहभागिता सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा राजनीतिक दृष्टिकोणबाट समेत महिलाको उच्च सहभागिता होस् भन्ने हेतुले राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने[१०६], प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने[१०७], प्रदेश सभाको सभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने[१०८], गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चारजना महिला सदस्य[१०९] गाउँ कार्यपालिकाको सदस्य हुने, नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत[११०] नगर कार्यपालिकाको सदस्य हुने, जिल्ला समन्वय समितिमा कम्तिमा तीन जना महिला रहनुपर्ने[१११], गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने[११२], नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने[११३] लगायतका संवैधानिक व्यवस्थाबाट समेत महिलाको न्यायमा पहुँच होस् भन्ने उद्देश्यले राजनीतिकरूपमा समेत महिलालाई हरेक क्षेत्रमा न्यायपूर्ण तरिकाले समावेश गर्न खोजिएको छ।

त्यसैगरी न्यायमा महिलाको पहुँच सुनिश्चितताका लागि विभिन्न कानुन छन्। मुलुकी देवानी संहिता,२०७४, मुलुकी देवानी कार्यविधि संहिता,२०७४, मुलुकी अपराध संहिता,२०७४, मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४, स्थानीय तह निर्वाचन (कार्यविधि), ऐन २०७३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कानुनी सहायतासम्बन्धी ऐन, २०५४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ र घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली २०६७, सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१, बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३, अपराधपीडित संरक्षण ऐन, २०७५, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, कारागार ऐन,२०१९, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लगायतका विभिन्न कानुनमा न्यायमा महिलाको पहुँचका लागि विभिन्न सकारात्मक व्यवस्था छन्।

जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसारलगायतका विशेष प्रकृतिका मुद्दामा महिलाको पहिचान गोप्य रहने, अनुसन्धानदेखि फैसला कार्यान्वयन तहसम्म पनि गोपनीयता कायम राख्नुपर्ने, न्वारान वा नाता कायमसम्बन्धी मुद्दा, माना चामलसम्बन्धी मुद्दा, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा जस्ता महिलासँग प्रत्यक्ष सम्बन्धित मुद्दालाई प्राथमिकता दिएर कारबाही, सुनुवाइ र किनारा गर्ने[११४] तथा शीघ्र निरुपणका लागि निरन्तर सुनुवाइ हुनेलगायत महिलाको न्यायमा पहुँच

---

१०६. नेपालको संविधान धारा ७०
१०७. नेपालको संविधान धारा ९१
१०८. नेपालको संविधान धारा १८२ को उपधारा (२)
१०९. नेपालको संविधान धारा २१५ को उपधारा (४)
११०. नेपालको संविधान धारा २१६ को उपधारा (४)
१११. नेपालको संविधान धारा २२० को उपधारा (३)
११२. नेपालको संविधान धारा २२२ को उपधारा (३)
११३. नेपालको संविधान धारा २२३ को उपधारा (३)
११४. नेपालको संविधान दफा २७० को उपदफा (१), मुलुकी देवानी कार्यविधि संहिता,२०७४

सुनिश्चित गराउनका लागि विभिन्न सकारात्मक प्रयास भइरहेका छन्। पारिवारिक सम्बन्ध, नाता कायम, विवाह वा सम्बन्ध विच्छेद जस्ता महिलासँग सम्बन्धित देवानी मुद्दामा समेत बन्द इजलासबाट सुनुवाइ गर्न निवेदन दिन सकिने र मनासिव कारण देखिएमा अदालतले बन्द इजलासबाट सुनुवाइ गर्ने आदेश दिन सक्ने व्यवस्था छ।[११५]

त्यस्तै केही अन्य अपराधलगायत महिला पीडित हुनेखालका अपहरण तथा शरीर बन्धक, घरेलु हिंसासम्बन्धी, जबर्जस्ती करणी, जीउ मास्ने बेच्ने, मानव बेचबिखन तथा ओसारपसार जस्ता महिलासँग सम्बन्धित मुद्दाको कारबाही छिटोछरितो सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले ती मुद्दाह प्रस्तुत भएपछि प्रमाण बुझ्ने कार्य लगातार सुनुवाइबाट (Continuous hearing) गर्न सकिने प्रावधान छ।[११६] फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा पीडित राहत कोषको[११७] व्यवस्था गरिनुले समेत गम्भीर प्रकृतिका मुद्दामा पीडित महिलाले क्षतिपूर्ति पाउन सक्ने व्यवस्था छ। यस्ता केही कानुनी व्यवस्थाले महिलाको न्यायमा पहुँच वृद्धि गर्ने उद्देश्यले कानुन निर्माण भइरहेको अवस्था देखिए तापनि ग्रामीण, विपन्न भेगमा भएका तथा पिछडिएका महिलाहरू यी कानुन सम्बन्धमा प्रायः अनभिज्ञ नै रहेका विभिन्न अनुसन्धानले देखाएका छन्। जसका कारण न्यायमा महिलाको पहुँच पुऱ्याउने राज्यको लक्ष्य हासिल गर्न कानुनी सचेतनासम्बन्धी कार्यक्रमहरू आवश्यक पर्छन्।

उदाहरणका लागि बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ मा बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्ति उसका परिवारका सदस्यलाई क्रूर अमानवीय वा अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, बसोबास गरेको ठाउँबाट निकाल्ने आदि कार्यलाई कसुर कायम गरी सरकारवादी मुद्दाका रूपमा अनुसन्धान गर्ने र कसुरको गाम्भीर्यताअनुरूप सजायको व्यवस्था गर्ने/गराउने, कसुरदारलाई थुनामा राखी कारबाही गर्ने आदि कुराका साथै क्षतिपूर्तिको व्यवस्था, पीडितको उपचार गराउने, पीडितको संरक्षण गर्ने, सुरक्षा व्यवस्था गर्ने/गराउने, कसुरदारलाई थुनामा राखी कारबाही गर्ने, पीडितलाई सेवा केन्द्रमा राख्ने, कानुनी सहायता, मनोविमर्श वा मनोवैज्ञानिक सेवा र आर्थिक सहायता दिने र सचेतना कार्यक्रम सञ्चालन गर्ने आदि सकारात्मक व्यवस्था गरिएको भए तापनि जनचेतनाको कमी भएका कारण अझै पनि हामी बोक्सीको आरोपमा महिलाउपर हिंसा भई कुटिने, मारिने गरेका समाचार सुन्ने गर्छौं।

यस्ता ऐनहरू कार्यान्वयनमा रहेको भए तापनि सोको बारेमा अनभिज्ञ रहेका महिलालाई सो कानुनका बारेमा सचेतना कार्यक्रममार्फत जनचेतना अभिवृद्धि गरेमा न्यायमा महिलाको पहुँच सुनिश्चित गर्न केही हदसम्म योगदान पुग्ने देखिन्छ। न्यायमा पहुँच स्थापित गर्नका लागि सारवान कानुनले अक्षम, असमर्थ तथा पीडित पक्षको हक अधिकार सुनिश्चित गरेको हुन्छ भने कार्यविधि कानुनले सारवान कानुनद्वारा प्रदान गरिएका अधिकार प्राप्त गर्ने माध्यमका रूपमा काम गर्छ।

कानुनी सचेतना भन्नाले आफ्ना कानुनी हक अधिकार सम्बन्धमा ज्ञान, चेतना तथा कानुनको बारेमा सामान्य जानकारी हुनु हो। न्यायमा पहुँच सुनिश्चित गर्नका लागि कानुनी सचेतना महत्त्वपूर्ण माध्यमका रूपमा रहेको छ। नेपालको संविधानको प्रस्तावनामा कानुनी राज्यको अवधारणामा आधारित मूल्य र मान्यता मार्गदर्शन हुने उल्लेख छ। कानुनी सचेतना विचार र भावनाहरूको संयोजन हो। जसले सार्वजनिक जीवनमा कानुन र कानुनी घटनाप्रति व्यक्तिको दृष्टिकोणलाई अभिव्यक्त

११५. देवानी कार्यविधि संहिता, २०७४ को दफा २६८ को उपदफा (२)
११६. जिल्ला अदालत नियमावली, २०७५ को नियम २३ग.
११७. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८

गर्छ।[११८] हाम्रो जस्तो देशमा अधिकांश महिला आफ्ना हक अधिकारबारे जानकार अर्थात सचेत भएको पाइँदैन। त्यसैको परिणामस्वरूप धेरै महिलामा हिंसा भएको पाउँछौँ।

कानुनी सचेतनाले नागरिकलाई जागरुक बनाउँछ। कानुनी सचेतनाले कानुनको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय भूमिका निर्वाह गर्छ। Legal awareness helps to promote consciousness of legal culture, participation in the formation of laws and the rule of law.[११९] अमेरिकन बार एसोसिएसनले कानुनी सचेतनालाई "The ability to make critical judgments about the substance of the law, the legal process, and available legal resources and to effectively utilize the legal system and articulate strategies to improve it." भनी परिभाषा गरेको पाइन्छ।[१२०] कानुनी सचेतना र कानुनी साक्षरतालाई एकअर्काको पूरकका रूपमा लिइन्छ। कानुनी साक्षरता सम्बन्धमा क्यानेडियन बार एसोसिएसनले "The ability to understand words used in a legal context, to draw conclusions from them, and then to use those conclusions to take action."[१२१] भनी परिभाषा गरेको छ।

कानुनी सचेतनाले सर्वसाधारणले जान्नुपर्ने कानुनबारे जानकारी हुने, नागरिकलाई प्राप्त अधिकारको उपभोग गर्न सक्षम बनाउने र आफ्नो अधिकार तथा दायित्वप्रति सचेत गराउने, कानुनको पालना भई कार्यान्वयनमा सहजता ल्याउने, कानुन उल्लङ्घनमा कमी आउने, सार्वजनिक सरोकारका विषयलाई प्राथमिकता प्रदान गर्ने, कानुनको पालना वृद्धि भई कानुन र व्यवस्था सहज हुने, हिंसापीडित, असमर्थ तथा हक अधिकारबाट वञ्चित वर्गको हक अधिकार सुनिश्चित गर्न सहज हुने, कुशल, जनमुखी, मितव्ययी र प्रभावकारी सरकारी सेवा प्रवाह तथा सुशासनको प्रत्याभूत हुने गर्छ।[१२२] तसर्थ कानुनी सचेतना कानुनी शासनका लागि अपरिहार्य हुन्छ।

न्यायमा महिलाको पहुँचका लागि सर्वोच्च अदालतले समेत समय समयमा कानुनी सचेतना गर्नुपर्ने भनी आदेश दिएको पाइन्छ। यसै सम्बन्धमा न्यायमा महिलाको पहुँच र कानुनी सचेतना सम्बन्धमा प्रतिपादन भएका केही नजिर तथा सिद्दान्त उल्लेख गरिएको छ :

(१) **रोशनी पौड्यालसमेत विरुद्ध नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**[१२३] "लैङ्गिक हिंसा र त्यसमा पनि घरेलु हिंसामा भइरहेको वृद्धिलाई न्यूनीकरण गरी यसको रोकथाम तथा पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्न मौखिक (Virtual) माध्यमबाट नै घरेलु हिंसालगायतका लैङ्गिक हिंसाका घटनाको उजुरी तथा मुद्दाको सुनुवाइ हुने व्यवस्था अहिलेको परिस्थितिमा अत्यावश्यक देखिन्छ। विभिन्न देशले आजको असामान्य स्थितिमा न्यायको सुनिश्चितताको निम्ति यो पद्दति अपनाइसकेका छन्। नेपालमा पनि सहज रुपमा....गर्न सकिने व्यवस्था मिलाइ तथा ..... लाई अभ्यासमा ल्याई लैङ्गिक हिंसाबाट महिलाको सुरक्षा र न्यायमा पहुँचको सुनिश्चितता गर्नुपर्ने" भनी व्याख्या गरेको छ।

---

११८. Madina Kozhukhova and Miras Zhiyenbayev, Conceptualizing Legal Culture and Legal Awareness: Meaning and Structural Components

११९. https://en.wikipedia.org/wiki/Legal_awareness

१२० American Bar Association, Commission on Public Understanding About the Law 1989, p. 5

१२१. Canadian Bar Association, Reading the Legal World: Literacy and Justice in Canada 1992, p.23.

१२२. कानुनी सचेतना तथा कानुनी साक्षरता अध्ययन प्रतिवेदन, २०७७, नेपाल कानुन आयोग

१२३. ने.का.प २०७७,भाग ६२, अंक ६, निर्णय नं १०५२६

(२) **कविता पाँडे विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत**[१२४]

"महिला वर्गलाई पीडित बनाउने जुनसुकै प्रथा, परम्परा र संस्कृति महिलाको विकास र महिला सशक्तीकरणको बाधकका रूपमा रहेको हुन्छ। त्यस्ता प्रथा, परम्परा र संस्कृतिले महिला र पुरुषबीच असमानता र विभेदको परिस्थिति उत्पन्न गर्ने हुँदा असमान र विभेदकारी प्रथा र परम्परालाई समाजमा हुर्कने अवस्थालाई कतैबाट समर्थन गरिन नहुने" सिद्धान्त प्रतिपादन भएको छ भने वैकल्या प्रथाको अन्त्य गर्न र वैकल्या हुने दाइजो लगाएको कारणहरूको जरोसम्म पुगेर सो प्रथाको समूल समाप्त गर्नलाई कानुनी, संस्थागत र जनचेतनाकारी कार्यक्रमसमेत सञ्चालन गर्नु/गराउनू भनी निर्देशनात्मक आदेशसमेत प्रदान गरिएको छ।"

(३) **अधिवक्ता पुण्यशीला दवाडी घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**[१२५], "न्यायमा पहुँचलाई सहज बनाउनका लागि राज्यले यथोचित उपायहरू अवलम्बन गर्नुपर्छ। प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरणको सिर्जना हुनुपर्छ......साथै परिवार तथा समाजमा महिलाको कमजोर सामाजिक तथा आर्थिक र पारिवारिक दबाबका कारण उजुरी गर्न नै हतोत्साहित गरिने अवस्थालाई निरुत्साहित गरिनुपर्ने।..... हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँच हुनु जरुरी देखिन्छ। पीडितलाई न्यायमा सहज वातावरण सिर्जना गर्नका लागि अन्तरिम राहत, क्षतिपूर्ति तथा अन्य संरक्षणात्मक तथा सहायतायुक्त कार्यक्रम तथा उपायहरूलाई विस्तार गर्नुपर्ने तथा प्रभावकारी बनाउनुपर्ने" भनी व्याख्या गरेको छ।

(४) **सञ्जीव महतोसमेत विरुद्ध झारी महतोको जाहेरीले नेपाल सरकार**[१२६]

ऐन जारी भएको धेरै भइनसकेको हुँदा यसको प्रभावकारी कार्यान्वयन र परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता अब हाम्रो सामुन्नेमा छ। त्यसैले प्रस्तुत मुद्दाको निरुपणसमेतको क्रममा समाजमा सचेतना वृद्धिका लागि "बोक्सा बोक्सी, भूत प्रेत हुँदैनन्, धामी झाँक्रीको बलले कुनै रोग वा क्षतिलाई ठीक पार्न सकिँदैन, ठीक पार्न सकिन्छ भन्नु अन्धविश्वासबाहेक केही होइन। जुन कुरा विज्ञानसम्मत छैन, त्यसलाई स्वीकार गरिनु हुँदैन" यो सन्देश सोझोरूपमा जनतासमक्ष पुऱ्याइनुपर्छ। बोक्सीको आरोप त्यससँग जोडिएका आर्थिक, सामाजिक, कानुनी, न्यायिक एवम् मानव अधिकारसम्बन्धी आयाम र यो कुप्रथाको कसरी अन्त्य गर्नेबारे रणनीतिसहितको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्नु र सञ्चारमाध्यमद्वारा प्रचार प्सार समेत गर्नू भनी शिक्षा र सञ्चार मन्त्रालयका नाउँमा बोक्साबोक्सी विरुद्ध सचेतनाको निम्ति उपयुक्त पाठ्यक्रम तयार गरी विद्यालय तहको शिक्षामा समावेश गर्नू भनी शिक्षा मन्त्रालय र सञ्चार मन्त्रालयको नाउँमा आदेश भएको छ।

(५) **अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयसमेत**[१२७], प्रजनन स्वास्थ्य सम्बन्धमा विशेष कार्ययोजना बनाई पीडित महिलाहरूलाई निःशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध हुन सक्ने गरी यथाशीघ्र विभिन्न स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्तरमा सेवा पुऱ्याउन जो चाहिने व्यवस्था गर्नू र महिलाको प्रजनन स्वास्थ्यको हक एवं पाठेघरसम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने

१२४. ने.का.प. २०६९, भाग ५४, अङ्क १०, निर्णय नं. ८९०१
१२५. ने.का.प २०७४, भाग ५९, अंक १, निर्णय नं ९७४१
१२६. ने.का.प २०७४, भाग ५९, अङ्क ८, निर्णय नं. ९८६१
१२७. ने.का.प २०६५, भाग ५०, अङ्क ८, निर्णय नं. ८००१

प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नू/ गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने भनी आदेश गरेको पाइन्छ।

संवैधानिक तथा विभिन्न कानुनी व्यवस्था र सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तहरूसमेतले महिलालाई न्यायमा पहुँचका लागि सहजीकरण गरेको भए तापनि अझ पनि महिलाको अपेक्षाअनुरूप न्यायमा पहुँच हुन सकेको छैन। न्यायमा महिलाको पहुँचका लागि कानुनी व्यवस्थाले मात्र पर्याप्त नहुने र कानुनी व्यवस्था गरेपछि सोको कार्यान्वयन तथा पहुँचका लागि समय-समयमा विभिन्न सचेतना कार्यक्रमसमेत सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। सोका लागि सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नेपाल कानुन आयोगलगायत नेपाल सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय र निकायमार्फत कानुनी सचेतनाका लागि महत्वपूर्ण भूमिका रहेको छ।

त्यसैगरी जनतासँग प्रत्यक्ष सम्पर्कमा रहने स्थानीय तहले पनि कानुनी सचेतनामा बढी ध्यान दिनु जरुरी भइसकेको छ। राज्यले न्यायमा महिलाको पहुँचका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि कार्ययोजना, रणनीति बनाउनेदेखि सचेतना कार्यक्रममा सहभागी हुने कर्मचारीलाई यथेष्ट तालिमका साथै पर्याप्त बजेटको व्यवस्था र उचित अनुगमन र मूल्याङ्कनको व्यवस्थासमेत गर्नुपर्ने देखिन्छ। त्यस्ता सचेतना कार्यक्रममा सारवान कानुनको मात्र नभएर अदालती प्रक्रिया र कार्यविधिबारे जनचेतना, महिलालाई अदालतसम्म पुग्ने सहज वातावरण तथा विनाभेदभाव न्याय प्राप्त गर्न सकिने सुनिश्चितता समेत प्रदान गरिनुपर्छ। न्याय प्रदान गर्नु भनेको कानुनमा न्याय प्रदान गर्ने उद्देश्यले उपचारको व्यवस्था गर्नुमात्र नभई सो उपचार प्राप्त गर्न सक्ने क्षमताको विकास गर्नुसमेत भएकाले न्यायमा महिलाको पहुँचका लागि कानुनी सचेतनाको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ।

## ८.२ महिलावादी दृष्टिकोणमा कृषि र खाद्य अधिकार

डा. यमुना घले
विज्ञ सदस्य, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

### १. पृष्ठभूमि

महिलावादी सङ्घर्ष सामाजिक परिवर्तनको साझा आन्दोलन हो। महिलावादको सम्बन्ध शक्ति सन्तुलनसँग जोडिएको हुन्छ। यसै मान्यताभित्र अन्य विविध अधिकारका साथै 'समान कामका लागि समान पारिश्रमिक' जस्ता विषय पनि समेटिएका हुन्छन् (पाण्डे, २०७८)। यसरी कृषिमा महिलाको सहभागिता र योगदानको बारेमा कुरा गर्दा उत्पादनका स्रोतमा आधारित शक्ति सम्बन्ध र श्रमको सही मूल्याङ्कन हुनुपर्ने विषय नेपालमा पनि धेरै अगाडिदेखि टड्कारोरूपमा उठि नै रहेको छ। तथापि महिलाको उत्पादनको स्रोतमाथिको अधिकार अझै पनि समानरूपले सम्बोधन हुन सकेको छैन। कृषिसँग सम्बद्ध अधिकारका विषय उठान गर्दा खाद्य अधिकारको विषयले पनि उत्तिकै महत्त्व राख्छ। विश्वव्यापीरूपमा सञ्चालित खाद्य अधिकार संबद्ध विभिन्न अभियान र सङ्कल्पका बाबजुद पनि महिलाहरूको खानामाथिको समान पहुँच अझै स्थापित भइसकेको छैन।

विश्वव्यापीरूपमा कृषि तथा खाद्य सुरक्षाको अधिकांश काममा महिलाहरू संलग्न हुने गर्छन्। नेपालमा ६०.४ प्रतिशत घर/परिवार कृषिमा संलग्न रहँदै आएका छन् (MoF, 2021), जसमध्ये ७० प्रतिशत श्रमशक्ति महिला छन्। कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान (MoF, 2021) पुऱ्याएको छ। तापनि राज्यका दस्ताबेजहरूमा महिलाको योगदानको एकिन तथ्याङ्क समेट्ने गरेको पाइँदैन। कृषिको प्रमुख आधार भूमिमाथि महिलाको स्वामित्व नगण्यरूपमा रहँदै आएको छ। हाल आएर वैदेशिक रोजगारीका लागि युवा पुरुषहरूको बढ्दो पलायनले गर्दा कृषि तथा बातावरणका विविध आयाममा महिलाको भूमिका अझ बढ्दो छ। यति हुँदाहुँदै पनि महिलाको संलग्नतालाई औपचारिकतामा सीमित राख्ने प्रयास निरन्तर रहनु, उत्पादनका स्रोत/साधनमाथिको पहुँच र नियन्त्रणलाई सीमित राखिनु र उनीहरूको योगदानलाई राष्ट्रिय आकडामा समाहित नगरिनु भनेको महिलाको पहिचान, सम्मान र न्यायोचित कदर नहुनु हो। यसलाई मानव अधिकार हननका रूपमा पनि लिन सकिन्छ। त्यसैले महिलावादी दृष्टिकोणबाट हेर्दा कृषि र खाद्य अधिकारका क्षेत्रमा महिलाको पहिचान, स्रोत/साधनमाथिको अधिकार, निर्णय प्रक्रियामा सहभागिता र प्रभावका पक्षमा केही सुधार देखिए तापनि समानताका पक्षमा अनुभूत हुनेगरी रूपान्तरण हुन सकेको छैन।

यसैगरी खाद्य अधिकारको कुरा गर्दा महिलाहरू भान्छाको ब्यवस्थापनमात्र नभई खानामा आधारित ब्यवसाय तथा आफ्ना मौलिक चाडपर्वअनुरूपका परिकार पकाउनमा पनि संलग्नता रहने गरेका छन्। यसकारण कृषि तथा खाद्य अधिकारको विषयलाई महत्त्वपूर्ण, संवेदनशील र सामरिक विषय मान्ने गरिन्छ। यी दुवै क्षेत्रलाई महिलामैत्री बनाउन सोहीअनुरूपको राष्ट्रको नीतिगत र संरचनागत ब्यवस्था तथा सम्पूर्ण सरोकारवालाको सकारात्मक सोच र व्यवहार आवश्यक पर्छ। यसका लागि सबै भन्दा पहिले राज्यले महिलाको स्वतन्त्र कृषक पहिचान र खाद्य अधिकारका क्षेत्रमा आवश्यक तथ्याङ्क लिने

समग्र प्रक्रियालाई नै महिलामैत्री बनाउनु आवश्यक छ। सहीरूपमा आएका तथ्याङ्कलाई आधार मानी सोहीअनुसार राज्य निर्माणको खाका तयार गर्नु त्यसपछिको काम हो। अनि कार्यान्वयनको योजना बनाउनु, अनुगमन र मूल्याङ्कनका आधारमा आवश्यक परिमार्जन गर्नु सबै सरोकारवालाको नैतिक जिम्मेवारी र दायित्व हुन आउँछ। यस प्रक्रियामा राष्ट्रिय महिला आयोगको भूमिका अझ सशक्त र निर्णायक हुन सक्छ। यही पृष्ठभूमिमा आधारित रहेर यो लेखलाई कृषि तथा खाद्य अधिकारका लागि महिलावादी दृष्टिकोणका आधारमा विश्लेषण गरिनुका साथै भावी दिशाको चित्रण गर्ने अवसरका रूपमा प्रस्तुत गरिएको छ।

## २. कृषि र खाद्य अधिकारको सैद्धान्तिक पक्ष

कृषिमा महिलाको बृहत्तर उपस्थिति अपरिहार्य रहिआएको छ। कृषिलाई खाद्यान्न उत्पादनको प्रमुख आधार मानिनुका साथै कृषिका लागि आवश्यक उत्पादनका स्रोतमा आधारित शक्ति सम्बन्धलाई विशेष महत्त्वका साथ हेरिने गरिन्छ। यिनै शक्ति सम्बन्धका आधारमा कृषि क्षेत्रमा हुने लगानी, क्षमता विकास, सेवाप्रदायक संस्थाहरूको कामको विवरण, बजार व्यवस्थापन आदि विषय निर्देशित गरिन्छन्। यसरी कृषिमा महिलाको अधिकारबारे बहस गर्दा सबै भन्दा महत्त्वपूर्ण सवाल भनेको कृषिमा आबद्ध महिलाको स्वतन्त्र पेसागत पहिचान र उत्पादनको प्रमुख स्रोत भूमिमा महिलाको समान पहुँचको विषय अहम हुन आउँछ।

यसरी महिला सहभागिताको विषय इतिहासदेखि नै उठ्दै आएको छ र महिलाले योगदान पनि पुऱ्याउँदै आएका छन्। उदाहरणका लागि, वि.सं. २००७ लगत्तै भीमदत्त पन्तले नेतृत्व गरेको ऐतिहासिक आन्दोलनमा 'कि जोत् हलो कि त छोड थलो, यदि हैन भने अब छैन भलो' भन्ने क्रान्तिकारी नारा दिएर गरिब किसानहरूलाई जागृत गरेका थिए। उनले यस आन्दोलनमार्फत सुदूर पश्चिमका जनतामा सामाजिक र राजनीतिक जागरण ल्याउने प्रयास गरेको देखिन्छ (आत्मनिर्भर केन्द्र, अप्रकाशित)। यसैगरी २०२७ सालदेखि २०३० सालसम्म पूर्वी नेपालको झापा जिल्लाको मोही किसानवाट सुरु भएको विद्रोहमा महिला, आदिवासी जनजातिहरू पनि उल्लेख्य सहभागी थिए। यसरी नै भूमिमा महिलाको अधिकार प्रथम राष्ट्रिय सम्मेलन, २००५ बाट चाहिँ भूमिमा महिलाको अधिकारबारे सङ्गठितरूपमा आवाज बुलन्द भएको मानिन्छ (आत्मनिर्भर केन्द्र, मिति नभएको)।

यसैगरी खाद्य अधिकारको क्षेत्रमा पनि विश्वव्यापीरूपमा बहस चलिरहेका छन्। यस क्रममा खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुताको बहसले पनि व्यापकता लिँदै आएको छ। यस क्रममा महिलाको कृषि तथा खाद्य सुरक्षाको अधिकार पनि नीतिगततवरले सुनिश्चित हुँदै आएको पाइन्छ।

यसरी अवधारणागत विकास हुँदै जाँदा खाद्य सुरक्षाका प्राविधिक पक्षहरूमा सीमित रहेको बुझाइ समयसापेक्षरूपमा खारिएर अधिकारका वकालत हुँदै संप्रभुताका सवालमा केन्द्रित हुन थालेको छ। यसरी अवधारणगत हिसाबले विकसित हुँदै आएको विषयलाई यहाँ प्रस्तुत चित्र नं. १ ले प्रष्ट्याएको छ।

यसरी अवधारणागत विकास हुँदै जाँदा राज्यको नजरमा सबै नागरिक समान हुन् र महिलाका अधिकार पनि सम्मानजनकरूपमा उपभोग गर्नका लागि आवश्यक नीति/नियम, संरचनागत व्यवस्था, क्षमतागत विकास र सामाजिक चालचलनमा व्यापक सुधार गर्नु/गराउनु राज्यको दायित्व र अन्य सरोकारवालाको पनि जिम्मेवारी हो भन्ने बोध हुँदै गएको देखिन्छ। नेपालमा संवैधानिकरूपमा नै कृषि, खाद्य अधिकार र महिलाका अधिकार सुनिश्चित गरिएको छ जसलाई सकारात्मक पहलका रूपमा मान्न सकिन्छ। यसका संवैधानिक तथा नीतिगत पक्षहरूलाई खण्ड ५ मा व्याख्या गरिएको छ।

चित्र नं. १. खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य संप्रभुताका स्तम्भहरु

**खाद्यसम्बन्धी अवधारणाहरु**

**खाद्य सुरक्षाका ५ स्तम्भ**

उपलब्धता, पहुँच, क्रयशक्ति, उपयोग र स्थिरता

**खाद्य अधिकारका ३ स्तम्भ**

सम्मान, परिपूर्ति, संरक्षण

**खाद्य सम्प्रभूताका ६ स्तम्भ**

जनताको खानामा केन्द्रित, उत्पादकहरुको महत्व, उत्पादन प्रणालीलाई स्थानीयकरण गर्नु, उत्पादन प्रक्रियालाई स्थानीय नियन्त्रणमा र राख्नु, मौलिक ज्ञान र सिपको विकास, प्रकृतिसँग मेल खाने क्रियाकलाप

## ३. नेपालमा कृषक अधिकारको अभियान र अवस्था

शदियौँदेखि महिला कृषि व्यवसायमा संलग्न रहँदै आएका भए तापनि पहिलोचोटि कृषकको परिभाषा बनाइएको छ। खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन, २०७५ ले 'किसान भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाइ त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनुपर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको ६ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ' (NLC, 2075) भनेको छ।

नेपालका नीति निर्माणकर्ता र कार्यान्वयनमा संलग्न अधिकारीहरूले कृषकसँग सम्बद्ध सेवा प्रदान गर्नुपर्ने भए लालपुर्जा धारण गरेका व्यक्तिहरूलाई आधिकारिक कृषक मान्ने कारणले गर्दा महिलाहरू यस्ता सबै सुविधाबाट वञ्चित गरिँदै आएका थिए। यसका साथै राष्ट्रिय जनगणना, नीतिगत र संरचनागत व्यवस्था, घर/परिवार र सेवाप्रदायकहरूमा गहिरो तरिकाले जकडिएको पितृसत्तात्मक सोच र व्यवहारका कारण अझै पनि महिलामैत्री हुन सकेको छैन। दिगो विकास लक्ष्यको प्रगति प्रतिवेदनमा महिलाको सम्पत्तिमाथिको स्वामित्व २६ प्रतिशत (NPC, 2020) देखिए तापनि उत्पादनशील भूमिमा उनीहरूको हिस्सा अझै कमजोर स्थितिमै छ। कृषि, खाद्य अधिकार तथा महिला अभियानहरूमा महिलाको सहभागिता हुँदाहुँदै पनि उनीहरूलाई बराबरीको हिस्सेदार मान्न सकिराखेको अवस्था छैन।

## ४. नेपालमा महिलाको खाद्य अधिकार

नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गतको धारा २५.४ र ३६ ले भूमि सुधार र खाद्यसम्बन्धी हकको प्रावधान सुनिश्चित गरेको छ। यसैगरी खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन, २०७५ ले परिच्छेद २ मा खाद्यसम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी व्यवस्था गरेको छ। यस प्रावधानअन्तर्गत खाद्य सुरक्षाको व्यवस्थाका लागि भोकमरीको रोकथाम र नियन्त्रणको ब्यवस्थाअन्तर्गत भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित पहिचान र अभिलेखीकरण, स्थानीय स्तरबाट मात्र सम्बोधन गर्न नसकिने प्रकृतिको समस्या भएमा

सम्बन्धित प्रदेश तथा मन्त्रालयसँग समन्वय गरी आवश्यक सहायता जुटाउने आदि, लक्षित घर/परिवार पहिचान गर्ने, गरिबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कुनै कारणबाट प्रभावितको पहिचान गर्ने प्रावधानहरू राखेको छ।

यसैगरी परिच्छेद २ : (दफा ३-११) को खाद्य अधिकार तथा खाद्य असुरक्षाबाट संरक्षण : ले प्रत्येक नागरिकलाई खाद्य सुरक्षाको अधिकार हुने, विनाभेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने, भोकमरी वा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति वा परिवारले खाद्यमा दिगो पहुँच र पोषण सहायता प्राप्त गर्ने, सांस्कृतिकरूपमा स्वीकार्य खाद्य उपयोग गर्ने आदि पक्षलाई समेटेको छ। यसैगरी परिच्छेद ३ : खाद्य सम्प्रभुताको अधिकारको संरक्षण र प्रवर्द्धन (दफा १२-२०) अन्तर्गत किसानको पहिचान र सम्मान, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने, कृषियोग्य भूमि, श्रम, बिउविजन, प्रविधि, औजार छनोट गर्ने, कृषि व्यवसायको विश्वव्यापीकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने, खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने, कृषि कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतमा पहुँच, स्थानीय बिउविजन, प्रविधि, औजार र कृषि प्रजातिको छनोट र बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने र परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने आदि व्यवस्था गरेको छ।

यसका साथै दफा ६ मा खाद्य सहायता परिचयपत्रको व्यवस्थाअन्तर्गत १८ वर्ष उमेर पूरा भएको महिला सदस्य भएमा त्यस्ता सदस्यमध्ये ज्येष्ठ सदस्यको नाममा, तर १८ वर्ष उमेर पूरा भएको महिला सदस्य नभएमा परिवारको अन्य सदस्यमध्ये ज्येष्ठ सदस्यका नाममा जारी गर्नुपर्ने, तर महिलाको उमेर १८ वर्ष पुगेपछि, अन्य सदस्यका नाममा परिचयपत्र जारी गरिएको रहेछ भने सो खारेज गरी उनको नाममा जारी गर्नुपर्ने आदि विषय समेटिएको छ। त्यसैगरी दफा १३ मा कृषि पेसाको संरक्षण र किसानको जीवनस्तरको प्रबर्द्धनअन्तर्गत महिला किसान तथा कृषिमा आधारित भूमिहीन परिवारलाई कृषियोग्य भूमि तथा कृषि सामग्रीमा पहुँच र दफा ३० मा खाद्य वितरणको व्यवस्था गर्दा महिला समूह वा कृषि सहकारीलाई विशेष प्राथमिकता दिन सकिनेछ भन्ने उल्लेख छ (NLC, 2075)। यसरी संवैधानिकरूपमा सुनिश्चित खाद्य अधिकारका प्रावधानहरूलाई सम्पूर्ण खाद्य प्रणालीको शासन पद्धतिले समेटेर लानु अत्यावश्यक छ (Ghale, 2020)। यही परिप्रेक्ष्यमा नेपाल सरकारले संवैधानिक प्रावधानका साथै विभिन्न नीतिगत व्यवस्था पनि गरेको छ।

## ५. नीतिगत प्रावधानहरू

माथि उल्लिखित परिवेश र संभावनालाई व्यवहारमा उतार्न सबै भन्दा पहिले राज्यका नीतिहरू महिलामैत्री हुन आवश्यक छ। हाम्रो देशमा नीतिगत विकासका क्रममा महिलाको भूमिकालाई कसरी एकीकृत गर्दै आएको छ भन्नेबारे सङ्क्षिप्त जानकारी तलका अनुच्छेदहरूमा उल्लेख छ :

### ५.१. आवधिक योजनामा कृषि र महिला

नेपालमा पहिलो आवधिक योजना वि.सं. २०१३ बाट सुरु भएको हो। तापनि छैटौं योजना (२०३७/२०३८ देखि) मा आएरमात्र पहिलोपटक कृषिमा महिलाको संलग्नताबारे अवधारणगत बुझाइ समेटिएको पाइन्छ। सातौं योजनामा आएर महिलाकेन्द्रित कार्यक्रमको आवश्यकता महसुस गरी कृषिसम्बन्धी तालिमहरूमा कम्तीमा पनि १० प्रतिशत महिला हुनुपर्ने प्रावधानको व्यवस्था गरेको थियो। आठौं योजनासम्म आइपुग्दा कृषक समूहमा महिला सहभागिता, प्राविधिक शिक्षाको अपरिहार्यता, ऋणमा पहुँच जस्ता विषय प्रवेश भई पहिलोपटक संरचनागत ढाँचा महसुस गरी महिला कृषक विकास महाशाखा स्थापना गरेको पाइन्छ।

यसैगरी नवौं योजनामा महिलाकेन्द्रित भन्दा पनि लैङ्गिक मूलप्रवाहीकरणको आवश्यकता महसुस गरिएको र दशौं योजनाले समावेशी सामाजिक र आर्थिक विकासको अवधारणा अवलम्बन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र लक्षित कार्यक्रम दुवैको व्यवस्था गरेको देखिन्छ। यसैगरी हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) सम्म आइपुग्दा यो बुझाइ र प्रक्रियाले निरन्तरता र गति लिइरहेको पाइन्छ। तथापि कार्यान्वयनको स्थितिमा भने व्यापक सुधार गर्नुपर्ने पक्ष छन्।

### ५.२. राष्ट्रिय नीतिगत र कार्यक्रम विशेष प्रावधानहरू

यसरी आवधिक योजनाहरूले निर्दिष्ट गरेका दृष्टिकोणलाई नीतिगत तरिकाले निरन्तररूपमा समेट्नका लागि सम्बन्धित मन्त्रालयहरूले लिएका पहलहरूमार्फत महिला अधिकारका विविध पक्षलाई विषयगत तरिकाले सम्बोधन गर्ने वातावरण पनि बन्दै गएको छ। महिलावादी दृष्टिकोणबाट कृषि तथा खाद्य अधिकारको सवाललाई हेर्दा केही महत्त्वपूर्ण र प्रधिनिधिमूलक नीतिगत प्रावधानमध्ये बिउविजन ऐन, २०४५ ले राष्ट्रिय बिउबिजन समितिमा कृषकमध्ये एकजना महिला, बिउबिजन उद्यमीमध्ये एकजना महिला र बाली वैज्ञानिकमध्ये एकजना महिला रहने व्यवस्था गरेको पाइन्छ।

त्यसपछि बनेको दीर्घकालीन कृषि योजना (२०५२-२०७२) ले महिला सहभागितामार्फत कृषिको उत्पादकत्व बढाउने उद्देश्यलाई आत्मसात गरेकामा राष्ट्रिय कृषि नीति, २०६१ ले कृषि कार्यक्रमहरू सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नतालाई ५० प्रतिशत पुऱ्याइने र महिला कृषक तालिमहरू सकभर गाउँघर नजिकमा नै सञ्चालन गरिने व्यवस्था गरेको पाइन्छ। यसरी नै नीतिगत व्यवस्थाहरू बन्दै जाँदा कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ मा महिलाले सञ्चालन तथा प्रबर्द्धन गरेका उद्योग तथा व्यवसायलाई सहयोग पुग्नेखालका विशेष कार्यक्रमहरू व्यवस्था गरेको छ।

त्यसैगरी कृषि यान्त्रिकीकरण प्रवर्द्धन नीति, २०७१ ले महिला तथा वातावरणमैत्री कृषियन्त्र तथा उपकरणहरूको पहिचान तथा प्रवर्द्धन गर्ने, विपन्न वर्ग, महिला र दलित वर्गवाट कृषि उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम लागु गरिने, निजी उद्यमी, कृषक, कृषक समूह वा कृषक सहकारीले भाडामा कृषि यन्त्रको सेवा उपलब्ध गराउनका लागि तिनका खरिद वा आयात गर्दा मूल्य अभिवृद्धि कर र भन्सार छूट तथा कर्जामा सहुलियत व्याज सुविधा, महिलामैत्री कृषि यन्त्रहरूको पहिचान तथा प्रवर्द्धन गर्ने, महिलाहरूको कार्यबोझ र कष्टकर श्रम घटाउनेखालका यन्त्रहरूको प्रयोग र विस्तारमा जोड दिइने व्यवस्था गरेको छ।

राष्ट्रिय भूमि नीति, २०७५ ले उत्पादनको प्रमुख आधार भूमिमाथि महिलाहरूको पहुँच बढाउने उद्देश्य लिएको छ। सरकारले महिलाको नाममा जग्गा नामसारी गर्दा दिइएको दर्ता शुल्क छूटलाई एउटा सकारात्मक प्रयासका रूपमा लिन सकिन्छ। यसका साथै २०७६ सालको बजेट वक्तव्यमा संयुक्त लालपुर्जा बनाउनका लागि रु. १०० ले हस्तान्तरण गर्न सकिने व्यवस्था गरेको छ। कार्यगत पक्षमा हेर्ने हो भने सरकारले लागु गरेको लैङ्गिक उत्तरदायी बजेटको प्रावधान (सहभागितामा २०, क्षमता २०, लाभ र नियन्त्रण ३०, रोजगारी र आयआर्जन २० र गुणस्तर र कार्यबोझमा कमी १० प्रतिशत) भार तोकी कार्यक्रमहरू प्रत्यक्ष र अप्रत्यक्षरूपमा लैङ्गिकमैत्री वा निष्पक्ष भयो भनी विश्लेषण गरिन्छ। यसरी बनेका राष्ट्रिय नीतिहरूको अन्तर्राष्ट्रिय सन्धि/सम्झौताहरूसँग भएको अन्तरसम्बन्ध तल प्रस्तुत गरिएको छ :

### ५.३. कृषि र खाद्य अधिकार सम्बद्ध विश्वव्यापी सन्धि/सम्झौतामा निहित महिला विशेष प्रावधानहरू

नेपाल विभिन्न विश्वव्यापी सन्धि सम्झौताको पक्षधर राष्ट्र भएकाले महिलामैत्री नीतिगत प्रावधान, समावेशी संरचना, क्षमता विकास र प्रतिनिधित्वको सुनिश्चितता गर्नु पनि राज्यको दायित्वभित्र पर्न आउँछ। सबैभन्दा महत्त्वपूर्ण संयुक्त राष्ट्र सङ्घको

बडापत्रमा महिलाको समान अधिकार उल्लेख छ (UN, 1949) । त्यसपश्चात् विकसित विविध सन्धि/सम्झौतामध्ये केही कृषि र महिलासँग पनि सम्बन्धित छन्। त्यसमध्ये सबै भन्दा प्रत्यक्षरूपमा अन्तरसम्बन्धित प्रावधानमध्ये महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्धको सन्धि, १९६९ को धारा १४ ले महिलाको कृषि ऋणमाथिको पहुँच, आर्थिक अवसर, सहकारीमा आबद्धता र भूमिमाथि अधिकारको ब्यवस्था गरेको छ (OHCHR, 1969) ।

त्यसैगरी जैविक विविधता महासन्धि, १९९२ को धारा ८जे अन्तर्गत जैविक विविधता संरक्षण, उपयोग र लाभ बाँडफाँटमा स्थानीय समुदायको सहभागिताबारे व्यवस्था छ (UN, 1992) । अन्तर्राष्ट्रिय श्रम सङ्गठन १६९ को धारा २०.३ मा रोजगारीमा समान अवसर र व्यवहार र धारा १४ मा आदिवासीको बसोबास भएको भूमिबाट उनीहरूलाई विस्थापित हुन नदिन र अधिकार स्थापित गर्न राष्ट्रिय नीति बनाउनुपर्ने व्यवस्था छ (ILO, 1989) । दिगो विकास लक्ष्य, २०१५-२०३० का १७ धारामध्ये लक्ष्य १ र २ सम्बद्ध भोकमरी र गरिबी निवारण, लक्ष्य ५ लैङ्गिक समानता र महिला सशक्तीकरण, लक्ष्य ८ आर्थिक वृद्धि तथा उत्पादनमूलक सशक्तीकरण र लक्ष्य १७ दिगो विकासका लागि साझेदारिता आदिले समावेशिता र सुशासनमा प्रत्यक्ष योगदान महिला अधिकार, कृषि र खाद्य अधिकारको विषयसँग सरोकार राख्छ (UN, 2015) ।

माथि उल्लिखित पृष्ठभूमिहरूबाट महिलामैत्री नीतिगत प्रावधानहरू, समावेशी संरचना, क्षमतागत विकास र व्यवहारगत सुधारका पक्षहरू कति महत्त्वपूर्ण छन् भन्ने पक्षहरू उजागर भएको छ। अब वास्तविकतामा महिलालाई के/कस्तो असर र प्रभाव परेको छ, राष्ट्रिय र विश्वव्यापीरूपमा के/कस्ता कठिनाइ सिर्जना भइरहेका छन् भन्ने पक्षमा केही चर्चा तलका अनुच्छेदहरूमा गरिएको छ :

## ६. कृषि र खाद्य अधिकारको क्षेत्रमा महिलाले भोगेका कठिनाइ

### ६.१. जलवायु परिवर्तनले कृषि र महिलामा पार्ने असर

जलवायु परिवर्तनले मानव जीवनका विविध आयाममा प्रभाव पारेको छ। त्यसमध्ये पनि कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव सबै भन्दा प्रत्यक्षरूपमा पर्छ। यसले के प्रष्ट पार्छ भने कृषि क्षेत्रमा संलग्न अधिकांश जनसङ्ख्या महिला भएकाले जलवायु परिवर्तनको असर महिलामा बढी र फरकतवरले परेको देखिन्छ। यस सम्बन्धमा प्रतिनिधिमूलक असरलाई यहाँ घटनाका रूपमा प्रस्तुत गरिएको छ :

यी प्रतिनिधि घटना अध्ययनले के इङ्गित गर्छन् भने जलवायु परिवर्तनले महिलामा असमानुपातिक र फरक तरिकाले प्रभाव पार्छ। यसका अलावा जलवायु अनुकूलनका लागि महिलामा निहित ज्ञान सिपको उपयोग गरेर कसरी उत्थानशीलतामा टेवा पुऱ्याउन सकिन्छ भन्नेतर्फ पनि ध्यान पुग्न सकेको छैन। त्यसैगरी जलवायु परिवर्तनका कारण विश्वभरि पर्न सक्ने असर, त्यसमा पनि हिमाली जनजीवन र महिलामा पर्ने असरबारे सन् २०२१ मा बेलायतको ग्लास्गो सम्मेलनमा निकै प्राथमिकताका साथ उठाइएको थियो।

त्यसैले यस्ता विश्वव्यापी सम्मेलनहरूमा राष्ट्र प्रमुखहरूले व्यक्त गरेका प्रतिबद्धताहरूलाई राष्ट्रिय स्तरमा अझ मिहिन तरिकाले छलफल गरी महिलामैत्री बाटोहरू अबलम्बन गर्न जरुरी छ। यसले गर्दा लैङ्गिकरूपमा संवेदनशीलताका साथ मूलप्रवाहीकरण र लक्षित दुवैखालका नीति तथा कार्यक्रम तय गरी समग्र कृषि क्षेत्रलाई नकारात्मक प्रभावबाट जोगाउने र अवसर ग्रहण गर्दै जानुपर्ने देखिन्छ।

| घटना १ | घटना २ | घटना ३ |
| --- | --- | --- |
| रामेछापका महिलाले नजिकका खोलानाला सुक्दै गएकाले पानीको समस्या हुँदा खाना पकाउने तरिकामा फरक आएको सुनाएका थिए। उनीहरूले विशेषतः पानीको प्रयोग कम गर्नका लागि सकेसम्म कम परिकार पकाउने गरेका छन् भने खानेकुरा र भाँडाकुँडा राम्ररी पखाल्न पनि समस्या भएको छ। | गाउँघरमा प्रायसः साना पशु/वस्तु पालनको जिम्मेवारी र स्वामित्व महिलामा रहन्छ। जलवायु परिवर्तनका कारण घरबारीमा उम्रिएका नयाँखालका घाँसबारे जानकारी नहुँदा बाख्रामा पक्षघात देखिएको र उपचारबारेमा अनभिज्ञ पाइएका थिए। यसले गर्दा उनीहरूले धेरै आर्थिक घाटा बेहोर्नुपरेको छ। | दैलेखमा बढ्दो खडेरीका कारण महिलालाई पिउने पानी, घाँस/दाउरा र सोत्तर पाउन गाह्रो हुँदै गएको बताएका थिए। यसका लागि उनीहरूले बढी समय बिताउनुका साथै पानीबाट आउने विभिन्न रोगका कारण परिवारमा बिमार बढ्न थालेकाले घर/परिवारको सेवामूलक काममा अझ बढी समय खर्चिनुपरेको छ। |

## ६.२. भूमण्डलीकरणले कृषि र खाद्य अधिकारका क्षेत्रमा ल्याएका चुनौती

कृषि क्षेत्रको विकास र खाद्य अधिकारको चक्र कुनै देशविशेष कारणले मात्र सञ्चालित या निर्देशित हुँदैन। विश्वव्यापीरूपमा हुने सन्धि/सम्झौता, विकासका कार्य, लगानी, बजार व्यवस्थापन, साझेदारीका प्रकार आदिले पनि प्रत्यक्ष र परोक्षरूपमा कृषि विकास, खाद्य माग र आपूर्तिको शृङ्खलामा भूमिका खेल्छ। उदाहरणका लागि विश्व व्यापार सङ्गठनका विभिन्न प्रावधान कृषिसँग प्रत्यक्षरूपमा सरोकार राख्नेखालका छन्। यसमध्ये कृषिसम्बन्धी सम्झौता र बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी प्रावधानहरू विश्व व्यापार सङ्गठनका सबै सदस्य राष्ट्रले अबलम्वन गर्नुपर्ने बाध्यात्मक व्यवस्था हुन्।

यसरी विश्व बजारसँग प्रतिस्पर्धी कृषि विकासको परिकल्पना गर्दा महिलाको भूमिकालाई अझ कसरी बढावा दिन सकिन्छ भन्ने पक्षमा विशेषतः राज्य र सरकार दुवै चनाखो रहनुपर्ने हुन्छ। नेपाल जस्तो कृषिमा आश्रित, जैविक विविधतायुक्त र मौलिक ज्ञान/सिपमा आधारित खेती प्रणालीमा परिमार्जन गर्न विज्ञान, शिक्षा र अनुसन्धानमा व्यापक लगानी र साझेदारी गर्नुपर्ने हुन्छ। भूमण्डलीकरणका कारण बजारभाउमा आउने विचलन, अन्तर्राष्ट्रिय बजारको माग, प्रतिस्पर्धी प्रविधि र बजारमा महिलाको भूमिका अनि क्षमतालाई अझ परिष्कृत गर्दै सामाजिकरूपमा मान्य, बातावरणीय हिसाबले स्वच्छ र बजारमैत्री उत्पादनको प्रक्रियामा समाहित गर्न सक्नुपर्छ।

## ६.३. आकस्मिक प्रकोप र सङ्कटको अवस्थामा कृषि तथा महिलाको खाद्य अधिकारमा पर्ने असरहरू

जुनसुकै प्रकारको विपद्मा पनि महिला बढी र फरक प्रकारले पीडित हुन सक्ने तथ्य सर्वविदितै छ। विपद्का बेला सामान्य समयमा सञ्चालित प्रक्रिया (जस्तै- संरक्षित अनाजको भण्डार नाश हुन सक्ने, उत्पादनका सामग्रीको आपूर्तिमा गडबडी, उत्पादित उपजको भण्डारण गर्ने संरचना, प्रविधि र क्षमता पर्याप्त नहुने, बजारमा बिक्री गर्न जान समय अनुकूल नहुने, उपजको बिक्री वितरणमा समस्या र भाउ नपाइने, खाद्यान्नको भाउ अत्यधिकरूपमा बढ्ने, रोजगारीका विकल्पहरू सीमित हुने आदि) प्रभावित हुन जान्छ। यस्ता विविध समस्याले गर्दा एकातिर महिलाले कृषिलाई रोजगारमूलक र प्रतिस्पर्धी बनाउन सहज नहुने, अर्कोतर्फ घरभित्रै हुने खानामाथिको समान पहुँच पनि चुनौतीपूर्ण हुन जाने देखिन्छ।

यसले गर्दा धेरैजसो छोरीले विद्यालय छाड्नुपर्ने, खानाको मात्रा वा गुणस्तर घटाउनुपर्ने अवस्था आएको देखिन्छ। त्यसमा पनि विपद्का बेला आश्रय लिएर बस्नुपर्ने स्थिति आएका बेला विशेषतः गर्भवती, दूध खुवाउँदै गरेका आमाहरूले पाउनुपर्ने पोषणको मात्रा पूरा हुन सक्दैन। यसले गर्दा आमा र बच्चा दुवैको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने देखिन्छ। उदाहरणका लागि, सन् २०१९ देखि सुरु भएको कोभिड-१९ महामारीको अवधिमा ४४१६ जनासँग गरिएको एक अध्ययन (MoALD, WB, AusAid, 2020) ले समग्रमा महिला घर मूली भएका परिवारहरू र दैनिक ज्यालादारी गर्ने समूह खाद्य सुरक्षाको दृष्टिले सबै भन्दा बढी प्रभावित भएको देखाएको छ (थप जानकारी बक्स १ मा उल्लेख छ।)

**बक्स १**

### कृषि र महिलाको खाद्य अधिकारमा परेका असर

- समग्रमा ५५ प्रतिशत घरधुरीले बजारबाट किनेर खाने गरेका।
- सबै भन्दा असर परेको जनसङ्ख्या (दैनिक ज्यालादारी-कृषि ५२ प्रतिशत, गैह्रकृषि ४१ प्रतिशत)।
- २५ प्रतिशत महिला घरमूली भएकाहरूले सहायता पाएको।
- पाएका सहायतामध्ये ९ प्रतिशत खाद्यान्न सम्बद्ध सहयोग।
- खानाको मात्रा घटाएको परिवार (वयस्क र साना बच्चा भएका आमाहरू) ५२ प्रतिशत
- खानाको मात्रा घटाएको परिवार ७३ प्रतिशत
- दैनिक रूपमा खानामा गरिएको कटौती ६४ प्रतिशत
- कम रुचाइएका वा सस्तो खाना खाने परिवार ८७ प्रतिशत
- कमसल खाना खानुपर्ने अवस्था आएको घरधुरी (२९ प्रतिशत महिला मूली र १० प्रतिशत पुरुष मूली)
- अपर्याप्त खाना खाने परिवार (२२ प्रतिशत महिला मूली र ६ प्रतिशत पुरुष मूली)

## ७. कृषि, खाद्य सुरक्षा र महिला सम्बद्ध प्रमुख सवालहरू

मिहीनरूपमा हेर्ने हो भने महिला कृषिकार्यको व्यवस्थापन, पानीका स्रोत संरक्षण, पशुवस्तु व्यवस्थापन, भान्छाको जिम्मेवारी, धार्मिक तथा सांस्कृतिक कार्यका साथै कृषि र अन्य प्राकृतिक स्रोतमा आधारित उद्यम, व्यापार/व्यवसाय जस्ता विविध क्षेत्रमा संलग्न भएका हुन्छन्। यसले के इङ्गित गर्छ भने कृषि र खाद्य अधिकारका क्षेत्रमा महिलाको संलग्नताले बहुआयामिक पक्षलाई समेट्छ। उनीहरूको संलग्नता सम्बद्ध केही पक्षलाई तल उजागर गरिएको छ :

### ७.१. पहिचान र कृषक अधिकार

विश्वव्यापीरूपमा धर्तीलाई आमा (ŋयतजभच भबचतज) को सङ्ज्ञा पनि दिइन्छ। आमाको अर्थ सबै सन्तानको उपस्थितिको आभास गराउनुमात्र नभई सबै सन्तानका लागि जस्तोसुकै अवस्थामा पनि भरणपोषण गराउने, विविध भूमिकामा प्रकट भएर आफ्नो भूमिका निर्वाह गर्ने तथा विषम परिस्थितीको पनि सामना गर्दै विकल्प खोजी गर्न सक्ने क्षमता भएको भन्ने अर्थमा बुझ्नुपर्ने हुन आउँछ। यसरी धर्ती र आमालाई अन्तरसम्बन्धितरूपमा परिभाषित गर्दा सबै भन्दा प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भनेकै कृषि क्षेत्र हो।

त्यसैले यो बृहत्तर क्षेत्रसँग आबद्ध रहेका महिलाको भूमिकालाई सहीरूपमा बुझेर रणनीतिक हिसाबले विभिन्न निर्णय प्रक्रियामा संलग्न गराउनु र उनीहरूको नेतृत्वदायी भूमिकालाई स्थापित गर्दै वास्तविक कृषकको अधिकार र न्याय सुनिश्चित गर्नुपर्ने हुन्छ।

### ७.२. महिलाको मौलिक ज्ञान/सिप

महिलाहरू परापूर्वकालदेखि कृषि तथा वातावरणको क्षेत्रमा संलग्न भएका कारण उनीहरूलाई स्थानीय तथा मौलिक ज्ञान/सिपको खानीका रूपमा पनि बुझ्ने गरिन्छ। यद्यपि उनीहरूमा निहित ज्ञान/सिपको दस्तावेजीकरण, राज्यका आधिकारिक निकायहरूमा दर्ता तथा प्रमाणीकरण र यो महत्त्वपूर्ण क्षेत्रलाई प्रविधिमैत्री बनाइ उद्यमशीलता विकास गर्ने, रोजगारी सिर्जना गर्ने, देशभित्र तथा वैदेशिक बजारमा बिक्री वितरण गर्ने, आयआर्जन गर्ने र आर्थिक सशक्तीकरणको माध्यमका रूपमा विकास गर्ने प्रवृत्ति विकास भइसकेको छैन।

तसर्थ महिलामा निहित स्थानीय र मौलिक ज्ञान/सिपलाई मिहीन तरिकाले बुझ्ने हो भने भूगोलविशेष, जातीय उपयोगविशेष, विभिन्न भेग र हावापानीमा पाइने जैविक विविधताको सही र पूर्ण उपयोग गर्न सके विविधीकरण र मूल्य अभिवृद्धि गर्न सकिन्छ। यसरी समग्र राष्ट्रको आर्थिक समृद्धिमा महिलाको भूमिका र योगदानको सही अर्थमा कदर हुन जान्छ।

### ७.३. महिला संलग्नता, प्रतिनिधित्व र निर्णय प्रक्रियामा प्रभाव

कृषि र वातावरणको क्षेत्र बृहत् भएकाले महिलाको सहभागिता र प्रतिनिधित्व गर्दा उनीहरूले निर्णय प्रक्रियामा कसरी योगदान पुऱ्याउन सक्छन् भन्ने सोचका साथ अगाडि बढाइनुपर्छ। समाजमा व्याप्त असमान सोच र व्यवहारलाई महिलामैत्री बनाउन कुनै एक क्षेत्रमा मात्र संलग्न भएर संभव छैन। तसर्थ महिलाको संलग्नता, प्रतिनिधित्व र निर्णय प्रक्रियामा प्रभाव पार्न कानुनी, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक र मनोवैज्ञानिकरूपमा सक्षम बनाउन आवश्यक छ। महिलाभित्र पनि आर्थिक, सामाजिक, शारीरिक अवस्था, भूगोल, धर्म, शैक्षिक तथा आर्थिक कारणले विविधता हुन्छन्। तसर्थ लक्षित नीति, कार्यक्रम र संरचनाका साथै मूलप्रवाहीकरणमा जोड दिन सके महिलाभित्र रहेका विविधताको कदरका साथै उनीहरूको सही प्रतिनिधित्व हुन सक्छ। यसरी प्रतिनिधित्वको प्रक्रियालाई समावेशी बनाउँदा 'जसको सवाल, उसको नेतृत्व' भन्ने मर्मको कदर हुन जान्छ। जसले गर्दा निर्णयमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ।

### ७.४. सङ्गठन, शिक्षा र क्षमता अभिवृद्धि

कृषि तथा वातावरणको क्षेत्रमा आबद्ध महिलाहरू प्रायसः सम्बन्धित विषयगत समूह, सहकारी वा व्यावसायिक सङ्घ/सङ्गठनमा संलग्न रहेका पाइन्छ। देशभरका लगभग ३४,००० सहकारीमा महिलाको आबद्धता र ४० प्रतिशत महिला यसको निर्णय गर्ने पदहरूमा छन्। यसैगरी सामुदायिक वन उपभोक्ता समूह र यसको निर्णय तहमा महिलाको सहभागिता सुनिश्चित गरिएको छ। पारिवारिक निजी वनका क्षेत्रमा पनि महिलाको भूमिका सशक्त रहँदै आएको छ।

विगत केही वर्षदेखि कृषि तथा वन पैदावरमा आधारित उद्यमशीलताको विकास पनि उत्साहबर्द्धकरूपमा अगाडि बढिरहेको छ। यो क्षेत्रमा उत्पादक, श्रमिक, सङ्कलक, प्रशोधक र केही मात्रामा भए पनि वैदेशिक निर्यातका क्षेत्रमा पनि महिलाको संलग्नता बढ्दो छ। यसैगरी कृषि क्षेत्रमा बढ्दो व्यावसायिकीकरण र युवाहरूको विदेश पलायनले गर्दा यान्त्रिकीकरणको आवश्यकता र प्रभाव पनि बढ्दो छ। तसर्थ महिलाको सङ्गठनलाई सबलीकरण गर्ने, तालिम तथा शैक्षिक पाठ्यक्रमलाई

बजारको मागअनुरूप बनाउने तथा ज्ञान र सिप प्रवाह गरिने सेवाहरूलाई महिलामैत्री बनाउनुपर्ने आवश्यपता टड्कारो देखिएको छ।

## ८. स्थानीय स्तरमा महिला सहभागिता, सशक्तीकरणको सम्भावना र अवसर

सङ्घीय गणतान्त्रिक शासन पद्धतिमा कृषि तथा वातावरणको क्षेत्रसँग सम्बद्ध जिम्मेवारी तिनै तहका सरकारमा निहित भए तापनि अधिकांश सेवा प्रवाह, समुदायको सहभागिता, व्यवस्थापनका कामहरू विशेषतः स्थानीय सरकार मातहत पर्छ। त्यसैले प्रत्येक स्थानीय सरकारले आफ्नो भूगोल, हावापानी, मौलिक ज्ञान/सिप र बजार, महिलाको क्षमता सबैलाई एकत्रित गरेर पालिकास्तरीय नीति, कार्यक्रम तथा बजेट विनियोजन गर्ने सुअवसर हो।

यसका लागि प्रत्येक पालिकाले आफ्नो क्षेत्रविशेष अध्ययन, अनुसन्धान तथा बहुसरोकारवालाहरूबीच बृहत् छलफलका आधारमा समावेशी र महिलामैत्री सम्बोधन गर्न सकिन्छ। उदाहरणका लागि, युवा पुरुषहरूको विदेश पलायन र श्रमिकको अभाव भएकाले कृषिमा यान्त्रिकीकरणको माग बढ्दो छ तथापि सरकारले यो सेवालाई महिलामैत्री बनाउन सकेको छैन। कार्यक्षेत्रको अवस्था नियाल्दा मेसिन उपयोगको अवस्था अझै पनि न्यून रहेको, कस्टम हायरिङ सेन्टर नभएका कारण महिलाको पहुँच सहज नभएको, प्रायः व्यक्तिगत मेसिन धनीबाट सेवा लिने गरेकाले महिलाको कम पहुँच भएको, धेरै कमले समूहमार्फत सेवा लिएको, मेसिन प्रायः ज्यालादारी चालकहरूले चलाउने गरेको र महिलाले आवश्यक समयमा सेवा लिन नसकेको पाइएको छ।

त्यसैगरी मेसिनको आपूर्ति गर्नु भन्दा पहिले माग सङ्कलन नगरिने हुँदा महिलाको आवश्यकताअनुरूप हुन नसकेको, मर्मत, संभार र पार्टपुर्जाको सेवा सुलभ नभएका कारण महिला समुहहरूसँग भएका मेसिनहरूको पनि सही उपयोग हुन नसकेको, महिलाले काम गर्ने क्षेत्रमा मेसिन प्रयोग कम हुने गरेको, महिलाहरूद्वारा सञ्चालित कार्यक्रम लक्षित मेसिनको सुविधा नभएको जस्ता अवस्था पनि देखिएको छ। यति हुँदाहुँदै पनि घरायसी कामका साथै कृषि कार्यको सम्पूर्ण शृङ्खलामा मेसिनको प्रयोग गर्न सकिने र व्यापारिक संभावना पनि भएको पाइन्छ (FAO, 2021)।

यसले के इङ्गित गर्छ भने कृषि क्षेत्रको विकासमा महिलाको बढ्दो उपस्थितिलाई स्थानीय सरकार, निजी क्षेत्र र महिला आबद्ध समूह तथा सहकारीहरूबीच व्यापक छलफल गर्नुपर्छ। अनि यस्ता अध्ययनमा आधारित रहेर महिलाको कार्यदक्षता बढाउने, कृषि क्षेत्रलाई जलवायुमैत्री, लाभदायी र नाफामूलक व्यवसायका रूपमा अगाडि बढाउन सकिन्छ।

## ९. प्रादेशिक तथा स्थानीय सरकारले प्रवर्द्धन गरेका महिलामैत्री नीतिगत प्रावधानहरू

नेपालको सङ्घीय शासन प्रणालीमा स्थानीय पालिकाहरू कृषिको क्षेत्रमा प्रमुख भूमिकामा रहेका कारण पनि महिलामैत्री लक्षित प्रावधानहरूको व्यवस्था भएका विभिन्नखालका नीतिगत पहलहरू लिएका पाइन्छ। प्रादेशिक र स्थानीय सरकारहरूले अवलम्बन गरेका केही नीतिगत प्रावधान पनि मननयोग्य छन्। तीमध्ये केही प्रतिनिधिमूलक उदाहरण बक्स २ मा उल्लेख छ :

बक्स २

## महिला लक्षित र महिलामैत्री नीतिगत प्रावधानहरू

- प्रदेश सहकारी ऐन, २०७६ : उपज विशेष सहकारीको वर्गीकरण (प्रदेश १)
- एकल महिलाको जीविकोपार्जनका लागि पशुपक्षी पालन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०७६ (प्रदेश २)
- अति विपन्न कृषक लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ (वाग्मती प्रदेश)
- व्यावसायिक करार खेती प्रोत्साहन अनुदान कार्यविधि, २०७५: ...भूमिहीन, न्यून आय भएका महिलाहरूलाई प्राथमिकता...(गण्डकी प्रदेश)
- सहकारीमार्फत युवा उद्यमशीलता तथा महिला सहकारीमार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६ (लुम्बिनी प्रदेश)
- महिला सहकारीमार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७६ (कर्णाली प्रदेश)
- लक्षित वर्ग अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ (सुदूर पश्चिम प्रदेश)
- बेलका नगरपालिका कृषि ऐन, २०७५ मा कृषकको परिभाषामा ... परिवारको खाद्य आपूर्ति गर्ने परिवारको मूली वा उसको श्रीमान्, श्रीमती वा दुवैलाई सम्झनुपर्छ... (बेलका नगरपालिका, उदयपुर)
- लैङ्गिक समानताका लागि नगरपालिकाको लैङ्गिक नीति तथा रणनीति, २०७६ (सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा)
- लैंगिक समानता नीति, २०७५ (गौरीगंगा नगरपालिका, कैलाली)

*स्रोत : लेखकद्वारा सङ्कलित*

मथि उल्लिखित परिवेश र संभावनाको विश्लेषण गरिसकेपछि कृषि र महिलाको खाद्य अधिकारबारे विद्यमान चुनौतीहरूबारे छोटकरीमा तल प्रस्तुत गरिएको छ :

- महिलाको स्वायत्त कृषकको पहिचान परिभाषित भए पनि कार्यान्वयन सम्बद्ध चुनौती यथावत,
- महिलाको श्रमको योगदान राष्ट्रको कुल गार्हस्थ्य उत्पादनमा दस्ताबेजीकरण नहुनु,
- घरायसी काममा सहयोग नहुँदा महिला उद्यमशीलताको क्षेत्रमा सफलता हासिल गर्न चुनौती,
- भूमिमा महिलाहरूको समन्यायिक पहुँचको कमी,
- महिलाहरूको हिँडडुलमा सामाजिक बन्देज र टिकाटिप्पणीहरूका कारण निरुत्साहन,
- महिला श्रमिकहरूका लागि ज्यालामा हुने विभेद,
- कृषि सहकारीहरूमा लगानीको मात्रा कम,
- महिलाहरूको औपचारिक वित्तीय संस्थासँग कारोबार स्थापित हुन समस्या आदि ।

## १०. अगाडिको बाटो

वास्तविकतामा कृषि क्षेत्रलाई महिलामैत्री बनाउने र महिलाको खाद्य अधिकार सुनिश्चित गर्नका लागि केही विशेष पहल लिन आवश्यक छ। नेपालको संविधानको धारा ३६ मा उल्लिखित खाद्य अधिकार, खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन, २०७५ र नेपाल अनुबन्ध रहेका र मानव सुरक्षालाई सम्बोधन गर्नका लागि अवलम्बन गनुपर्ने विविध प्रावधानलाई आत्मसात गर्दै केही प्राथमिकताका सवाललाई एकीकृतरूपमा सम्बोधन गर्नुपर्ने देखिन्छ :

- **महिलाको 'कृषक पहिचान' को सम्बोधन** : सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूले विषयगत नीति, कार्यविधि र कार्यक्रम बनाउँदा महिला कृषक पहिचान हुनेखालका प्रावधानहरू राख्ने,
- **उत्पादनको स्रोतमाथिको पहुँच र नियन्त्रण** : सरकारले स्थापित गरेका नीतिगत प्रावधानमा टेकेर विशेषतः भूमि वितरण गर्दामात्र हैन, हाल एकल नाममा भएका स्वामित्वलाई संयुक्त बनाउन देशव्यापी अभियान चलाउने,
- **स्रोतमा आधारित व्यवस्थित शासन पद्धतिको जग** : तीनै तहका सरकारले संविधानतः दिइएका अधिकारहरूको जगेर्ना गर्दै कृषि तथा खाद्य अधिकार सम्बद्ध सबैखालका संरचनामा महिला सहभागिता सुनिश्चित गर्ने,
- **क्षमता विकास** : सूचना, प्रविधि, सेवा, शिक्षा, वित्तीय स्रोत र बजारमाथिको पहुँच सुनिश्चित गर्ने,
- **व्यक्तिगत स्वतन्त्रताको सुनिश्चितता** : कृषकहरूले आफ्नो बारीमा के लगाउने, के खाने, के बेच्ने भन्ने स्वतन्त्रता सुनिश्चित गर्ने,
- **सामाजिक पुँजीको विकास** : संस्कारजन्य विविधता, अन्तरसम्बन्ध र एकापसमाथिको निर्भरता, प्रकृतिप्रतिको सौम्य व्यवहार, एकाअर्काको अस्तित्वको स्वीकार्यता जस्ता पक्षलाई आदर गर्ने,
- **महिलामैत्री प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन** : सकेसम्म स्थानीय स्तरमा नै अनुकूलित उत्पादन प्रणालीलाई बढावा दिन महिलामा निहित मौलिक ज्ञान/सिपमा आधारित अध्ययन/अनुसन्धान, प्रविधि विकासका साथै राहत व्यवस्थापनमा महिलाका उमेर र अवस्थाअनुरूप खानेकुरामाथिको पहुँच सुनिश्चित गर्ने।

## ११. सन्दर्भ सूची


- आत्मनिर्भर केन्द्र, (२०६५), नेपालको किसान आन्दोलन (अप्रकाशित), काठमाडौँ
- आत्मनिर्भर केन्द्र, भूमि अधिकार आन्दोलनको सङ्क्षिप्त जीवनगङ्गा (मिति नभएको)
- पाण्डे, विन्दा, (२०७८), धर्तीमाथिको दाबी : अधिकारको लडाइँ, काठमाडौँ र दिल्ली : साङ्ग्रिला बुक्स
- FAO, (2021), Survey on Gender Equality and Social Inclusion responsiveness in Agriculture Mechanization, Kathmandu
- Ghale Y., (2020), Food Security Governance and Right to Food: Understanding State-People Relationship in Nepal, PhD Dissertation, Agriculture and Forestry University, Chitwan.
- MoAD. (2016). Agriculture Development Strategy (2015-35). Ministry of Agriculture Development, Kathmandu.
- MoF, (2021), Economic Survey 2020/21, Ministry of Finance, Government of Nepal, Kathmandu
- NLC, (2015), Constitution of Nepal, Nepal Law Commission, Kathmandu
- NLC, (2075), The Right to Food and Food Sovereignty Act, Kathmandu
- NPC, (2020), Nepal's Sustainable Development Goals, Status and Roadmap: 2016-2030, Government of Nepal, Kathmandu
- The MoALD, WB, AusAid, (2020), Impact of COVID-19 on Households in Nepal, mVAM Household Livelihoods, Food Security and Vulnerability Survey, May 2020, Kathmandu
- UN, (1949), Universal Declaration of Human Rights, United Nations, Geneva
- UN, (2015), Sustainable Development Goals, United Nations, Geneva

## ८.३ महिला र सञ्चार : बेइजिङ प्रतिबद्धता, अभ्यास र चुनौतीहरू

बबिता बस्नेत
सञ्चारकर्मी

महिला र सञ्चारको सन्दर्भमा २ वटा कुरा महत्त्वपूर्ण हुन्छन्- सञ्चार क्षेत्रमा महिलाको सहभागिता र सञ्चार माध्यममार्फत महिलाको छवि प्रवर्द्धन। सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व सम्मेलनले पारित गरेका सरोकारका १२ बुँदामध्ये महिला र सञ्चार पनि हो। बेइजिङ घोषणापत्रले महिला विकासका लागि सञ्चार क्षेत्रले निर्वाह गर्न सक्ने भूमिकालाई आत्मसात् गर्दै सञ्चारमा महिला सहभागिता वृद्धि गरी निर्णय प्रक्रियामा महिलाको पहुँच सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। साथै सञ्चार माध्यमले महिला हित प्रवर्द्धन र सन्तुलित विकासका लागि उपयोग गर्दै महिलाको परम्परावादी छविको मात्र चित्रण नगरी सकारात्मक छवि प्रस्तुत गर्ने प्रतिबद्धता जाहेर गरेको छ।

### नेपालमा महिला र सञ्चारको पृष्ठभूमि

नेपाली पत्रकारिताको इतिहास सन् १८५१ मा नेपालमा भित्रिएको हाते प्रेसबाट सुरु हुन्छ। सोही प्रेसमा छापिएको मासिक म्यागेजिन सुधा सागर नेपालको पहिलो पत्रिका हो। सरकारी मुखपत्रका रूपमा सन् १९०१ देखि प्रकाशित भएको गोरखापत्र र सन् १९६५ देखि प्रकाशित द राइजिङ नेपाल नेपालको पत्रकारिताको इतिहासका खम्बा हुन् जो अहिलेसम्म निरन्तर चलिरहेकै छन्। सन् १९५२ मा प्रकाशित 'महिला' म्यागेजिनबाट पत्रकारिता क्षेत्रमा नेपाली महिलाको उपस्थिति देखिन्छ। 'महिला' म्यागेजिनमा सहाना प्रधान र कामक्षादेवी सम्पादक थिए। कतिपयले वि.सं. १९८० देखि नै नेपाली महिला पत्रकारितामा संलग्न हुन थालेका हुन् भन्ने गरे पनि प्रमाणले चाहिँ वि.सं. २००८ साल जेठमा नेपाल महिला सङ्घले प्रकाशित गरेको 'महिला' मासिकबाट नै नेपालको पत्रकारितामा महिलाको सहभागिता भएको हो देखाउँछ। 'नेपाली माटोमा महिलाहरूद्वारा सम्पादित भई प्रकाशित भएको पत्रिकाको जेठो बिरुवा यही हो' १। साधना प्रधान र कामक्षादेवी सम्पादक रहेका उक्त पत्रिकामा शलवन्ती, मधुकरी, प्रमिला सहसम्पादक थिए भने मायादेवीले व्यवस्थापकको भूमिका निर्वाह गरेकी तथ्य भेटिन्छ।

वि.सं. २००८ साल असोजमा प्रियम्बदा शर्माको प्रधान सम्पादकत्वमा 'प्रभा' (मासिक) पत्रिका प्रकाशित भयो भने वि.सं. २००९ सालमा कुन्तीदेवीको सम्पादकत्वमा 'प्रतिभा' (मासिक) पत्रिका प्रकाशित भयो। त्यसैगरी वि.सं. २०१० सालमा रमादेवी 'जनविकास' (मासिक) पत्रिकाको सम्पादक तथा प्रकाशकका रूपमा देखापरिन्। उक्त समयमा अरू पत्रिका १-२ अङ्कमा नै सीमित भइरहेको परिप्रेक्ष्यमा जनविकास मासिक भने १२ अङ्कसम्म प्रकाशित भएको थियो।

त्यसैगरी वि.सं. २०११ सालमा 'जनसाहित्य' (द्वैमासिक) नामको अर्को पत्रिका पनि रमादेवीले नै निकालेको प्रमाण भेटिन्छ। यदि समयको गतिसँगै त्यो क्रम अगाडि बढ्न सकेको भए सञ्चार क्षेत्रमा महिलाको सहभागिताको स्थिति सुरुदेखि नै मजबुत हुने थियो। तर मुलुकमा व्याप्त राजनीतिक अस्थिरता, शिक्षाको अभाव तथा रुढीवादी पारिवारिक-सामाजिक मूल्य/मान्यताले गर्दा पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताले निरन्तरता पाउन नसकेको भन्न सकिन्छ।

सन् १९५० मा रेडियो नेपाल र सन् १९८५ मा नेपाल टेलिभिजन स्थापना भएपछि सञ्चार माध्यममा महिलाको सहभागिता स्पष्टरूपमा देखापरेको हो। यसअघिको सहभागितालाई फाट्टफुट्ट मात्रै मान्नुपर्ने हुन्छ। सन् १९९० मा मुलुकमा प्रजातन्त्र आएपछि भएको सञ्चार माध्यमको विकाससँगै सबै प्रकारका सञ्चार माध्यममा महिला सञ्चारकर्मी र पत्रकारको सहभागिता बढेको हो।

## वर्तमानमा सहभागिताको अवस्था

सञ्चारिका समूहले सन् २०१६ मा नेपालभरका ९०७ सञ्चारगृहमा गरेको अध्ययनअनुसार राजधानीका विभिन्न मिडियामा २१ प्रतिशत महिला पत्रकार कार्यरत छन्। यसैगरी मोफसलमा २६.७ प्रतिशत महिला पत्रकारको सङ्ख्या छ। महिला पत्रकार र सञ्चारकर्मीमध्ये धेरैजसो रेडियोमा कार्यरत रहेको अध्ययनले देखाएको छ। समूहको प्रतिवेदनअनुसार महिला पत्रकारहरू रेडियोमा ४७.८ प्रतिशत, छापा माध्यम (पत्रपत्रिका) मा ४०.५ प्रतिशत, टिभीमा १० प्रतिशत र अनलाइनमा १.७ प्रतिशत कार्यरत पाइयो। सञ्चारगृहले उपलब्ध गराएका तथ्याङ्क केलाउँदा मुख्य निर्णायक पदमा महिलाको सङ्ख्या निकै निराशाजनक देखिन्छ। मुलुकभरको अवस्था हेर्दा ४१ प्रधान सम्पादकमध्ये २.४ प्रतिशत मात्रै महिला देखिएको छ। यस्तै, प्रबन्ध/कार्यकारी सम्पादक ४७ जनामध्ये महिला ४.३ प्रतिशत र ७७७ सम्पादकमध्ये ११.१ प्रतिशत महिला छन्। सरसर्ती हेर्दा सम्पादक तहमा धेरै महिला भएजस्तो देखिए पनि प्रभावकारी सञ्चार संस्थामा भने औँलामा गन्न सकिने मात्रै महिला छन्।

राजधानीका ३२ सञ्चारगृहको तथ्याङ्क हेर्दा त्यसमा प्रधान सम्पादक १२ र प्रबन्ध/कार्यकारी सम्पादक ६ मध्ये महिलाको सङ्ख्या शून्य छ। यस्तै, सम्पादक ६७ मध्ये पुरूष ९८.५ र महिला १.५ प्रतिशत छ। अधिकांश सञ्चारगृहसँग स्पष्टरूपमा लैङ्गिक नीतिसमेत नभएको पाइयो। ६१.८ प्रतिशतले आफूसँग लैङ्गिक नीति नै नभएको बताएका छन्। सर्वेक्षणमा भाग लिएका १४.७ प्रतिशत सञ्चारगृहले मात्रै छुट्टै लैङ्गिक नीति रहेको बताए भने २३.५ प्रतिशतले त्यसबारे बताउनै चाहेनन्।

सञ्चारिका समूहले गरेको अध्ययनअनुसार जातीयरूपमा हेर्दा १ हजार ८६२ महिला पत्रकारमध्ये ब्राह्मण/क्षत्री/अन्य समुदायका ६१.४ प्रतिशत छन्। यस्तै आदिवासी जनजाति समुदायका २५.१ प्रतिशत, मधेसी समुदायका ६.९ प्रतिशत र दलित समुदायका ६.६ प्रतिशत छन्।

केही समययता सञ्चार माध्यमको सङ्ख्यात्मक वृद्धिसँगै सञ्चार माध्यममा महिलाको सहभागिता पनि बढिरहेको छ। तर पनि पुरुष पत्रकार तथा सञ्चारकर्मीको तुलनामा महिला पत्रकार र सञ्चारकर्मीको सङ्ख्या न्यून छ। लामो समयदेखि महिला र सञ्चारमा केन्द्रित रहेर अध्ययन अनुसन्धान नभएका कारण यो सङ्ख्या कति छ भनेर किटान गर्न सक्ने अवस्था छैन। सन् २०११ मा काठमाडौँ उपत्यकालाई केन्द्रित गरेर सञ्चारिका समूहले गरेको अनुसन्धानमा सञ्चार क्षेत्रमा महिला सञ्चारकर्मीको सङ्ख्या २४ प्रतिशत देखिएको थियो। सन् २०१५ को अध्ययनलाई सन् २०११ को अध्ययनसँग तुलना गरेर हेर्दा ४ वर्षको बीचमा राजधानीमा महिला पत्रकारको सङ्ख्या मात्र २ प्रतिशतले बढेको देखिन्छ। सन् २०११ को अध्ययनमा रेडियो, टेलिभिजन र छापालाई छुट्याएर हेर्दा रेडियोमा महिला पत्रकार तथा सञ्चारकर्मीको सङ्ख्या ४२ प्रतिशत, छापा माध्यममा ३२ प्रतिशत र टेलिभिजनमा २६ प्रतिशत रहेको तथ्याङ्कले देखाएको थियो। राजधानीमा मात्र नभएर विभिन्न जिल्लामा सञ्चार माध्यमको सङ्ख्या बढ्ने क्रम जारी छ। विशेषगरी एफएम रेडियोहरूको स्थापनासँगै महिला पत्रकार तथा सञ्चारकर्मीको सहभागिता पनि बढिरहेको छ।

विभिन्न जिल्लामा एफएम स्टेसनहरू स्थापना भएका र तिनमा महिलाको उत्साहजनक सहभागिताका कारण यो सङ्ख्या पहिलाको तुलनामा बढेको हो। विगतमा समाचार वाचकका रूपमा महिलाको सहभागिता बढी भए पनि अहिले समाचार शाखा या रिपोर्टिङमा संलग्न महिलाको सङ्ख्या बढ्दै गएको छ। विद्युतीय सञ्चार माध्यमहरू रेडियो, एफएम र टेलिभिजन च्यानलका तुलनामा छापा माध्यममा काम गर्ने महिलाको सङ्ख्या अझ कम छ। नाम चलेका कतिपय ठूला मिडिया हाउसमा पनि महिला रिपोर्टरको सङ्ख्या बढ्न सकेको छैन। दैनिक पत्रिकाहरूमा पत्रकारहरू प्रायः एउटाबाट अर्कोमा जाने क्रम चलि नै रहन्छ। साप्ताहिक पत्रिका र म्यागेजिनहरूमा महिलाको सहभागिता दैनिकमा भन्दा अझ न्यून छ।

## नीतिगत अवस्था

सरकारी, निजी कुनै पनि सञ्चार माध्यममा महिलाका लागि छुट्टै नीति छैन। जसका कारण काम गर्ने वातावरण महिलामैत्री नभएको गुनासो महिला पत्रकार तथा सञ्चारकर्मीको रहँदै आएको छ।

सरकारी सञ्चार माध्यममा अन्य सरकारी निकायमा जस्तै महिलालाई प्रवेश र बढुवामा विशेष प्राथमिकता दिने उल्लेख भए पनि व्यवहारमा भने त्यो खासै लागु हुन सकेको छैन। सरकारले तय गरेको सकारात्मक विभेदको नीतिअनुसार प्रवेशमै अन्य निकायमा झैँ सरकारी सञ्चार माध्यममा २० प्रतिशत महिलाको सहभागिता हुनुपर्छ। प्रधान मन्त्री, राष्ट्रपतिलगायतको राज्यस्तरीय भ्रमणमा महिला पत्रकारलाई समावेश गर्ने नीति छैन। कुनै पनि कुरा लिपिबद्ध नभएसम्म व्यावहारिकरूपमा लागु नगरिने भएबाट त्यस प्रकारको नीति नै बन्नु आवश्यक देखिन्छ।

सन् २०११ को सञ्चारिका समूहको अध्ययनले समेटेको कुल ४६ सञ्चार संस्थामध्ये १२ वटाले मात्र मानव संसाधन नीतिमा महिलाको कुरा उल्लेख भएको तथा ३४ वटा सञ्चार संस्थामा भने सोसम्बन्धी कुनै पनि नीति नभएको बताएका थिए। समग्रमा हेर्दा २४ प्रतिशत सञ्चार संस्थामा मात्र महिलासँग सम्बन्धित मानव संसाधन नीति भएको र ७४ प्रतिशत सञ्चार संस्थामा नीति नभएको देखिएको थियो।

सङ्घ/संस्थातर्फ नेपाल पत्रकार महासङ्घले सदस्यताका लागि महिलालाई विशेष नीति अवलम्बन गरेको छ। जसअनुसार पुरुषका लागि साधारण सदस्य हुन ३ बर्ष काम गरेको हुनुपर्छ भनें महिलाका लागि १ वर्ष गरिएको छ। यसैगरी केन्द्रीय पदाधिकारीमा पनि आरक्षणको व्यवस्था गरेको छ।

## महिलालाई दिइने जिम्मेवारी

महिला पत्रकार तथा सञ्चारकर्मीहरूलाई राजनीति, द्वन्द्व, शान्ति प्रक्रिया, परराष्ट्र, सुरक्षा जस्ता मूल प्रवाहका विषयमा भन्दा प्रायः महिला, बालबालिका, स्वास्थ्यलगायतका विषयको जिम्मेवारी दिने गरिएको छ। जसले राजनीति, अर्थ, परराष्ट्र, सुरक्षा जस्ता विषयलाई 'बिट' बनाइरहेका छन् तिनले पनि त्यत्तिकै राम्रो गरिरहेका छन्। यस अर्थमा महिलाले मूल प्रवाहका विषयमा रिपोर्टिङ गर्न सक्दैनन् वा हिच्किचाउँछन् भन्ने अर्थ लाउने ठाउँ देखिँदैन।

सञ्चारिकाको सर्वेक्षणअनुसार धेरैजसो महिला पत्रकार (४६.५ प्रतिशत) सबैखाले वा मिश्रित बिटमा काम गर्छन्। यस्तो अवस्था उपत्यका बाहिरका सञ्चार माध्यममा बढी पाइएको छ। यस्तै टिभी र रेडियोमा कार्यरत पत्रकारमा ठूला पत्रिकामा काम गर्ने पत्रकारका तुलनामा बिट छुट्याएर काम गर्ने चलन कम भएकाले पनि यस्तो भएको अध्ययनबाट देखिएको छ। यसमा समाचार वाचनदेखि रिपोर्टिङ गर्नेसम्म परेका छन्। कुल पत्रकार महिलामध्ये १८.३ प्रतिशत सामाजिक बिटमा कार्यरत छन्। ३ प्रतिशत पत्रकार महिलाले मात्र राजनीति र समसामयिक विषयलाई बिट बनाएका छन्। अर्थ र वाणिज्य

बिटमा काम गर्ने पत्रकार महिला त्यो भन्दा कम (२.५ प्रतिशत) छन्। अन्तर्राष्ट्रिय तथा परराष्ट्र मामिलामा काम गर्ने पत्रकार महिला ०.८ प्रतिशत मात्रै छन्। यस्तै, १५.१ प्रतिशतले अन्य बिटमा काम गर्ने बताए।

## सङ्घ/सङ्गठनमा आबद्धता

नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार महासङ्घका जम्मा १३०७६ सदस्य सङ्ख्यामा २४०७ महिलाको सङ्ख्या छ। यो भनेको करिब १६ प्रतिशत हो। यसैगरी नेपाल प्रेस युनियनमा १२.७ प्रतिशत, प्रेस चौतारीमा १२.५ प्रतिशत, क्रान्तिकारी पत्रकार सङ्घमा २३.५ प्रतिशत महिलाको सङ्ख्या छ। मधेसी पत्रकार सङ्घमा १४.७ प्रतिशत र आदिबासी जनजाति पत्रकार महासङ्घमा २७.४ प्रतिशत महिला सहभागिता छ। यी कुनै पनि सञ्चार संस्थाको प्रमुख अहिलेसम्म महिला बनेका छैनन्।

## कार्यस्थलको वातावरण र यौन हिंसा

मिडियालाई नजिकबाट हेरिरहेका विश्वभरका मानिस त्यतिबेला छक्क परे जब सन् २०१७ मा विश्वव्यापीरूपमा गरिएको 'मि टु' अभियानमा धेरै महिला पत्रकारले कार्यस्थलमा यौन हिंसा भोगेको बताए। 'मि टु' कार्यस्थलमा यौन हिंसाको अवस्था बुझ्नका लागि गरिएको विश्वव्यापी अभियान थियो। नेपालको सन्दर्भमा पनि कार्यस्थलमा यौन हिंसाको कुरा बेलाबेलामा उठ्ने गर्छ तर उजुरी भने अहिलेसम्म परेको छैन। नेपाल पत्रकार महासङ्घले यस प्रकारका हिंसामा घटना दर्ता गर्ने व्यवस्था गरेको छ। कुनै पनि बेला महिला पत्रकारले आफूमाथि भएका घटनालाई टेलिफोनमार्फत दर्ता गर्न सक्ने व्यवस्था छ। तर परिभाषित र मापन गर्न अप्ठ्यारो पर्नेखालका घटना धेरै हुने हुँदा महिला पत्रकारले सिधा उजुरी गर्न सक्ने अवस्था छैन।

सन् २००५ मा गरिएको सञ्चारिकाको देशव्यापी अध्ययनमा २ प्रतिशत महिलाले आफूहरूले कार्यस्थलमा यौन हिंसा भोगेको बताएका थिए। सन् २०१६ मा आउँदा यो सङ्ख्या कति थियो भनेर सर्वेक्षणले बताउन सकेको छैन। सङ्ख्यात्मक सर्वेक्षणका क्रममा तथ्याङ्कमा सङ्ख्या नआए पनि गुणात्मक सर्वेमा भने महिला पत्रकारले मापन गर्नै नसक्ने तरिकाका यौन हिंसा हुने गरेको बताएका थिए। पुरुष सहकर्मीले शारीरिक हाउभाउ, महिलाका विषयमा यौन तथा चरित्रका कुरा गर्नेलगायतका कुरालाई महिला पत्रकारले यौन हिंसाका रूपमा लिएका छन्।

## पत्रकारितामा महिलाका चुनौती

पत्रकारिताले उद्योग/व्यवसायको रूप लिइनसकेका कारण यो क्षेत्र नै आर्थिक चुनौतीबाट गुज्रिरहेको हुंदा महिला पत्रकार पनि स्वतः यो समस्याबाट मुक्त छैनन्। बिहान/बेलुका जतिबेला पनि काममा दौडिनुपर्ने हुँदा घर र कामबीचको समय समायोजन गर्न पनि निकै कठिन हुन्छ। अहिले कामकाजी महिलाको चुनौती भनेकै दोहोरो भूमिका हो। कामकाजी महिलाको थाप्लोमाथि घर र अफिस सम्हाल्नुपर्ने दोहोरो जिम्मेवारी छ। यो भार पत्रकार महिलालाई मात्र होइन, अरू व्यावसायिक महिलालाई पनि उत्तिकै छ। पुरुषले घरका काममा नसघाइदिँदा महिलामाथि दोहोरो बोझ थपिएको हो।

महिलाहरू समाचार डेक्समा बसेर घर व्यवहार र समस्याबारे सोच्न बाध्य छन्। धारामा पानी आयो कि आएन, बच्चाले के खायो होला, तरकारी किन्न कुनबेला जाने, भान्सामा यो छैन, त्यो छैन जस्ता कुराले पनि महिलाको कार्यक्षमतामा बाधा पुऱ्याइरहेको छ। बच्चा जन्माउने, हुर्काउने जिम्मेवारीका कारण महिलाको काममा थप चुनौती आइपर्छन्। जुन कुरा पुरुषले सोच्नुपर्दैन। महिला पत्रकारका निम्ति सुरक्षाको चुनौती पनि छ। बेलुका अबेरसम्म काम गर्ने महिलालाई सवारी

साधनको व्यवस्था भएन भनें यात्रा जोखिमपूर्ण हुन्छ। अहिले पनि राति महिला खुला सडक र गल्लीमा एक्लै निर्धक्क हिँड्न सक्ने अवस्था छैन। आर्थिक पोटो अर्को चुनौती हो।

घर/परिवारमा पनि महिला पत्रकारलाई त्यति धेरै उत्साहपूर्ण वातावरण रहेको पाइँदैन। समयको पावन्दी नहुने र आम्दानी पनि निश्चित नहुने पेसा भएकाले यस प्रकारको पेसामा भन्दा बरु समयमा कार्यालय गएर समयमा घर फर्कने ९ देखि ५ बजेसम्मको जागिरतर्फ जान नै परिवारका सदस्यको जोड रहन्छ। अनेक प्रकारका तनाव, दौडधुप, चुनौती र समयको पावन्दी नहुनु जस्ता कुरा भएर के भो त मेरी छोरीको, बुहारीको, श्रीमतीको या दिदीबहिनीको आफ्नै नाम छ, पहिचान छ भनेर गर्व गर्ने वातावरण बनिनसक्दा महिलाहरू खुलेर यो पेसामा सहभागी हुन सकेका छैनन्। जति महिला पत्रकारितामा टिकेका छन् तिनले शृङ्खलाबद्धरूपमै तनाव र अनेक दुःख भोगेका छन्। तर यति हुँदाहुँदै पनि महिला पत्रकारलाई अवसर पनि त्यत्तिकै छ।

## नेतृत्वमा महिला पत्रकारको सवाल

नेपाली मिडियाको नेतृत्व तहमा महिला पत्रकारको सहभागिता अत्यन्त न्यून छ। सरकारी तथा निजी दुवै क्षेत्रका सञ्चार माध्यमको नेतृत्व तहमा महिला नगण्य मात्रामा छन्। सम्पादकीय र लगानीकर्ता दुवैमा यो लागु हुन्छ। यता मिडियासँग सम्बन्धित सङ्घ/संस्थामा पनि महिला सहभागिता उपल्लो स्तरमा पुग्न सकेको छैन।

## महिलाको सकारात्मक छवि प्रवर्द्धन

बेइजिङ सम्मेलनले पारित गरेको बुँदा महिला र सञ्चारमा उल्लेख महिलाको सकारात्मक छवि प्रवर्द्धनका दृष्टिकोणबाट हेर्दा नेपालका विभिन्न मिडियाले महिलाको सकारात्मक छवि प्रवर्द्धन गर्ने गरेका छन्। महिला सशक्तीकरणको सवालमा विशेषगरी राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागितालाई मिडियाले सकारात्मक सन्देश जाने गरी महत्त्वपूर्ण स्थान दिएका थिए। यस्तै नेपाल प्रेस काउन्सिलको आचारसंहितामा महिलाको नकारात्मक छवि प्रवर्द्धनमा रोक लगाइएको छ। प्रेस काउन्सिलले महिला उत्तरदायी सञ्चार निर्देशिका २०७६ कार्यान्वयनमा ल्याएको छ। महिलाका मुद्दाहरू सञ्चार माध्यमको प्राथमिकतामा पर्न थालेका छन्।

## डिजिटल हिंसा : महिला र सञ्चारमा नयाँ चुनौती

सूचना प्रविधिले मुलुकमा अवसरसँगै चुनौतीहरू पनि त्यत्तिकै ल्याएको छ। सूचना र प्रबिधिको बढ्दो प्रयोगसँगै प्रविधिबाट हुने हिंसा बढ्दै गएको छ। महिला र सञ्चारको सन्दर्भमा डिजिटल हिंसा निकै ठूलो चुनौतीका रूपमा देखापरेको छ। २०७८ साल साउनदेखि कात्तिकसम्म ४ महिनाको बीचमा १८ सय ६२ वटा साइबर अपराधका उजुरी दर्ता भए। दर्ता भएका घटनामध्ये ९ सय २ वटा घटना महिलासँग सम्बन्धित थिए। साइबर हिंसाबाट ती ४ महिनामा १८ वर्षमुनिका ६१ जना किशोर/किशोरी प्रताडित भएका उजुरी परेका छन्।

आर्थिक वर्ष २०७७-७८ मा साइबर क्राइमसँग सम्बन्धित ३ हजार ९ सय ६ वटा उजुरी परेका छन्। तीमध्ये महिलामाथि भएको दुर्व्यवहारसम्बन्धी २ हजार ३ वटा छन्। पुरुषका १४ सय ७१ घटना छन् भनें अन्य लिङ्गीका २ सय २४ घटना दर्ता भएका छन्। महिलामाथि हुने शारीरिक, मानसिक, मनोवैज्ञानिक, आर्थिकलगायत हिंसामा डिजिटल माध्यम प्रयोग हुँदै आएको छ। तर प्रविधिबाट हुने हिंसाका लागि साइबर कानुन छैन। विद्युतीय कारोबार ऐन प्रयोग गरी साइबर अपराध नियन्त्रणको प्रयास भइरहेको छ। डिजिटल साक्षरता र कानुनी प्रावधान अभावका करण प्रविधिको माध्यमबाट हुने हिंसा निकै चुनौतीपूर्ण बन्दै गएको छ।

## ८.४ हिंसापीडित महिला तथा बालबालिकाको न्यायमा पहुँच

**पुण्यशीला दवाडी घिमिरे**
**अधिवक्ता– कानुनी सहयोग तथा परामर्श केन्द्र** (ल्याक)

देशका कुनै पनि जनताले आफ्नो हक/अधिकार हनन भएमा सो अधिकारलाई रक्षा गर्न कानुनी उपचार खोज्न न्यायिक निकायसमक्ष पुगी कानुनले तोकेको उपचार प्राप्त गर्न सक्ने क्षमता हुनुलाई न्यायमा पहुँच भनिन्छ।

सक्षम र निष्पक्ष न्यायपालिका, भौगोलिकरूपमा पहुँचयोग्य अदालत, उपयुक्त प्रशासनसहितको अदालत, दक्ष इमान्दार कानुन व्यवसायी, प्रभावकारी कार्यविधि, प्रभावकारी कानुनी प्रक्रिया, प्रभावकारी कार्यान्वयन र धान्न सक्ने दस्तुर भएको अवस्थामा मात्र न्यायमा पहुँच पुग्न सक्छ भनेका छन् Lord Neuberger ले।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले न्यायमा पहुँचका लागि ६ वटा मापक तोकेको छ :

- कानुनी संरक्षण,
- कानुन र न्यायिक प्रक्रियाको जानकारी,
- कानुनी परामर्श र प्रतिनिधित्व,
- न्याय निरूपण,
- कानुनको कार्यान्वयन र
- न्यायिक उत्तरदायित्व

अक्षम तथा पिछडिएका वर्गका लागि सामाजिकरूपमा कमजोर वर्गका व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि कानुनी संरक्षण प्रदान गर्न आवश्यक छ।

जसअनुसार सरकारले कानुनी साक्षरता कार्यक्रमबारे जनचेतना जगाउने कार्यक्रम ल्याएर कानुन र न्यायिक प्रक्रियाबारे जानकारी दिन आवश्यक छ। कानुन ब्यवसायीहरूले कानुनवारे जानकारी, सल्लाह सुझाव दिने, मुद्दा तयार गरिदिने, दर्ता गरी त्यसको प्रतिरक्षासमेत गरिदिन आवश्यक छ। अदालतहरू न्यायिक निरूपण गर्ने औपचारिक संयन्त्र हुन्। तर अदालतसम्म पहुँच पुग्न भौगोलिक स्थिति बुझ्न सक्ने क्षमता आदि कारणबाट पहुँच गाह्रो छ। अदालतको भौतिक अवस्था सेवाग्राहीका लागि अनुकूल नभएमा न्यायमा पहुँच हुन नसकी न्याय निरूपण हुन सक्ने अवस्था रहँदैन।

अर्कोतर्फ कानुनको कार्यान्वयन कसरी भएको छ, कस्तो अवस्थामा भएको छ भन्ने कुराले पनि न्यायमा पहुँच मापन गर्न सकिन्छ। फैसला कार्यान्वयन राम्रोसँग हुन नसक्दा कतिपय कमजोर व्यक्तिले आफू असुरक्षित महसुस गर्न पुगेका छन्। यसबाट न्यायालयप्रतिको विश्वासमा कमी आएको देखिन्छ। अदालतमा हुने काम जिम्मेवारीपूर्वक गरिएको छ/छैन, न्याय पाउनका लागि गैरकानुनी प्रक्रिया अपनाइएको छ/छैन भन्ने कुराले अदालतमा आउने व्यक्तिहरूको अदालतप्रतिको विश्वास निर्धारण हुने गर्छ। अधिकारको संरक्षण गर्न अदालतमा आएर न्याय पाइन्छ भन्ने वातावरण हुन अनावश्यक छ।

सम्मानित सर्वोच्च अदालतले पनि न्यायमा पहुँचलाई सहज बनाउनका लागि यथोचित उपायहरू अवलम्बन गर्नुपर्छ। प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरण सिर्जना हुनुपर्छ। बलात्कार तथा मानव बेचबिखनका कारण मानसिक, शारीरिक, मनोवैज्ञानिक तथा भावनात्मक चोट तथा पीडाबाट प्रताडित रहन बाध्य पीडित महिलाहरू न्यायिक उपचारका लागि अग्रसर हुन रोक्ने अन्य सामाजिक तथा सांस्कृतिक कारणहरू भए सोलाई पनि रोक्नेतर्फ लाग्नुपर्ने हुन्छ। साथै परिवार तथा समाजमा महिलाको कमजोर सामाजिक तथा आर्थिक अवस्था र पारिवारिक दबाबका कारण उजुरी गर्न नै हतोत्साहित गरिने अवस्थालाई निरूत्साहित गरिनुपर्ने (ने. का. प. २०७४ वैशाख अङ्क नि. नं. ९७४१ अधिवक्ता पुण्यशीला दवाडी विरुद्ध प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दामा) भनेको अवस्था विद्यमान छ। त्यस्तै गरेर नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धिहरू निम्न छन् :

**मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र**, १९४८ ले कानुनको दृष्टिमा सबै समान छन् र विनाभेदभाव सबैलाई कानुनको समान संरक्षणको हक प्राप्त हुनेछ भनेको छ। यसले सबैलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक हकको उल्लङ्घनविरुद्ध सक्षम राष्ट्रिय अदालतबाट प्रभावकारी उपचार पाउने हक हुने व्यवस्था पनि गरेको छ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्रिय प्रतिज्ञापत्र**, १९६६ ले कुनै पनि व्यक्तिका अधिकार र स्वतन्त्रता हनन् भएको अवस्थामा प्रभावकारी उपचारको सुनिश्चिता गर्ने उल्लेख गरेको छ। कसैलाई कुनै फौजदारी अभियोग लागेमा सक्षम अदालत वा न्यायिक निकायबाट सुनुवाइ गर्ने अधिकार, कानुनी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने र अदालतले दोषी नठहराएसम्म निर्दोष मान्नुपर्ने, अदालतका कारबाहीमा भाषा नबुझ्नेहरूका लागि अनुवादको अधिकार जस्ता व्यवस्था पनि यसले गरेको छ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि**, १९७९ ले महिलाविरुद्ध भेदभाव निषेध गर्ने कानुनी र अन्य उपायहरू एवम् उपयुक्त भएको अवस्थामा दण्ड सजायसमेत व्यवस्था अवलम्बन गर्ने, समान आधारमा महिला अधिकारको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधीकरण र अन्य सार्वजनिक निकायमार्फत भेदभावको कुनै पनि कार्यहरूविरुद्ध महिलाका प्रभावकारी संरक्षण सुनिश्चित गर्ने व्यवस्था गरेको छ।

त्यसैगरी महिलाविरुद्ध भेदभाव गर्नेखालका कानुन, नियम, परम्परा तथा अभ्यासहरू परिवर्तनबाट खारेज गर्न कानुन निर्माणलगायत उपयुक्त तरिका अपनाउने, महिलालाई पुरुषसरह समान अवसर प्रदान गर्न लगाउने व्यवस्था पनि गरेको छ। यसैगरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ अन्तर्गतको समितिले सामान्य सिफारिस नम्बर ३३ मा न्यायमा महिलाको पहुँचका लागि केही आधार तोकेको छ। जसअन्तर्गत **न्यायिक परीक्षणको सुनिश्चितता, सहज उपलब्धता, न्याय प्रणालीसम्मको पहुँच, गुणस्तरीय न्याय प्रणाली, न्यायिक उपचारको व्यवस्था, उत्तरदायी न्याय प्रणाली** हुन आवश्यक छ भनेको छ।

**नेपालको संविधान**, २०७२ को प्रस्तावनामा सामाजिक न्याय स्थापना गराउनका लागि लैङ्गिकलगायत सबैप्रकारका विभेद अन्त्य गर्ने उल्लेख छ।

- **समानताको हकअन्तर्गत** :

सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने कुरा सुनिश्चित गरिएको छ। सामान्य कानुनको प्रयोगमा राज्यद्वारा नागरिकबीच लिङ्गसमेतका आधारमा भेदभाव नगरिने उल्लेख छ। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति आदिका लागि भने उनीहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनिएको छ।

- **न्यायसम्बन्धी हक**

कुनै अभियोगमा पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको सूचना पाउने, कानुन व्यवसायीसँग परामर्श गर्न पाउने, बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने, कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी बन्नु नपर्ने, स्वच्छ सुनुवाइ हुनुपर्ने, कुनै व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा नचलाइने, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने, आफ्नाविरुद्ध साक्षी बस्न बाध्य नपारिने जस्ता व्यवस्था पनि छ।

- **पीडितको हक**

अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कार्यसम्बन्धी जानकारी पाउने हक हुने तथा कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुने व्यवस्था छ।

- **महिलाको हक**

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ।
(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।
(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ।
(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।
(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

- **सामाजिक सुरक्षाको हक**

आर्थिकरूपले विपन्न, अशक्त, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनद्वारा सुरक्षा गरिने कार्यलाई सामाजिक सुरक्षाको हक भनिन्छ।

- **सामाजिक न्यायको हक**

सामाजिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस/आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था छ।

- **अन्य व्यवस्थाअन्तर्गत**

मुद्दामा लगातार कारबाही र सुनुवाइ, बन्द इजलासबाट सुनुवाइ, गोपनीयता कायम कोर्ट फि पछि राख्ने गरी मुद्दा दर्ता र कारबाही अगाडि वढाउनेलगायत सुविधा छन्।

## प्रचलित कानुनी व्यवस्थामा

- **कानुनी सहायतासम्बन्धी ऐन, २०५४**

आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक/हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानुनी सहायता उपलब्ध गराउने सम्बन्धमा कानुनी सहायतासम्बन्धी ऐन, २०५४ ले असमर्थ व्यक्तिका लागि दिइने कानुनी राय सल्लाह असमर्थ व्यक्तिको तर्फबाट अदालतमा गरिने बहस, पैरवी, लेखापढी तथा कानुनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा तथा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई असमर्थ व्यक्ति मानिएको छ। वार्षिक आय ४० हजार रुपियाँ भन्दा कम हुनेलाई असमर्थ व्यक्तिका रूपमा परिभाषित गरी यिनीहरूको मुद्दा निःशुल्क हेर्ने सुविधा प्रदान गरेको छ।

- **जिल्ला अदालत नियमावली, उच्च अदालत नियमावली र सर्वोच्च अदालत नियमावली**

  - ***निःशुल्क वैतनिक कानुन व्यवसायीको सेवा***

कानुनी सहायता प्राप्त गर्न नसकेका असहाय, अशक्त नाबालकको आर्थिकरूपमा विपन्न वा थुनुवा मानिस मुद्दाको पक्ष भएबाट कानुनी सहायता उपलब्ध गराउन आवश्यक छ भने न्यायाधीश र स्रेस्तेदारले तोकिएबमोजिमको मुद्दामा निःशुल्क वैतनिक वकिल उपलब्ध गराइ लिखत तयार गर्ने, बहस, पैरबी गर्ने जस्ता कार्य गरिन्छ। यस्ता कानुन व्यवसायीको खर्च अदालतले नै दिने गर्छ। तर यसरी वैतनिक कानुन व्यवसायी दिँदा वार्षिक आम्दानी ४० हजार रुपियाँ भन्दा कम हुनुपर्छ भन्ने छैन।

- **एकीकृत कानुनी सहायता नीति, २०७६**

निःशुल्क कानुनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न, आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न असमर्थ पक्षलाई सहजरूपमा गुणस्तरीय निःशुल्क कानुनी सहायता उपलब्ध गराउन कानुनी सहायताको क्षेत्र र दायरालाई विस्तार गर्दै एकीकृत सामाजिक कानुनी सहायता प्रणालीको विकास गर्ने उद्देश्यका साथ यो नीति आएको छ।

आफ्नो आर्थिक तथा सामाजिकरूपमा असमर्थ पक्षहरू तथा हिंसाबाट पीडित महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, द्वन्द्वपीडित पक्षले सहजरूपमा निःशुल्क कानुनी सहायता पाउने व्यवस्था छ।

न्यायिक समितिसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा सचेतना तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवाप्रदायकको जिल्लास्तरमा विषयगत सूची तयार गरी विषय विज्ञताको आधारमा निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था छ।

- **वैतनिक कानुन व्यवसायीहरूको नियुक्ति तथा सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७२**

वैतनिक कानुन व्यवसायीहरूको नियुक्ति, छनोट, वैतनिक कानुन व्यवसायीहरूको काम, कर्तब्य र अधिकार, वैतनिक कानुन व्यवसायीहरूले पालन गर्नुपर्ने आचरण, वैतनिक कानुन व्यवसायी पदमुक्त हुने अवस्था, काम कारबाहीको निरीक्षण आदि ब्यवस्था गरिएको छ।

साथै यी कानुनी व्यवस्थाबाहेक विभिन्न सङ्घ/संस्थाले पनि न्यायमा सहज पहुँच पुऱ्याउनका लागि निःशुल्क कानुनी सेवा दिँदै आएका छन्। साथै महिला आयोगले पनि हेल्प लाइन (११४५) सुरु गरेको छ। हिंसाबाट पीडित महिला तथा बालबालिकालाई न्यायमा सहज पहुँच पुऱ्याउन एकीकृत सेवा सुरु गरेको छ। जसले एकै ठाउँवाट कानुनी सेवा, मनोसामाजिक परामर्श सेवा, बस्नका लागि महिला तथा बालबालिकाका लागि आवास र स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ३५ वर्षअगाडि स्थापना भएदेखि लगातारुपमा महिला तथा बालबालिकालाई न्यायमा पहुँच पुऱ्याउने कार्यमा सहयोग गर्दै आएको छ। यस क्रममा ५० हजार भन्दा बढीलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराइ न्यायमा सहज पहुँच पुऱ्याउने काम गर्दै आएको छ।

यसरी हेर्दा संविधान र कानुनमा न्यायमा पहुँच सहज हुनका लागि माथि उल्लेख गरिएका व्यवस्था हुँदाहुँदै र विभिन्न सङ्घ/संस्था अनि राष्ट्रिय महिला आयोगले पनि न्यायमा सहज पहुँच पुऱ्याउने काम गर्दागर्दै पनि न्यायमा पीडित पहुँच पुग्न भने सकेको छैन। कानुन बनेरमात्र हुँदैन, समाज पनि सोहीअनुसार परिवर्तन हुनु आवश्यक छ। हाम्रो सामाजिक सोच, परम्परागत मान्यता, छोरीप्रति हेरिने दृष्टिकोण र जबर्जस्ती करणीलगायत यौन हिंसामा परेका व्यक्तिहरूप्रतिको समाजको धारणा अनि पितृसत्तात्मक सोचलाई जबसम्म परिवर्तन गर्न सक्दैनौँ तबसम्म न्यायमा पीडितको सरल र सहज पहुँच पुग्न सक्दैन।

खासगरी बोक्सीको आरोपमा अमानवीय तथा अपमानजनक व्यवहार गर्नु, यातना दिनु तथा ज्यान लिनु, यौनजन्य दुर्व्यवहार, शोषण तथा बलात्कारको सिकार बनाइनु, दाइजो नदिएको निहुँमा गम्भीर कुटपिट गर्नु, जिउँदै जलाउनु वा आत्महत्या गर्न बाध्य तुल्याउनु, जबर्जस्ती वेश्यावृत्तिमा लगाउनु वा बेचबिखनको सिकार बनाउनु, छोरीमात्र जन्माएको वा सन्तान नजन्माएको निहुँमा यातना दिनु वा ज्यान लिनु, मदिरा सेवन गरी मानसिक तथा शारीरिक यातना दिनु वा चरित्रमा शङ्का गरी पत्नीको हत्या गर्नु एवं सामाजिक, आर्थिक वा राजनीतिक विभेद गरिनु जस्ता हिंसाजन्य घटनाबाट नेपाली महिला तथा बालबालिका पीडित हुनु परिरहेको देखिन्छ। यस्ता व्यक्तिको जीउ ज्यान, स्वतन्त्रता तथा मानवीय मर्यादा बर्खिलाप गरिएका हिंसाबाट पीडित महिलाको न्यायमा सहज पहुँच स्थापित हुन सकेको देखिँदैन।

आर्थिकरूपले अति विपन्न, असहाय, अशिक्षित ग्रामीण महिलाहरू, अपाङ्गता भएका महिलाहरू, दलित समुदायका महिलाहरू, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका आदिवासी जनजाति समुदायका महिलाहरू लैङ्गिक हिंसाका दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका कारण उनीहरूले न्यायालयको ढोका सहजै ढकढकाउन सक्ने अवस्था रहँदैन।

जबर्जस्ती करणीलगायत यौन हिंसामा परेका पीडितमध्ये थोरै प्रतिशतमात्र न्यायका लागि अदालत तथा सम्बन्धित निकायको ढोकामा पुग्ने गरेका पाइएको छ। त्यस्तै गरेर घरेलु हिंसाबाट पीडित भएकामध्ये पनि सबै उजुर गर्न नगइ सहेर नै बस्ने गरेका छन्। अति भएपछि अथवा ज्यानै जान सक्ने गरी ज्यादा कुटपिट भएपछि मात्र उजुर गर्न आउँछन्। उजुरीपश्चात पनि फेरि डर, धाक, धम्की, हैरानी तथा हतोत्साहित गराउने कामहरूका कारण छाड्ने पनि हुन्छन्। खासगरी न्याय खोज्ने पीडित महिलालाई समाजमा हेय दृष्टिले लाञ्छना लगाउने र हेर्ने गरेको पाइन्छ। अपाङ्गताका कारणले तथा वृद्धावस्थाका कारणले पनि पहुँचमा अवरोध सिर्जना हुने स्थिति देखिन्छ।

अर्कोतर्फ मुद्दा परेपछि पनि चाँडो फैसला नहुने हुँदा महिला हिंसासम्बन्धी मुद्दा छिटोछरितो निरूपण हुने व्यवस्था गरिनु अति जरुरी भएको छ। लैङ्गिक पूर्वाग्रही सोच, राजनीतिक दलका नेता/कार्यकर्ताको हस्तक्षेप एवं पीडकहरूबाट अनुचित प्रभावमा परेर लैङ्गिगक हिंसाका अपराधहरूमा जाहेरी दर्ता गर्न इन्कार गर्ने र जाहेरी दर्ता गरिहाले पनि स्वच्छ

एवं निष्पक्षतवरले अनुसन्धान अगाडि बढाउनुपर्ने कानुनी कर्तव्य बहन नगर्नाले लैङ्गिक हिंसाका घटनामा फौजदारी जवाफदेहिताको स्थिति सुनिश्चित गर्न व्यवधान सिर्जना भएको देखिन्छ।

**अपराधका प्रकारअनुसार नेपाल प्रहरीको तथ्याङ्क**

| | आर्थिक बर्ष | जबर्जस्ती करणी | जबर्जस्ती करणी उद्योग | बहु-विवाह | बाल विवाह | बोक्सी | गर्भ पतन | छुवाछूत | बाल यौन दुर्व्यवहार | घरेलु हिंसा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७३/७४ | ११३३ | ५३६ | ४६४ | २६ | २४ | २२ | १७ | - | ११६२९ |
| २ | २०७४/७५ | १४८० | ७२७ | ६०२ | ५९ | ४८ | १८ | १८ | - | १२२२५ |
| ३ | २०७५/७६ | २२३० | ७८६ | १००१ | ८६ | ४६ | २७ | ४३ | २११ | १४७७४ |
| ४ | २०७६/७७ | २१४४ | ६८७ | ७३४ | ६४ | ३४ | २९ | ३० | २३२ | ११७३८ |
| ५ | २०७७/७८ | २५३२ | ७३५ | ८५२ | ८४ | ६१ | २७ | ३९ | २८१ | १४२३२ |

*स्रोत : नेपाल प्रहरी*

तालिमा उल्लेख गरिएका फौजदारी मुद्दाको प्रहरीको तथ्याङ्क हेर्दा हिंसा बढ्दै गएको र उजुरी पनि त्यस अनुपातमा वढ्दै गएको देखिन्छ। तापनि कतिले न्याय पाए, कतिले छाडे भन्ने तथ्याङ्क अभाव देखिन्छ। घर/परिवार, परम्परा, संस्कार, सामाजिक व्यवस्थाले ल्याएको पितृ सत्तात्मक सोच र कानुन कार्यान्वयन एकाइमा रहेका केही कर्मचारीको व्यवहारका कारण पछि परेका समुदाय तथा महिलाको न्याय प्रभावित हुने गरेको देखिन्छ। मुद्दा अदालतमा प्रवेश गरेपछि चाँडै फैसला नहुने, आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गराउने कानुनको प्रभावकारी कार्यान्वयन गराउन कर्मचारीहरू लैङ्गिक संवेदनशील नरहेका कारण अदालतमा मुद्दा चल्दाचल्दै बीचमा नै होस्टाइल हुने गरेको पाइएको छ।

साथै महिलाविरुद्ध भएका सबै प्रकारका हिंसाका सम्बन्धमा निरन्तर सुनुवाइसम्बन्धी कार्यविधिमा प्रष्ट नभएका कारण महिलाको न्यायमा सहज पहुँच हुन सकेको छैन। जबकि ज्योति पौडेलसमेत वि.नेपाल सरकारसमेतको रिट (ने.का.प. २०६६, निर्णय नं.८२८२, अङ्क १२, पृ. २००१) मा राज्यले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै शीघ्र कारबाही अदालत ९बकत तचबअप अयगचत० गठन गर्नेतर्फ पहल गर्ने, सोका लागि ४ सदस्यीय समिति गठन गरिदिएको, सो समितिले दिएको रायको आधारमा नेपाल सरकारले लागु गर्दै जानू भनी निर्देशनात्मक आदेश जारी गरिदिएको थियो। त्यसपश्चात खासगरी हिंसाबाट पीडित भएका मुद्दाहरू शीघ्र कारबाही अदालतबाट हेरिने भनेर ऐनमा नै संशोधन गरी हेर्न सुरु गरिए पनि यस्ता मुद्दा जतिसक्दो छिटो सकिनुपर्नेमा वर्ष दिन बित्दा पनि नसकिएको यथार्थता हामीसामु छ।

तसर्थ आफ्ना हक/अधिकार र त्यस्ता हक/अधिकारको हनन वा उल्लङ्घन भएमा प्राप्त हुन सक्ने उपचारका विषयमा अनभिज्ञ हुनु पनि न्यायमा सहज पहुँच पुग्न नसक्ने प्रमुख कारण हो। त्यसैले विद्यमान विभिन्न कानुनी सहायता प्रणालीमा भएका सीमाहरूका कारण न्यायमा सबैको समान पहुँच पुर्‍याउन हरेक गाउँपालिका र नगरपालिकाहरूका प्रत्येक वडामा सामुदायिक कानुनी सहायता केन्द्र तथा डेक्स सञ्चालन हुनुपर्छ। जसले आफ्ना हक/अधिकार र त्यस्ता हक/अधिकारको हनन वा उल्लङ्घन भएमा प्राप्त हुन सक्ने उपचारका विषयमा जानकारी प्रदान गरोस्।

महानगरपालिका, नगरपालिका र गाउँपालिकामा अधिवक्ता भए उनीहरूमार्फत र नभएका निकायमा अधिवक्ता व्यवस्था गरी साँच्चिकै कानुनको पहुँचमा नपुग्ने निमुखा, गरिब र असहाय नागरिकलाई कानुनी सेवा उपलब्ध गराउन जरुरी छ। साथै हिंसाबाट पीडित महिला तथा बालबालिकालाई न्यायमा सहज पहुँच पुऱ्याउन देशैभर एकीकृत सेवा (जसले एकै ठाउँबाट कानुनी सेवा, मनोसामाजिक परामर्श सेवा, बस्नका लागि महिला तथा बालबालिका आवास र स्वास्थ्य सेवा) प्रदान गर्न जरुरी छ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२
- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- कानुनी सहायतासम्बन्धी ऐन, २०५४
- जिल्ला अदालत नियमावली, उच्च अदालत नियमावली र सर्वोच्च अदालत नियमावली
- एकीकृत कानुनी सहायता नीति, २०७६
- http://njanepal.org.np/public/reports/21021154648-Access%20to%20Justice%20of%20Victim%20Women%20of%20Violience.pdf
- https://nkp.gov.np/full_detail
- www.lawcommission.gov.np/np/wp-content/uploads/2021/04/कानुनी-सचेतना-तथा-साक्षरता-प्रतिवेदन-२०७७ pdf
- https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/

## ८.५ महिलाविरुद्ध हिंसा : बदलिँदो स्वरूप र कानुन अभाव

**अनिता न्यौपाने थपलिया**

**अधिवक्ता– कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

प्रत्येक ३ जनामध्ये १ जना महिला कुनै न कुनै प्रकारको हिंसाबाट पीडित हुन्छन् भन्ने तथ्य विभिन्न अनुसन्धानबाट स्थापित भएको छ। यस्तो अवस्थामा नेपालमा महिलाविरुद्ध हुने हिंसालाई सम्बोधन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत विभिन्न प्रयास भइरहेका छन्। विभिन्न समयमा कानुन निर्माण तथा समयानुकूल संशोधन पनि हुँदै आएका छन्। तर कानुन निर्माण गर्ने क्रममा भएका केही त्रुटिका कारण तथा विभेदपूर्ण व्यवस्थाका कारण कसरी महिला पीडित हुँदै आएका छन् र पीडकहरूले यस्ता विभेदपूर्ण व्यवस्थाको कसरी दुरूपयोग गरी महिलाविरुद्ध हिंसा हुँदै आएको छ भन्ने स्पष्ट गर्दै नीति निर्माताको ध्यान आकर्षण गर्नु यो लेखको प्रमुख उद्देश्य हो।

**पहिलो घटना**

काठमाडौँ निवासी समीक्षा (नाम परिवर्तन) ले १८ वर्षको उमेरमा आफ्नै टोलको केटासँग प्रेम विवाह गर्छिन्। विवाहको १ वर्षमै एक छोरा जन्म दिन्छिन्। जीवन राम्रो चलिरहेको हुन्छ। जीवनमा एकाएक परिवर्तन हुन थाल्छ जब श्रीमान् अन्य महिलासँग शारीरिक सम्बन्ध स्थापित गर्न थाल्छन्। बाहिर महिलासँग विवाहोत्तर सम्बन्धपश्चात श्रीमान्ले समीक्षालाई यातना दिने उपायहरू खोज्न थाल्छन्। उनले समीक्षालाई गालीगलौज, कुटपिट गर्ने कुनै कार्य गर्दैनन्, समाज परिवारका अगाडि राम्रो व्यवहार गर्ने, बोल्ने, हाँस्ने व्यवहार देखाउँछन् तर कोठाभित्र पसेपछि उनी पूर्णरूपमा परिवर्तन हुन्छन्।

कोठाभित्र उनी समीक्षासँग बोल्दै बोल्दैनन्। छुँदै छुँदैनन्। शारीरिक सम्बन्ध पनि राख्दैनन्। ५ वर्षको छोराको आमा बनिसकेकी २३ वर्षकी समीक्षासँग एकदिन त ठीक होला नि भन्ने आशामा सहिरहनुको विकल्प थिएन। श्रीमान्को बाहिर देखिने व्यवहारले गर्दा उनको कुरा विश्वास गर्ने कुनै आधार नै थिएन र कसैले विश्वास गर्दैनथे पनि। तर श्रीमान्ले कोठामा समीक्षाको अगाडि नै बसेर प्रेमिकासँग अश्लील कुरा गर्ने, भिडियोमार्फत एकअर्काका गोप्य अङ्ग देखाउने, अश्लील चलचित्र हेर्ने र हस्तमैथुन गरी समीक्षालाई पीडा दिन थाले।

समीक्षामा श्रीमान्ले दिएको मानसिक पीडा, यौन इच्छा जगाइदिने तर शारीरिक सम्बन्ध नराखी पीडा दिने जस्ता कारण विस्तारै मानसिक समस्याहरू देखिन थाल्यो। यस्तो समस्या देखिन थालेपछि उनलाई छोराबाट टाढा राख्न थालियो। जसले उनको समस्या झन बढी बल्झन थाल्यो। परिवार र श्रीमान्को सल्लाहबमोजिम उनलाई धामीकोमा उपचारका लागि लगियो। धामीले उनलाई बारम्बार उपचारका लागि भनी बोलाइरहे। त्यही क्रममा एकदिन उपचारकै बहानामा उनीमाथि शारीरिक शोषण गरे।

समीक्षाले धामीविरुद्ध कारबाही चलाउन मानसिकरूपमा तयार हुनु भन्दा अगाडि नै समीक्षाका श्रीमान् तथा परिवारले उनको धामीसँगको शारीरिक सम्बन्धको फोटो माइती, आफन्त सबैकोमा पठाएर उनलाई सम्पत्ति नलिइ सम्बन्ध विच्छेद गरी जानका लागि ब्ल्याकमेल गर्न थाले । उनी कानुनी सहायताका लागि महिला हक हेल्प लाइन, कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याकमा आइन् । त्यसपछि मात्र उनले मुलुकी देवानी संहिताको दफा ९९(६) बमोजिम पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा सम्बन्ध विच्छेद गर्दा अंश तथा खाना खर्च दिन नपर्ने कानुनी व्यवस्थाबमोजिम आफूलाई फसाउन बुनेको जालोबारे थाहा पाइन् ।

### दोस्रो घटना

त्यसैगरी काठमाडौँ बस्ने वर्ष २३ की रेखा (नाम परिवर्तन) को विवाह भएको ५ वर्ष भएको थियो । उनका १ र ३ वर्षका छोरा थिए । पारिवारिक जीवन राम्रै चल्दै थियो । श्रीमान्को अर्की महिलासँग विवाहोत्तर सम्बन्ध भएपछि श्रीमतीकै अगाडि ती महिलासँग अश्लील कुरा गर्ने, आफ्नो यौनाङ्गको भिडियो बनाइ एकअर्कालाई पठाउने, देखाउने गर्न थाले । उनी पनि श्रीमतीलाई वास्तै नगर्ने, छुँदै नछुने, खर्च नदिने, बोल्दै नबोल्ने, शारीरिक सम्बन्ध पनि नराख्ने व्यवहार प्रदर्शन गर्न थाले ।

रेखासँग पनि सहनुको विकल्प थिएन । कुनै दिन श्रीमान्को मन ठीक हुने प्रतीक्षामा थिइन् । यसै क्रममा एकदिन उनको श्रीमान्का साथीले घरमा फोन गर्छन् । श्रीमान् घरमा नभएका कारण फोनमा उनले कुरा गर्छिन् । त्यस क्रममा श्रीमान्को बदलिएको व्यवहारबारे पनि भन्छिन् । श्रीमान्को साथीले आफूले साथीलाई सम्झाइदिने र ठीक बनाइदिने आश्वासन दिन्छन् । सोही बहानामा बारम्बार रेखालाई फोन गर्ने गर्न थाले र भेट्नसमेत बोलाउन थाले । उनी श्रीमान्लाई सम्झाएर सम्बन्ध ठीक हुन्छ कि भन्ने आशामा श्रीमान्को साथीलाई भेट्न विभिन्न ठाउँमा जान थालिन् ।

यसै क्रममा श्रीमान्को साथी केही नजिकिन थाले । अनायास एकान्त ठाउँतिर लैजाने, अङ्कमाल गर्ने, हात समाउने, उपहार ल्याइदिनेलगायत हर्कतले उनलाई मनमा शङ्का उब्जन थाल्यो । त्यसपछि उनले आफू दुर्व्यवहारको सिकार भएको महसुस गरिन् । आइन्दा उसलाई नभेट्ने निर्णय गर्छिन् । सो भेटपश्चात उनी घर आइपुग्नु भन्दा अगाडि नै उनीहरूको हरेक पटक भएको भेटको हात समाएको, अङ्कमाल गरेको, उपहार दिएकोलगायतको तस्बिर माइती, आफन्त, साथी सबैको मोबाइलमा पुगिसकेको हुन्छ, त्यो पनि आफ्नै श्रीमान्मार्फत । सबैले उनको कथा सुन्नु भन्दा अगाडि नै उनीमाथि चरित्रहीनको ट्याग झुण्डयाइ दिइसकेका हुन्छन् । उनलाई साथ दिने र पीडा बुझ्ने कोही हुँदैन । कानुनी सहायताका लागि ल्याकमा आइपुग्छिन् । यो पनि विवाहोत्तर सम्बन्धका कारण श्रीमतीबाट उन्मुक्तिका लागि अन्य व्यक्ति परिचालन गरी शारीरिक शोषण गराएर महिलालाई निअंशी बनाइ लखेट्ने अर्को षड्यन्त्र थियो ।

## समस्याको स्रोत

यी २ वटा सत्य घटना समाजमा भएका हजारौँ घटनामध्ये प्रतिनिधिमूलक मात्रै हुन् । अधिकांश हिंसाका घटनाको कारक तत्त्वका रूपमा श्रीमान्को विवाहोत्तर अन्य महिलासँगको सम्बन्धका कारण श्रीमतीबाट उन्मुक्ति खोज्ने तर श्रीमतीलाई कुनै सम्पत्ति तथा अधिकार नदिइ चरित्रहीनताको ट्याग झुण्ड्याएर निकाल्न प्रयत्नशील रहेको पाइन्छ। व्यक्तिको यो गलत

विचारलाई पूरा गर्न मुलुकी देवानी संहिताको दफा ९४ घ कोसे ढुङ्गा सावित भएको छ। दफा ९४ ले पतिले पत्नीको मन्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्ने भनी ४ वटा अवस्था उल्लेख गरेको छ, जसमा पत्नी पतिको मन्जुरीविना लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि अलग बसेमा, पत्नीले पतिलाई खान/लाउन नदिएमा वा घरबाट निकाला गरेमा, पत्नीले पतिलाई अङ्गभङ्ग हुने वा शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा र पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा उल्लेख छ।

परिणामस्वरूप पत्नीबाट उन्मुक्ति पाउने सबै भन्दा सरल, प्रमाणित गर्न सहज र सामाजिकरूपमा बेइज्जत गर्न सजिलो उपायका रूपमा अन्य पुरुषसँग यौन सम्बन्ध राखेको व्यवस्थालाई हतियारको रूपमा प्रयोग गर्दै आएको पाइन्छ। जुन हतियारबाट न आवाज निस्कन्छ न घाउ नै देखिन्छ तर सबै भन्दा गहिरो चोट लाग्छ जुन कहिल्यै निको पनि हुँदैन।

माथि उल्लिखित दुवै घटनामा श्रीमान्को अन्य महिलासँग सम्बन्ध भएपछि विभिन्न माध्यमबाट श्रीमतीको यौन इच्छा जागृत गराइदिने तर आफू भने शारीरिक सम्बन्ध नराख्ने र सोही मौका छोपी अन्य पुरुषलाई श्रीमतीसँग नजिकिन योजना बनाइ परिचालित गरी घटना गराइएको र भिडियो तथा तस्बिरमार्फत घटना सार्वजनिक गरिएको थियो। कुनै सिनेमाको कथा जस्तो लाग्ने यी घटनाले समाजमा महिला कति पीडित हुँदै गएका छन् र पीडा दिने स्वरूप कसरी परिवर्तन हुँदैछ भन्ने प्रस्टै देखिन्छ।

यो पीडामा कति महिला उकुसमुकुस भएर बाँचेका छन्। कतिले पीडा दबाउन खोज्दा समीक्षाले जस्तो मानसिक समस्याको सिकार हुनुपरेको छ। कतिपयले अन्य व्यक्तिको चङ्गुलमा फसी यौन शोषणमा पर्नुपरेको छ। यस्तो सम्बन्धमा कुनै अनुसन्धान भने भएको पाइँदैन। यसप्रकारको हिंसालाई न समाजले चिन्छ न त कानुनले नै संबोधन गर्न सकेको छ। यस्तो हिंसाको सम्बन्धमा महिलाले कहीँ कतै भने मात्रै पनि उनको चरित्रमाथि नै औँला उठाउनेको कमी छैन। अर्कोतिर उनलाई छाडा महिलाको उपमा दिन पनि समाज पछि पर्दैन।

घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ ले ४ प्रकारको हिंसा- शारीरिक, मानसिक, यौनजन्य तथा आर्थिक हिंसालाई घरेलु हिसाका रूपमा परिभाषित गरेको छ। मानसिक यातना भन्नाले यातनाको डर धाक, त्रासपूर्ण व्यवहार, गालीगलौजलगायत मानसिक वा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै कामसमेतलाई जनाउँछ भनी परिभाषित गरेको छ। यौनजन्य हिंसा भन्नाले यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कार्य भनिएको छ।

माथि उल्लिखित समस्यालाई दुवै परिभाषाभित्र स्पष्टरूपमा नसमेटे तापनि केही मात्रामा मानसिक हिंसा र यौनजन्य हिंसामा व्याख्या गर्ने अवस्था भने रहन्छ। तर यहाँ सोच्नुपर्ने कुरा, स्पष्ट कानुनी व्यवस्था पनि नभएको अवस्थामा यौन भन्ने शब्द उच्चारण गर्दा पनि उच्शृङ्खल मानिने समाजमा हुर्केकी महिलाले मेरो श्रीमान्को अन्य महिलासँग सम्बन्धका कारण मलाई पीडा दिन मेरो यौन इच्छा जागृत गराइदिने तर सम्बन्ध भने नराख्ने कारणले मानसिक पीडा भई म मानसिकरूपमा विक्षिप्त भएँ, त्यसकारण मलाई मानसिक तथा यौनजन्य हिंसा भयो भन्न सक्छिन् ? आफूमाथि वर्षौंदेखि भोग्दै आएको वैवाहिक वलात्कार अपराधीकरण भई सजायको व्यवस्था हुँदा त अधिकांश पीडित महिलाले ममाथि बलात्कार भयो भन्न सक्दैनन् भने श्रीमान्को विवाहोत्तर सम्बन्धका कारण आफ्नो यौन चाहना पूरा नभएको कुरा अगाडि ल्याउन सक्लान् ?

ल्याकले आफ्नो ३५ वर्षको कार्यअवधिमा ५० औँ हजार महिलाका समस्या नियालेको छ। यस अनुभवबाट भन्ने हो भने सक्दैनन्। अर्को कुरा यदि आँट नै गरिहाले भने पनि के अदालतले त्यसलाई मानसिक वा यौनिक हिंसाका रूपमा व्याख्या गर्न सक्ला ? मानसिक हिंसा मापन गर्ने कुनै संयन्त्र छ हामीसँग ? छैन भने केका आधारमा त्यसलाई मानसिक

हिंसा मान्ने ? यी प्रश्न अनुत्तरित छन् । किनकि यी समस्या सदियौँदेखि घरको एउटा कोठाको चार दिवारभित्र लुकेर बसेका छन् । जसलाई न निकाल्ने हिम्मत पीडितमा छ न त समस्याका रूपमा स्वीकार गर्ने हिम्मत समाजमै छ न अपराधीकरण गर्ने हिम्मत अदालतसँग छ ।

## न्यायका नौ सिङ

पहिलो उदाहरणकी समीक्षाले धामीविरुद्ध बलात्कारको मुद्दा लिइ अदालतको ढोका ढक्ढक्याउन गएकीमा अदालतद्वारा न उनी धामीकोमा पुग्नु भन्दा अगाडिको योजनाबद्धतवरले श्रीमानद्वारा गरिएको हिंसाको कथा सुनियो न न उनीमाथि सम्पत्ति दिनुपर्ला भनी श्रीमान्‌ले विभिन्नतवरबाट उनीभित्रको यौन इच्छा जागृत गर्ने र मानसिक रोगीका रूपमा परिणत गरी धामीको नजिक पुऱ्याइ यौन शोषणका लागि धामीलाई परिचालित गरी भिडियो बनाउनेसम्म बुनेको जाल नै देखियो । न उपचारका लागि आत्मसमर्पण गरेको बिरामीमाथि धामीद्वारा गरिएको यौन शोषणको व्यथा नै देखियो । मात्र एक यौन इच्छा पूरा नभएकी महिलाले यौनजन्य कार्यमा असहमति नजनाएको र छुटकारा पाउन सङ्घर्ष नगरेको कारणले सहमति दिएकोमात्र देखियो र यही आधारमा अपराधीलाई सफाइ दिइयो ।

अदालतको एउटै फैसलाबाट उनका सम्पूर्ण घटनाका योजनाकार श्रीमान् र परिचालित धामी दुवैले उन्मुक्ति पाए । जसको परिणामस्वरूप समीक्षाले श्रीमान्‌बाट अंश, मानाचामललगायतका अधिकारबाट वञ्चित भई मानसिक रूपमा विक्षिप्त र सामाजिकरूपमा तिरस्कृत भई नचाहँदा नचाहँदै सम्बन्ध विच्छेद भई घरबाट निकाला हुनुपरेको छ । समाजमा यस्ता धेरै घटना लुकेर बसेका छन् र घटनाहरू बढ्ने क्रममा छन् । जसलाई योजनाबद्धतवरले पूर्ण गराइन्छ । जसको सिकार एक निर्दोष पीडित महिलालाई एक चरित्रहीनका रूपमा परिणत गरी अदालतद्वारा प्रमाणपत्र नै दिलाइ उनको सम्पूर्ण अधिकारबाट वञ्चित गरिन्छ ।

यस घटनालाई विश्लेषण गर्ने विभिन्न दृष्टिकोण राख्नेहरूमध्ये सबै भन्दा बढी धामीसँग शारीरिक सम्बन्ध नै चाहिँ नराखेको भए हुन्थ्यो नि भन्नेको कमी पाइँदैन । यही दृष्टिकोण सम्मानित अदालतको फैसलामा पनि देखियो । मुलुकी अपराध संहिताको दफा २१९ (क)(ख)को व्यवस्थाबमोजिम करकाप, अनुचित प्रभाव तथा होस ठेगानमा नभएको व्यक्तिको मन्जुरीलाई मन्जुरी मानिने छैन तथा ऐ संहिताको दफा २२३ बमोजिम पेसागत सेवा प्राप्त गर्न आएको व्यक्तिलाई करणी गर्न नहुने भन्ने व्यवस्थाको व्याख्या तथा लागु नै नगरी परम्परागत धारणाबाट ग्रसित मानसिकता लिएर बलात्कार भन्नासाथ जबर्जस्ती बल नै प्रयोग भएको हुनुपर्ने भन्ने सोचबमोजिम फैसला भएको छ । जसको परिणामस्वरूप उनले आफूविरुद्ध भएको घरेलु हिंसामा न्याय पाउने, अंश, मानाचामल जस्ता नैसर्गिक अधिकारबाट वञ्चित हुनुपरेको छ ।

## समाधान

तर यदि कुनै पुरुषको विवाहपछि अन्य महिलासँग शारीरिक सम्बन्ध भएमा कस्तो सजायको व्यवस्था गरेको छ त भनी हेर्ने हो भने अपराध संहिताको दफा १७५ ले विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुँदैन, गरेमा स्वतः बदर हुन्छ, १ वर्षदेखि ५ वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपियाँसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ । त्यसैगरी मुलुकी देवानी संहिताको दफा ९५ मा पतिले अर्को विवाह गरेमा वा अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा पत्नीले सम्बन्ध विच्छेद गर्न पाउने कानुनी व्यवस्था छ । तर वैवाहिक सम्बन्ध रहेको अवस्थामा अन्य महिलासँग शारीरिक सम्बन्ध राखेमा कस्तो सजाय हुने भन्ने सम्बन्धमा कानुन मौन छ । तर महिलाले अन्य पुरुषसँग सम्बन्ध राखेको हकमा भने पुरुषले अंश तथा मानाचामल दिन नपर्ने र सम्बन्ध विच्छेद गर्न पाउने व्यवस्था गरेको छ ।

जसको फलस्वरूप माथिका दुवै घटनाको जन्म भएको पाइन्छ। कानुनमा भएका असमान व्यवस्थाका कारण आज समीक्षा जस्ता धेरै महिला सडकमा पुग्नुपर्ने अवस्था सिर्जना भएको छ।

अतः समाजमा बदलिँदो स्वरूपमा आएका महिलाविरुद्धको हिंसालाई संबोधन गर्न घरेलु हिंसा (कसुर तथा सजाय) ऐनमा संशोधन गरी योजनाबद्धतवरबाट महिलाविरुद्ध गरिने हिंसा, नियोजिततवरबाट यौन इच्छा जगाइदिने र यौन सम्बन्ध नराखी (Sexual Deprivation) पुऱ्याउने पीडा र यस्तो हिंसाबाट निस्कने मानसिक समस्या, विवाहोत्तर सम्बन्धलाई अपराधका रूपमा स्वीकार गरी सजाय तथा श्रीमतीलाई क्षतिपूर्ति गर्ने कानुन निर्माण गर्न जरुरी छ। किनकि घरेलु हिंसाको प्रमुख कारक तत्त्वका रूपमा विवाहोत्तर सम्बन्ध नै रहेको छ। पीडितलाई कानुनी तथा मनोसामाजिक परामर्शमा पहुँच पुऱ्याउनसमेत राज्यको ध्यान जान जरुरी छ।

## ८.६ नेपाली महिलाको राजनीतिक सहभागिता

डा. विष्णुराज उप्रेती
कार्यकारी अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान

### १. परिवेश

नेपाली महिलाको राजनीतिमा सहभागिताको पृष्ठभूमि निकै लामो र सङ्घर्षपूर्ण देखिन्छ। यसको परिणामचाँहि पछिल्ला दशकहरूमा उत्साहजनक छ (Ghale, et. al., 2021; Kanel, 2014; Lotter, 2017; Mahato et. al., 2019; Pandey, 2019; Pradhan and Ghimire, 2021; Thapa et. al., 2015; TAF, 2018; Upreti and Shrestha, 2017a; Upreti, et. al., 2018; Upreti, et. al., 2020)। तथापि नेपालमा मात्र नभएर संसारभरि नै राजनीतिमा महिलाको सहभागितामा उनीहरूले ठूलै अवरोध र चुनौती भोगिरहेका देखिन्छ।

नेपालमा महिलाले १०७ वर्ष जति अगाडि नै आफ्ना हक अधिकारका लागि सशक्त आवाज उठाएको तथ्य त योगमाया न्यौपाने र दिब्यादेवी कोइरालाले नारी समिति गठन गरी राणा शासकसँग 'महिला शिक्षा' बारे सशक्त माग राखेबाटै प्रमाणित भइसकेको छ (Ghale, et. al., 2021; Pandey, 2019; Upreti, et. al., 2020)। नेपाली महिलाले त्यसपछि पनि लगातार सङ्घर्ष गरिरहेका इतिहास साक्षी छ। सङ्घर्षकै दौरान विराटनगर जूट मिलमा श्रमिकहरूले सन् १९४७ मा गरेका आन्दोलनमा महिला प्रत्यक्ष संलग्न भए र गिरफ्तारीसमेत दिए (Pandey, 2019)। मङ्गलादेवी सिंह, कामक्षादेवी, श्रीमायादेवी, रञ्जनी चम्पा, सहाना प्रधान, साधना प्रधानलगायतका नेता नेपाली महिलाको सङ्गठन नै खोली आफ्नो हक अधिकार र स्वतन्त्रता तथा राणा शाहीविरुद्ध आन्दोलनमा सक्रिय भएका थिए (Ghale, et. al., 2021)। त्यसैबेलादेखि नै महिलाले विभिन्न सङ्घ/संस्था खोली महिलाको राजनीतिक सहभागिता, सामाजिक र आर्थिक रूपान्तरणमा काम गर्दै आएका देखिन्छ।

चाहे एकतन्त्रीय जहाँनिया राणा शासन अन्त्य गर्न होस् या निर्दलीय पञ्चायती व्यवस्था अन्त्य र लोकतान्त्रिक राजनीतिक प्रणाली स्थापनामा होस्, महिलाको भूमिका सशक्त छ (Yami 2007, Upreti et al 2020, Upreti and Shrestha 2017 a&b, पाण्डे २०७८, Upreti, et. al., 2018; Thapa et. al., 2015; Upreti and Shiwakoti 2018; Pandey 2019)। इतिहासदेखि वर्तमानसम्म महिलाले सामाजिक, आर्थिक रूपान्तरण र राजनीतिक सहभागिताका लागि लगातार सङ्घर्ष गरिरहेका छन्। यसैको परिणामस्वरूप राजनीतिमा महिलाको साङ्केतिक हुँदै अर्थपूर्ण सहभागिता पनि बढ्दै गएको छ। नेपालको इतिहासमा नगरपालिकामा साधना प्रधानको निर्वाचनवाट सुरु भएको राज्य संयन्त्रमा महिला सहभागिता द्वारिकादेवी ठकुरानी मन्त्री भएपछि महिलाको राजकीय पदको माथिल्लो तहमा सहभागिताको बाटो खुलेको देखिन्छ (पाण्डे २०७८, Ghale, et. al., 2021)।

विगतलाई फर्केर हेर्दा नेपालमा महिलाको सशक्तीकरण, सामाजिक र आर्थिक रूपान्तरण तथा राजनीतिमा सहभागिताका लागि आआफ्नो क्षेत्रबाट हजारौँ महिलाले अत्यन्त महत्त्वपूर्णरूपमा योगदान पुऱ्याएको देखिन्छ। महिलाको समग्र

रूपान्तरण र राजनीतिमा सहभागिताको कुरा गर्दा क्रमबद्धरूपमा विभिन्न कालखण्डमा विभिन्न क्षेत्रबाट विशिष्ठ योगदान दिएको पाइन्छ। ऐतिहासिकरूपमा योगमाया र उनका अनुयायीले गरेका अकल्पनीय त्याग र बलिदान (जल समाधि) देखि दोस्रो पुस्ताका साधना प्रधान, सहाना प्रधान, मङ्गलादेवी सिंह, कामक्षादेवीहरू र त्यो भन्दा पछिल्लो पुस्ताका शैलजा आचार्य, दुर्गा पोखेल, अष्टलक्ष्मी शाक्य, शान्ता मानवीलगायत सयौँ महिलाको राजनीतिक क्षेत्रबाट ठूलो योगदान देखिन्छ। त्यो भन्दा पछिल्लो पुस्ताका धेरै महिला नेताका अलावा कानुनी, स्वास्थ्य, कृषि र खाद्य सुरक्षाका क्षेत्रबाट र नागरिक अभियानका माध्यमबाट सयौँ महिलाले धेरै महत्त्वपूर्ण योगदान दिएका पाइन्छ। यसरी विभिन्न पेसा र क्षेत्रका हजारौँ अगुवा महिलाको सामूहिक प्रयत्न प्रशंसनीय छ।

महिला आनदोलन शहरी क्षेत्रबाट नभई भोजपुर जस्तो ग्रामीण क्षेत्रबाट सुरु भई शहरी क्षेत्रमा विस्तार हुँदै देशैभर फैलिएको देखिन्छ। यो सवालमा मोफसलमा भएको उल्लेख्य कामको उदाहरणका रूपमा तराईका दलित समुदायको सिनो बहिष्कार आन्दोलन र सुदूर पश्चिममा चलेको छाउपडी प्रथाको आन्दोलनलाई लिन सकिन्छ।

माथिल्लो अनुच्छेदमा उल्लेख भएका विविध क्षेत्रका महिलाको असाधारण योगदान, लैङ्गिकमैत्री बुझाइ भएका सीमितै सङ्ख्यामा भए पनि पुरुषहरूको सहकार्य र सहयोग, अन्तर्राष्ट्रिय क्षेत्रमा आएका परिबर्तनको दबाब र चाप, राजनीतिक परिवर्तनले दिएको खुला वातावरण, शिक्षाले ल्याएको परिवर्तन, कानुनी बाध्यात्मक प्रावधान जस्ता कारणले अहिले नेपाली राजनीतिमा महिला सहभागिता निकै बढ्दै गएको छ (Ghale, et. al., 2021; Kanel, 2014; Lotter, 2017; Mahato et. al., 2019; Pandey, 2019; Pradhan and Ghimire, 2021; Thapa et. al., 2015; TAF, 2018; Upreti and Shrestha, 2017a; Upreti, et. al., 2018), Upreti, et. al., 2020) ।

## २.महिला सहभागितामा कठिनाइका कारण

नेपाली महिलाले परिवारभित्रैबाट, समुदाय र समाजबाट, राजनीतिक पार्टीहरूबाट समेत विविध कठिनाइ भोगेर पनि राजनीतिक र सामाजिक क्षेत्रमा आफूलाई स्थापित गर्नु निकै ठूलो उपलब्धि हो। महिलाले सामाजिक रूपान्तरण र राजनीतिक सहभागितामा झेल्नुपरेका कठिनाइ र अवरोधका प्रमुख कारणमा पितृसत्तात्मक सामाजिक सोच र मनोविज्ञान, सामाजिक जागरण र कानुनी सचेतनाको कमी, पुरुषहरूको असहयोगी भावना र व्यवहार, पार्टीभित्रको लैङ्गिक निरपेक्ष सोचाइ, उत्पादनका स्रोतमाथि महिलाहरूको न्यून पहुँच र नियन्त्रण, शिक्षा र स्वास्थ्यमा पहुँचको कमी, कुप्रथाको निरन्तरता (जस्तै- छुवाछूत, छाउपडी आदि), सुरक्षाको अनुभूति गर्न नपाउने अवस्था, खासगरी पुरुषमा महिलाको नेतृत्वलाई सजिलै स्वीकार्न नसक्ने मानसिकता, महिलालाई भौतिक र मानसिकरूपमा पीडा दिने पीडक चिन्तनको व्यापकतालगायत देखिन्छन् (Upreti, et. al., 2018, Upreti, et. al., 2020) ।

हामीले विगत लामो समयदेखि गरेको अनुसन्धानले राजनीतिमा संलग्न महिलाहरूमाथि हुने हिंसाका कारणहरू अन्तर्सम्बन्धित र पुरक प्रकृतिका देखाएको छ (Ghale, et. al., 2021; Upreti and Shrestha, 2017a&b; Upreti, et. al., 2018; Upreti, et. al., 2020) । जबसम्म राजनीतिक निर्णयकर्ताहरूमा महिलाबारे हालको लैङ्गिक र जैविक बुझाइ परिष्कृत हुँदैन, त्यतिबेलासम्म महिलाको राजनीतिक सहभागिता समानुपातिक बनाउन अझै पनि निकै चुनौती देखिन्छन्। त्यसैले राजनीतिमा महिलाको गुणात्मक र सङ्ख्यात्मक सहभागिता बढाउनका लागि एकातर्फ नेतृत्वमा रहेका पुरुषको सोचाइमा परिवर्तन आवश्यक छ भने अर्कोतर्फ सबै क्षेत्रका अगुवा महिलाले पनि बृहत्रूपमा सहकार्य गर्नुपर्ने देखिन्छ।

## ३. राजकीय जिम्मेवारीमा महिला

राज्य संयन्त्रमा महिला सहभागिताको सुरुवात नगरपालिकामा साधना प्रधानको निर्वाचनबाट भई माथिल्लो राजकीय पदमा महिलाको सहभागिताचाँहि बि.पी. कोइराला नेतृत्वको पहिलो जननिर्वाचित सरकारमा द्वारिकादेवी ठकुरानी मन्त्रीका रूपमा सहभागी भई सुरु भएको देखिन्छ। त्यसपछि पञ्चायत कालमा साङ्केतिकरूपमै भए पनि सुशीला थापा, भद्रा घले, सरस्वती राईलगायत महिलाहरू राजकीय पदमा पुगेका देखिन्छ। तर २०१५ साल (सन् १९५९) मा १०९ सिटका लागि भएको प्रतिनिधि सभाको निर्वाचनमा उठेका सबै (६ जना) महिला निर्वाचित हुन सकेका रहेनछन्। २०२८ साल (सन् १९७१), २०३८ साल वैशाख २७ गते (१९८१ मे ९) र २०४३ साल वैशाख २९ गते (१९८६ मे १२) मा भएको निर्वाचनमा पनि महिला निर्वाचित हुने अवस्थामा खासै सुधार भएको रहेनछ।

वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि २०४७ सालमा बनेको संविधानले भने ५ प्रतिशत महिला उम्मेदवार अनिवार्य गरेपछि राजकीय पदमा महिला सहभागिता अलि बढ्न थाल्यो। २०४८ सालको निर्वाचनमा २०५ वटा प्रतिनिधि सभाका पदमा जम्मा ८१ जना महिला (७३ जना पार्टीका उम्मेदवार र ८ जना स्वतन्त्र), २०५१ साल (सन् १९९४) को संसद् को निर्वाचनमा ७४ जना पार्टीबाट र १२ जना स्वतन्त्र गरी ८६ जना र सन् १९९९ को निर्वाचनमा १४३ जना (११७ जना पार्टीबाट र २६ जना महिला स्वतन्त्र) उम्मेदवार उठेकामा ती ३ निर्वाचनबाट क्रमशः ६ जना (२.९ प्रतिशत), ७ जना (३.४ प्रतिशत) र १२ जना (५.८ प्रतिशत) महिलाले मात्र जितेका थिए। २०५४ को स्थानीय निर्वाचनमा प्रत्येक वडामा एकजना महिला अनिवार्य हुनुपर्ने कानुनी प्रावधानका कारण एकैचोटि लगभग ४० हजार महिला निर्वाचित भई राजकीय जिम्मेवारी सम्हालेका थिए (पाण्डे, २०७८)।

२०५४ साल (१९९५ सेप्टेम्बर) मा बेइजिङमा भएको चौथो महिला विश्व सम्मेलनले 'हरेक क्षेत्रमा महिला सहभागिता वृद्धि' को रणनीति अङ्गीकार गरेको र नेपाल सरकारले पनि त्यहाँ पठाएको आफ्नो प्रतिनिधि (सहाना प्रधान) मार्फत प्रतिबद्धता जनाएकाले नेपाली राजनीतिमा महिला सहभागिता वृद्धिका लागि जनवकालत र दबाब सिर्जना गर्ने थप आधार बन्यो। त्यसपछि राजनीतिमा महिला सहभागिता बढाउन थप मद्दत पुगेको देखिन्छ।

अर्कोतर्फ नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्व सुरु गर्दा महिलामाथि भएका विभेद, अपमान, अन्यायलाई सशक्तरूपमा उठाएकाले यसमा महिलाको उल्लेखनीय सहभागिता रह्यो (उप्रेती २०१५क, २०१५ख; Koljs, 2017, Yami, 2007)। यो सङ्ख्या कुल लडाकुको लगभग २० प्रतिशत थियो (Upreti & Shivakoti, 2018; WC et al., 2011)।

महिलाको राजनितिक सहभागिताको कोसे ढुङ्गाका रूपमा २०६३ साल जेठ १६ गते पुनःस्थापित प्रतिनिधि सभा सदस्य विद्यादेवी भण्डारीले संसद्मा राखेको महिला अधिकारसँग सम्बन्धित सार्वजनिक महत्त्वको विशेष सङ्कल्प प्रस्ताव नै थियो जसको समर्थन नेपाली कङ्ग्रेसकी नेतृ प्रतिनिधि सभा सदस्य कमला पन्त, नेपाली कङ्ग्रेसकै एनपी साउद र जनमोर्चा नेपालका नवराज सुवेदीले गर्नुभएको थियो। सङ्कल्प प्रस्ताव सर्वसम्मतिबाट पारित भएको थियो। यो प्रस्तावका प्रमुख विशेषतामा (क) हरेक नेपाली सन्तानले आमा वा बुबामध्ये कसैको नामबाट नागरिकता लिन पाउने अधिकार, (ख) छोरासरह छोरीको पनि पैतृक सम्पत्तिमा समान अधिकार, (ग) समानुपातिक सहभागिताको लक्ष्यअनुरूप राज्यको सबै तह र संरचनामा एकतिहाइ महिलाको अनिवार्य सुनिश्चितता गराउने, (घ) महिला-पुरुषबीचको विभेदकारी कानुन खारेज गरी महिलामाथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानुनी व्यवस्था गराउने विषयहरू थिए। *(यी (क) देखि (घ) सम्मका बुँदाहरू २०७८ जेठ १६ गते तेस्रो राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले दिनुभएको मन्तव्यबाट समावेश गरिएको।)*

२०६४ साल (सन् २००८ अप्रिल) मा भएको संविधान सभाको निर्वाचनमा भने अन्तरिम संविधान (२०६३) को संसद् मा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने प्रावधान (NLC, 2007) अनुरूप ५७५ सिटमध्ये १९१ (३३.२ प्रतिशत) महिला निर्वाचित भई नेपालको इतिहासमै पहिलोचोटि यति धेरै महिलाले राजकीय पद लिन सफल भए (Ghale, et. al., 2021)। त्यतिबेला नेपाल संसारभर महिला सांसद बढी हुने देशमध्ये १४औँ स्थानमा पुग्न सफल भएको थियो। यो सफलताको प्रमुख कारणमा समानुपातिक प्रतिनिधित्वको प्रावधान (६०१ सिटमध्ये ३३५ समानुपातिक र २४० जना पहिलो हुने निर्वाचित हुने र २६ जना मन्त्रिपरिषद्ले नियुक्त गर्ने) कै कारण थियो। यी २४० जनामध्ये महिलाहरू प्रत्यक्ष निर्वाचनबाट केवल ३० जना (१२.५ प्रतिशत) तर समानुपातिक तर्फबाट ३३५ सिटमा १६१ जना निर्वाचित र सरकारबाट ७ जना नियुक्त हुनु यही संबैधानिक प्रावधानको परिणाम थियो। फलस्वरूप ६०१ जना सांसदमा १९७ जना (३३.३ प्रतिशत) महिला सदनमा पुगे (Upreti, et. al., 2018)।

यसपछि भने नेपाली महिलाको राजकीय पदमा पहुँच बढ्न थाल्यो। संविधान सभा असफल भई दोस्रोपटक निर्वाचित हुँदा सङ्ख्यात्मकरूपमा केही तल-माथि भए पनि महिला सहभागिताको दृष्टिकोणबाट आधारभूतरूपमा पहिला भन्दा फरक हुन सकेन। यो अवधिमा महिलाहरू राष्ट्रपति, प्रधानन्यायाधीश र संसद्को सभामुख जस्तो राष्ट्रका ५ विशिष्ठ पदमध्ये ३ वटाको नेतृत्वमा पुगेका थिए। यसले नेपाली समाजको मनोविज्ञान परिवर्तन गरी महिला नेतृत्व सहज स्वीकार्ने वातावरण बनाउन केही हदसम्म भए पनि मद्दत गऱ्यो। त्यही अवधिमा धेरै महिलाले प्रभावशाली मन्त्रालयहरूको, संविधान सभा र संसद्का विभिन्न समितिको नेतृत्व सम्हाली सफलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गरे (Ghale, et. al., 2021; Kanel, 2014; Lotter, 2017; Mahato et. al., 2019; Pandey, 2019; Pradhan and Ghimire, 2021; Thapa et. al., 2015; TAF, 2018; Upreti and Shrestha, 2017a; Upreti, et. al., 2018), Upreti, et. al., 2020)।

अझ २०७२ सालमा बनेको गणतान्त्रिक नेपालको संविधानले महिला सहभागिताबारे विशेष प्रावधान राखेपछि (NLC, 2017) बनेका निर्वाचनसम्बन्धी ऐनहरू र अरू विषयगत ऐनमा समेत महिलाको एकतिहाइ सहभागिता सुनिश्चित गरियो। साथै राष्ट्रको महत्त्वपूर्ण ५ पदमध्ये सभामुख-उपसभामुखमा १ जना अनिवार्यरूपमा महिला हुनुपर्ने) र गाउँ-नगरपालिका प्रमुख-उपप्रमुख पदमा पनि एकजना महिला उम्मेदवार अनिवार्य हुनुपर्ने प्रावधान राखियो। त्यसपछि पहिलो सङ्घीय संविधानअनुसार ३७,४३१ जना निर्वाचित मध्ये १५,३८४ (४१.१ प्रतिशत) महिला र २२,०७४ (५८.९ प्रतिशत) पुरुष निर्वाचित भए। राजनीतिमा महिला सहभागिताको दृष्टिकोणबाट यो ज्यादै ठूलो उपलब्धि हो (पाण्डे, २०७८)। नेपालको यो उपलब्धि संसारमा भएको प्रगतिकै अङ्गका रूपमा रहेको तथ्य वाङ्ग र लिन्डबर्गले पनि देखाएका छन्। उनीहरूका अनुसार विश्वमा विगत १ दशकमा महिलाले नागरिक स्वतन्त्रता, नागरिक समाजमा संलग्नता र राजनीतिमा सहभागिताको क्षेत्रमा ठूलो फड्को मारेका छन्। यसले महिला सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ (Wang & Lindburg, 2017)।

युरोपेली संसदीय अनुसन्धान सेवाले गरेको एक अनुसन्धानअनुसार सन् २०१९ मा युरोपेली युनियनमा १४.३ प्रतिशत र विश्वमा ७.३ प्रतिशत सरकार प्रमुखहरू महिला छन्। त्यसैगरी युरोपेली युनियनमा २१.४ प्रतिशत र संसारभर ६.६ प्रतिशत महिला राष्ट्र प्रमुख छन्।

अन्तरसंसदीय सङ्घ (इन्टर पार्लियामेन्टरी युनियन) को २०१९ फ्रेबुअरी १ को तथ्याङ्कअनुसार संसद्मा सबै भन्दा बढी महिला सहभागिता भएका १० देशमा रुवाण्डा (६१.३% तल्लो सदन र ३८.५% माथिल्लो सदन, सेप्टेम्बर २०१८ को तथ्याङ्क), क्युबा (संसद्मा ५३.२%), बोलिभिया (५३.१% तल्लो सदन र ४७.२% माथिल्लो सदन), मेक्सिको (४८.२% तल्लो सदन र ४९.२% माथिल्लो सदन, १ सेप्टेम्बर २०१८), स्विडेन (४७.३%, सेप्टेम्बर २०१८), ग्रेनाडा (४६.७%

तल्लो सदन र ३०.८% माथिल्लो सदन, २००८ मार्च), नामिबिया (४६.२% तल्लो सदन र २३.८% माथिल्लो सदन), कोस्टारिका (४५.६%), निकारागुवा (४४.६%) र दक्षिण अफ्रिका (४२.७%) छन् भने नेपाल ३६औँ श्रेणी (र्‍याङ्क) मा रही ३२.७% छ। यी तथ्याङ्कले पनि के देखाउँछन् भने धेरै लोकतान्त्रिक भनेर चिनिएका देश भन्दा नेपालको संसद्मा महिलाको उपस्थिति राम्रो देखिएको छ। तर यतिमात्र पर्याप्त छैन, धेरै सुधार गर्नुपर्ने देखिन्छ।

त्यसका लागि नेपालको संविधान, नेपालको लैङ्गिक समानता नीति (२०२०), निर्वाचन आयोग ऐन २०७३, स्थानीय निर्वाचन ऐन, २०७४, २०६३ साल जेठ १६ गते पुनर्स्थापित संसद्मा पेस भएको सङ्कल्प प्रस्ताव र दिगो विकास लक्ष्य २०१५-२०३० को उद्देश्य ५ मा उल्लिखित लैङ्गिक समानताको प्रावधानअनुरूप नेपाली महिलालाई सामाजिक, आर्थिक, प्रशासनिक र राजनीतिमा बढ्दो सहभागिताका लागि महत्त्वपूर्ण खाका र आधार दिएको छ।

### ४. पार्टी संरचनाभित्र महिला

अहिले सबैजसो राजनीतिक पार्टीका सदस्यका रूपमा सबै तहका कमिटीमा एकतिहाइ महिला देखिन्छ। तर राजनीतिक पार्टी संरचनाका उच्च पदहरू (पदाधिकारी) मा भने उनीहरूको सहभागिता अत्यन्त न्यून देखिन्छ। नेपालमा सक्रिय ठूला र समाज रूपान्तरणको उद्देश्य बोकेर लामो समयदेखि सङ्घर्ष गरिरहेका पार्टीहरूका माथिल्ला संरचनामा महिला अहिले पनि न्यून मात्र देखिनुले राजनीतिक पार्टीहरूको प्रतिबद्धतालाई नै प्रश्न गरिरहेको छ। यो अवस्था एउटामा मात्र नभएर लगभग सबै पार्टीमा उस्तै-उस्तै देखिन्छ। जबसम्म पार्टीहरूले आफ्नो सङ्गठनका पदाधिकारी पदमा महिलालाई उचित स्थान दिँदैनन्, त्यतिबेलासम्म उनीहरूको प्रतिबद्धतामाथि नै प्रश्न उठिरहने भएकाले पार्टीहरूले यो सवालमा गम्भीर भएर सोच्ने बेला भइसकेको छ। त्यसैले नेपालका राजनीतिक पार्टीहरूले खण्ड ५ मा सुझाइएका उपायहरू कार्यान्वयनमा लैजान हरप्रकारले लाग्न आवश्यक छ।

### ५. राजनीतिमा महिला सहभागिता वृद्धिका उपायहरू

महिला राजनीतिक सहभागिताको सन्दर्भमा केही उपलब्धि हासिल भएको भए तापनि यो क्षेत्रमा पूर्ण (पुरुषसँग समानुपातिक) र प्रभावकारी सहभागिताका लागि गुणात्मक र सङ्ख्यात्मक (५०% कुल पदको) उपलब्धि हासिल गर्न राष्ट्रिय महिला आयोग, नेपाल सरकारका विभिन्न निकाय, सङ्घीय सरकारका महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलगायतका सम्बन्धित निकायहरू, प्रादेशिक सरकारहरू र स्थानीय सरकारहरू, नागरिक समाज, प्राज्ञ र अनुसन्धानकर्ताहरू तथा समाजका सबै तह र तप्काका नागरिकले सामूहिकरूपमा र आआफ्नो क्षेत्रमा जिम्मेवारपूर्वक भूमिका खेल्न आवश्यक छ। राजनीतिमा महिलाको सहभागिता बढाउन निम्न काम गर्नुपर्ने देखिन्छ :

क) राजनीतिक पार्टीहरूले संवैधानिक र कानुनी प्रावधानअनुरूप राजनीतिमा महिलाको पूर्ण (पुरुष बराबर) र प्रभावकारी (सक्षम नेतृत्व विकास भएको) सहभागिताका लागि पार्टीभित्र र समाजमा अभ्यासमा रहेका कमी/कमजोरी र अवरोधहरू विश्लेषण गरी, देखिएका कमी/कमजोरी सुधार गरी राजनीतिमा महिलाको समान र गुणस्तरीय सहभागिता सुनिश्चित गर्ने वातावरण मिलाउनु आवश्यक छ। महिलाको स्वभाव (सामान्यतया गलत चालबाजी नगर्ने, लडाइँ/झगडा नगर्ने प्रकृति, मादक पदार्थ सेवन गर्ने गराउने गरी बलको प्रयोगमा संलग्न नहुने, राति-बिहान विशेष बैठकहरू र विशेष गोप्य भेटघाट नगर्ने, शान्त, मातृत्वपूर्ण, सहनशील र एकोमोडेटिभ) र जैविक भिन्नताका कारण (बच्चा जन्माउने र हुर्काउने दायित्वका कारण) पुरुषको जस्तो स्वतन्त्र र गलत शैली ( निर्वाचनमा पैसा, बल, जालझेलको प्रयोग) मा चुनाबी प्रतिस्पर्धा गर्दैनन्। त्यसकारण पारदर्शी, स्वच्छ प्रतिस्पर्धात्मक हुनेगरी निर्वाचनको

वातावरण बनाउने काम राजनीतिक पार्टी, निर्वाचन आयोग, गृह मन्त्रालयले गर्नुपर्छ। यो वातावरण सिर्जना गर्न सबैबाट सामूहिक रचनात्मक दबाबसमेत सिर्जना गर्ने।

ख) राजनीतिक पार्टीहरूको सहयोगमा निर्वाचन आयोग र संसद्ले हालको अत्यन्त खर्चिलो निर्वाचन प्रक्रिया र प्रावधान परिवर्तन गरी पैसाको बलमा निर्वाचन जित्ने प्रणाली अन्त्य गर्नुपर्छ। खर्चिलो निर्वाचन प्रणाली अन्त्य गर्न नीति अनुसन्धान प्रतिष्ठानले एक वर्ष लगाई गरेको अध्ययनको सिफारिस कार्यान्वयन गर्ने।

ग) महिलाको विशिष्ठ जिम्मेवारी मातृत्वसँग जोडिएकाले बाल-बच्चाको रेखदेख तथा हेरचाह गर्ने जिम्मेवारीको बोझ कम गर्ने व्यवस्था गरी महिलालाई राजनीतिमा सक्रिय हुने वातावरण मिलाउन घर/परिवार, समाज र पार्टीहरू सबैले सहयोग गर्नुपर्ने।

घ) राजनीतिक पार्टी संरचनाभित्र प्राज्ञिक सङ्ख्या र सामाजिक सङ्घ/संस्थाहरूले नियमितरूपमा महिला संवेदनशील सवालका छलफल, गोष्ठी, विचार विमर्श सञ्चालन गरी पितृसत्तात्मक चिन्तनमा परिवर्तन ल्याउने र यो अभ्यास राज्य र समाजका सबै निकायले प्राथमिकताका साथ अगाडि बढाउने।

ङ) राजनीतिमा महिलाको सहभागिता बढाउने सवाल महिलाहरूको मात्र सरोकारको विषय नभई पुरुषहरूको पनि र अझ राज्यको त संवैधानिक दायित्व नै हो। त्यसैले राजनीतिमा सक्रिय भएका र हुने सम्भावना रहेका महिला पहिचान गरी उनीहरूको सक्रियतामा सहयोग पुऱ्याउने। क्षमता विस्तारका कार्यक्रमहरू गरी उचित वातावरण बनाइदिने। पुरुषलाई महिला राजनीतिक सक्रियताका लागि सहयोगी बनाउन पुरुषकेन्द्रित सहक्रियाकलाप (महिला-पुरुष) दुवैलाई राखी अगाडि बढाउने।

च) पार्टीहरूले केही समयसम्म पार्टी संरचनामा कोटा नै छुट्याइ महिलाबीचमात्र प्रतिस्पर्धा गर्ने प्रावधान राख्ने। निर्वाचन ऐन संशोधन गरी महिलाको संवैधानिक प्रावधानअनुरूप सहभागिता सुनिश्चित गर्न महिलाहरू मात्र प्रतिस्पर्धा गर्ने गरी चक्रीय प्रणालीअनुसार निश्चित क्षेत्रहरू निर्वाचन क्षेत्र छुट्याउने। पार्टी संरचनाभित्र पनि इमान्दारीसाथ महिलालाई समान पदीय हैसियत दिने।

छ) राजनीतिमा संलग्न महिलामाथि शारीरिक भन्दा पनि मानसिक हिंसा बढी हुने भएकाले कुन-कुन गतिविधि हिंसा हुन् भनी कानुनमै परिभाषित गरी यस्ता हिंसा गर्ने पीडकलाई कडा कानुनी कारबाहीको प्रावधान राखी शून्य सहनशीलताको नीति अख्तियार गर्ने।

ज) खासगरी निर्वाचनका समयमा (निर्वाचनको उम्मेदवार तय गर्नेबेलादेखि निर्वाचन सम्पन्न भई पदभार ग्रहण गर्दासम्म) राजनीतिमा लागेका महिलामा बढी मानसिक हिंसा भएको पाइएकाले योबेलामा निर्वाचन आयोग र सरकारले सशक्त अनुगमन गरी दोषीउपर कडा कारबाहीको सुनिश्चितता गर्ने।

झ) कलाकार, लैङ्गिक सवाल विज्ञ, शिक्षाविद्लगायतका सरोकारवालाहरूले सिर्जनशील तरिकाले महिलामाथि हुने राजनीतिक हिंसाविरुद्ध अभियान चलाउने। उदाहरणका लागि सडक नाटक, पाठ्य सामग्री निर्माण, तालिम आदिको माध्यमबाट सचेतना जगाइ विविध कार्यक्रम गर्ने।

ञ) समानुपातिक निर्वाचन प्रणालीमा सुधार गरी समावेशी समानुपातिक बनाउने, २ पटक भन्दा बढी समानुपातिकबाट एउटै व्यक्ति जान नपाउने, निर्वाचन खर्च सरकारले मत सङ्ख्याका आधारमा पार्टीहरूलाई उपलब्ध गराई चन्दा उठाउने अभ्यास बन्द गर्ने, निर्वाचनका लागि पार्टीहरूले उम्मेदवार छान्दा पार्टी एकाइहरूबाट निर्वाचन गरी त्यहाँबाट

छानिएका व्यक्तिहरू भित्रबाट मात्र उम्मेदवार तय गर्ने र समानुपातिकमा हो भने यसको सूची पहिला नै सार्वजनिक गरी सोहीअनुसार क्रमसङ्ख्याअनुसार मात्र समानुपातिकमा छनोट गर्ने अनिवार्य प्रावधान कडाइका साथ लागु गर्ने।

ट) निर्वाचनमा आधुनिक प्रविधि प्रयोग गरी सम्भाव्य गलत गतिविधि रोक्ने कार्य थाल्ने।

## ६. निष्कर्ष

योगमाया न्यौपानेबाट सुरु भएर अहिलेसम्म आइपुग्दा नेपाली महिलाको सङ्घर्ष र यसको परिणाम सुखद नै देखिए पनि पूर्ण उपलब्धि भने अझै हासिल हुन सकेको छैन। त्यसैले यसका लागि राज्यका सबै अङ्ग, राजनीतिक पार्टीहरू, नागरिक अभियन्ता र सञ्चार जगत्ले सामूहिक प्रयास अगाडि बढाउनु आवश्यक छ। राजनीतिमा महिलाको सहभागिता बढाइ महिलाका सरोकारहरू सम्बोधन गर्नु भनेको आमा, श्रीमती, छोरी, दिदी-बहिनी, माइजू, भाउजूको सम्मान गर्नुमात्र नभई राज्यले संवैधानिक दायित्व र नागरिकले आफ्नो कर्तव्य पूरा गर्नु पनि हो। यो कार्यमा पुरुषहरूको भूमिका हालसम्म सन्तोषजनक देखिएको छैन।

महिलाको पूर्ण सहभागिता गराउने दायित्व महिलाको मात्र हैन, पुरुषको पनि हो तर पनि पुरुषले महिलाको राजनीतिक सहभागिता बढाउन, सकारात्मक सोचका साथ सक्रिय सहयोगीको भूमिका निर्वाह गर्न सकेको देखिँदैन। महिलालाई हेर्ने नकारात्मक दृष्टिकोण र उनीहरूको क्षमतामा गरिने प्रश्न भनेको पितृसत्तात्मक सोचको उपज र आफ्नै आमा, श्रीमती, छोरी, दिदी-बहिनीहरूमाथि विभेद र अन्याय गर्नु हो। त्यसकारण महिलालाई राजनीतिमा सुरक्षित तरिकाले गुणात्मक सहभागिता सुनिश्चित गर्न पुरुषहरूको महत्त्वपूर्ण दायित्व रहेको छ।

जुन समाजमा महिला आर्थिकरूपले आत्मनिर्भर, सामाजिकरूपले प्रतिष्ठित र राजनीतिकरूपमा निर्णायक हुन्छन्, त्यो समाज समुन्नत, सुखी र समृद्ध हुन्छ। जसरी महिला र पुरुषको सहकार्यविना सृष्टिको सम्भावना छैन, त्यसरी नै महिला र पुरुषले एकअर्कालाई सम्मान, सहकार्य र सहयोगविना महिलाको अस्तित्व र व्यक्तित्वलाई आदर नगरेसम्म त्यो समाज समतामूलक, शान्त र समुन्नत बन्न सम्भव छैन। त्यसैले राजनीति (पार्टी संरचना र राजकीय पद दुवैमा) मा महिलाको पूर्ण (लगभग महिला र पुरुषको सङ्ख्यात्मकरूपमा बराबर) सहभागिताका लागि राज्य, राजनीतिक पार्टी र समाज सक्रिय भएर लाग्न आवश्यक छ। सकारात्मक सोच हुने हो भने केही दशकभित्र यो परिणाम ल्याउन सम्भव छ।

युवा महिलालाई राजनीतिमा प्रवेशका लागि प्रेरणा र वातावरण सिर्जना विभेदकारी सामाजिक अभ्यासको सामूहिक प्रयासबाट अन्त्य, निर्वाचन प्रणालीका अभ्यासमा देखिएका कमजोरीहरूको सम्बोधन, कानुनी प्रावधानबाटै महिलाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताबाट नेपाली समाजको रूपान्तरण आजको आवश्यकता हो। यसका लागि नेपाल सरकार र यसका सम्बद्ध निकायहरूको समन्वयात्मक प्रयास, प्राज्ञिक क्षेत्र, अनुसन्धान क्षेत्र, सञ्चार जगत्, नागरिक अभियन्ता, निजी क्षेत्र र विकास साझेदारहरूले आआफ्नो क्षेत्रबाट लगातार इमान्दार प्रयास र सहकार्य अगाडि बढाउनुपर्ने हुन्छ।

## सन्दर्भ सामग्री


- पाण्डे विन्दा (२०७८) धर्तीमाथिको दाबी : अधिकारको लडाइँ। काठमाडौँ दिल्ली : साङ्ग्रिला बुक्स।
- उप्रेती, विष्णुराज (२०१५क), नेपालमा सशस्त्र द्वन्द्व र यसको प्रभाव। काठमाडौँ : नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च।
- उप्रेती, विष्णुराज (२०१५ख), नेपालको शान्ति प्रक्रिया र राज्य निर्माणका चुनौतीहरू। काठमाडौँ : नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च।
- Ghale, Y. Upreti, B.R. and Bradley, T. (2021), Violence against Women in Politics in Nepal, Kathmandu: NCCR

- Kanel, T. K. (2014), Women's political representation in Nepal: an experience from the 2008 constituent assembly. Asian Journal of Women's Studies, Vol.20, No.4, 39-62.
- Koljs A. (ed.) (2017), Women, Peace and Security in Nepal: From Civil War to Post-Conflict Reconstruction. London: Taylor & Francis.
- Lotter, S. (2017), Gender gap, gender trap: negotiations of intersectionality and patriarchy amongst women elites in Nepal. International Quarterly for Asian Studies, Vol.48, I-2, pp. 97-115.
- Mahato, S. Paudyal, B.R. and Baruah, N. (2019), Women in Public Life in Nepal. In: Thapa, D. (ed.) (2019), The Politics of Change: Reflections on Contemporary Nepal. Kathmandu: Social Science Baha and the Asia Foundation. Pp.54-82.
- Manchanda, R. (2010), Women's question in Nepal's democratic post conflict transition: towards a policy research agenda. Peace Prints: South Asian Journal of Peacebuilding, Vol.3, No.1, 1-18.
- Nepal Ljw Commission (NLC) (2007). The Interim Constitution of Nepal 2063 (2007). Kathmandu: Government of Nepal.
- Nepal Ljw Commission (NLC) (2015). The Constitution of Nepal 2072 (2015). Kathmandu: Government of Nepal.
- Pandey B. (2019), Women in Nepali Politics. New Delhi: Adarsh Books.
- Pradhan S., and Ghimire S., (2021), Women Parliamentarian's Participation in Legisljtive Reform Process in the Federal Parliament (In Nepali). Kathmandu: Women Lead Nepal.
- Thapa M. Bhandari S., Gautam J. & Adhikari B. (2015), A Brief Story of Some Women leaders, Nepal. Kathmandu: Asmita Women's Publishing House.
- The Asia Foundation (TAF), (2018), Nepal's locally elected women representatives: exploratory study of needs and capacity. Kathmandu: Australian Aid and The Asia Foundation.
- Upreti B. R. & Shivakoti S. (2018), The Struggle of Female Ex-Combatants in Nepal, Peace Review, 30:1, Pp. 78-86, DOI: 10.1080/10402659.2017.1419937
- Upreti B. R. and Shrestha G. (2017a), The Road to Parliament: Women in Nepal's Representative Assemblies. In: Koljs, A. (2017), Women, Peace and Security in Nepal: From
- Upreti B.R. and Shrestha G. (2017b), What Happened to Nepal's Women Maoists? (Chapter 10) In: Machanda R. (ed.), Women and Politics of Peace: South Asia Narratives on Militarization, Power, and Justice. New Delhi: Sage Publications. Pp.: 178-186.
- Upreti, B. R. & Shivakoti, S. (2018). The Struggle of Female Ex-Combatants in Nepal, Peace Review: a Journal of Social Justice 30 (1): 78–86.
- Upreti, B. R.; Adhikari D.P; Shivakoti S. & Kolås Å. (eds.) (2018), Nepalko Rajnitma Mahilj: Donda Bebasthapandekhi Sambidhan Karyannonsamma [Women in Nepali Politics: From Conflict Management to implementation of the Constitution]. Nepal: Bhrikuti Academic Press.
- Upreti, B. R.; Shivakoti, S.and Bharati, K. (2018). Frustrated and Confused: Mapping the Socio-political Struggles of Female Ex-combatants in Nepal. Journal of International Women's Studies, 19(4), 32-52. Availjble at: https://vc.bridgew.edu/jiws/vol19/iss4/4
- Upreti, B. R.; Upreti, D. and Ghale, Y. (2020), Nepali Women in Politics: Success and Challenges. Journal of International Women's Studies, 21(2), 76-93.
  Availjble at: https://vc.bridgew.edu/jiws/vol21/iss2/8
- Upreti, B. R; Upreti, Drishti, D. Ghale, Y. (2020). Nepali Women in Politics: Success and Challenges. Journal of International Women's Studies, 21(2), 76-93. Availjble at: https://vc.bridgew.edu/jiws/vol21/iss2/8
- Upreti, B., R. (2009). Nepal from War to Peace: Legacies of the past and hopes for future. New Delhi: Adroit Publishers.
- Wang, Y. & Lindburg S.I. (2017). Women's Political Empowerment: A new global index (1900-2012) World Development (94) DOI 10.1016/J. World Dev. 2017.01.016 pp 321-335.
- Women's Caucus (WC), Constituent Assembly Secretariat (CAS), Nepal Ljw Society (NLS) and International Institute for Democracy and Electoral Assistance (IDEA), (2011), Women Members of the Constituent Assembly: A study on Contribution of Women in Constitution Making in Nepal. Kathmandu: Women's Caucus, Constituent Assembly Secretariat, Nepal Ljw Society and International Institute for Democracy and Electoral Assistance (IDEA).
- Yami, H. (2007), People's war and women's liberation in Nepal. Kathmandu: Janadhwani Publications.

# ८.७ कोभिड-१९ ले महिलामा पारेको प्रभाव (अध्ययन सार)

डा. पद्मप्रसाद खतिवडा
सहप्राध्यापक, जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग

## कृतज्ञता

यो अध्ययन नेपालमा कोभिड-१९ को कारण महिलालगायत जोखिममा परेका समुदायमा परेको प्रभाव विषयका रूपमा रणनीतिक तथा सामाजिक-आर्थिक अनुसन्धान संस्थान (ISSR) का लागि गत वर्ष सम्पन्न गरिएको हो। यस कार्यमा लेखकले टोली नेताको रूपमा रही योगदान गरेका थिए। अध्ययनको सैद्धान्तिक पक्ष समेटेर मोलुङ फाउन्डेसन नामक संस्थाले प्रकाशन गर्दै आएको मोलुङ एजुकेसन फ्रन्टियर जर्नल भोल्युम ११ मा समेत अध्ययनको केही अंश प्रकाशित भएको छ। यस लेखमा सोही अनुसन्धानका तथ्याङ्कहरूको प्रयोग गरिएको छ।

## विषय प्रवेश

विश्वब्यापीरूपमा फैलिएको कोभिड-१९ सबैका लागि नयाँ चुनौतीका रूपमा देखापरेको छ। यस महामारीले विकासका हरेक पक्षमा असर गर्दै आउन थालेको छ। मानव सूचकाङ्कमा यसै पनि पछि परेका महिला र गरिबीको रेखा भन्दा मुनि रहेका मानिस तथा समुदायहरू कोभिड-१९ का कारण थप जोखिम मोल्न वाध्य भएका छन्। यस सन्दर्भमा कोभिड महामारीका कारण महिलामा पर्न गएको असर र उनीहरूले भोगेका कठिनाइहरू उजागर गर्दै नीति तथा कार्यक्रमले कसरी सम्बोधन गर्ने भन्ने ध्यान जान जरुरी भएको छ। महिला संलग्न हुने विभिन्न क्षेत्र, जस्तै- रोजगारी, आय, घरायसी काम, दैनिक जीवन यापनसहित आधारभुत आवश्यकताहरूमा पर्न गएको असर पनि यस अध्ययनमा समेट्ने प्रयत्न गरिएको छ।

## अध्ययन विधि

अध्ययनका लागि प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्क समेटिएका थिए। यी तथ्याङ्क उदयपुरको भुल्के, कपिलवस्तुको वाणगङ्गा र काठमाडौँको टोखाबाट सङ्कलन गरिएका हुन्। जम्मा ३०० वटा नमुना वैज्ञानिक विधिबाट छनोट गरी तयार गरिएको यस अध्ययनका मुख्य उत्तरदाताहरू अध्ययन समयका वेला कोभिडका कारण विदेश तथा स्वदेशकै विभिन्न भागबाट आफ्नो थातथलो फर्की क्वारेन्टाइन तथा आइसोलेसन सेन्टर बसेर घर फर्कनेहरू थिए। यी उत्तरदाताहरूलाई सोधिएका प्रश्नहरू कोभिडका कारण शिक्षा, रोजगारी, स्वास्थ्य, स्थानीय सरकारका दैनिक कार्यमा पुगेको असरसँग सम्बन्धित थिए।


## कोभिड-१९ ले महिलाको स्वास्थ्यमा परेको असर

यस अध्ययनमा आधा भन्दा धेरै उत्तरदाता महिला थिए जसमा ४६ प्रतिशत उदयपुरमा र ५८ प्रतिशत कपिलवस्तुमा थिए। झन्डै आधा उत्तरदाता ३० देखि ४४ वर्षका थिए। ३ भागमा १ भाग उत्तरदाता ब्राह्मण, क्षत्री र जनजाति थिए भने ९

भागमा एक भाग दलित थिए। यसैगरी १८ प्रतिशत उत्तरदाता मधेसी थिए। अधिकांश उत्तरदाता विवाहित र माध्यमिक शिक्षा हासिल गरेका थिए। अध्ययन क्षेत्रमा कृषि मुख्य पेसा रहेको पाइयो। धेरैजसो उत्तरदाता कोभिडको बारेमा जानकार रहेका पाइयो। कोभिडबाट बच्ने विभिन्न उपायमध्ये भौतिक तथा आवश्यकताअनुसार सामाजिक दूरी कायम गर्ने, बारम्बार स्यानिटाइजरको प्रयोग गर्ने, मास्क प्रयोग गर्ने सम्बन्धमा छानिएका उत्तरदाताहरू जानकार रहेको पाइयो।

उत्तदाताका भनाइहरूलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिस कोभिडको डरले स्वास्थ्य जाँच गराउन हिच्किचाएको पाइयो। यसमा महिलाको सङ्ख्या उल्लेख्य थियो। समग्रमा २० प्रतिशत उत्तरदाताले आफ्ना क्षेत्रका मानिसमा कोभिड-१९ का कारणले स्वास्थ्य समस्याहरू देखा परेको बताए। यिनका अनुसार कपिलवस्तुमा १५ प्रतिशत, काठमाडौँमा २० प्रतिशत र उदयपुरमा २३ प्रतिशत मानिसमा स्वास्थ्य समस्याहरू देखापरेको थियो।

चित्र १ : अध्ययन क्षेत्रमा कोभिड-१९ पश्चात देखापरेका स्वास्थ्य समस्याको स्थिति





## घटना अध्ययन १

### कोभिड १९ का कारण विकसित मानसिक स्वास्थ्य समस्या

महम्मदलाल महम्मद (एक ४८ वर्षीया पुरुष) उदयपुरमा ६ छोराछोरी र श्रीमतीसँग बस्छन्। उनले ५ कक्षासम्म अध्ययन गरेका छन्। कोभिड भन्दा अगाडि उनी मजदूरी गर्थे र त्यसअघि परिवारमा त्यस्ता कुनै समस्या थिएनन्। कोभिडपश्चात उनीहरूलाई दैनिकी धान्न निकै कठिन भयो। उनका १ छोरा ५-६ महिना देखि मानसिक समस्यासँग जुधिरहेका छन्। उनले आफ्नो छोराको उपचारका लागि छिमेकीसँग ऋण लिनुपरेको बताउँछन्। छोरालाई विभिन्न अस्पताल र औषधि गर्दा पनि निको भएन। पछि छोरालाई भारतका अस्पतालमा उपाचारका लागि पुऱ्याउँदा पनि कुनै सुधार आएन। ऋणमा उनीहरूको घर नै डुब्यो। अहिले उनीहरूसँग खान, लाउनदेखिका आधारभूत आवश्यकताहरूको कमी छ। उनीहरूले जीवन यापनमा धेरै कठिनाइ भोगिरहेका छन् र सरकारलाई मद्दतका लागि गुहारिरहेका छन्।

कोभिड-१९ ले गर्भवती महिलामा समेत गम्भीर असर पारेको देखिन्छ। कोभिडको समयमा स्वास्थ्य संस्थाहरू सहजै उपल्ब्ध हुन नकक्दा यो समस्या देखा परेको हो। उदयपुरमा १३ प्रतिशत, काठमाडौँमा २४ प्रतिशत र कपिलवस्तुमा ११ प्रतिशत महिलाले गर्भवती भएको अवस्थामा विभिन्न समस्या सामना गरेको पाइयो। गर्भवती महिलामा मानसिक तनाव बढ्ने, नियमितरूपमा स्वास्थ्य जाँच गराउन नपाउने, आइरन चक्कीको अभाव, स्वास्थ्यकर्मीको सहज उपलब्धताको अभाव जस्ता समस्या देखिए।

**चित्र २ : अध्ययन क्षेत्रमा कोभिड-१९ का कारण यातायात अवरुद्ध हुँदा गर्भवती महिलाको उपचारमा परेको समस्या स्थिति**




**घटना अध्ययन २**

## पूर्वप्रहरी महिलाको कथा

राधा ढकाल (एक ६५ वर्षीया महिला) उदयपुरमा श्रीमान, १ छोरा र १ छोरीसँग बसोबास गर्छिन्। पूर्वप्रहरी यिनी हाल गृहिणी बनेकी छन्। उनको श्रीमान्को मुख्य पेसा खेती किसानी हो। यस्तैमा एकदिन उनका श्रीमानलाई कोभिड परीक्षणमा पोजिटिभ देखियो। श्रीमान्ले बताएअनुसार उनलाई काममा खटिएका बेला सङ्क्रमण भएको थियो। यसैबेला उनलाई नजिकै निर्माण गरिएको आइसोलेसन केन्द्रमा राखिएको थियो। त्यहाँ खान, बस्न, पानी र सरसफाइको समस्या थियो।

कोभिडको महामारीले उदयपुरमा सनसनी फैलिएको बेलामा पनि जसोतसो गाउँकै आइसोलेसन सेन्टरमा बसेर कोभिड नेगेटिभ देखिएपछि श्रीमान् घर फर्किए। घर फर्किएपछि पनि श्रीमान्को घरबाहिर हिँड्डुल गर्ने अवस्था रहेन। घर/व्यवहारको सम्पूर्ण काम राधाले नै गर्नुपर्थ्यो। छोराछोरी आआफ्ना काममा घरबाहिर थिए। श्रीमान्लाई घरमा राखेको भनेर राधालाई गाउँलेहरूले दुर्व्यवहार गर्न थाले। निको भइसकेको भनेर गाउलेलाई सम्झाए पनि उनको केही जोड चलेन। यस घटनाले राधालाई एक्लो र उदास महसुस गरायो। गाउँलेहरूलाई जति सम्झाए पनि राधामाथि नै आइलाग्ने अवस्थाले राधाको मनमा शान्ति छाउन सकेन।

अधिकांश उत्तरदाताले कोभिड-१९ का कारण यातायात सेवा अवरुद्ध हुँदा गर्भवती महिलाको उपचारमा समस्या थपिएको विचार व्यक्त गरे। जसअनुसार ३७ प्रतिशत उत्तरदाताले यातायातको असुविधा प्रमुख कारण भएको बताएका छन्। त्यसैगरी ३३ प्रतिशतले गरिबी, २५ प्रतिशतले ताजा खानाको अभाव र ४ प्रतिशतले कोभिडको डर भनेर काठमाडौँमा बताएका छन्। उदयपुरमा भने ३९ प्रतिशतले ताजा खानाको अभाव भनेका छन् र २३ प्रतिशतले कोभिडको डर भनेका छन्।

### घटना अध्ययन ३

#### पसल बन्द, बचत सकियो, डाइलेसिस गर्न पैसा छैन र जसोतसो चलेको छोराछोरीको अनलाइन शिक्षा पनि वन्द गर्नुपर्ने भयो

विनोद कार्की (एक ३९ वर्षीय पुरुष) काठमाडौँस्थित टोखामा भाडामा बस्दै आएका छन्। उनका परिवारमा उनी, श्रीमती, १ छोरा र १ छोरी छन्। उनले एस.एल.सी.सम्म अध्ययन गरेका छन्। उनको एउटा सानो पसल छ। उनको आय एकदमै कम थियो। जब महामारी सुरु भयो उनको पसल लकडाउनले गर्दा बन्द गर्नुपर्ने भयो। यसले गर्दा उनको प्रमुख आयस्रोत बन्द भयो।


उनी मिर्गौलाका बिमारी पनि हुन्। लकडाउनले गर्दा उनको उपचारमा पनि समस्या आयो। यसले गर्दा उनले बचत गरेको सबै पैसा सकियो। उनलाई डाक्टरले महिनामा ३ पटक मिर्गौला डायालेसिस गर्न सल्लाह दिएका थिए। उनले आफ्नो कोठाको भाडा नतिरेको पनि ५ महिना भइसक्यो। नानीहरूको स्कुलको फि पनि उनले तिरेका छैनन्। इन्टरनेट र मोवाइल फोन नहुनाले छोराछोरीले अनलाइनमार्फत पनि अध्ययन गर्न पाएका छैनन्।

श्रीमान् यसरी थला परेपछि श्रीमतीलाई कामको बोझ थपिन थाल्यो। उनले घरायसी कामका अतिरिक्त घरबाहिर मजदूरी पनि गर्नुपर्ने भयो। तर कोभिडले गर्दा मजदूरी पाउने सम्भावना पनि कम हुन्थ्यो। बारम्बारको लकडाउले यसमा पनि अवरोध आइरहन्थ्यो। घरमा आइपरेको समस्या बताउन उनी वडा कार्यालय पुगिन्। त्यहाँबाट उनले केही राहत प्राप्त गरिन् तर त्यो न्यून थियो। सरकारले दिएको राहतले ५ महिना पनि पुगेन। छोरा/छोरीको शिक्षा अनलाइन भए पनि मोबाइलमा पैसा तिर्ने उपाय नभएपछि शिक्षा लिन असमर्थ भए र पढाइ अवरुद्ध भएको कारुणिक कथा उनले सुनाइन्।

## कोभिड-१९ ले महिलाको आय र रोजगारीमा परेको असर

कोभिड-१९ ले विभिन्न क्षेत्रमा भविष्य के/कस्तो हुने हो भन्ने चिन्ता, चासो र अनिश्चितता त सिर्जना गरेकै छ। यसको प्रत्यक्ष असर आर्थिक, सामाजिक र घरायसी क्षेत्रमा देखिएको छ। यसबारेको जिज्ञासामा काठमाडौँ र उदयपुरमा अधिकांश उत्तरदाताहरू अर्थात ८८ प्रतिशतले आर्थिक समस्या देखाएका छन् भने यो आँकडा कपिलवस्तुमा केही कम (५३ प्रतिशत) देखियो।

चित्र ३ : कोभिड-१९ ले मानिसका दैनिक आयमा परेको समस्या




धेरैजसो आयसम्बन्धी समस्या रोजगारी र व्यापारमा देखियो। मजदूरी गरी खाने, निजी क्षेत्रमा आबद्ध अनौपचारिक क्षेत्रका मजदूरहरूको रोजीरोटी गुमेको तथ्य यस अध्ययनले पुष्टि गरेको छ।

### घटना अध्ययन ४


#### अनुदान प्राप्त गर्न नागरिकता चाहिने

डोल्मा तामाङ (एक ६८ वर्षीया ज्येष्ठ नागरिक) काठमाडौंको टोखास्थित भाडाको घरमा बस्दै आएकी छन्। उनी आफ्नो १ छोरासँग बस्छिन्। न उनले अध्ययन गरेकी छन् न त उनीसँग नागरिकता नै छ। नागरिकता नभएकै कारण डोल्माले कोभिड महामारीका वेला सरकारबाट पाउने आर्थिक सहयोग तथा राहत लिन पाइनन्। कोभिडको कारणले डोल्माले पनि आफ्नो मजदूरी गरी खाने रोजगारी गुमाइन्। उनको छोरालाई केही समययता मानसिक समस्याले सताइरहेको छ। छोराको उपचार पनि राम्रोसँग हुन सकेको छैन। भाडाको कोठामा बर्खामा पानी चुहिने समस्या छ। आर्थिक अभावकै कारण उनले केही समययता घर भाडासमेत तिर्न सकेकी छैनन्।

कोभिड-१९ एक मानवीय सङ्कट हो। यस्तो सङ्कटका बेला गरिएको लकडाउनले गर्दा गरिब र असहाय मानिसले आफ्नो आयका स्रोत गुमाएका छन्। पितृसत्तात्मक परिवारको संरचना बोकेका अधिकांश नेपाली समाजमा पुरुषहरू घरबाहिर निस्कने र महिलाहरू घरकै काममा सीमित रहने संस्कारका बीच कोभिड-१९ ले परिवारका सबै सदस्यलाई घरैभित्र थन्क्यायो। एक त मजदूरी गरी दैनिक गुजारा चलाउने, त्यहीँमाथि परिवारका सबै सदस्य घरमै रहँदा खाने, बस्ने सबै प्रबन्ध महिलाले गर्नुपर्ने भएपछि थप बोझ हुने नै भयो। अभावका बीचको खाने प्रबन्ध राम्रो हुने कुरै भएन। त्यसको अपजश पनि महिलाले लिनुपर्ने भयो।

कति यस्ता घटनामा महिला कुटिएका छन्, बलात्कारको सिकार बनेका छन् वा मानसिक यातना भोग्न वाध्य छन्। अध्ययन क्षेत्रमा यो समस्या विकराल रहेको उत्तरदाताहरूले बताए। यसमा नागरिकता नभएकै कारण सरकारी राहत प्राप्त गर्न नसक्ने र यसमा पनि प्रताडित हुनुपर्ने भएपछि महिलाहरू थप मारमा पर्छन् भन्ने तथ्य माथिको घटना अध्ययन ४ ले पुष्टि गर्छ। काठमाडौँ र उदयपुरमा बेरोजगारी प्रमुख समस्या रहेको देखियो। कपिलवस्तुमा भने व्यापार/व्यवसाय बन्द हुनु प्रमुख समस्या थियो।

चित्र ४ : रोजगारसम्बन्धी समस्या




## घटना अध्ययन ५

### कोभिड-१९ का कारण शहरमा थपिएको नयाँ सङ्कट

इमान सिंह (एक ३९ वर्षीय पुरुष) टोखा, काठमाडौँमा बस्दै आएका छन्। ५ जनाको परिवार रहेको उनको घरमा लकडाउनका बेला हजुरआमाको देहान्त भयो। कोभिड-१९ को महामारीले गर्दा छरछिमेक आउने अवस्था भएन। यसले गर्दा हजुरआमाको दाहसंस्कारको काम गर्न निकै नै अप्ठ्यारो भयो। भिकाउन धेरै प्रयास गरे पनि शव बाहन नपाउने पहिलो सम्स्या थियो भने दोस्रो जसोतसो शव बाहन त पाए, आर्यघाटमा लास जलाउन सास्ती खेप्नु पऱ्यो। अनेक उल्भनका बीच काजकिरिया सके।

अहिले उनी श्रीमती, छोरा र छोरीसँग बस्छन्। उनी मजदूरी गरेर आफ्नो र परिवारको पेट पाल्थे। लकडाउनको बेलामा उनको छोरालाई निकै ज्वरो आयो। तर पैसाको कमीले गर्दा छोरालाई अस्पताल लान सकेनन्। उनीहरूले कोठाको भाडा नतिरेको ५ महिना भयो। छोरा/छोरीले अनलाइन शिक्षा लिन सकेका छैनन्। उनीहरूसँग मोवाइल र ल्यापटप किन्ने पैसा छैन। अहिले उनीसँग छोरा/छोरीको स्कुल फि तिर्ने पैसा पनि छैन। उनीहरूको स्थिति एकदमै नाजुक छ। सरकारबाट केही राहत पाए पनि त्यो पर्याप्त छैन।

यो माथिको दृष्टान्तले काठमाडौँमा कोभिडले गर्दा दैनिक मजदूरी गरेर जीविकोपार्जन गर्ने समुदायलाई परेको असरको दयनीय स्थिति देखाउँछ।

## निष्कर्ष र सुझाव

यस अध्ययनका लागि छानिएका अधिकांश उत्तरदाता दैनिक मजदूरीमा संलग्न रहेका, तिनमा महिला बाहुल्यमा रहेको देखिन्छ। उत्तरदाताले दिएका विवरणअनुसार उनीहरूले कोभिड-१९ का कारण नियमित काम नपाइ ज्याला तथा तलब नपाएको पाइयो। यसले गर्दा जीविका धान्न अप्ठ्यारो भएको स्वयं उत्तरदाताहरूले बताए। कोभिड-१९ का कारण घरायसी काममा संलग्न हुने महिला थप मारमा परेका पाइयो। यसमध्ये पनि दलित र मधेसी समुदायमा यसको प्रभाव बढी रहेको देखियो। छानिएका उत्तरदातामध्ये ९३ प्रतिशतले यस्तो भनाइ राखेको पाइयो। अध्ययनका क्रममा पुरुषको भन्दा महिलाको तलब घटेको पाइयो। मुख्यतया उत्पादन क्षेत्र, सुरक्षा र घरायसी काममा लागेका महिलाको आयमा कमी आएको देखियो। समग्रमा ९ प्रतिशत उत्तरदाताले मात्र कोभिडको समयमा आर्थिक सहयोग प्राप्त गरेको बताए।

कोभिड-१९ को सुरुवाती चरणमा मानिसले आफूमा कुनै प्रत्यक्ष प्रभाव परेको पहिचान गरेका थिएनन् तर समय बित्दै जाँदा विभिन्न समस्या देखापरेको पाइयो। यी समस्यामध्ये मानसिक चिन्ता र तनाव प्रमुख हुन्। कोभिडको असर गर्भवती महिलामा देखिएको थियो। तीनैवटा जिल्लाका उत्तरदाताले अस्पतालका सेवाहरू सुचारु नभएको बताए। यसले गर्दा गर्भवती महिलाहरूको उपचारमा गम्भीर असर परेको देखिन्छ। काठमाडौँमा जनसङ्ख्याको घनत्व धेरै भएकाले कोभिड-१९ का कारण स्वास्थ्यसम्बन्धी असर काठमाडौँमा बढी नै परेको देखिन्छ। अध्ययनका क्रममा कोभिडको समयमा यातायातको असुविधा भई सहज आवागमनमा बाधा परेकाले पनि बिमारी भएको समयमा उपचार नभएको अध्ययनबाट बुझियो। यसबाट मिर्गौला, मुटुलगायतका घातक रोगहरूबाट मानिस ग्रसित भएका पाइयो।

कोभिड-१९ महामारीको प्रभाव खासगरी महिला र पिछडिएका समुदायमा देखिएको छ। यसको प्रभाव मजदूरी र पसल गरेर जीविका चलाउनेमा पनि उत्तिकैरूपमा देखिएको छ। धेरै उत्तरदाताले आयसम्बन्धी समस्या भोगेको बताए। उनीहरूका अनुसार कोभिडका कारण अधिकांशले रोजगार गुमाएको बताए। यस्तै सरकारले राहत बाँडे पनि सम्बन्धित मानिसमा नपुगेको बताए। यसको प्रमुख कारण खासगरी महिलासँग जरुरी कागजपत्र (जस्तै- नागरिकता) नभएको पाइयो।

कोभिड-१९ का कारण बेरोजगारी तीव्ररूपमा बढेको पाइयो। अधिकांश उत्तरदाता अर्थात झण्डै ७७ प्रतिशतले बेरोजगारी गुमेका कारण यसकै खोजीमा भौतारिनुपरेकोसमेत बताए। उनीहरूले कोभिड-१९ का कारण व्यापार र उद्यमशीलतामा गम्भीर असर परेको बताए। यस अध्ययनअनुसार शहरी क्षेत्रमा विशिष्ट प्रकारका समस्या (जस्तै- मृत शरीरको दाहसंकार, कोठा भाडामा नपाइने, गर्भवतीलगायतका बिमारीलाई अस्पताल लान, अनलाइन शिक्षामा सहज पहुँच तथा खाद्य उत्पादन बजारीकरणमा अवरोध) भएको पाइयो।

कोभिड-१९ को प्रभावस्वरूप विद्यालय गइरहेका छात्राहरू बढी जोखिममा रहेका पाइयो। कोभिडपश्चात उनीहरूको शिक्षा रोकिने खतरा बढेको छ। विद्यालय बन्द भएका कारणले लाखौँ विद्यार्थी घरैमा बस्नुपरेको छ। अझसम्म पनि विद्यालयहरू पूर्णरूपमा खुलिसकेका छैनन्। अनलाइन शिक्षा निजी विद्यालयमा मात्र सीमित भएको देखिन्छ। सरकारी विद्यालयमा यो सुविधा पर्याप्त छैनन्।

कोभिडको प्रभावले मानिसको जीवनशैली तीव्ररूपमा परिवर्तन भएको देखियो। यस अध्ययनका अनुसार पोषणयुक्त खानाको अभाव प्रमुख समस्याका रूपमा देखियो। काठमाडौँमा ८८ र उदयपुरमा ७३ प्रतिशतले खाद्यसम्बन्धी समस्या भोगेको बताए। यस अध्ययनअनुसार सरकारले स्थापना गरेका आइसोलेसन सेन्टरमा सरसफाइ र स्वच्छताको कमी देखियो। यी आइसोलेसन सेन्टरमा महिला पुरुष र सङ्क्रमण पुष्टि र स्वस्थ मानिसहरूलाई एउटै शौचालय प्रयोग गर्न लगाइएको थियो। कोभिड पुष्टि भएका मानिसका अनुसार उनीहरूलाई कुनै पनि विशेष हेरचाह र नियमित जाँच नगरिएको बताए।

कामको अभाव र आयमा गिरावट आएपछि मानिसको खानपान र बसोबासमा गम्भीर असर परेको देखिन्छ। जातीयताको हिसाबमा हेर्नुपर्दा सबै भन्दा धेरै दलितहरूमा बसोबासको समस्या देखा परेको छ। दोस्रोमा मधेसी छन् भने तेस्रोमा जनजाति छन्।

यी सबै समस्याको पहिचानले मात्र पनि जीविकोपार्जनको सुरक्षा र मानवीय विकासमा मद्दत पुऱ्याउँछ। अध्ययनमा समावेश भएका एकतिहाइ उत्तरदाताले यसको उपाय पर्याप्त रोजगार सिर्जना हो भनेका छन् र १९ प्रतिशत उत्तरदाताले यसको उपाय आर्थिक सहयोग हो भनेका छन्। ५ भागमा १ भाग उत्तरदाताले यो एउटा महत्त्वपूर्ण समस्या भएको र यसलाई निर्मूल गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वय जरुरी भएको बताएका छन्। यसमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुन जान्छ र प्रदेशीय र सङ्घीय सरकारले पनि यसमा समन्वय गर्नुपर्ने आवश्यकता देखिन्छ।

## सुझाव

सरकारका नीति तथा कार्यक्रमहरूमा पिछडिएको वर्ग तथा उनीहरूका विशेष आवश्यकताबारे उल्लेख छ। तर कोभिडको समयमा उनीहरूको पहिचानमा समस्या देखापरेको छ। उनीहरूको पहिचान सरकारको प्रथम प्राथमिकतामा हुनुपर्छ। समस्या समाधान गर्ने धेरै उपाय छन्। यस कामका लागि स्थानीय सरकारलाई सामेल गराउने हो भने उनीहरूको पहिचान गर्न सहज हुने थियो। स्थानीय सरकारले विभिन्न सन्दर्भमा (जस्तै- जातीय, लैङ्गिक, भूगोल, आर्थिक, मानसिक आधारमा मानिसलाई वर्गीकरण गरेर) उनीहरूको पहिचान गर्न सजग हुनुपर्ने देखिन्छ। प्रत्येक वर्गको पहिचान गर्दा र सूची तयार गर्दा महिलाको पहिचान र उनीहरूको विशेष आवश्यकताको सम्बोधन कसरी गर्ने भन्नेबारे ध्यान दिन जरुरी छ।

स्थानीय जनप्रतिनिधिहरूलाई पिछडिएका र विशेष आवश्यकताका मानिसहरूको सूची बनाइ सरकारको कोभिडविरुद्धको लडाइँमा मद्दत गर्न विशेष पहल गर्नुपर्ने देखिन्छ। सरकारले कोभिडबाट पीडित भएकाहरूलाई राहतको थप योजना बनाइ कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस्तो योजना आवश्यकताको सिद्धान्तबाट प्रेरित हुनुपर्छ। यसका लागि दोहोरो मापदण्ड र कार्यक्रम नहुने गरी सरकारी, सामाजिक र निजी क्षेत्र सबैमा समन्वय र परिचालनको नीति अवलम्बन गर्न अवश्यक छ।

## ८.८ महिला ज्येष्ठ नागरिकका समस्या र समाधानका उपाय

कृष्णहरि बास्कोटा
पूर्वसचिव तथा पूर्वप्रमुख आयुक्त, राष्ट्रिय सूचना आयोग

मातृ देवो भवः पितृ देवो भवः अर्थात् माता/पिता देवतुल्य हुन् भन्ने नेपाली समाजको मान्यता छ। यसमा पनि आमाको कोखबाट जन्म लिनुपर्ने हुँदा महिला पुजनीय हुन्छन्। तथापि महिलाको वृद्ध अवस्था भने अपेक्षितरूपमा सुखी र खुसीपूर्ण रहेको बुझिन्न। यसर्थ, यहाँ महिला ज्येष्ठ नागरिकका समस्या पहिचान गर्दै सुझावका लागि सिफारिसहरू तयार गर्ने ध्येय लिइएको छ।

### राज्यको सुविधाबाट वञ्चित, परिवारबाट अपहेलित

नेपालमा महिला ज्येष्ठ नागरिकहरू सामाजिक, आर्थिक र सामाजिक सुरक्षालगायत राज्यबाट प्राप्त हुनुपर्ने सेवा/सुविधाबाट प्रायः वञ्चित छन्। उनीहरू समाजका अन्य समूहको तुलनामा पीडित, कुण्ठित र दयनीय अवस्थाबाट गुज्रिरहेका छन्। महिला ज्येष्ठ नागरिकको रेखदेख र सहयोग गर्ने व्यक्तिहरूको अभाव घरभित्रै पनि खड्कँदो छ।

समाज र राष्ट्र महिलाको पक्षमा उभिन सकिरहेको छैन। तथापि पछिल्ला दिनमा सरकारले महिलाका पक्षमा सकारात्मक विभेदको नीति अख्तियार गरिआएको छ। विशेषगरी घर/परिवारभित्र महिलालाई दोस्रो श्रेणीमा राखिएको छ। त्यसमा पनि वृद्धा वा एकल महिलाले घरको काम गर्न नसक्ने, नाति/नातिनाको स्याहारसुसार गर्न नसक्ने भएपछि ती घरभित्रै प्रताडित हुने गरेका छन्।

यसप्रकारको हेला वा दुर्व्यवहारविरुद्ध वडा कार्यालयहरूले प्रत्येक घरमा निगरानी बढाउनुपर्छ। अपहेलना र कुटपिटमा परेका महिला ज्येष्ठ नागरिकले सजिलै उजुरी गर्न सक्ने हेल्प डेक्स खडा गर्नुपर्छ र उनीहरूले न्याय पाउने सुनिश्चितता हुनुपर्छ।

### महिला वृद्धाश्रम र महिला दिवा सेवा केन्द्र सञ्चालन

हाल नेपालमा ११५ वटा वृद्धाश्रम र ९४ वटा दिवा सेवा केन्द्र सञ्चालनमा छन्। यिनमध्ये निकै कम मात्रै महिलामैत्री छन्। महिला ज्येष्ठ नागरिक जो घर/परिवारबाट पीडित छन्, जो बेवारिसे छन्, जो विपन्न छन्, जो अपाङ्गता भएका छन्, जो एकल छन्, जो बेसहारा छन्, तिनलाई अनिवार्यरूपमा सुविधा सम्पन्न महिलामैत्री वृद्धाश्रममा राख्ने प्रबन्ध गर्नुपर्छ।

ज्येष्ठ नागरिक महिला जो सक्षम छन्, जो शारीरिकरूपमा तन्दुरुस्त छन्, जो पढे/लेखेका छन्, जो खेती किसानी गर्न सक्छन्, जो स्वरोजगारका लागि तयार छन्, तिनलाई राज्यले कम्तीमा २५ लाख रुपियाँका दरले निर्ब्याजी बिउ पुँजी उपलब्ध गराउनुपर्छ। उनीहरूले उत्पादन गरेका वस्तु बिक्रीका लागि राज्यले सघाउनुपर्छ। यी काम वृद्धाश्रम र दिवा सेवा केन्द्रमा पनि सञ्चालन गर्न सकिन्छ।

## महिला ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा

बुढेसकालमा आवश्यक पर्ने स्वास्थ्य सेवा नै हो । त्यसमा पनि महिला ज्येष्ठ नागरिक बढी रोगी देखिएका छन् । यसमा कुपोषण, अपहेलना, समयमा रोगको उपचार नहुनेदेखि विविध समस्या छन् । यसर्थ महिला ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्छ ।

यसका लागि महिला जेष्ठ नागरिकको उपचारका निमित्त महिला जेरियार्टिक वार्ड स्थापना गर्नुपर्छ। महिला ज्येष्ठ नागरिकका लागि आवश्यक मल्टी भिटामिन र क्याल्सियम बर्सेनि निःशुल्क वितरण गर्नुपर्छ। उनीहरूलाई सरकारी र सामुदायिक अस्पतालमा निःशुल्क र निजी अस्पतालमा कम्तीमा ५० प्रतिशत छूटमा स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्छ।

यसैगरी महिला ज्येष्ठ नागरिकलाई वर्षमा एकपटक निःशुल्करूपमा निमोनिया फ्लु भ्याक्सिन लगाउने प्रबन्ध गर्नुपर्छ । साथै, महिला ज्येष्ठ नागरिकलाई आवश्यक पर्ने प्रायजसो प्रेसर, सुगर, कोलेस्ट्रोल, दम, मुटु रोगविरुद्ध सेवन गर्ने औषधिहरूलाई जेनेरिक औषधि उत्पादन गर्नुपर्छ ।

## सार्वजनिक यातायातमा विशेष छूट

ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा सुविधा दिइएको छ। तर महिला ज्येष्ठ नागरिकले यो सुविधा उपयोग गर्न पाएका छैनन् । यसर्थ, हरेक सार्वजनिक बसको ज्येष्ठ नागरिकको सिट र महिलाको सिटमा ज्येष्ठ नागरिक महिलाले प्राथमिकता पाउने कानुनी प्रबन्ध गर्नुपर्छ ।

यसका अलावा महिला ज्येष्ठ नागरिकलाई भाडामा ७५ प्रतिशत छूट दिनुपर्छ। यसैगरी अन्य सार्वजनिक यातायातमा विशेष छूटको प्रबन्ध र जुनसुकै परिचयपत्रबाट यस्तो सुविधा पाउने व्यवस्था गर्नुपर्छ।

## महिला ज्येष्ठ नागरिकलाई प्राथमिकता

हाम्रो मुलुकले सकारात्मक विभेदको नीति अख्तियार गरेको छ । जसअनुसार ज्येष्ठ नागरिकलाई सेवाप्रदायक निकायहरूले विशेष प्राथमिकता दिइआएका छन् । यसमा महिला ज्येष्ठ नागरिकलाई अतिरिक्त प्राथमिकता दिने नीति लिनुपर्छ । कारण- उनीहरू सेवा हासिल गर्न सक्षम रहेको अवस्था छैन ।

कुनै पनि सार्वजनिक कार्यालयमा सेवा हासिल गर्न जाँदा होस् वा चाड, पर्व, मेला, कार्यक्रममा, महिला ज्येष्ठ नागरिक पछाडि पर्ने गरेका छन् । यसर्थ, उनीहरूलाई छुट्टै स्थानमा सेवा उपलब्ध हुने वा ठाउँ उपलब्ध हुने व्यबस्था गर्नुपर्छ ।

## सम्पत्तिको हकमा महिला ज्येष्ठ नागरिकलाई सुरक्षित गर्ने

महिला ज्येष्ठ नागरिकका अनेक पारिवारिक समस्याको जड सम्पत्ति नै हो । यसर्थ, महिला ज्येष्ठ नागरिकलाई सम्पत्तिको कारणबाट हुने दुर्व्यवहारबाट सुरक्षित गराउन वर्तमान कानुनमा आधारभूतरूपमै संशोधन गर्नुपर्छ ।

यस्तो समस्या समाधानका लागि महिला ज्येष्ठ नागरिकले इच्छापत्रको व्यवस्था गर्न पाउने प्रबन्ध गर्नुपर्छ। साथै, यस्तो इच्छापत्र महिला ज्येष्ठ नागरिकले चाहेका बखत सहजै रद्द हुने कानुनी व्यबस्थासमेत गर्नुपर्छ।

### बैङ्क ऋण र बिमाको सुविधा

विशेष ज्ञान, सिप र क्षमता भएका महिला ज्येष्ठ नागरिकहरू आफ्नै खुट्टामा उभिन सक्षम छन्। उनीहरूलाई सरकार र परिवारको सहयोग आवश्यक नपर्न पनि सक्छ। तर उनीहरूलाई बैङ्कले ऋृण दिँदैन र बिमा कम्पनीले बिमा पनि गर्दैन। यसमा तत्कालै हस्तक्षेप गर्नुपर्छ।

यस अतिरिक्त स्वरोजगारमा अग्रसर महिला ज्येष्ठ नागरिकलाई २५ लाख रुपियाँसम्म निर्ब्याजी बिउ पुँजी दिने, निःशुल्क तालिम दिने र निजहरूले उत्पादन गरेका वस्तुले सहज बजार पाउने प्रबन्ध गर्नुपर्छ।

### महिलामैत्री सामाजिक रूपान्तरण

महिला ज्येष्ठ नागरिकका सम्बन्धमा सामाजिक रूपान्तरणको खाँचो छ। जसअनुसार आमघर/परिवारले महिला ज्येष्ठ नागरिकको स्याहारसुसार गर्ने वातावरण निर्माण गर्नुपर्छ। यसका लागि समाजमा व्यापक बहस, छलफल चलाउनुपर्छ।

सबै वडामा महिला ज्येष्ठ नागरिकलाई कसरी स्याहार गर्ने भनी परिवारका सदस्यहरूलाई अनिवार्य र नियमितरूपमा तालिम दिनुपर्छ। साथै, सबै वडामा महिला ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र खडा गर्नुपर्छ। त्यसै स्थानमा महिला ज्येष्ठ नागरिकका पीडाउपर उजुरी लिने प्रबन्धसमेत गर्नुपर्छ।

### मासिक सामाजिक सुरक्षा भत्ता वृद्धि

महिला ज्येष्ठ नागरिकको अवस्था नाजुक भएकाले उनीहरूको मासिक भत्ता रकम अन्यको तुलनामा दोब्बर वा डेढी हुनुपर्छ।

यसका लागि प्रदेश सरकार र स्थानीय तहले अतिरिक्त भत्ता रकम उपलब्ध गराउन सक्छन्। साथै, असहाय महिला ज्येष्ठ नागरिक, अशक्त महिला ज्येष्ठ नागरिक, एकल महिला ज्येष्ठ नागरिक र बेवारिसे महिला ज्येष्ठ नागरिकलाई भने तत्कालैदेखि यस्तो भत्ता दोब्बर दिनुपर्छ।

### कल्याणकारी कोष

महिला ज्येष्ठ नागरिकका पक्षमा तत्कालै कल्याणकारी कोष स्थापना गर्नुपर्छ। यस्तो कोषमा सरकारी रकम र दाताको चन्दा रकम जम्मा गर्न सकिन्छ।

यस अतिरिक्त, बैङ्कहरूमा लामो समयदेखि दाबी नगरिएको रकम र बिमामा पनि त्यसै रहेका रकमलाई कल्याणकारी कोषमा सार्न सकिन्छ। साथै बैङ्कलगायत निकायको सार्वजनिक उत्तरदायित्वबापतको रकम पनि यस कोषमा राख्न सकिन्छ।

### महिला ज्येष्ठ नागरिकको पक्षमा प्याकेज कार्यक्रम

हरेक किसिमले पीडामा रहेका आममहिला ज्येष्ठ नागरिकको पक्षमा एउटा प्याकेज कार्यक्रम घोषणा गर्नुपर्छ। यसको समन्वय राष्ट्रिय महिला आयोगबाट हुन सक्छ। यस काममा सङ्घीय सरकारका सबै सम्बन्धित निकाय, प्रदेश सरकार र स्थानीय तहले पनि सहयोग गर्नुपर्छ। सहकार्यका लागि जागरुकता प्रकट गर्नुपर्छ। यो नै समयको माग हो।

# महिलाका विविध सवाल

## ९.१ महिला लक्षित केही विशेष व्यवस्था

### नेपालको संविधान

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

### लैङ्गिक हिंसापीडितका लागि सहायता

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा यातायात र खाना खर्चबापत प्रतिदिन रु. २५०।- ले बढीमा रु. ३,०००।- सम्म।

(ख) औषधि उपचार खर्चबापत बढीमा रु. २,०००।- सम्म।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोपरामर्शका लागि रु. ५,०००।- मा नबढ्ने गरी लागेको यथार्थ खर्च।

(घ) व्यवसाय सञ्चालन गर्न बिउ पुँजीका रूपमा वस्तु तथा नगद गरी बढीमा रु. २०,०००।-

(ङ) पुनर्स्थापनाका लागि बढीमा रु. ५,०००।-

(च) सञ्चालक समितिले तोकेको कामका लागि बढीमा रु. १०,०००।-

(छ) माथिका रकम अपर्याप्त ठहरिएमा राहत समितिले बढीमा रु. २,०००।- सम्म थप गर्न सक्ने।

(ज) पीडितलाई गम्भीर तथा मानवीय क्षति हुने देखिएमा पछि अनुमोदन गराउने गरी सञ्चालक समितिको अध्यक्षले रु. ५०,०००।- मा नबढ्ने गरी मनासिब माफिकको रकम।

## एकल महिला सुरक्षा सहायता

एकल महिलाका लागि उद्धार, राहत, औषधि उपचार, कानुनी सहायता, शिक्षा र सिपमूलक तालिमका लागि जिल्लास्तरीय समितिको निर्णयबाट देहायबमोजिमको सहयोगको व्यवस्था छ :

(क) जिल्लास्तरीय समितिले तोकेबमोजिम तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाका लागि बढीमा रु. ५,०००।- सम्म।

(ख) घरैमा बसी उपचार गराउँदा आतेजाते भाडा, परीक्षण तथा औषधिबापत रु. २,०००।- सम्मको बिलबमोजिमको रकम।

(ग) अस्पताल भर्ना भई उपचार गराउँदा यातायात, परीक्षण, औषधिका अतिरिक्त बिरामी र कुरुवा एकका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३००।- ले ६५,०००।- सम्मको बिलबमोजिमको रकम।

(घ) कानुनी सहायताअन्तर्गत यातायात, कानुनी दै-दस्तुर, सेवाबापत बढीमा सामान्य अवस्थामा रु. ५,०००।- र विशेष अवस्थामा विशेष निर्णयबाट बढीमा थप रु. २५,०००।- सम्म बिलबमोजिमको रकम।

(ङ) सिप तथा उद्यमशीलता तालिममा रु. ५,०००।- र अन्य तालिममा रु. १,५००।- गरी प्रतिव्यक्ति बढीमा जम्मा रु. ६,५००।- ननाघ्ने

(च) केन्द्रीय समितिको निर्णयले एकल महिलाको हक र अधिकारको क्षेत्रमा कार्यरत सङ्घ/संस्थालाई बढीमा रु. ५,००,०००।

(छ) स्वरोजगारअन्तर्गत जिल्लास्तरीय समितिको अनुसार प्रतिपरिवार बढीमा रु. २५,०००।

## मानव बेचबिखन तथा ओसारपसारबाट पीडितलाई सहायता

(क) पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गरी पीडितहरूलाई राख्ने व्यवस्था।

(ख) केन्द्रमार्फत औषधि उपचार र परामर्श सेवा।

(ग) कसुरदारबाट जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी क्षतिपूर्ति भराइदिने व्यवस्था छ। यदि कसुरदार निम्न आर्थिक हैसियतको वा अन्य कुनै कारणबाट क्षतिपूर्ति पाउने व्यवस्था नभएमा पुनर्स्थापना केन्द्रबाट क्षतिपूर्ति भराइदिने।

## घरेलु हिंसाका पीडितलाई सहायता

घरेलु हिंसाका कारण शारीरिक वा मानसिक यातना पुगेकामा उपचार गराउँदा लागेको खर्च र हिंसाबाट अशक्त भई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले बेहोर्नुपर्ने व्यवस्था छ। घरेलु हिंसाका पीडितहरूलाई जिल्ला सेवा केन्द्रबाट उपलब्ध हुने सहायता निम्नानुसार छ :

(क) पीडितले औषधि उपचारार्थ सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा यातायात भाडा, परीक्षण तथा औषधिबापत रु. २,०००।- सम्म।

(ख) अस्पताल भर्ना भई उपचार गराउँदा यातायात, परीक्षण तथा औषधिका अतिरिक्त ५ दिनसम्मको बिरामी र कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३०००।- ले बढीमा रु. ६,५०० सम्म।

(ग) विशेष अवस्थामा विशेष निर्णयबाट बढी थप रु. ४,०००।- सम्मको यथार्थ खर्च।

(घ) कानुनी उपचारका लागि एकजना साथीसमेत अदालत आतेजातेको भाडा, दस्तुर र सेवाबापत सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०००।- तथा विशेष अवस्थाको विशेष निणर्यबाट थप रु.२,०००।- सम्मको यथार्थ खर्च।

(ङ) अल्पकालीन आश्रयमा रहँदासम्म प्रतिदिन फुटकर खर्च रु. १५।-

(च) फिर्ता सप्रेषण गर्दा साथीसमेतको मितव्ययी भाडा तथा बीचमा बास बस्न नपरे प्रतिव्यक्ति यात्रु खर्च रु.५०।- र बास बस्नुपर्ने भए प्रतिव्यक्ति प्रतिदिन रु. ३००।-

(छ) अल्पकालीन आश्रयमा रहँदा खानेकुराका लागि साथीसमेतको दैनिक रु. ३००।-

(ज) मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १,०००।- सम्म।

## बोक्सीको आरोपबाट पीडितलाई सहायता

(क) पीडित व्यक्ति शारीरिक वा मानसिकरूपमा अशक्त भई उपाचार गराउन परेमा निजलाई उपचार गराउँदा लागेको र कुरुवा राख्दा भएको सम्पूर्ण खर्च पीडकले बेहोर्नुपर्ने। पीडकको आर्थिक अवस्था कमजोर भएमा सो खर्च लैंङ्गिक हिंसा निवारण कोषबाट शोधभर्ना हुने।

(ख) पीडकबाट पीडितलाई क्षतिपूर्ति दिने। पीडकको आर्थिक अवस्था कमजोर छ भन्ने अदालतलाई लागेमा उक्त क्षतिपूर्ति नेपाल सरकारले बेहोर्नेगरी आदेश दिने।

(ग) तत्काल सुरक्षा प्रदान गर्न आवश्यक भएमा पीडितलाई सेवा केन्द्रमा राख्ने।

## निजामती सेवामा आरक्षण

(क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताबाट पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्ट्याइ सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसमध्ये महिलाको ३३ प्रतिशत आरक्षण गरिएको छ।

(ख) निजामती सेवा प्रवेशका लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम् उमेर ४० वर्ष तोकिएको छ। साथै, बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पुरुष भन्दा १ वर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ।

## प्रसूति बिदा

(क) महिला निजामती कर्मचारी सुत्केरी भएमा निजले सुत्केरीको अघि-पछि गरी ९८ दिन तलवी प्रसूति बिदा, शिशु स्याहार भत्ता पाउने व्यवस्था छ।

(ख) पुरुष निजामती कर्मचारीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि-पछि गरी १५ दिन तलवी प्रसूति स्याहार बिदा पाउने व्यवस्था छ।

## पारिश्रमिक आयमा छूट

महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छूट हुने व्यवस्था छ।

### आयकरमा छूट

महिला, दलित र अपाङ्गता भएका व्यक्तिमध्ये कम्तीमा ३३ प्रतिशतसमेतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगार दिने उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा २० प्रतिशत छूटको व्यवस्था छ।

### उद्योग दर्तामा छूट

महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत छूटको व्यवस्था छ।

### उद्यमशीलता

महिलाको नाममा उद्योग स्थापना, सञ्चालन, प्रवर्द्धन एवम् प्रविधि विकासमा सहयोग पुऱ्याउन विनाधितो कर्जा प्रवाह गर्न महिला उद्यमशीलता विकास कोष स्थापना भएको छ। सो कोषबाट एक आर्थिक वर्षमा रु. ५ लाखसम्म ६ प्रतिशत ब्याज दरमा कर्जा प्रवाह हुने व्यवस्था छ।

### घर-जग्गा रजिस्ट्रेसन दस्तुरमा छूट

(क) जुनसुकै प्रकारबाट महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखितको रजिस्ट्रेसन दस्तुरमा तोकिएको स्थानअनुसार २५ देखि ४० प्रतिशतसम्म छूट हुने व्यवस्था छ।

(ख) एकल महिलाको नाममा पास गरेमा यस्तो छूट ३५ प्रतिशत दिइन्छ।

### पति-पत्नीको नाममा संयुक्त पुर्जा

कुनै एकजनाको नाममा भएको जग्गा पति-पत्नी दुवैको संयुक्त नाममा लिखित गर्न चाहेमा जम्मा १ सय रुपियाँमात्र रजिस्ट्रेसन दस्तुर लाग्नेछ।

### एकद्वारा सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी)

लैङ्गिक हिंसा नेपालको सन्दर्भमा निकै ठूलो समस्याका रूपमा देखिँदै आएको छ। खासगरी महिला र बालिकाहरू यस्तो समस्याबाट प्रताडित हुने क्रम रोकिएको छैन। लिङ्गकै आधारमा हुने हिंसाका कारण महिला र बालिकामा शारीरिक, मानसिक, यौनजन्य, आर्थिक तथा सामाजिक असर पर्ने गरेका छन्। यस्ता समस्याको समाधान एकीकृतरूपमा र प्रभावकारी ढङ्गले गर्ने उद्देश्यले सरकारले अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ। जसलाई छोटकरीमा ओसिएमसी भन्ने गरिन्छ।

नेपाल सरकारले लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना २०१० निर्माण गरेको थियो। जसको बुँदा नं. ३ र लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९ को रणनीति ८ मा उल्लेख गरिएबमोजिमका उद्देश्य तथा लक्ष्य हासिल गर्न यस्तो केन्द्रको व्यवस्था गरिएको हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मुख्य कार्यान्वयन निकाय रहेको यो केन्द्र अस्पतालहरूमा आधारित रही सेवारत छ।

**सेवा कसलाई उपलब्ध हुन्छ ?**

यो कार्यक्रम जिल्ला अस्पतालहरूमार्फत लागु भइरहेको छ। जसले लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका

बेवारिसे एवं शारीरिक तथा मानसिकरूपले अशक्त महिला तथा बालबालिका, लैङ्गिक हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जिउन बाध्य महिला तथा बालबालिकालाई सेवा उपलब्ध गराउँछ। त्यसैगरी लैङ्गिक हिंसापीडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका वा ज्येष्ठ नागरिक महिला, लैङ्गिक हिंसापीडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका वा ज्येष्ठ नागरिक महिला, मानव बेचबिखन तथा ओसारपसारमा परेका महिला वा बालबालिका, सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपद्का कारण हिंसामा परेका र पर्न सक्ने महिला वा बालबालिका, तेस्रो लिङ्गी समूहका व्यक्तिहरू आदिलाई पनि सेवा उपलब्ध गराउँछ।

पीडितले यस्तो सेवा लिन सहज होस् भनेर केन्द्रले सम्बन्धित अस्पतालमा सम्पर्क व्यक्ति पनि तोकेको हुन्छ। सामान्यतया नर्सलाई तोकिने सम्पर्क व्यक्तिमार्फत एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले उपलब्ध गराउने सेवाबारे जानकारी लिने र सेवा प्राप्त गर्न सकिन्छ।

**ओसिएमसीबाट पाइने मुख्य सेवा**

- अस्पतालमा भर्ना भएको अवस्थामा खाना, कपडा जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन र पीडितको अभिभावक नभएको र पीडितलाई एक्लै छाड्न नहुने अवस्थामा सो अवधिका लागि ज्यालादारीमा हेरचाह गर्ने कुरुवा व्यक्तिको सेवा उपलब्ध गराउँछ।
- लैङ्गिक हिंसापीडितलाई अस्पतालसम्म सार्वजनिक यातायातमार्फत आवत्जावत् गर्न तथा आवश्यकताअनुसार एम्बुलेन्स सेवाका लागि खर्च उपलब्ध गराउँछ।
- अन्य अस्पतालमा उपचारका लागि पीडितलाई पठाउनुपर्ने भएमा मामला व्यवस्थापन समितिको निर्णयअनुसार उपचार, यातायात एवं खाना खर्च तथा पीडितको साथमा बालबालिका भएमा उनीहरूका लागि उपचार, यातायात एवं खाना खर्चसमेत बेहोर्छ। पीडितको साथमा अभिभावक/सहयोगीसमेत जानुपर्ने अवस्थामा १ जनाको यातायात एवं खाना खर्च बेहोर्छ।
- समुदायबाट उद्धार गर्न तथा पीडितको पुनर्स्थापनामा सहकार्य गर्नका लागि सेवा केन्द्र वा पुनर्स्थापना केन्द्र वा लैङ्गिक हिंसापीडितको पुनर्स्थापनामा कार्य गर्ने संस्थालाई अनुदान सहयोग उपलब्ध गराउँछ।
- पुनर्स्थापनाअन्तर्गत जीविकोपार्जनका लागि बिउ, पुँजी, सिप विकास तालिम, बालबालिकाका लागि शिक्षा, व्यावसायिक तालिम, केन्द्रमा खान, बस्न लाग्ने खर्च, लैङ्गिक हिंसापीडितहरूको समीक्षा गोष्ठी आदि पर्छन्।

## खेलकुद क्षेत्र

खेलकुद क्षेत्रमा पनि महिलाका लागि केही राम्रा व्यवस्था भएका छन्। जसअनुसार २०७८ पुससम्मको युवा तथा खेलकुद मन्त्रालय र मातहत निकायवाट हुने महिला लक्षित कार्यक्रम यसप्रकार छन् :

१ **प्रतियोगिता** : महिला लक्षित खेलकुद प्रतियोगिता आयोजना हुने गरेको प्रधानमन्त्री कप राष्ट्रिय महिला भलिवल प्रतियोगिता शहीद स्मारक महिला राष्ट्रिय लिग फुटबल प्रतियोगिता राष्ट्रपति खेलकुद महिला सहभागित अभिवृद्धिलगायतका कार्यक्रम हुने गरेको।

२ **प्रशिक्षण** : पुरुषसरह महिलालाई पनि प्रशिक्षणको व्यवस्था भएको।

३ **पूर्वाधार**: नयाँ बन्ने खेलकुदका संरचनामा महिलामैत्री शौचालय र चेन्जिङ रुम अनिवार्य व्यवस्था भएको।

४ **पुरस्कार** : राष्ट्रिय खेलकुद विकास ऐन २०७७ अनुसार खेलाडी प्रोत्साहन मासिक भत्ता तथा पुरस्कारमा समान व्यवस्था रहेको।

५ तेह्रौं साग प्रतियोगितामा नेपाली महिला खेलाडीले विभिन्न विधाका खेलकुद प्रतियोगितामा २८ स्वर्णसहित १०६ पदक प्राप्त गरेकाले नगद पुरस्कारसहित सम्मान गरिएको।

६ राष्ट्रिय खेलकुद प्रतिभा पुरस्कार कार्यक्रमका लागि कार्यविधिमा नै लैङ्गिक प्रतिनिधित्वसमेत समावेश गरी समितिले सिफारिस गर्नुपर्ने व्यवस्था रहेको। जसमा आ.व २०७० देखि हालसम्म ३१ जना महिला खेलाडीलाई १ लाख रुपियाँका दरले सम्मान गरिएको।

### महिलाले छूट पाउने कर

- आयकर ऐन २०५८ को दफा ५० को उपदफा ३ बमोजिम आश्रितलाई भरण/पोषण गर्नुपर्ने बासिन्दा विधवा वा विधुरलाई दम्पतीसरह सुविधा पाउने
- आयकर ऐन २०५८ को अनुसूची १ को दफा ज्ञ को उपदफा ११ मा कुनै बाासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आयमात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा १० प्रतिशत छूट हुने।

## ९.२ कानुनले समेट्नुपर्ने केही सवाल

हामी महिला अधिकारको कुरा गरिरहेका छौँ। संविधानले पनि यसको प्रत्याभूति गरेको छ। महिलाले अधिकार पाउने र समानताको यात्रामा सहजै सरिक हुन पाउने अवस्था सिर्जनाका लागि अवरोधहरू हट्नु जरुरी छ। यस्ता अवरोध समाजमा सहजै नहट्ने भएकाले त्यसलाई कानुन/नियमद्वारा नियमन गरिने व्यवस्था विश्वभर भएको पाइन्छ। यसरी हेर्दा नेपालमा महिला अधिकार प्राप्तिका लागि विभिन्न कानुन बने पनि केही क्षेत्र यस्ता छन्, जहाँ धेरै महिला संलग्न छन्, उनीहरू शोषित, पीडित पनि छन्, तर कानुन अभावमा उनीहरूका चित्कार कतै सुनिँदैन। चित्कारै नसुनिएपछि त्यसलाई मत्थर पार्ने सम्भावना पनि हुँदैन। यस्ता धेरै क्षेत्र छन्। केही मुख्य सवाल यसप्रकार छन् :

### लिभ इन टुगेदर

खासगरी पश्चिमा देशहरूमा निकै पहिलेदेखि प्रचलनमा रहे पनि नेपालमा भने लिभ इन टुगेदर (महिला र पुरुष सँगै बस्ने तर श्रीमान् श्रीमती होइनन्) नयाँ प्रचलनका रूपमा देखापरेको छ। दुवै पक्षबीच कुरा मिलुन्जेल राम्रै रहे पनि विवादका कारण कतिपय यसरी बस्नेबीच ठूलै दुर्घटना भएका छन्। कतिपय अवस्थामा हत्याका घटनासमेत भएका छन्। कुटपिट, गर्भ पतन, भ्रुण हत्या, जन्मेपछि हत्या, झैभगडा जस्ता समस्या लिभ इन टुगेदरका सहउत्पादनका रूपमा देखिँदै आएका छन्।

यसरी बस्ने क्रम बढेसँग नयाँ नयाँखाले समस्या पनि निम्तिरहेका छन्। तर यससँग सम्बन्धित कतिपय समस्या समाधानको उपाय कुनै पनि कानुनमा देखिन्नन्। त्यसैले लिइ इन टुगेदरसम्बन्धी कानुन बनाउन ढिलाइ भइसकेको छ ताकि यसबाट निम्तने दुर्घटना र बढ्ने समस्याको आकार बेलैमा नियन्त्रण गर्न सकियोस्।

### मनोरञ्जन क्षेत्र

नाचगान गर्ने दोहोरी साँझ/रोदीघर जस्ता विभिन्नखाले मनोरञ्जनका क्षेत्र अहिले विस्तार व्यवसायीकरणतर्फ लम्किरहेको छ। यस्तो क्षेत्रमा धेरेले रोजगारी पनि पाएका छन्। जसमा महिलाको सङ्ख्या एकिन भन्न नसकिए पनि उल्लेख्य छ। यो व्यवसायका रूपमा उदाउँदै गर्दा समस्या पनि उत्तिकै निम्तिरहेका छन्। तर मनोरञ्जन क्षेत्रसँग सम्बन्धित र अझ त्यसमा पनि विशेषगरी महिलालाई प्राथमिकतामा राखेर कानुन नबनेका कारण यो क्षेत्रका महिलाले भोग्नुपरेका समस्या दिनानुदिन वृद्धि भइरहेका छन्। त्यसैले मनोरञ्जन क्षेत्रका महिलालाई केन्द्रमा राखेर कानुन बन्न आवश्यक छन्।

---

Terres Des Homes Foundation ले २०१० मा गरेको एक अध्ययनअनुसार काठमाडौँमा करिव १०,००० देखि १५,००० सम्म महिला तथा वालवालिका मनोरञ्जन उद्योगहरूमा कार्यरत छन्।

---

### यौन व्यवसाय

हामीले चाहे पनि नचाहे पनि मुलुकका खासगरी शहरी क्षेत्रमा यौन व्यवसायकै रूपमा फस्टाइरहेको छ। विभिन्न होटल, मसाज केन्द्र तथा ब्युटीपार्लरका नाममा यस्ता काम अनौपचारिकरूपमा हुँदै आएका छन्। एकातर्फ विभिन्न बाध्यताका कारण यो क्षेत्रमा लाग्ने महिलालाई होटल, मसाज केन्द्र आदि सञ्चालकले शोषण गर्छन् भने अर्कोतर्फ ग्राहकले पनि दुःख दिन्छन्। त्यसैगरी उनीहरू सुरक्षा निकायको पनि निशाना बन्न बाध्य छन्। यस्तो अवस्थामा यौनलाई व्यवस्थित गर्न अर्थात नियन्त्रण गर्न छुट्टै कानुन बनाउनु उपयुक्त हुन्छ।

### सरोगेसी

विश्वका विभिन्न मुलुकमा चर्चामा रहेको सरोगेसी (बच्चा जन्माउनका लागि कोख भाडामा लिने) चलन पछिल्लोपटक नेपालमा पनि प्रिय बन्दै गएको छ। सरोगेसी भनेको बच्चा चाहने कुनै पनि दम्पतीले आफू सक्षम भएर पनि स्वास्थ्य या अन्य कुनै कारणले स्वयंद्वारा बच्चा जन्माउन असमर्थ भई दम्पतीले श्रीमान्को वीर्य तथा श्रीमतीको डिम्ब वा श्रीमान् मात्र सक्षम रहेको अवस्थामा श्रीमान्को वीर्य तथा डिम्ब बैङ्कबाट किनेको डिम्ब वा श्रीमतीमात्र सक्षम रहेको अवस्थामा श्रीमतीको डिम्ब तथा वीर्य बैङ्कबाट किनेको वीर्य सरोगेट मदरको पाठेघरमा चिकित्सकद्वारा प्रत्यारोपण गरेर बच्चा जन्माउने प्रक्रियालाई सरोगेसी भनिन्छ।

सर्वोच्च अदालतले 'बच्चा जन्माउन अक्षम दम्पतीले बच्चा जन्माउन सक्षम महिलासँग सम्झौता गरी दाताको वीर्य तथा अण्डाणु लिएर कृत्रिम गर्भाधान प्रक्रियाबाट गर्भ धारण गरी निजको कानुनी तथा जैविक माता पितालाई जन्मेको बच्चा सुम्पन तयार हुन्छिन् भने त्यस्तो बच्चा जन्माउने आमालाई सट्टा आमा अर्थात सरोगेट मदर भनिन्छ भनेको छ।

यसबारे कतिपयलाई थाहै छैन भने महिला अधिकारका दृष्टिले पनि यो उचित/अनुचित के हो भन्ने व्याख्या जरुरी छ। यस क्रममा आउने समस्या समाधान गर्नुपर्ने चुनौती पनि राज्यसमक्ष छँदैछ। त्यसैले यी सबै कुरामा ध्यान दिएर सरोगेसीसम्बन्धी कानुन तत्काल बनाउन जरुरी छ। नत्र यसले निम्त्याउने समस्या भयाबह हुन गई समाधान गर्न समस्या आइपर्ने देखिन्छ।

## ९.३ न्यायिक समितिको प्रभावकारिता

मुलुक सङ्घीय संरचनामा रूपान्तरित भएपछि स्थानीय तहलाई धेरै अधिकार दिइएको छ। कानुनहरू बनाउने, प्रशासनिक कार्यहरू सञ्चालन गर्ने तथा तोकिएकै किन नहुन्, न्यायिक क्रियाकलापसमेत सम्पादन गर्ने भएकाले अहिले पालिकाहरूलाई स्थानीय सरकारको मान्यता दिइएको छ। विशेषगरी पालिकाहरूमा उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा रहने ३ सदस्यीय न्यायिक समितिले तोकिएका विषयको उजुरी लिने, तथ्य/प्रमाण बुझ्ने तथा निर्णयसमेत सुनाउने गर्दै आएका छन्।

यसरी पालिकामा रहने न्यायिक समितिले महिला अधिकार प्राप्ति तथा लैङ्गिक हिंसा न्यूनीकरणमा के/कस्ता योगदान पुऱ्याए भन्नेबारे केही पालिकामा आधारित रहेर हेर्ने प्रयास गरिएको छ :

### केआइसिंह गाउँपालिका, डोटी

यो गाउँपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७८/७९ को पुस आधाआधीसम्म ८ वटा उजुरी परे। जसमा घरेलु हिंसाको मात्र एउटा थियो। यो गाउँपालिकाले महिलासँग उपाध्यक्ष नामक कार्यक्रमका लागि ११ लाख रुपियाँ छुट्याएको छ भने न्यायिक समितिकै लागि भनेर ८ लाख ५० हजार रुपियाँ छुट्याएको छ।

### गुल्मी दरबार गाउँपालिका, गुल्मी

यो गाउँपालिकाको न्यायिक समितिमा हालसम्म पतिले खान/लाउन नदिएको भनेर ८ वटा उजुरी परेका थिए। जसमध्ये ७ वटा फछ्र्यौट भएको छ। एउटाचाहिँ प्रक्रियामा छ। महिलाका लागि भनेर प्रत्येक वर्ष २० देखि २५ लाख रुपियाँ बजेट विनियोजन हुने गरेको छ।

### जानकी गाउँपालिका

गत आर्थिक वर्षमा यो गाउँपालिकाको न्यायिक समितिमा १२४ उजुरी परे। त्यसमध्ये लैङ्गिक र घरेलु हिंसासम्बन्धी १० वटा थिए। लैङ्गिक हिंसा निवारण तथा महिला सशक्तीकरणका लागि न्यायिक समितिमार्फत आव २०७७/७८ मा २ लाख रुपियाँ विनियोजन भएको थियो। आव २०७८/७९ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका लागि ३० लाख रुपियाँ विनियोजन भएको छ।

### कपिलवस्तु नगरपालिका

कपिलवस्तु नगरपालिकामा आव २०७८/७९ माघसम्म न्यायिक समितिमा १२ वटा उजुरी परेका थिए। तर लैङ्गिक हिंसा, महिला अधिकारबारे एउटा पनि थिएन। लैङ्गिक हिंसा निवारण कोषमा १ लाख रुपियाँ राखिएको छ। आर्थिक सशक्तीकरणका लागि गरिब तथा सहायक महिलाका लागि (साथी संस्थामा) ३ लाख र मेलमिलाप तालिम तथा त्यसको प्रवर्द्धनका लागि २० लाख ५० हजार रुपियाँ छुट्याइएको छ।

### गढवा गाउँपालिका, दाङ

आव २०७७/७८ मा गढवा गाउँपालिकाको न्यायिक समितिमा ८१ वटा उजुरी दर्ता भए। जसमा विवाहसम्बन्धी १६ वटा थिए। यसमध्ये ९ वटामात्र टुङ्गियो। यसैगरी आव २०७८/७९ को पुस १४ गतेसम्म ३२ वटा उजुरी दर्ता भए। जसमा विवाहसम्बन्धी ९ वटा थिए। त्यसमध्ये ५ वटा फछ्र्यौट भयो। यो पालिकाले महिलाका लागि भनेर १६ लाख रुपियाँ छुट्याएको छ।

### विष्णु गाउँपालिका, सर्लाही

गत आर्थिक वर्षमा यो गाउँपालिकाको न्यायिक समितिमा ७१ वटा उजुरी दर्ता भए। यसमध्ये महिला अधिकार तथा लैङ्गिक हिंसासँग सम्बन्धित कति थिए भन्ने खुल्दैन। महिला तथा अन्य क्षेत्रका लागि २० प्रतिशत बजेट छुट्याएको भनिए पनि त्यस्तो बजेट कति थियो र अन्य क्षेत्रमा महिला किन जोडियो भन्नेबारे जानकारी दिइएन।

### साकेला गाउँपालिका, खोटाङ

यो गाउँपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७७/७८ मा १७ वटा उजुरी परे। जसमा लैङ्गिक हिंसासम्बन्धी २ वटा थिए। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को माघसम्म परेका ६ वटा उजुरीमध्ये लैङ्गिक हिंसासँग सम्बन्धित एउटा थियो। यो गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा महिला तथा अन्य क्षेत्र शीर्षकमा १८ लाख ३४ हजार बजेट छुट्याएको थियो भने यो रकम २०७८/७९ का लागि २३ लाख थियो।

### रुरु क्षेत्र गाउँपालिका, गुल्मी

यो गाउँपालिकाको न्यायिक समितिमा आव २०७७/७८ मा २७ वटा उजुरी परेका थिए जसमध्ये घरेलु हिंसाका ३ वटा थिए। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को माघसम्म ११ वटा उजुरी परेकामा पति/पत्नीबीचको विवाद एउटा थियो। चालु आर्थिक वर्षमा महिला तथा अन्य क्षेत्र शीर्षकमा १० लाख छुट्याइएको छ भने अघिल्लो आर्थिक वर्षमा यो रकम ४ लाख छुट्याइएको थियो जुन कोभिडका कारण खर्च भएन।

### बूढीनन्दा नगरपालिका, बाजुरा

यो नगरपालिकाको न्यायिक समितिमा २०७५, २०७६ र २०७७ मा ५७ वटा उजुरी परे। जसमध्ये ४४ वटा फछ्र्योट भए। यसमा महिला अधिकार वा लैङ्गिक हिंसासम्बन्धी कतिवटा थिए भन्ने छुट्याइएको छैन।

### भानु नगरपालिका, तनहुँ

यो नगरपालिकाको न्यायिक समितिमा ७६ वटा उजुरी परे। जसमध्ये ४२ वटामा मिलापत्र भयो भने ४ वटा छलफलका क्रममा छन्। यसमा महिला अधिकार वा लैङ्गिक हिंसासम्बन्धी कतिवटा थिए भन्ने खुलाइएको छैन।

### महागढीमाई नगरपालिका, बारा

यो नगरपालिकामा आव २०७८/०७९ मा ९२ वटा उजुरी परे। यसअघिको आर्थिक वर्षमा १२१ वटा उजुरी परेको थियो। चालु आर्थिक वर्षमा महिलासँग सम्बन्धित कार्यका लागि ११ लाख रुपियाँ छुट्याइएको छ।

### तिलोत्तमा नगरपालिका, रूपन्देही

यो नगरपालिकाको न्यायिक समितिमा २०७८ साउनदेखि माघसम्म १२ वटा उजुरी दर्ता भए। जसमा एउटा पनि महिलासँग सम्बन्धित थिएन। न्यायिक समितिले लैङ्गिक हिंसा निवारण तथा महिला सशक्तीकरणका लागि एकल महिलालाई केन्द्रित गरी ५ लाख छुट्याइएको छ भने लैङ्गिक हिंसा निवारण कोषमा ५१ हजार राखिएको छ।

### हिलिहाङ गाउँपालिका, पाँचथर

यो गाउँपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७८/७९ को माघसम्म ६ वटा उजुरी परे। जसमा लेनदेन, साँधसिमाना, घरेलु हिंसा आदि भनेर ३ वटा उल्लेख छ। सम्बन्ध विच्छेदको एउटा छ। अघिल्लो आर्थिक वर्षमा जम्मा उजुरी सङ्ख्या १५ थियो भने माथि उल्लेख गरिएजस्तै घरेलु हिंसासहितको सङ्ख्याचाहिँ १२ थियो।

### गोदावरी नगरपालिका, ललितपुर

यो नगरपालिकाको न्यायिक समितिमा अहिलेसम्म घरेलु हिंसा र लैङ्गिक हिंसासम्बन्धी कुनै पनि उजुरी परेनन्। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ भने सञ्चालनमा छ।

### मिथिला नगरपालिका, धनुषा

यस नगरपालिकाको न्यायिक समितिमा आएका उजुरीमध्ये अधिकांश घरेलु हिंसा, माना चामल, सम्बन्ध विच्छेद र दाइजोसम्बन्धी छन्।

### अजयमेरु गाउँपालिका, डडेल्धुरा

यो गाउँपालिकाको न्यायिक समितिमा आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ सम्म जम्मा १२ वटा घरेलु हिंसासँग सम्बन्धित उजुरी दर्ता भए।

### चुनौती र सुझाव

न्यायिक समितिबाट न्याय सम्पादन गर्न विभिन्न चुनौती देखिएको र यसलाई समाधान गरेमात्र न्याय दिने प्रक्रिया सुलभ भई पीडितले न्याय पाउने अवस्था सिर्जना हुने उनीहरूको सुझाव छ। यसरी आएका चुनौती र सुझावलाई सारांशीकृत गर्दा यस्तो देखिन्छ :

- पक्ष र विपक्षबीच छलफल गराउँदा न्यायिक समितिलाई कम आँकेर कुनै पक्ष नआइदिने। यस्तो अवस्था नहुनका लागि नआउनेलाई आउन बाध्यकारी बनाउने नियम राख्नुपर्छ।
- प्रतिवादीलाई प्रमाण लिखितरूपमा ल्याउन भन्दा नमान्ने। यसो गर्दा पनि कुनै फरक नपर्ने भएकाले यसलाई पनि बाध्यकारी तुल्याइनुपर्छ।
- वादी/प्रतिवादी आआफ्नो शक्ति प्रदर्शन गर्न भिड नै ल्याउने भएकाले न्याय सम्पादनमा अवरोध सिर्जना हुने गरेको छ। यस्तो वातावरण हुन नदिन सुरक्षा निकायले सहयोग गर्नुपर्छ।
- न्यायिक समितिको अधिकार भन्दा बाहिरका उजुरी धेरै आउँछन्। त्यसैले समितिको अधिकारबारे सबैलाई चेतना जगाउनेखालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
- कानुनी सल्लाहकार अभावमा सेवाग्राहीमात्र नभई न्यायिक समितिकै पदाधिकारीलाई पनि कानुनी ज्ञान अभाव छ। त्यसैले पालिकामा कानुनी सल्लाहकार अनिवार्य राखिनुपर्छ।
- स्थानीयको अपेक्षा निकै भए पनि न्याय सम्पादनको क्षेत्र भने साँघुरो छ। त्यसैले यसलाई विस्तार गर्नुपर्छ। यसका लागि सम्बन्धितहरूको क्षमता विकास गरिनुपर्छ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई आफ्नो कामबारे खासै ज्ञान नभएकाले न्याय प्रक्रिया नै झन्झटिलो हुन पुगेको छ। त्यसैले उनीहरूलाई नियमित तालिम आवश्यक छ।
- न्यायिक समितिमा उजुरी दिने तर मेलमिलापचाहिँ गाउँमै गराउने प्रवृत्ति बढ्दो छ। यसले अभिलेखीकरणमा समस्या उत्पन्न भएको छ। त्यसैले समितिमा उजुरी दिइसकेपछि छिनोफानो पनि त्यहीँबाट हुनुपर्ने वा गाउँमा मिलापत्र भइसकेपछि त्यसको जानकारी समितिलाई पनि दिनुपर्ने अनिवार्य व्यवस्था हुनुपर्छ।
- न्यायिक समितिबाट भएका कतिपय निर्णय कार्यान्वयन हुँदैनन्। त्यसैले यस्ता निर्णय कार्यान्वयन गराउने संयन्त्र निर्माण गरिनुपर्छ।
- धेरै उजुरी अरूलाई दुःख दिने नियतले पर्ने गरेका छन्। यस्तो नियत प्रष्ट भएमा उजुरीकर्तालाई कारबाही गर्ने नियम राखिनुपर्छ। यसो भएमा फर्जी वा गलत नियतका उजुरी पर्ने सम्भावना रहन्न।

## ९.४ लैङ्गिक उत्तरदायी बजेट

कुनै निश्चित अवधिका लागि राज्यलाई आवश्यक पर्ने कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकमा गरिने विनियोजन र खर्चको अभिलेख र जेखाजोखा जस्ता यावत् पक्षमा आर्थिक स्रोत सुनिश्चित गर्ने र उपलब्धि वितरण गर्दा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखिएको बजेट नै लैङ्गिक उत्तरदायी बजेट हो। जसले बजेट निर्माणदेखि विनियोजन हुँदै उपयोग जस्ता बजेट प्रक्रियाका सबै चरणमा लैङ्गिक मूलप्रवाहीकरणको अवधारणा समेटेको हुन्छ। नेपालमा पनि विगत केही वर्षदेखि लैङ्गिक उत्तरदायी बजेट पद्धति अपनाइँदै आएको छ।

**लैङ्गिक उत्तरदायी बजेटको विवरण**

| सङ्केत | लैङ्गिक उत्तरदायी बजेट | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ५६२६९२५ | ३८.१६ | |
| २ | अप्रत्यक्ष लाभ | ५१७९४५० | ३५.१२ | |
| ३ | तटस्थ | ३९४००७९ | २६.७२ | |

### लैङ्गिक उत्तरदायी बजेट छुट्टाइएका आधार

बजेटका प्रत्येक क्रियालाप लैङ्गिक दृष्टिले कता उन्मुख छ भनी निर्क्यौल गर्न निम्नानुसार वर्गीकरण गरिएको छ :

| | |
|---|---|
| महिलालाई ५० प्रतिशत वा सो भन्दा वढी लाभ पुग्ने क्रियालाप | प्रत्यक्ष लाभ |
| महिलालाइ २० प्रतिशत वा सो भन्दा वढी तर ५० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियालाप | अप्रत्यक्ष लाभ |
| महिलालाइ २० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियालाप | तटस्थ |

उपरोक्तानुसार प्रतिशत निकाल्दा देहायका क्रियाकलापको सूचकहरूका आधारमा मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा प्राप्त हुने नतिजाबमोजिम लैङ्गिक बजेटलाई वर्गीकरण गरिएको छ।

| सूचक | प्रतिशत |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता | २० |
| महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| कार्यक्रममा महिलाका लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता अन्य लक्षित वर्गका कार्यक्रममा समेत | ३० |
| महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझ कमी | १० |
| **जम्मा** | **१००** |

*स्रोत : अर्थ मन्त्रालय*

# निष्कर्ष र सुझाव

नेपालको संविधान र कानुनहरूमा जत्ति नै महिलाको स्वतन्त्रता र हक अधिकारको कुरा उल्लेख गरिए तापनि त्यो स्वतत्रन्तालाई व्यवहारमा रूपान्तरण गर्न सकिएको छैन। महिलाले लोकतन्त्र र आफ्नो हक/अधिकारका लागि उत्तिकै योगदान गरे तापनि त्यसको उपभोगमा समाजका विभिन्न लैङ्गिक संरचनाका कारण उनीहरू एउटा विशिष्ट सीमाभित्र रहेर बाँच्न बाध्य छन्। अहिले पनि आफूखुसी समाजमा अरूसरह समान भएर जिउन उनीहरूलाई उत्तिकै कठिन छ।

खासगरी लिङ्गका आधारमा उनीहरूको स्वतन्त्रता खुम्च्याइएको छ जसले उनीहरू समाजमा विभिन्न हिंसा सहेर असमान वा कम मर्यादाको जीवन जिउन बाध्य छन्। हामीले जतिसुकै हक/अधिकारका कुरा गरे पनि उनीहरूलाई अहिले पनि आफ्नो इच्छाको पेसा/ब्यवसाय रोज्ने अवसर उपलब्ध छैन। त्यतिमात्र हैन, आफ्नो इच्छा र मर्यादाको शैक्षिक अवसर प्राप्त गर्न, उत्पादनमा आफूले रोजेको बाटो लिन, निजी एवं सार्वजनिक जीवनमा आफ्नो रोजाइअनुसार चल्नदेखि बच्चा जन्माउने वा नजन्माउने वा कहिले जन्माउने भन्नेमा समेत स्वनिर्णय लिन सक्ने अवस्था छैन।

उनीहरू सम्पत्ति आर्जन गरेर त्यसमा स्वामित्व कायम गर्न सक्ने, सबै प्रकारका सूचना र जानकारीहरूबाट सुसूचित हुने, राम्रो वा सहुलियतपूर्ण स्वास्थ्यमा पहुँच राखी आफ्नो बाँकी जीवन दीर्घ र स्वस्थ बनाउन सक्ने अवस्थामा समेत छैनन्। सङ्क्षेपमा भन्दा नेपाली महिला सार्वजनिक जीवनमा पूर्ण पहुँच र अवसरको अधिकार तथा स्वतन्त्रताका आधारभूत मान्यताहरूका साथ सम्मानपूर्ण जीवन जिउन पाउने अवस्थाको सुनिश्चितताबाट अझै पनि ढुक्क हुने स्थिति छैन। आज पनि महिलाहरू कोही न कोहीप्रति जन्मजात अधीनस्थ छन् र कैयौँ सामाजिक बन्धनबाट माथि उठेर स्वतन्त्रतामा हुर्कन र फुल्न सकेका छैनन्।

तर दिनको अवस्था बिहानले बताउँछ भने जस्तै पछिल्ला केही वर्षमा देशमा सुरु भएको महिला सशक्तीकरण, महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता, महिला उत्थान कार्यक्रमहरू, लैङ्गिक विभेद अन्त्य र अन्य कैयौँ सामाजिक अभियान र प्रयासका कारण महिलाको सामाजिक, आर्थिक र राजनीतिक अवस्थामा क्रमिकरूपमा सुधार आउँदै गएको भने छ। नीति निर्माण तहमा महिलाको सहभागिता बढ्दै गइरहेको छ। सम्पत्तिमा महिलाको पहुँच र नियन्त्रणमा वृद्धि भएको छ र कैयौँ पारिवारिक, सामाजिक कार्य र व्यवहारमा महिला योगदानको उल्लेखनीय कदर हुन थालेको छ। जसले गर्दा नेपालका परम्परागत स्रोत, मूल्य र मान्यताहरूमा क्रमिक परिवर्तन हुन थालेको छ।

सूचना एवं सञ्चारको क्षेत्रमा आएको परिवर्तनबाट महिलाले आफूलाई घरायसी भूमिकाका अलावा सामाजिक आर्थिक राजनीतिक भूमिकामा पनि संलग्न गराउन थालेका छन्। बच्चा जन्माउने, हुर्काउने तथा पति र घरका अन्य सदस्यको सेवा तथा सुश्रुषा गर्नुपर्ने पुरानो मान्यतामा परिवर्तन आएको छ र महिलाको आर्थिक योगदानको पनि मूल्याङ्कन हुन थालेको छ। यसले गर्दा महिलाले पनि घर तथा परिवारभित्र समेत उत्तिकै स्वतन्त्रता र हेरचाह प्राप्त गर्न थालेका छन्। यसले हिजोका पुरुषकेन्द्रित रणनीतिहरूमा परिवर्तन भएको छ। समानताको दृष्टिकोणबाट समाज अघि बढ्दा अहिले महिलाका लागि मौका र सम्भावना बढेको छ। धेरै महिला अवसरका लागि घरबाहिर निक्लिएका छन्। यो प्रक्रियाले उनीहरूलाई अधिकार र स्वतन्त्रताले सम्पन्न पूर्ण नागरिक हुने बाटोमा डोहोऱ्याएको छ।

नेपालको संविधानले अङ्गीकार गरेका महिला हक/अधिकारहरूको प्रावधानले महिलालाई अधिकार सम्पन्न नागरिक बनाउन, आर्थिकरूपमा आत्मनिर्भर तुल्याउन र स्वतन्त्रताको उपभोग गर्न मद्दत पुगेको छ। समानुपातिक/समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक, सम्पत्तिको अधिकार, हिंसाविरुद्धको अधिकार, प्रजनन स्वास्थ्यको अधिकार, नागरिकतामा वंशीय अधिकार, माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था जस्ता विषयले महिला सशक्तीकरणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन्।

हिंसा र विभेद अन्त्यका लागि शताब्दियौँ अगाडिदेखि महिलाले कुनै न कुनै माध्यमबाट आन्दोलन गर्दै आएका थिए। लामो समयसम्म महिलाले राजनीतिक, सामाजिक एवं आर्थिक अधिकारका लागि गरेका अनवरत सङ्घर्षको परिणामस्वरूप अहिले हामी ती हक/अधिकार कार्यान्वयनको अवस्थामा आइपुगेका छौँ। नेपाल सरकारले कार्यान्वयनमा ल्याएका थुप्रै नीति तथा कार्यक्रम र योजनाहरूले लैङ्गिक विभेद अन्त्य, सामाजिक सुरक्षाको सुनिश्चितता गर्न, शिक्षा, स्वास्थ्य र रोजगारीमा समान अवसर प्राप्त गर्न सहयोग पुगेको छ। तर कार्यान्वयनमा राज्यको प्राथमिकता हुन नसकेमा यी उपलब्धिको कुनै अर्थ रहन सक्दैन। तसर्थ पनि राज्यले अझै थुप्रै कार्य पूरा गर्न बाँकी नै छ।

कानुन/कार्यक्रम हुँदाहुँदै पनि कतिपय सवालमा भने प्रभावकारी कार्यान्वयनको खाँचो देखिन्छ। खासगरी संविधानले सुनिश्चित गरेको राज्यका सम्पूर्ण निकाय, तह र संरचनाहरू तथा राजनीतिक दलमा कम्तीमा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने, संविधान तथा कानुनहरूले सुनिश्चित गरेका आर्थिक हक/अधिकार उपभोगका लागि राज्यले आवश्यक कानुनहरू बनाइ त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, घरभित्र र निजी क्षेत्रमा हुने हिंसामा राज्यलाई उत्तरदायी बनाउने, महिलालाई आर्थिकरूपमा सशक्त बनाउन प्रभावकारी कार्यक्रमहरू लागु गर्ने र निरन्तरता दिने जस्ता पक्षमा सरकारीतवरबाट कमजोरी देखापरेका छन्। यस्तो अवस्थाले सरकारले गरेका कामको पनि पूर्ण जस पाउन सकेको छैन।

त्यसैगरी राज्यले बालिकाको शिक्षामा बढी लगानी गर्न आवश्यक ब्यवस्था गर्ने, महिलाको यौन र प्रजननमा आफ्नो नियन्त्रणलाई प्राथमिकता दिनुपर्ने र अझै पनि संविधानलगायत अन्य कानुनमा बाँकी रहेका लैङ्गिक विभेदपूर्ण कानुनी व्यवस्थाहरू खारेज तथा संशोधन गर्ने, लैङ्गिक हिंसा वा यौनजन्य हिंसा न्यूनीकरणका लागि प्रभावकारी संयन्त्रसहितको पर्याप्त कानुन बनाउनुपर्ने जस्ता कैयौँ सवाल छन् जसलाई राज्यले प्राथमिकतामा राख्नैपर्छ।

नेपालले महिला हक अधिकारसम्बन्धी थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजमा महिला हक/अधिकारलाई राज्यको प्राथमिकतामा राखी कार्यान्वयन गर्नेलगायतका प्रतिबद्धता गरेको छ। बेइजिङ घोषणाका १२ सरोकारका क्षेत्रहरूमा राज्यले अझै थुप्रै काम गर्न बाँकी नै छ। सङ्क्रमणकालीन न्यायका लागि राज्यले प्रक्रियागत जिम्मेवारी दिइएका २ वटा आयोगको पूर्ण प्रतिवेदनको आधारमा द्वन्द्वबाट प्रभावितहरूका लागि न्यायिक प्रक्रिया अगाडि बढाउने, परिपूरणका व्यवस्थाहरूको कार्यान्वयन गर्नेलगायत कार्य पूरा गर्न अझै बाँकी नै छ। देशभित्र अपराधलाई राजनीतीकरण गर्ने परिपाटी फस्टाउँदै गएको छ। बलात्कार, बोक्सीको आरोप जस्ता संवेदनशील विषयहरूलाई पनि राजनीतीकरण गर्ने, अपराधीलाई उम्कने मौका दिने र पीडित तथा प्रभावितको न्याय प्राप्तिको अधिकारलाई राज्यले नै उपेक्षा गर्ने जस्ता कार्यले जरा गाड्दै गएका छन्। फलस्वरूप निर्मला पन्त जस्ता बलात्कार र हत्याका घटनाहरूमा न्यायप्रतिको मानिसको अपेक्षा र राज्यप्रतिको आशा निराशामा परिणत हुन पुगेको छ। त्यसैले यस्तो अवस्थामा जनतालाई न्यायप्रति भरोसा दिलाउन राज्यले थप र प्रभावकारी कदम चाल्नु आवश्यक छ।

एकातिर हामीले संविधानलगायत कानुनहरूमा उल्लिखित महिला अधिकार कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउनु छ भने अर्कोतर्फ बदलिँदो परिस्थिति र विकासक्रमसँगै आएका कतिपय क्षेत्रमा महिलाको सरोकारहरूलाई पनि समेट्दै लैजानुपरेको छ। विज्ञान र प्रविधिको विकाससँगै देखापरेका टेस्टट्युब बेबी, लिभ इन टुगेदर र सरोगेसी जस्ता विषयमा महिलाको सुरक्षा, अधिकारको संरक्षण र हिंसा जोखिमताको क्षेत्रमा राज्यले ध्यान दिन जरुरी छ। कानुनले नसमेटेका विषयहरूमा कानुन निर्माण गर्ने र महिला हितका विषयलाई सर्वोपरि ठानेर कानुनमा महिलाको अधिकार र सरोकारका विषयहरू समेट्नु आवश्यक छ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्न राज्यले चाल्नुपर्ने रणनीतिहरू बनाएर त्यसको छिटोछरितो कार्यान्वयन अर्को आवश्यक पक्ष हो। स्वास्थ्य क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्ने, शिक्षामा महिलालाई आकर्षित गर्नेखालका कार्यक्रमहरू थप गर्ने, महिलाको पहुँच कम रहेका शिक्षाका क्षेत्रहरू (जस्तो- वन, विज्ञान, वातावरण, कृषि, इन्जिनियरिङलगायत) मा महिलालाई उत्प्रेरित गर्ने व्यवस्था मिलाउने, वातावरणीय ह्रास तथा जलवायु परिवर्तनबाट महिलामा पर्न जाने असर र प्रभावहरूको विस्तृत अध्ययन गरी बेलैमा त्यसको नकारात्मक प्रभाव कम गर्नेतर्फ पाइला चाल्ने जस्ता कार्य पनि उत्तिकै आवश्यक छन्। त्यसैगरी राष्ट्रका स्रोत र साधनहरू बहुउपयोगितामार्फत कसरी महिलाका लागि बढी फाइदाजनक बनाउन सकिन्छ, उनीहरूका लागि बढी भन्दा बढी रोजगारी सिर्जना गरी महिला सशक्तीकरणमा टेवा पुऱ्याउन सकिन्छ भन्नेतर्फ पनि योजना बनाएर अघि बढ्न आवश्यक छ।

## राष्ट्रिय महिला आयोग

भद्रकाली प्लाजा, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-४२५६७०१, फ्याक्स: ९७७-१-४२७०२४६

इमेल: info@nwc.gov.np, वेबसाइट: www.nwc.gov.np